सचिवैर्नास्य विश्वासो राजचित्तप्रियञ्चरेत् ।
त्यजेद्विरक्तं रक्तात्तु वृत्तिमीहेत राजवित् ।११।
अपृष्टश्चास्य न ब्रूयात्कामं कुर्य्यात्तथापदि ।
प्रसन्नो वाक्यसङ्ग्राही रहस्ये न च शङ्कते ।१२।
कुशलादिपरिप्रश्नं सम्प्रयच्छति चासनम् ।
तत्कथाश्रवणाद् धृष्टो ह्यप्रियाण्यपि नन्दते ।१३।
अल्पं दत्तं प्रगृह्णाति स्मरेत्कथान्तरेष्वपि ।
इति रक्तस्य कर्त्तव्यं सेवामन्यस्य वर्जयेत् ।१४।

गर्नुपर्दछ। नसोधीकन राजाका सामु कुनै कुरो भन्नु हुँदैन तर आपद् कालमा यसो गर्दा पनि केही हानी छैन। राजा प्रसन्न भए भने उनले सेवकको विनयी वचन मान्दछन् र उसको प्रार्थना स्वीकार गर्दछन्। प्रिय सेवकलाई कुनै रहस्यमय स्थानमा देखे भने पनि त्यसमाथि शङ्का सन्देह गर्दैनन्। ऊ दरबारमा आयो भने राजाले उसको कुशलता सोध्छन् र उसलाई बस्ने आसन दिन्छन्। उसको कुरो वा चर्चा सुनेर उनी खुसी हुन्छन्। उसले कुनै अप्रिय कुरो नै गरेछ भने पनि उनले नराम्रो मान्दैनन्; बरु खुसी नै हुन्छन्। उसले दिएको सानै वस्तु पनि राजाले अति आदरपूर्वक लिन्छन् र कुराकानीमा उसको सम्झना गर्दछन्। यस्तै लक्षणहरूले राजा अनुरक्त छन् या विरक्त भन्ने जानेर अनुरक्त राजाको सेवा गर्नुपर्दछ। यसको विपरीत जो विरक्त छन्, तिनको साथ छोडि दिनुपर्छ ।१-१४।

२२१. द्वाविंशत्यधिकद्विशततमोऽध्यायः

दुर्गसम्पत्ति

पुष्कर उवाच
दुर्गसम्पत्तिमाख्यास्ये दुर्गदिशे वसेन्नृपः ।
वैश्यशूद्रजनप्रायो ह्यनहार्य्यस्तथापरैः ।१।
किञ्चिद् ब्राह्मणसंयुक्तो बहुकर्मकरस्तथा ।
अदेवमातृको भक्तजलो देशः प्रशस्यते ।२।
परैरपीडितः पुष्पफलधान्यसमन्वितः ।
अगम्यः परचक्राणां व्यालतस्करवर्जितः ।३।
षण्णामेकतमं दुर्गं तत्र कृत्वा वसेद्बली ।
धनुदुर्गं महीदुर्गं नरदुर्गं तथैव च ।४।
वार्क्ष चैवाम्बुदुर्गं च गिरिदुर्गं च भार्गव ।
सर्वोत्तमं शैलदुर्गमभेद्यं चान्यभेदनम् ।५।
पुरं तत्र च हट्टाद्यदेवतायतनादिकम् ।
अनुयन्त्रायुधोपेतं सोदकं दुर्गमुत्तमम् ।६।
राजरक्षां प्रवक्ष्यामि रक्ष्यो भूपो विषादितः ।
पञ्चाङ्गस्तु शिरीषः स्यान्मूत्रविष्ठो विषार्दनः ।७।

पुष्कर भन्दछन्— अब किल्ला बनाउने विषयमा भन्छु। राजाले किल्ला भएको ठाउँमा निवास गर्नुपर्छ। सँगै बस्ने मानिसहरूमा वैश्य र शूद्रहरूको सङ्ख्या धेरै हुनुपर्दछ। दुर्ग भएको ठाउँ शत्रुको जोर नचल्ने खालको हुनुपर्छ। दुर्गमा केही ब्राह्मणहरू पनि हुनुपर्दछ। राजाले बस्ने ठाउँ धेरै सङ्ख्यामा काम गर्ने किसान श्रमिकहरू भएको राम्रो मानिन्छ। त्यहाँ पानीका लागि झरीको बाटो हेर्नु नपरोस् र नदी, तलाउ आदिबाटै मनग्गे पानी पाइयोस्। त्यस ठाउँमा शत्रुले दुःख दिनु हुँदैन, फलफूल र धनधान्यले सम्पन्न हुनुपर्छ र शत्रु सेनाको आवतजावत नहोस् अनि सर्प तथा लुटार आदिको डर पनि नहोस्। बलवान् राजाले निम्नलिखित छ किसिमका मध्ये कुनै एक किसिमका दुर्गको आश्रय लिएर बसोबास गर्नुपर्दछ— भृगुनन्दन ! धन्वदुर्ग, महीदुर्ग, नरदुर्ग, वृक्षदुर्ग, जलदुर्ग र पर्वतदुर्ग। यिनै छ प्रकारका दुर्ग हुन्। यिनीहरूमध्ये पर्वतदुर्ग सबैभन्दा उत्तम हो। त्यो शत्रुका लागि अभेद्य र शुत्रलाई भेदन गर्न सजिलो हुन्छ। दुर्ग वा किल्ला नै राजाका लागि पुर अथवा नगर हो। त्यहाँ हाट बजार र देवमन्दिर आदि हुनु आवश्यक छ। त्यसका चारैतिर यन्त्र जडान हुनुपर्द; त्यो शस्त्रास्त्रले भरिपूर्ण हुनुपर्छ; त्यहाँ पानीका सजिलो निकास हुनुपर्दछ र त्यसका वरिपरि पानीको खावा भरिएको हुनुपर्छ; त्यस्तो दुर्ग

शतावरी छिन्नरुहा विषघ्नी तण्डुलीयकम् ।
कोशातकी च कह्लारी ब्राह्मी चित्रपटोलिका ।८।
मण्डूकपर्णी वाराही धात्र्यानन्दकमेव च ।
उन्मादिनी सोमराजी विषघ्नं रत्नमेव च ।९।
वास्तुलक्षणसंयुक्ते वसन्दुर्गे सुरान्यजेत् ।
प्रजाश्च पालयेद्दुष्टाञ्जयेद्दानानि दापयेत् ।१०।
देवद्रव्यादिहरणात्कल्पं तु नरके वसेत् ।
देवालयांश्च कुर्वीत देवपूजारतो नृपः ।११।
सुरालयाः पालनीयाः स्थापनीयाश्च देवताः ।
मृण्मयाद्दारुजं पुण्यं दारुजादिष्टकामयम् ।१२।
ऐष्टकाच्छैलजं पुण्यं शैलजात्स्वर्णरत्नजम् ।
क्रीडन्सुरगृहं कुर्वन्भुक्तिमुक्तिमवाप्नुयात् ।१३।
चित्रकृद्गीतवाद्यादिप्रेक्षणीयादिदानकृत् ।
तैलाज्यमधुदुग्धाद्यैः स्नाप्य देवं दिवं व्रजेत् ।१४।
पूजयेत्पालयेद्विप्रान्द्विजस्वं न हरेन्नृपः ।
सुवर्णमेकं गामेकां भूमेरप्येकमङ्गुलम् ।१५।
हरन्नरकमाप्नोति यावदाभूतसम्प्लवम् ।
दुराचारं न द्विषेच्च सर्वपापेष्वपि स्थितम् ।१६।
नैवास्ति ब्राह्मणवधात्पापं गुरुतरं क्वचित् ।
अदैवं दैवतं कुर्य्युः कुर्य्युर्दैवमदैवतम् ।१७।
ब्राह्मणा हि महाभागास्तान्नमस्येत्सदैव तु ।
ब्राह्मणी रुदती हन्ति कुलं राज्यं प्रजास्तथा ।१८।
साध्वीस्त्रीणां पालनं च राजा कुर्य्याच्च धार्मिकः ।
स्त्रिया प्रहृष्टया भाव्यं गृहकार्यैकदक्षया ।१९।
सुसंस्कृतोपस्करया व्यये चामुक्तहस्तया ।
यस्मै दद्यात्पिता त्वेनां शुश्रूषेत्तं पतिं सदा ।२०।
मृते भर्त्तरि स्वर्य्यायाद् ब्रह्मचर्य्ये स्थिताङ्गना ।
परवेश्मरुचिर्न स्यान्नस्यात्कलहशालिनी ।२१।
मण्डनं वर्जयेन्नारी तथा प्रोषितभर्तृका ।

उत्तम मानिएको छ। अब म राजाको सुरक्षाका विषयमा केही भन्छु– राजा पृथ्वीका पालनकर्ता हुन्। त्यसैले विष आदिबाट उनको रक्षा गर्नुपर्दछ। शिरीष वृक्षको जरो, बोक्रो, पात, फूल र फल यी पाँच कुरालाई गउँतमा पिसेर सेवन गर्नाले विषको निवारण हुन्छ। शतावरी, गुडुची र चौँराईले विषको विनाश गराउँछन्। कोषातकी, कह्लारी, ब्राह्मी, चित्रपटोलिका, मण्डूकपर्णी, वाराहीकन्द, आवला, आनन्दक, भाँग र सोमराजी यी दबाईहरूले बिष हटाउँछन्। बिषनाशक माणिक्य र मोतीले पनि बिषलाई निवारण गर्दछन्। राजाले वास्तुको नियम अनुसारका किल्लामा रहेर नै देवताको पूजन, प्रजाको पालन, दुष्टको दमन र दान गर्नुपर्दछ। देवताको धन हरण गऱ्यो भने राजाले एक कल्पसम्म नरकमा वास बस्नुपर्दछ। उनले देवपूजामा तत्पर रहँदै देवमन्दिरहरूको निर्माण गराउनुपर्छ। देवालयको रक्षा र देवताहरूको स्थापना पनि राजाकै कर्तव्य हो। देवविग्रह माटाकै पनि बनाइन्छ। माटोभन्दा काठको, काठभन्दा ईँटाको, ईँटाभन्दा ढुङ्गाको र ढुङ्गाभन्दा सुनको तथा रत्नको विग्रह बनाइएको पवित्र मानिन्छ। प्रसन्नतापूर्वक देवमन्दिर बनाउन लगाउने पुरुषलाई भोग र मोक्ष प्राप्ति हुन्छ। देव मन्दिरमा चित्र बनाउन लगाउनुपर्छ, गाना बजाना आदिको व्यंवस्था गर्नुपर्छ, दर्शनीय वस्तुको दान दिनुपर्छ र तेल, घिउ, मधु र दुध आदिले देवतालाई नुहाइदिनुपर्छ; त्यसो गर्ने मानिस स्वर्गलोकमा जान्छ। ब्राह्मणहरूको पालन र सम्मान गर्नुपर्छ; उनको धन खोस्नु हुँदैन। यदि राजाले ब्राह्मणको एउटा सुन, एक गाई अथवा एक अङ्गुल जमिन खोसे भने उनले महाप्रलय हुने बेलासम्म नरकमा डुब्नुपर्ने हुन्छ। ब्राह्मण सबै खालका पापमा प्रवृत्त र दुराचारी नै छ भने पनि त्यससित द्वेष गर्नु हुँदैन। ब्राह्मणको हत्याभन्दा ठूलो पाप नै अरू कुनै छैन। महाभाग ब्राह्मणले चाहे भने जो देवता होइनन् तिनलाई पनि देवता बनाउन सक्छन् र देवतालाई पनि देवपदबाट तल खसाउन सक्छन्। त्यसैले सधैँ उनलाई नमस्कार गर्नुपर्दछ। यदि राजाका अत्याचारले ब्राह्मणीलाई रुनुपऱ्यो भने त्यसले ती राजाको कुल, राज्य र प्रजा सबैको नाश गरिदिन्छ। त्यसैले धर्मपरायण राजाले साध्वी स्त्रीलाई पालन गर्नु नै उचित हुन्छ। स्त्रीले घरका कामकाजमा चतुर र प्रसन्न हुनुपर्छ। उनले घरका सबै सामग्रीलाई साफसफाइ गरेर राख्नुपर्छ; खर्चालु हातकी हुनुहुँदैन। कन्यालाई पिताले जसका हातमा दान दिए उसको पति त्यही हो। आफ्ना पतिको उसले सधैँ सेवा गर्नुपर्छ। पतिको मृत्युपछि ब्रह्मचर्य पालन गर्ने स्त्री स्वर्गलोकमा जान्छन्। उनले अर्काका घरमा बस्न रुचाउनु हुँदैन र झैझगडाबाट टाढै रहनुपर्छ। जसको पति

देवताराधनपरा तिष्ठेद्भर्तृहिते रता ।२२।
धारयेन्मङ्गलार्थाय किञ्चिदाभरणं तथा ।
भर्त्राग्निं या विशेन्नारी सापि स्वर्गमवाप्नुयात् ।२३।
श्रियः सम्पूजनं कार्य्यं गृहसम्मार्जनादिकम् ।
द्वादश्यां कार्त्तिके विष्णुं गां सवत्सां ददेत्तथा ।२४।
सावित्र्या रक्षितो भर्त्ता सत्याचारव्रतेन च ।
सप्तम्यां मार्गशीर्षे तु सिते ऽभ्यर्च्य दिवाकरम् ।
पुत्रानाप्नोति च स्त्रीह नात्र कार्य्या विचारणा ।२५।

परदेशमा छ त्यस्ता स्त्रीले श्रृङ्गार नगरुन, सधैँ आफ्ना पतिको हितचिन्तमा नै लागि रहुन् र देवताको आराधना गरून् । केवल मङ्गलका लागि र सौभाग्यको चिह्नका रूपमा एकदुई गहना लगाउनुपर्छ । जुन स्त्री स्वामी मर्दा ऊसँगै चिताको आगोमा प्रवेश गर्दछन् उनलाई पनि स्वर्गलोक प्राप्त हुन्छ । लक्ष्मीको पूजा र घरको सफाइ आदि गरिरहनु गृहिणीको मूख्य कार्य हो । कार्तिकको द्वादशीका दिन विष्णुको पूजा गरेर बाछोसहितको गाई दान गर्नुपर्छ । सावित्रीले आफ्नै सदाचारले र व्रतका प्रभावले पतिलाई मृत्युबाट जोगाएकी थिइन् । मंसिर शुक्ल सप्तमीमा सूर्यको पूजा गर्दा स्त्रीलाई पुत्र प्राप्ति हुन्छ; यसमा अलिकति पनि अन्यथा सोच्नु पर्दैन ।१–२५।

२२३. त्रयोविंशत्यधिकद्विशततमोऽध्यायः

राजधर्म

पुष्कर उवाच

ग्रामस्याधिपतिङ्कुर्य्याद्दशग्रामाधिपं नृपः ।
शतग्रामाधिपं चान्यं तथैव विषयेश्वरम् ।१।
तेषां भोगविभागश्च भवेत्कर्मानुरूपतः ।
नित्यमेव तथा कार्यं तेषां चारैः परीक्षणम् ।२।
ग्रामे दोषान्समुत्पन्नान्ग्रामेशः प्रशमं नयेत् ।
अशक्तो दशपालस्य स तु गत्वा निवेदयेत् ।३।
श्रुत्वापि दशपालोऽपि तत्र युक्तिमुपाचरेत् ।
वित्ताद्याप्नोति राजा वै विषयांस्तु सुरक्षितात् ।४।
धनवान्धर्ममाप्नोति धन वान्काममश्नुते ।
उच्छिद्यन्ते विना ह्यर्थैः क्रिया ग्रीष्मे सरिद्यथा ।५।
विशेषो नास्ति लोकेषु पतितस्याधनस्य च ।
पतितान्न तु गृह्णन्ति दरिद्रो न प्रयच्छति ।६।
धनहीनस्य भार्य्यापि नैका स्यादुपवर्त्तिनी ।
राष्ट्रपीडाकरो राजा नरके वसते चिरम् ।७।

पुष्कर भन्दछन्– राजाले प्रत्येक गाउँमा एकएक अधिपति नियुक्त गर्नुपर्दछ । त्यसपछि दसदस गाउँका र सयसय गाउँका पनि अध्यक्ष नियुक्त गर्नुपर्दछ । तिनीहरू सबैभन्दा माथि सम्पूर्ण राष्ट्रको नै शासन गर्न सक्ने पुरुषलाई नियुक्त गर्नुपर्दछ । ती सबैको कार्यका अनुसार तिनीहरूका लागि छुट्टाछुट्टै प्रकारले भरणपोषणका लागि भोग विभाजन गर्नुपर्दछ र प्रत्येक दिन गुप्तचरहरूबाट तिनीहरूका काम निरीक्षण गराउनुपर्दछ । यदि गाउँमा कुनै दोष वा समस्या उत्पन्न भयो, कुनै मुद्दा-मामला पऱ्यो भनेदेखि गाउँका मुखियाले त्यसलाई समाधान गर्नुपर्दछ । यदि त्यो दोष सुधार्न उसले सकेन भनेदेखि दस गाउँका अधिपतिसँग गएर उसैलाई सबै कुरो भन्नुपर्छ । सम्पूर्ण विवरण सुनेर दस गाउँका मुखियाले त्यस्तो दोष हटाउने उपाय गरोस् । जब राष्ट्र राम्रोसित सुरक्षित हुन्छ तब मात्रै राजालाई धन आदि प्राप्त हुन्छ । धनवान्ले धर्म कमाउँछ, धनीले नै काम सुख भोग गर्न पाउँछ । गर्मीमा जसरी नदीको पानी सुक्छ उसरी नै धनका अभावमा सबै कामहरू बिग्रन्छन् । संसारमा पतित र निर्धन मानिसका खासै ठूलो अन्तर छैन । मानिसहरू पतित मानिसका हातबाट केही वस्तु लिँदैनन् र गरिबले आफ्नो गरिबीका कारण केही दिन सक्दैन । धनहीनकी पत्नी पनि उसका आदेशको सीमाभित्र रहेकी हुन्न । त्यसैले राष्ट्रलाई दुःख दिने र त्यसलाई कङ्गाल बनाउने राजा धेरै समयसम्म नरकमै बसिरहन्छ । जसरी गर्भवती आइमाईले आफ्नो सुखलाई नहेरेर पेटका बच्चालाई नै सुखी पार्ने प्रयास गर्दछन्

नित्यं राज्ञा तथा भाव्यं गर्भिणी सहधर्मिणी ।
यथा स्वं सुखमुत्सृज्य गर्भस्य सुखमावहेत् ।८।
किं यज्ञैस्तपसा तस्य प्रजा यस्य न रक्षिताः ।
सुरक्षिताः प्रजा यस्य स्वर्गस्तस्य गृहोपमः ।९।
अरक्षिताः प्रजा यस्य नरकं तस्य मन्दिरम् ।
राजा षड्भागमादत्ते सुकृताद्दुष्कृतादपि ।१०।
धर्मागमो रक्षणाच्च पापमाप्नोत्यरक्षणात् ।
सुभगा विटभीतेव राजवल्लभतस्करैः ।११।
भक्ष्यमाणाः प्रजाः रक्ष्याः कायस्थैश्च विशेषतः ।
रक्षिता तद्भयेभ्यस्तु राज्ञो भवति सा प्रजा ।१२।
अरक्षिता सा भवति तेषामेवेह भोजनम् ।
दुष्टसम्मर्दनं कुर्य्याच्छास्त्रोक्तं करमाददेत् ।१३।
कोशे प्रवेशयेदर्द्धं नित्यं चार्द्धं द्विजे ददेत् ।
निधिं द्विजोत्तमः प्राप्य गृह्णीयात्सकलं तथा ।१४।
चतुर्थमष्टमं भागं तथा षोडशमं द्विजः ।
वर्णक्रमेण दद्याच्च निधिं पात्रे तु धर्मतः ।१५।
अनृतं तु वदन्दण्ड्यः सुवित्तस्यांशमष्टमम् ।
प्रनष्टस्वामिकं रिक्थं राजा त्र्यब्दंनिधापयेत् ।१६।
अर्वाक् त्र्यब्दाद्धरेत्स्वामी परेण नृपतिर्हरेत् ।
ममेदमिति यो ब्रूयात्सोऽर्थयुक्तो यथाविधि ।१७।
सम्पाद्य रूपसङ्ख्यादीन्स्वामी तद् द्रव्यमर्हति ।
बालदायादिकं रिक्थं तावद्राजानुपालयेत् ।१८।
यावत्स्यात्स समावृत्तो यावद्वातीतशैशवः ।
बालपुत्रासु चैवं स्याद्रक्षणं निष्कुलासु च ।१९।
पतिव्रतासु च स्त्रीषु विधवास्वातुरासु च ।
जीवन्तीनां तु तासां ये संहरेयुः स्वबान्धवाः ।२०।

उसैगरी राजाले पनि सधैँ प्रजाकै रक्षाको ख्याल राख्नुपर्दछ। जसका प्रजा सुखी छैनन् त्यस राजाको यज्ञ र तपस्याले के लाभ ? जसले राम्ररी प्रजाको रक्षा गरेको छ उसका लागि स्वर्ग लोक त आफ्नै घरजस्तै हुन्छ। जसका प्रजा असुरक्षित भएर दुःख पाउँछन् त्यस राजाको बसोबास नरकमा हुन्छ। राजाले आफ्ना प्रजाको पाप र पुण्यबाट पनि छैटौँ भाग लिएकै हुन्छ। रक्षा गऱ्यो भने उसले प्रजाका धर्मको अंश पाउँछ र रक्षा गरेन भने ऊ दुनियाँका पापको भागीदार हुन्छ। परस्त्रीलम्पट दुराचारी पुरुषबाट डराएकी पतिव्रता आइमाईको रक्षा गर्नु जस्तो धर्म हो उसै गरी राजाका प्रिय व्यक्तिहरू, चोरहरू र विशेषगरी राज्यकै कर्मचारीबाट चुसिएका जनताको रक्षा राजाले गर्नुपर्छ। तिनीहरूका डरबाट जोगिन पाएका जनता नै राजालाई काम लाग्छन्। यदि तिनीहरूको रक्षा गरिएन भने ऊ तिनै पहिले भनिएका मानिसहरूको गाँस बन्छ। त्यसैले राजाले दुष्टको दमन गरोस् र शास्त्रमा भनिएअनुसार प्रजाबाट कर लेओस्। राज्यको आधा कमाइ सधैँ कोषमा राखिदिनुपर्छ र आधा ब्राह्मणलाई दिनुपर्छ। श्रेष्ठ ब्राह्मणले त्यस्तो निधि पाएमा सबै नै लिनुपर्छ र त्यसबाट चौथाइ, आठौँ भाग र सोह्रौँ भाग क्रमशः निकालेर क्षत्रिय, वैश्य र शूद्रलाई दिनुपर्दछ। धनलाई धर्मकै अनुसार सुपात्रका हातमा राखिदिनुपर्छ। ढाँटने मानिसलाई दण्ड दिनु उचित हुन्छ। राजाले उसका धनको आठौँ भाग दण्डका रूपमा लिनुपर्छ। जुन धनका धनीको पत्तो छैन, त्यसलाई राजाले तीन वर्षसम्म आफ्ना अधिकारमा राख्नुपर्दछ। तीन वर्षभन्दा पहिले यदि धनको स्वामी आयो भने उसले त्यो लिन सक्छ। त्यसभन्दा धेरै समय बित्योभने राजाले आफैँ त्यो धन लिनुपर्छ। जुन मानिस तोकिएका समयभित्र आएर यो मेरो धन हो भन्दै त्यससित आफ्नो सम्बन्ध देखायो भने उसले विधिपूर्वक राजालाई त्यस धनको स्वरूप र सङ्ख्या भन्नु पर्दछ। यस किसिमले आफूलाई अधिकार भएको सिद्ध गरेपछि मात्रै ऊ धन पाउने अधिकारी हुन्छ। जुन धन नाबालकका भागको हो, राजाले त्यसलाई त्यतिन्जेल रक्षा गरिरहनुपर्छ जहिलेसम्म उसको समावर्तन संस्कार हुँदैन अथवा बालक जहिलेसम्म बालक अवस्था पार गर्दैन। यसरी आफ्नो हकमा केही छैन र उसका छोराछोरी पनि सानै छन् भने त्यस्ता स्त्रीहरूको पनि रक्षा अवश्य गर्नुपर्दछ।१-१९।

पतिव्रता स्त्री नै पनि यदि विधवा अथवा रोगी भए भने तिनको रक्षा यसै प्रकार गर्नुपर्दछ। यदि तिनीहरू जिउँदो छँदै कुनै बन्धु बान्धव आदिले तिनको धन अपहरण गरेभने धर्मात्मा राजाले ती बान्धवहरूलाई चोरकै जस्तो दण्ड दिनु

[illegible]चौरदण्डेन धार्मिकः पृथिवीपतिः ।
सामान्यतो हृतं चौरैस्तद्वै दद्यात्स्वयं नृपः ।२१।
चौररक्षाधिकारिभ्यो राजापि हृतमाप्नुयात् ।
अहृते यो हृतं ब्रूयान्निःसार्य्यो दण्ड्य एव सः ।२२।
न तद्राज्ञा प्रदातव्यं गृहे यद्गृहगैर्हृतम् ।
स्वराष्ट्रपण्याददद्याद्राजा विंशतिगं द्विज ।२३।
शुल्कांशं परदेशाच्च क्षयव्ययप्रकाशकम् ।
ज्ञात्वा सङ्कल्पयेच्छुल्कं लाभं वणिग्यथाप्नुयात् ।२४।
विंशांशं लाभमादद्याद्दण्डनीयस्ततोऽन्यथा ।
स्त्रीणां प्रव्रजितानां च तरशुल्कं विवर्जयेत् ।२५।
तरेषु दासदोषेण नष्टं दासांस्तु दापयेत् ।
शूकधान्येषु षड्भागं शिम्बिधान्ये तथाष्टमम् ।२६।
राजा वन्यार्थमादद्याद्देशकालानुरूपकम् ।
पञ्चषड्भागमादद्याद्राजा पशुहिरण्ययोः ।२७।
गन्धौषधिरसानां च पुष्पमूलफलस्य च ।
पत्रशाकतृणानां च वंशवैणवचर्मणाम् ।२८।
वैदलानां च भाण्डानां सर्वस्याश्ममयस्य च ।
षड्भागमेव चादद्यान्मधुमांसस्य सर्पिषः ।२९।
म्रियमाणोऽपि नादद्याद् ब्राह्मणेभ्यस्तथा करम् ।
यस्य राज्ञस्तु विषये श्रोत्रियः सीदति क्षुधा ।३०।
तस्य सीदति तद्राष्ट्रं व्याधिदुर्भिक्षतस्करैः ।
श्रुतं वृत्तं तु विज्ञाय वृत्तिं तस्य प्रकल्पयेत् ।३१।
रक्षेच्च सर्वतस्त्वेनं पिता पुत्रमिवौरसम् ।
संरक्ष्यमाणो राज्ञा यः कुरुते धर्ममन्वहम् ।३२।
तेनायुर्वर्द्धते राज्ञो द्रविणं राष्ट्रमेव च ।
कर्म कुर्य्युर्नरेन्द्रस्य मासेनैकं च शिल्पिनः ।
भुक्तमात्रेण ये चान्यं स्वशरीरोपजीविनः ।३३।

उचित हुन्छ। यदि साधारण चोरले प्रजाको धन चोरेको छ भने राजाले आफैं त्यति धन दिनु पर्दछ र जसलाई चोरहरूबाट रक्षा गर्ने कामको जिम्मा दिइएको छ त्यसबाट चोरिएको जति धन राजाले असुल गर्नुपर्दछ। जुन मानिसले चोरी नभईकन पनि आफ्नो धन चोरिएको छ भन्छ त्यो दण्डनीय हुन्छ; त्यस्तालाई देश निकाला गरिदिनुपर्छ। यदि घरकै धन घरैकाले चोरेको छ भने राजाले त्यसलाई धन दिनु पर्दैन। आफ्ना राज्यभित्र जे जति पसलहरू छन् ती सबैबाट उनका आयको बीसौँ भाग करका रूपमा राजाले लिनुपर्दछ। विदेशबाट मालसामान आयात गर्दा खर्च र नोक्सानी जुन रूपमा हुन्छ त्यसको विवरण देखाउने तथ्याङ्क हेरेर र मालमाथि लगाइने करलाई विचार गरेर प्रत्येक व्यापारीमाथि उसलाई लाभ भइरहने गरी र घाटा नहुने गरी कर लागाउनुपर्छ। आयको बीसौँ भाग नै राजाले लिनु पर्दछ। यदि कुनै राजकर्मचारीले यसभन्दा बढी असुल गरेछ भने त्यसलाई दण्ड दिनुपर्दछ। स्त्री र साधु– सन्यासीलाई डुङ्गामा तरेको भाडा लिनु हुँदैन। यदि डुङ्गा चलाउने मल्लाहका गल्तीले डुङ्गाभित्र कुनै वस्तु नोक्सान भयो भने त्यसको क्षतिपूर्ति मल्लाहलाई नै दिन लगाउनुपर्छ। राजाले बाला फल्ने शुकधान्य बालीको छैटौँ भाग र कोसेबाली अर्थात् शिम्बिका धान्यको आठौँ भाग करका रूपमा लिनुपर्दछ। यसै गरी जङ्गली फलफूल आदिको कर पनि देश–काल विचार गरेर उचित रूपमा लिनुपर्दछ। पशुको पाँचौँ र सुवर्णको छैटौँ भाग राजाले लिन पाउँछन्। गन्ध, औषधि, रस, फूल, मूल, फल, पत्र, साग, घाँस, बाँस, बेत, छाला, चोया–भाटा र ढुङ्गाले बनाइएका भाँडा आदि सामग्री एवं मधु, मांस तथा घिउमा पनि आय आर्जनको छैटौँ भाग नै कर लिनु उचित हुन्छ। ब्राह्मणसित कुनै प्रिय वस्तु अथवा कर लिनु हुँदैन। जुन राजाका राज्यमा श्रोत्रिय ब्राह्मण भोकले सताइन्छ, त्यसको राज्य महामारी, अनिकाल र तस्करले पिरोलिइरहन्छ। त्यसैले ब्राह्मणको विद्या र स्वभाव जानेर उसका लागि उपयुक्त खाइगुजाराको बन्दोबस्त गर्नुपर्छ र जसरी बाबुले आफ्नै कोखका सन्तानलाई पाल्दछ उसरी नै राजाले विद्वान् र सदाचारी ब्राह्मणलाई सर्वथा पाल्नुपर्दछ। राजाबाट सुरक्षित भएर जसले सधैँ धर्मको अनुष्ठान गर्दछ त्यस ब्राह्मणका धर्मले राजाको आयु बढ्छ र त्यस राष्ट्र एवं कोषको पनि उन्नति हुन्छ। शिल्पकारहरूले महिनाको एक दिन पारिश्रमिक नलिई केवल भोजन गरेर मात्रै राजाको काम गर्नुपर्दछ। त्यसै गरी जो राज्यमा रहेर अन्य खालका परिश्रम गरी जीविका चलाउनेहरूले पनि महिनामा एक दिन राजाको काम गर्नुपर्दछ।२०–३३।

२२४. चतुर्विंशत्यधिकद्विशततमोऽध्यायः

पुनः राजधर्म

पुष्कर उवाच

वक्ष्येऽन्तःपुरचिन्तां च धर्माद्याः पुरुषार्थकाः ।
अन्योऽन्यरक्षया तेषां सेवा कार्या स्त्रिया नृपैः ।१।
धर्ममूलोऽर्थविटपस्तथा कर्मफलो महान् ।
त्रिवर्गपादपस्तत्र रक्षया फलभाग्भवेत् ।२।
कामाधीनाः स्त्रियो राम तदर्थं रत्नसङ्ग्रहः ।
सेव्यास्ता नातिसेव्याश्च भूभुजा विषयैषिणा ।३।
आहारो मैथुनं निद्रा सेव्या नाति हि रुग्भवेत् ।
मञ्चाधिकारे कर्त्तव्याः स्त्रियः सेव्या स्वरामिकाः ।४।
दुष्टान्याचरते या तु नाभिनन्दति तत्कथाम् ।
एक्यं द्विषद्भिर्व्रजति गर्वं वहति चोद्धता ।५।
चुम्बिता मार्ष्टि वदनं तत्तं न बहु मन्यते ।
स्वपित्यादौ प्रसुप्तापि तथा पश्चाद्विबुध्यते ।६।
स्पृष्टा धुनोति गात्राणि गात्रं च विरुणद्धि या ।
ईषच्छृणोति वाक्यानि प्रियाण्यपि पराङ्मुखी ।७।
न पश्यत्यग्रदत्तं तु जघनं च निगूहति ।
दृष्टे विवर्णवदना मित्रेष्वथ पराङ्मुखी ।८।
तत्कामितासु च स्त्रीषु मध्यस्थेव च लक्ष्यते ।
ज्ञातमण्डनकालापि न करोति च मण्डनम् ।९।
या सा विरक्ता तां त्यक्त्वा सानुरागां स्त्रियं भजेत् ।
दृष्ट्वैव दृष्टा भवति वीक्षिते च पराङ्मुखी ।१०।
दृश्यमाना तथाऽन्यत्र दृष्टिं क्षिपति चञ्चलाम् ।
तथाप्युपावर्त्तयितुं नैव शक्नोत्यशेषतः ।११।
विवृणोति तथाङ्गानि स्वस्यागुह्यानि भार्गव ।
गर्हितं च तथैवाङ्गं प्रयत्नेन निगूहति ।१२।
तद्दर्शने च कुरुते बालालिङ्गनचुम्बनम् ।
आभाष्यमाणा भवति सत्यवाक्या तथैव च ।१३।
स्पृष्टा पुलकितैरङ्गैः स्वदेनेवै च भज्यते ।
करोति च तथा राम सुलभद्रव्ययाचनम् ।१४।

पुष्करले भन्दछन्– अब म अन्तःपुरका विषयमा विचार गर्दछु । धर्म, अर्थ र काम यी तीन पुरुषार्थहरूलाई त्रिवर्ग भनिन्छ । यिनीहरूलाई एक-अर्काबाट रक्षा गर्दै स्त्रीसहित राजाहरूले यिनको उपभोग गर्नुपर्दछ । त्रिवर्ग भनेको एउटा महान् वृक्षजस्तै हो । धर्म त्यसको जरो, अर्थ त्यसको हाँगा र काम त्यसको फल हो । मूलसहित त्यस वृक्षको रक्षा गर्नाले राजा फलका भागीदार हुन्छन् । हे राम ! स्त्रीहरू कामका अधिनमा हुन्छन्, तिनकै लागि रत्नको सङ्ग्रह गरिन्छ । विषयसुखको इच्छा गर्ने राजाले स्त्रीको उपभोग गर्नुपर्दछ तर धेरै मात्रामा होइन । आहार, मैथुन र निद्रा यिनको बढी उपभोग निषिद्ध छ । किनभने यिनबाटै रोग उत्पन्न हुन्छ । केवल तिनै स्त्रीलाई सेवन गरौं वा ओछ्यानमा राख्नुपर्छ जो आफूलाई मन पराउँछन्, आफूसित जसले माया गर्दछन् । तर जुन स्त्रीको आचरण दुष्ट छ, जसले राजाको कुरो पनि रुचाउँदिन, बरु शत्रुसँग साँठगाँठ गर्छे उद्दण्ड र घमन्डी छे, चुम्बन गर्दा मुख पुछ्दछे वा धुन्छे, राजाले दिएको वस्तुलाई धेरै आदर गर्दिन, पतिभन्दा पहिले सुत्दछे, पहिले सुतेपनि उसले ब्युँझनुभन्दा पछि ब्युँझन्छे, छुँदाखेरि जिउ तर्काउँछे, जीउको जुन ठाउँमा छुन खोजे पनि छल्दछे, लोग्नेका राम्रा कुरा पनि धेरै कम सुन्छे र सधैं उभन्दा भित्रैतिर फर्कन्छे, कुनै वस्तु दिन अगाडि जाँदा त्यसलाई हेर्दा पनि हेर्दिन, आफ्ना तिघ्राको अघिल्लो भाग ज्यादै छोप्ने वा लुकाउने अनि पतिको स्पर्शबाट जोगाउने प्रयास गर्ने, पतिलाई देख्ने वित्तिकै अँध्यारो मुख, घोसे मुन्टो लगाउँछे, लोग्नेका मित्रहरूबाट पनि परपरै तर्किन्छे, लोग्नेले मन पराएका अरू केटी वा आइमाईहरूसँग रिसाउँदिन र खुसाउँदिन र जो सिँगारिनु पर्ने बेला भएको जानेर पनि सिँगारिन्न, त्यो स्त्री विरक्त हो । त्यस्ता आइमाईलाई छाडेर राजाले अनुराग भएका स्त्रीकै सेवन गर्नुपर्छ । माया गर्ने अनुरागी स्त्री राजालाई वा लोग्नेलाई देख्नेबित्तिकै प्रसन्नताले फकिन्छे । अर्कातिर फर्किएकै भएपनि छड्के आँखाले उसतिर हेर्दै गर्छे । आफूलाई लोग्नेले हेरेको थाहा पाएपछि आफ्ना आँखा नचाउँदै अर्कातिर दृष्टि हटाउँछे तर पूरै हटाउन भने सक्दिन । त्यसरी नै हे भृगुनन्दन ! आफ्ना छोप्नु पर्ने अङ्गहरू पनि कहिलेकाहीँ उघार्छे र शरीरको जुन भाग राम्रो छैन त्यसलाई जतन गरेर लुकाउँछे । लोग्नेलाई देखाई देखाई साना बच्चालाई अँगालो हालेर म्वाइँ खान्छे । गफ गर्नमा सरिक हुन्छे र साँचो बोल्दछे, स्वामीको स्पर्श पाएर जसको जिउ

ततः स्वल्पमपि प्राप्य करोति परमां मुदम् ।
नामसङ्कीर्त्तनादेव मुदिता बहु मन्यते ।१५।
करजाङ्काङ्कितान्यस्य फलानि प्रेषयत्यपि ।
तत्प्रेषितं च हृदये विन्यसत्यपि चादरात् ।१६।
आलिङ्गनैश्च गात्राणि लिम्पतीवामृतेन या ।
सुप्ते स्वपित्यथादौ च तथा तस्य विबुध्यते ।१७।
ऊरू स्पृशति चात्यर्थं सुप्तं चैनं विबुध्यते ।
कपित्थचूर्णयोगेन तथा दध्नः स्रजा तथा ।१८।
घृतं सुगन्धि भवति दुग्धैः क्षिप्तैस्तथा यवैः ।
भोज्यस्य कल्पनैवं स्याद्गन्धयुक्तिः प्रदर्श्यते ।१९।
शौचमाचमनं राम तथैव च विरेचनम् ।
भावना चैव पाकश्च बोधनं धूपनं तथा ।२०।
वासनं चैव निर्दिष्टं कर्माष्टकमिदं स्मृतम् ।
कपित्थबिल्वजंब्वाम्रकरवीरकपल्लवैः ।२१।
कृत्वोदकं तु यद् द्रव्यं शोधितं शोधनं तु तत् ।
तेषामभावे शौचं तु मृगदर्पाम्भसा भवेत् ।२२।
नखं कुष्टं धनं मांसी स्पृक्कशैलेयजं जलम् ।
तथैव कुङ्कुमं लाक्षा चन्दनागुरुनीरदम् ।२३।
सरलं देवकाष्ठां च कर्पूरं कान्तया सह ।
बालः कुन्दुरुकश्चैव गुग्गुलुः श्रीनिवासकः ।२४।
सह सर्जरसेनैवं धूपद्रव्यैकविंशतिः ।
धूपद्रव्यगणादस्मादेकविंशाद्यथेच्छया ।२५।
द्वेद्वे द्रव्ये समादाय सर्जभागैर्नियोजयेत् ।
नखपिण्डाकमलयैः संयोज्य मधुना तथा ।२६।
धूपयोगा भवन्तीह यथावत्स्वेच्छया कृताः ।
त्वचं नाडीं फलं तैलं कुङ्कुमं ग्रन्थिपर्वकम् ।२७।
शैलेयं तगरं क्रान्तां चौलं कर्पूरमेव च ।
मांसी सुरां च कुष्ठं च स्नानद्रव्याणि निर्दिशेत् ।२८।
एतेभ्यस्तु समादाय द्रव्यत्रयमथेच्छया ।
मृगदर्पयुतं स्नानं कार्य्यं कन्दर्पवर्द्धनम् ।२९।
त्वङ्मुरानलदैस्तुल्यैर्बालकार्द्धसमायुतैः ।
स्नानमुत्पलगन्धि स्यात्सतैलं कुङ्कुमायते ।३०।
जातिपुष्पसुगन्धि स्यात्तगरार्द्धेन योजितम् ।
सद्व्यामकं स्याद्वकुलैस्तुल्यगन्धि मनोहरम् ।३१।

सिरिङ्ग हुन्छ वा पसिना देखिन्छ, जसले ऊसित अति सजिलै पाइने वस्तु माग्दछे र अलिकति पाएर पनि धेरै खुसी प्रकट गर्दछे, उसको नाम लिने बित्तिकै आनन्द मान्दछे र विशेष आदर गर्दछे, स्वामीलाई आफ्ना औँलाको छाप भएका फल वा वस्तु पठाउँछे र स्वामीले पठाएको वस्तु पाएपछि आदरपूर्वक छातीमा लगाउँछे मानौँ स्वामीका जिउमा अमृत बर्साएझैँ गरी आलिङ्गन गर्छे, स्वामी सुतेपछि सुत्छे र पहिले नै उठ्दछे, स्वामीका तिघ्रामा चलाएर उसलाई निद्राबाट ब्युँझाउँछे । दहीको तरसित अलिकति कपित्थको धुलो मिसाउँदा जुन घिउ बन्छ त्यसको गन्ध मीठो हुन्छ। घिउ, दुध आदिसित गहुँ वा जौको पिठो मिसिँदा उत्तम खाद्य पदार्थ तयार हुन्छ। अब विभिन्न द्रव्यहरूमा सुगन्ध मिसाउने तरिका भनिन्छ।१-१९।

हे राम ! शौच, आचमन, विरेचन, भावना, पाक, बोधन, धूपन र वासन— यी आठ किसिमका कर्म हुन् भनिएको छ। कपित्थ, बिल्व, जामुन, माम र करवीरका पल्लवहरूबाट जललाई शुद्ध पारेर त्यस जलले धोएर वा पखालेर जुनसुकै द्रव्यलाई पवित्र गरिन्छ, त्यो काम त्यस द्रव्यको शौचन वा पवित्रीकरण हो भनिन्छ। यी पल्लवहरूका अभावमा कस्तुरी मिश्रित जलद्वारा द्रव्य शुद्ध हुन्छन्। नख, कूट, घन, जटामांसी, स्पृक्क, शैलेयज, जल, कुमकुम, लाक्षा, चन्दन, अगुरु, नीरद, सरल, देवदारु, कपूर, कान्ता, वाल, कुन्दुरुक, गुग्गुल, श्रीनिवास र करायल यी एक्काईस द्रव्य धुपका लागि हुन्। यी एक्काईस धुपका द्रव्यहरूमध्ये आफ्नो इच्छा अनुसारका दुईदुई द्रव्यहरू लिएर करायलमा मिसाउनुपर्छ । त्यसपछि नख नामको एक किसिमको सुगन्धित द्रव्य, तिलको पिना र मलय चन्दनको धुलो मिसाएर सबैलाई महमा मुछ्नुपर्छ। यसप्रकार आफ्ना स्वेच्छाले तयार गरेको धुपयोग बन्छ । त्वचा, नाडी, फल, तिलको तेल, केसर ग्रन्थिपर्वा, शैलेय, तगर, विष्णुक्रान्ता, चोल, कर्पूर, जटामांसी, मुरा, कूट – यी सबै स्नानका लागि उपयोगी द्रव्य हुन्। यी द्रव्यहरूमा आफ्नो इच्छाअनुसारका तीन द्रव्य लिएर तिनमा कस्तुरी मिसाउने । यी सबै कुरा मिसिएका जलले स्नान गर्ने हो भने त्यसलाई कामदेवलाई बढाउँछ । त्वचा, मुरा र नलद– यी तीनलाई बराबरी मिसाएर त्यसको आधा सुगन्धबाला मिसाउनुपर्छ र त्यसले नुहाउनुपर्छ, त्यसो गर्दा शरीरबाट कमलको जस्तै सुगन्ध उत्पन्न हुन्छ। यिनीहरूपछि तेल लगाएर नुहाउने हो भने शरीरको बास्ना कुमकुमकै जस्तो हुन्छ । यदि ती बताइएका द्रव्यहरूमा आधा तगर मिसाउने हो भने शरीरबाट चमेली फूलकै जस्तो सुगन्ध आउँछ। तिनमा द्व्यामक नामको औषधि मिसाउने हो भने मौलसिरी फूलकै जस्तो मन लोभ्याउने सुगन्ध उत्पन्न हुन्छ । तिलका तेलमा मञ्जिष्ठ, तगर, चोल,

मञ्जिष्ठा तगरं चोलं त्वचं व्याघ्रनखं नखम् ।
गन्धपत्रं च विन्यस्य गन्धतैलं भवेच्छुभम् ।३२।
तैलं निपीडितं राम तिलैः पुष्पाधिवासितैः ।
वासनात् पुष्पसदृशं गन्धेन तु भवेद्ध्रुवम् ।३३।
एलालवङ्गकङ्कोलजातीफलनिशाकराः ।
जातीपत्रिकया सार्द्धं स्वतन्त्रा मुखवासकाः ।३४।
कर्पूरं कुङ्कुमं कान्ता मृगदर्पं हरेणुकम् ।
कङ्कोलैलालवङ्गं च जातीकोशकमेव च ।३५।
त्वक्पत्रं त्रुटिमुस्तौ च लतां कस्तूरिकां तथा ।
कण्टकानि लवङ्गस्य फलपत्रे च जातितः ।३६।
कटुकं च फलं राम कार्षिकाण्युपकल्पयेत् ।
तच्चूर्णे खदिरं सारं दद्यात्तुर्य्यं तु वासितम् ।३७।
सहकाररसेनास्मात्कर्त्तव्या गुटिकाः शुभाः ।
मुखन्यस्ताः सुगन्धास्ता मुखरोगविनाशनाः ।३८।
पूगं प्रक्षालितं सम्यक्पञ्चपल्लववारिणा ।
शक्त्या तु गुटिकाद्रव्यैर्वासितं मुखवासकम् ।३९।
कटुकं दन्तकाष्ठं च गोमूत्रे वासितं त्र्यहम् ।
कृतं च पूगवद्राम मुखसौगन्धिकारकम् ।४०।
त्वक्पथ्ययोः समावंशौ शशिभागार्द्धसंयुतौ ।
नागवल्लीसमो भाति मुखवासो मनोहरः ।४१।
एवं कुर्य्यात्सदा स्त्रीणां रक्षणं पृथिवीपतिः ।
न चासां विश्वसेज्जातु पुत्रमातुर्विशेषतः ।
न स्वपेत्स्त्रीगृहे रात्रौ विश्वासः कृत्रिमो भवेत् ।४२।

त्वचा, व्याघ्रनख, नख र गन्धपत्र मिसाउने हो भने धेरै नै सुन्दर र सुगन्धित तेल तयार हुन्छ । यदि तिललाई सुगन्धित फूलले बास्नादार बनाएर त्यसको तेल पेल्ने हो भने पक्कै पनि त्यो तेल फूलजस्तै बास्नादार हुन्छ । अलैँची, ल्वाङ, जायफल र कर्पुर यी स्वतन्त्ररूपले नै एकएकवटा यदि जाइफलसँग खाइन्छ भनेदेखि मुखलाई सुगन्धित राख्दछ । कर्पूर, केसर, कान्ता, कस्तुरी, फल, अलैँची, ल्वाङ, जाइफल, सुपारी, त्वक्पत्र, त्रुटि, मोथा, लता, कस्तुरी, ल्वाङको काँचा, जायफलको फल र पत्ता एवं कटुकफल यी सबैलाई एकएक पैसा बराबर जम्मा पारेर यिनको चूर्ण बनाउने अनि त्यसमा चौथाई भागजति सुगन्धित खैरसार मिसाउने, त्यसपछि आमको रसमा घोलेर तिनका राम्रा गोली बनाउने। ती सुगन्धित गोली मुखमा राख्ने हो भने तिनले मुख सम्बन्धी रोग विनाश गर्दछ। पूर्वोक्त पाँच प्रकारका पल्लवहरूका जलले धोइएका सुपारी सकेसम्म माथि बताइएका गालीका द्रव्यले सुवासित गराइयो भनेदेखि त्यसले मुखलाई सुगन्धित राख्दछ। कटुक र दाँतवनलाई यदि तीन दिनसम्म गोमूत्रमा ढड्याएर राख्ने हो भने त्यो पनि सुपारीजस्तै मुखमा सुगन्ध उत्पन्न गराउने हुन्छ। त्वचा र जङ्गी हर्रालाई बराबर मात्रामा लिएर तिनको आधा भाग कर्पूर मिसाउने हो भने त्यसलाई मुखसम्म हाल्दा पानकै जस्तो मन पर्ने सुगन्ध उत्पन्न हुन्छ । यस किसिमले राजाले आफ्ना सुगन्ध आदि गुणले स्त्रीहरूलाई वशमा पार्दै तिनको रक्षा गर्नुपर्दछ । तिनीहरूहमाथि कहिल्यै विश्वास गर्नु हुँदैन । विशेष गरी छोराका आमामाथि त ठ्याम्मै विश्वास गर्नु हुँदैन । पूरै रात स्त्रीको घरमा सुत्नु हुँदैन; किनभने तिनले पारेको विश्वास नक्कली हुन्छ ।२०–४२।

२२५. पञ्चविंशत्यधिकद्विशततमोऽध्यायः

राजनीति

पुष्कर उवाच
राजपुत्रस्य रक्षा च कर्त्तव्या पृथिवीभृता ।
धर्मार्थकामशास्त्राणि धनुर्वेदं च शिक्षयेत् ।१।
शिल्पानि शिक्षयेच्चैवमाप्तैर्मिथ्याप्रियंवदैः ।
शरीररक्षाव्याजेन रक्षिणोऽस्य नियोजयेत् ।२।
न चास्य सङ्गो दातव्यः क्रुद्धलुब्धविमानितैः ।

पुष्कर भन्दछन्– राजाले आफ्ना पुत्रको रक्षा गर्नुपर्दछ र उसलाई धर्मशास्त्र, अर्थशास्त्र, कामशास्त्र र धनुर्वेदको शिक्षा दिनुपर्छ । त्यसका साथै अनेकौँ खालका सिपहरूको पनि शिक्षा दिनु आवश्यक छ । शिक्षक विश्वसनीय र प्रिय वचन बोल्ने हुनुपर्छ। राजकुमारको शरीर रक्षाका लागि केही रक्षकहरूलाई नियुक्त गर्नु आवश्यक पर्दछ । क्रोधी, लोभी र अपमानित पुरुषका सङ्गतबाट उसलाई टाढा राख्नु पर्दछ। गुणलाई विकास गराउनु त्यति सजिलो छैन । त्यसैले त्यसका

अशक्यं तु गुणाधानं कर्त्तुं तं बन्धयेत्सुखैः ।३।
अधिकारेषु सर्वेषु विनीतं विनियोजयेत् ।
मृगयां पानमक्षांश्च राज्यनाशांस्त्यजेन्नृपः ।४।
दिवास्वप्नं वृथाट्यां च वाक्पारुष्यं विवर्जयेत् ।
निन्दां च दण्डपारुष्यमर्थदूषणमुत्सृजेत् ।५।
आकाराणां समुच्छेदो दुर्गादीनामसत्क्रिया ।
अर्थानां दूषणं प्रोक्तं विप्रकीर्णत्वमेव च ।६।
अदेशकाले यद्दानमपात्रे दानमेव च ।
अर्थेषु दूषणं प्रोक्तमसत्कर्मप्रवर्त्तनम् ।७।
कामं क्रोधं मदं मानं लोभं दर्पं च वर्जयेत् ।
ततो भृत्यजय कृत्वा पौरजानपदं यजेत् ।८।
जयेद्वाह्यानरीन्पश्चाद्वाह्याश्च त्रिविधारयः ।
गुरवस्ते यथापूर्वं कुल्यानन्तरकृत्रिमाः ।९।
पितृपैतामहं मित्रं सामन्तं च तथा रिपोः ।
कृत्रिमं च महाभाग मित्रं त्रिविधमुच्यते ।१०।
स्वाम्यमात्यं जनपदा दुर्गं दण्डस्तथैव च ।
कोशो मित्रं च धर्मज्ञ सप्ताङ्गं राज्यमुच्यते ।११।
मूलं स्वामी स वै रक्ष्यस्तस्माद्राज्यं विशेषतः ।
राज्याङ्गद्रोहिणं हन्यात्काले तीक्ष्णो मृदुर्भवेत् ।१२।
एवं लोकद्वयं राज्ञो भृत्यैर्हासं विवर्जयेत् ।
भृत्याः परिभवन्तीह नृपं हर्षणसत्कथम् ।१३।
लोकसङ्ग्रहणार्थाय कृतकव्यसनो भवेत् ।
स्मितपूर्वाभिभाषी स्याल्लोकानां रञ्जनं चरेत् ।१४।
दीर्घसूत्रस्य नृपतेः कर्महानिर्ध्रुवं भवेत् ।
रागे दर्पे च माने च द्रोहे पापे च कर्मणि ।१५।
अप्रियै चैव वक्तव्ये दीर्घसूत्रः प्रशस्यते ।
गुप्तमन्त्रो भवेद्राजा नापदो गुप्तमन्त्रतः ।१६।
ज्ञायते हि कृतं कर्म नारब्धं तस्य राज्यकम् ।
आकारैरिङ्गितैर्गत्या चेष्टया भाषितेन च ।१७।
नेत्रवक्त्रविकाराभ्यां गृह्यतेऽन्तर्गतं पुनः ।

लागि राजकुमारलाई सुखले राख्नुपर्छ। जब पुत्र शिक्षित हुन्छ त्यसपछि उसलाई सबै अधिकारहरूमा नियुक्त गर्नुपर्दछ । मृगया, मद्यपान र जुवा यी राज्यलाई नाश गराउने दोष हुन् । राजाले यी सबै छोड्नुपर्छ। दिउँसो सुत्ने, व्यर्थ घुम्ने र नमिठो बोल्ने छोड्नुपर्छ । अर्काको निन्दा, कठोर दण्ड र अर्थदूषण काम पनि छोड्नुपर्छ। सुन आदि खानीको विनाश र किल्ला आदिको मर्मत नगर्नु नै अर्थदूषण हुन् भनिएको छ। धनलाई थोरै –थोरै गरेर अनेकौँ ठाउँमा राख्नु, अयोग्य ठाउँ, अनुपयुक्त समय र अयोग्य पात्रलाई दान दिनु र नराम्रा काममा धन खर्च गर्नु पनि अर्थदूषण वा धनको दुरूपयोग नै हो। काम, क्रोध, मद, मान, लोभ र दर्पलाई त्याग्नुपर्छ। त्यसपछि भृत्यहरूलाई जितेर देशका नगर एवं जनतालाई वशमा पार्नुपर्छ। यसपछि बाहिरी देशका शत्रुलाई जित्ने प्रयास गर्नुपर्दछ। बाहिरी शत्रु पनि तीन खालका हुन्छन्। पहिलो किसिमका त्यस्ता हुन्छन् – जोसित पुर्ख्यौली शत्रुता रहेको हुन्छ, दोस्रो खालका शत्रु भनेका राज्यको सीमामा रहने सामन्तहरू हुन् र तेस्रो खालका आफूले बनाएका कृत्रिम शत्रुहरू हुन्। यिनीहरूमध्ये जतिजति पहिले आउने छन् त्यति नै भयानक हुन्छन्। हे महाशय ! मित्र पनि तीन खालका नै हुन्छन् – पुर्खाकै पालादेखिका मित्र, शत्रुका सामन्त र बनावटी। हे धर्मज्ञ परशुराम ! राजा, मन्त्री, जनपद, दुर्ग, सेना, कोष र मित्र यी सात राज्यका अङ्ग हुन् भनिन्छ। राज्यको जग राजा हुन्, त्यसैले उनको सुरक्षा विशेष रूपले हुनुपर्दछ। राज्यका अङ्गका विद्रोहीहरूलाई मारिदिनु उचित हन्छ। समयअनुसार राजाले कठोर पनि हुनुपर्दछ र कोमल पनि। यसो गर्नाले राजाका दुवै लोक सुध्रन्छन्। राजाले आफ्ना भृत्यहरूसँग हाँसोठट्टा गर्नु हुँदैन। किनभने सबैसित हाँसीहाँसी कुरा गर्ने राजालाई उनका सेवकले अपमानित गर्दछन् । मानिसहरूलाई मिलाइराख्नका लागि राजाले बनावटी कुलत पनि लिनुपर्ने हुन सक्छ। उनले मुस्काएर बोलून् र यस्तो व्यवहार गरून् जसबाट सबै प्रसन्न रहन्छन्। काम थाल्नमै ढिलो गर्ने दीर्घसूत्री राजाका कार्यहरूको अवश्य हानि हुन्छ; तर राग, दर्प, अभिमान, द्रोह, पाप, र अप्रिय भाषणमा दीर्घसूत्री हुने राजाको प्रशंसा नै हुन्छ। राजाले आफ्नो मन्त्रणा गोप्य नै राख्दा राजामाथि कुनै आपत्ति आउँदैन ।१–१६।

राजाको राज्यसम्बन्धी कुनै पनि कार्य पूरा भएपछि नै अर्काले थाहा पाउनुपर्छ। त्यसको थालनी कसैले पनि जान्न नपाओस् । मानिसको आकार, सङ्केत, चाल–ढाल, चेष्टा, बातचित तथा आँखा र मुखको विकारकै आधारमा उसका भित्रको कुरो बुझ्न सकिन्छ। राजाले न त एक्कै नै कुनै

नैकस्तु मन्त्रयेन्मन्त्रं न राजा बहुभिः सह ।१८।
बहुभिर्मन्त्रयेत्कामं राजा मन्त्रान्पृथक्पृथक् ।
मन्त्रिणामपि नो कुर्य्यान्मन्त्री मन्त्रप्रकाशनम् ।१९।
क्वापि कस्यापि विश्वासो भवतीह सदा नृणाम् ।
निश्चयश्च तथा मन्त्रे कार्य्य एकेन सूरिणा ।२०।
न्यश्येदविनयाद्राजा राज्यं च विनयाल्लभेत् ।
त्रैविद्येभ्यस्त्रयीं विद्यां दण्डनीतिं च शाश्वतीम् ।२१।
आन्वीक्षिकीं चार्थविद्यां वार्त्तारम्भांश्च लोकतः ।
जितेन्द्रियो हि शक्नोति वशे स्थापयितुं प्रजाः ।२२।
पूज्या देवा द्विजाः सर्वे दद्याद्दानानि तेषु च ।
द्विजे दानं चाक्षयोऽयं निधिः कैश्चिन्न नाश्यते ।२३।
सङ्ग्रामेष्वनिवर्तित्वं प्रजानां परिपालनम् ।
दानानि ब्राह्मणानां च राज्ञो निःश्रेयसं परम् ।२४।
कृपणानाथवृद्धानां विधवानां च योषिताम् ।
योगक्षेमं च वृत्तिं च तथैव परिकल्पयेत् ।२५।
वर्णाश्रमव्यवस्थानं कार्य्यं तापसपूजनम् ।
न विश्वसेच्च सर्वत्र तापसेषु च विश्वसेत् ।२६।
विश्वासयेच्चापि परं तत्त्वभूतेन हेतुना ।
वकवच्चिन्तयेदर्थं सिंहवच्च पराक्रमेत् ।२७।
वृकवच्चावलुम्पेत शशवच्च विनिष्पतेत् ।
दृढप्रहारी च भवेत्तथा सूकरवन्नृपः ।२८।
चित्राकारश्च शिखिवत् दृढभक्तिस्तथाश्ववत् ।
भवेच्च मधुराभाषी तथा कोकिलवन्नृपः ।२९।
काकशङ्की भवेन्नित्यमज्ञातां वसतिं वसेत् ।
नापरीक्षितपूर्वं च भोजनं शयनं स्पृशेत् ।३०।
नाविज्ञाता स्त्रियं गच्छेन्नाज्ञातां नावमारुहेत् ।
राष्ट्रकर्षी भ्रस्यते च राज्यार्थाच्चैव जीवितात् ।३१।
भृतो वत्सो जातबलः कर्मयोग्यस्तथा भवेत् ।
तथा राष्ट्रं महाभाग भूतं कर्मसहं भवेत् ।३२।
सर्वं कर्मेदमायत्तं विधाने दैवपौरुषे ।
तयोर्दैवमचिन्त्यं हि पौरुषे विद्यते क्रिया ।
जनानुरागप्रभवा राज्ञो राज्यमहीश्रियः ।३३।

गोप्य विषयमा विचार गरून् न त धेरै मानिसलाई नै साथमा राखेर । धेरैसित सल्लाह लिनुपर्छ तर बेग्लाबेग्लै । मन्त्रीले राजाका गुप्त विचारहरूलाई अरू मन्त्रीसँग पनि प्रकट गर्नु हुँदैन । मानिसको जहिले पनि कुनै एक व्यक्तिसँग विश्वास अडिएको हुन्छ। त्यसैले एउटै विद्वान् मन्त्रीसित बसेर राजाले गोप्य विषयको छलफल निश्चय गर्नुपर्छ । विनय त्यागेपछि राजाको विनाश हुन्छ र विनाशको रक्षाले उसलाई राज्यको प्राप्ति हुन्छ। तीनै वेदका विद्वान्हरूबाट त्रयी विद्या, सनातन दण्डनीति, आन्वीक्षिकी र अर्थशास्त्रको ज्ञान राजाले प्राप्त गर्नुपर्छ । साथै कृषि, पशुपालन, व्यापार आदिको वार्तालाई प्रारम्भ गर्ने ज्ञान पनि राजाले दुनियाँबाट प्राप्त गर्नुपर्छ। आफ्ना इन्द्रियलाई वशमा राख्ने राजा नै प्रजालाई अधीनमा राख्न समर्थ हुन्छ। देवता र समस्त ब्राह्मणहरूको पूजा गर्नुपर्दछ र उनलाई दान पनि दिनुपर्छ। ब्राह्मणलाई दिएको दान अक्षय निधि हो; त्यसलाई कसैले नष्ट गर्न सक्दैन । सङ्ग्राममा पिठ्युँ नफर्काउनु, प्रजाको पालन गर्नु र ब्राह्मणलाई दान दिनु यी राजाका लागि परम कल्याणकारी कुरा हुन्। दीन, अनाथ, वृद्ध तथा विधवा स्त्रीको कुशल क्षेमको निर्वाह र उनका लागि आजीविकाको प्रबन्ध राजाले गर्नुपर्छ। वर्ण र आश्रम धर्मको रक्षा तथा सपस्वीहरूको सत्कार राजाको कर्तव्य हो। राजाले कहीं पनि विश्वास गर्नु हुँदैन तर तपस्वीमाथि अवश्य विश्वास गर्नुपर्छ । यथार्थ मुक्तिद्वारा उनले आफ्नो विश्वास अर्कामा स्थापित गराउनुपर्छ । राजाले बकुल्लोभैँ आफ्ना स्वार्थको विचार गर्नुपर्दछ र सिंह भैँ पराक्रम देखाउनुपर्छ; ब्वाँसोभैँ भम्टेर शत्रुलाई च्यात्नुपर्छ, खरायोभैँ उफ्रेर अदृष्य हुनुपर्छ र सुँगरले भैँ बलियोसँग प्रहार गर्नुपर्छ। राजाले मयूरभैँ विचित्र आकार धारण गर्नुपर्छ, घोडाभैँ एक समान बलियो भक्तिभाव रहनु पर्छ, कोइली भैँ मिठो वचन बोल्नुपर्छ। कागभैँ सबैतिर चनाखो रहनुपर्छ; राति यस्ता ठाउँमा बस्नुपर्छ जुन अर्कालाई थाहा नहोस् । जाँच नगरीकन भोजन र ओछ्यान ग्रहण गर्नु हुँदैन। अपरिचित स्त्रीतिर समागम गर्नुहुँदैन, नचिनेका नौकामा चढ्नु हुँदैन । आफ्ना राज्यका प्रजालाई शोषण गर्ने राजाले राज्य र जीवन दुवैलाई हातबाट खोसाउँछ । हे महाशय ! जसरी पालेर राखेको बाछो बलियो भएर काम गर्न योग्य हुन्छ उसैगरी सुरक्षित राष्ट्र राजाका काममा आउँछ। यस्ता सबै कर्म दैव र पुरुषार्थका अधीनमा छन् । यिनमा दैव त बुझिनसक्नु छ तर पुरुषार्थमा कार्य गर्ने शक्ति छ। राज्य, पृथ्वी तथा लक्ष्मी राजाका लागि उत्पन्न हुने एकमात्र गुण नै प्रजाको अनुराग हो ।१७-३३।

२२६. षड्विंशत्यधिकद्विशततमोऽध्यायः

सामआदि उपाय

पुष्कर उवाच

स्वमेव कर्म दैवाख्यं विद्धि देहान्तरार्जितम् ।
तस्मात्पौरुषमेवेह श्रेष्ठमाहुर्मनीषिणः ।१।
प्रतिकूलं तथा दैवं पौरुषेण विहन्यते ।
सात्त्विकात्कर्मणः पूर्वात्सिद्धिः स्यात्पौरूषं विना ।२।
पौरुषं दैवसम्पत्त्या काले फलति भार्गव ।
दैवं पुरुषकारश्च द्वयं पुंसः फलावहम् ।३।
कृषेर्वृष्टिसमायोगात्काले स्युः फलसिद्धयः ।
स धर्मं पौरुषं कुर्य्यान्नालसो न च दैववान् ।४।
सामादिभिरूपायैस्तु सर्वे सिध्यन्त्युपक्रमाः ।
साम चोपप्रदानं च भेददण्डौ तथापरौ ।५।
मायोपेक्षेन्द्रजालं च उपायाः सप्त ताञ्छृणु ।
द्विविधं कथितं साम तथ्यं चातथ्यमेव च ।६।
तत्राप्यतथ्यं साधूनामाक्रोशायैव जायते ।
महाकुलीना ह्यृजवो धर्मानित्या जितेन्द्रियाः ।७।
सामसाध्या अतथ्यैश्च गृह्यन्ते राक्षसा अपि ।
तथा तदुपकाराणां कृतानां चैव वर्णनम् ।८।
परस्परं तु ये द्विष्टाः क्रुद्धभीतावमानिताः ।
तेषां भेदं प्रयुञ्जीत परमं दर्शयेद्भयम् ।९।
आत्मीयां दर्शयेदाशां येन दोषेण बिभ्यति ।
परास्तेनैव ते भेद्या रक्ष्यो वै ज्ञातिभेदकः ।१०।
सामन्तकोपो बाह्यस्तु मन्त्रामात्यात्मजादिकः ।
अन्तःकोपं चोपशाम्यं कुर्वञ्छत्रोश्च तं जयेत् द्ग।११।
उपायश्रेष्ठं दानं स्याद्दानादुभयलोकभाक् ।
न सोऽस्ति नाम दानेन वशगो यो न जायते ।१२।

पुष्कर भन्दछन्– हे परशुराम ! अर्काका शरीरबाट आफ्नो कर्म उपार्जन गर्नुको नाम नै दैव हो भन्ने बुझ्नुपर्छ। त्यसैले मेधावी पुरुष पुरुषार्थलाई नै श्रेष्ठ भन्दछन् । दैव प्रतिकूल भयो भने त्यसको निवारण पुरुषार्थबाट गर्न सकिन्छ र पहिलेको सात्त्विक कर्मद्वारा पुरुषार्थ बिना नै पनि सिद्धि प्राप्त हुन सक्छ। हे भृगुनन्दन ! पुरुषार्थले नै दैवका सहायताले समयमा फल दिन सक्छ। दैव र पुरुषार्थ यी दुवै मानिसलाई फल दिने हुन् । पुरुषार्थद्वारा गरिएका कृषिबाट वर्षाको योग प्राप्त हुँदाखेरि नै समयअनुसारको फल प्राप्त हुन्छ । त्यसैले धर्मको अनुष्ठानपूर्वक पुरुषार्थ गर्नुपर्छ; अल्छी बन्नु हुँदैन र दैवको भरोसा गरेर बस्नु हुँदैन । साम आदि उपायले गरिएका कार्य पनि सिद्ध हुन्छन् । साम, दान, दण्ड, भेद, माया, उपेक्षा र इन्द्रजाल यी सात उपाय हुन् भनिएको छ । यिनको परिचय सुन—तथ्य र अतथ्य यी दुई प्रकारका साम हुन्छन् भनिएको छ। तिनीहरूमा अतथ्य साम सज्जन पुरुषका लागि कलङ्कको कारण नै हुन्छ। असल कुलमा उत्पन्न सरल, धर्मपरायण र जितेन्द्रिय पुरुष सामकै कारण वशमा रहन्छन्। अतथ्य सामद्वारा त राक्षस पनि वशीभूत हुन्छन्। उनले गरेका उपकारको वर्णन पनि उनलाई वशमा गर्ने राम्रो उपाय हो। जो मानिस आपसमा द्वेष गर्ने, रिसाउने, डराउने एवं अपमानित भएका हुन्छन् तिनमा भेदनीतिको प्रयोग गर्नुपर्छ र तिनलाई अत्यन्त डर देखाउनुपर्छ । आफ्ना तर्फबाट तिनलाई आशा देखाउनुपर्छ र जोसित ती अन्य मानिस डराउँछन् उनैलाई प्रकट गरेर तिनमा भेद हाल्नुपर्छ । शत्रुका आफन्तमा भेद हाल्ने पुरुषलाई रक्षा गर्नुपर्दछ। सामन्तको क्रोध बाहिरी रिस हो र मन्त्री, अमात्य र पुत्र आदिको क्रोध, भित्री क्रोधको अन्तर्गत हो । त्यसैले पहिले भित्री क्रोधलाई शान्त गरेर अनि मात्रै सामन्त आदिका शत्रुको बाहिरी क्रोधलाई जित्ने प्रयत्न गर्नुपर्दछ। सबै उपायहरूमध्ये दान श्रेष्ठ मानिएको छ। दानबाट यो लोक र परलोक दुवैमा सफलता प्राप्त हुन्छ। दानले वशमा नहोस्, त्यस्तो कोही पनि हुँदैन । दानी मानिसले नै परस्परमा अत्यन्त सङ्गठित भएकालाई पनि भेद हालिदिन सक्छ। साम, दान र भेद यी तीनवटा जुन कार्य सिद्ध हुन सक्दैन त्यसलाई दण्डद्वारा सिद्ध गर्नुपर्छ । दण्डमा सबैथोक अडिएको छ ।

दानवानेव शक्नोति संहतान्भेदितुं परान् ।
त्रयासाध्यं साधेयत्तं दण्डेन च कृतेन च ।१३।
दण्डे सर्वं स्थितं दण्डो नाशयेद्दुष्प्रणीकृतः ।
अदण्ड्यान्दण्डयन्नश्येद्दण्ड्यान् राजाप्यदण्डयन् ।१४।
देवदैत्योरगनराः सिद्धा भूताः पतत्त्रिणः ।
उत्क्रमेयुः स्वमर्य्यादं यदि दण्डान्न पालयेत् ।१५।
यस्माददान्तान्दमयत्यदण्ड्यान्दण्डयत्यपि ।
दमनाद्दण्डनाच्चैव तस्माद्दण्डं विदुर्बुधाः ।१६।
तेजसा दुर्निरीक्ष्यो हि राजा भास्करवत्ततः ।
लोकप्रसादं गच्छेत्तु दर्शनाच्चन्द्रवत्ततः ।१७।
जगद्व्याप्नोति वै चारैरतो राजा समीरणः ।
दोषनिग्रहकारित्वाद् राजा वैवस्वतः प्रभुः ।१८।
यदा दहति दुर्बुद्धिं तदा भवति पावकः ।
यदा दानं द्विजातिभ्यो दद्यात्तस्माद्धनेश्वरः ।१९।
धनधाराप्रवर्षित्वाद्देवादौ वरुणः स्मृतः ।
क्षमया धारयाँल्लोकान्पार्थिवः पार्थिवी भवेत् ।
उत्साहमन्त्रशक्त्याद्यै रक्षेद्यस्माद्धरिस्ततः ।२०।

दण्डको अनुचित प्रयोगले आफ्नै नाश गरिदिन्छ । जो दण्ड दिन योग्य छैन उसलाई दण्ड दिने र जो दण्ड दिन योग्य छ उसलाई दण्ड नदिने राजा नष्ट हुन्छ । यदि राजाले दण्डद्वारा सबैको रक्षा गरेनन् भने देवता, दैत्य, नाग, मनुष्य, सिद्ध, भूत र पक्षी यी सबैले आफ्नो मर्यादा नै नाघिदिन्छन् । यसैले त उद्दण्ड पुरुषलाई दमन गर्छ र दण्डनीय पुरुषलाई दण्ड दिन्छ, त्यसैले दमन र दण्डका कारण विद्वान् पुरुष यसलाई दण्ड भन्दछन् । जब राजा आफ्नै तेजले यसरी तपेका हुन्छन्, जसले गर्दा उनीतिर हेर्ने कठिन हुन्छ त्यस बेला उनी सूर्यवत् हुन्छन् । जब उनले दर्शन मात्रै दिदाँ पनि संसारका सबै खुसी हुन्छन् त्यसबेला उनी चन्द्रतुल्य भएका हुने भन्ने मानिन्छ । राजा आफ्ना गुप्तचरका माध्यमद्वारा संसारमा नै व्याप्त रहेका हुन्छन् त्यसैले उनी वायुरूप हुन् र दोष देखेर दण्ड दिने भएका कारण सर्वसमर्थ यमराजजत्तिकै मानिएका हुन् । जुन बेलामा उनी खोटो बुद्धि भएका दुष्टजनलाई आफ्ना क्रोधले भस्म गर्दछन् त्यस बेला साक्षात् अग्निदेवको रूपमा हुन्छन् र जब ब्राह्मणलाई दान दिन्छन् त्यस बेला त्यही दानका कारण उनी धनका अध्यक्ष कुबेरसमान हुन्छन् । देवता आदिका लागि घिउ आदि सविष्यको खँदिलो धारा वर्षाउनका कारण उनी वरुण मानिएका छन् । ती भूपाल आफ्नो क्षमा नामको गुणले जब सम्पूर्ण जगतलाई धारण गर्दछन् त्यस बेला उनी नै पृथ्वीरूप भएका देखिन्छन् । त्यसै गरी उत्साह, मन्त्र र प्रभुशक्ति, आदिद्वारा उनले सबैको पालन गर्दछन् त्यसैले उनी साक्षात् भगवान् विष्णुका स्वरूप हुन् ।१–२०।

२२७. सप्तविंशत्यधिकद्विशततमोऽध्यायः

दण्डनीति

पुष्कर उवाच
दण्डप्रणयनं वक्ष्ये येन राज्ञः परा गतिः ।
त्रियवं कृष्णलं विद्धि माषस्तत्पञ्चकं भवेत् ।१।
कृष्णलानां तथा षष्ट्या कर्षार्द्धं राम कीर्त्तितम् ।
सुवर्णश्च विनिर्दिष्टो राम षोडशमाषकः ।२।
निष्कः सुवर्णाश्चत्वारो धरणं दशभिस्तु तैः ।
ताम्ररूप्यसुवर्णानां मानमेतत्प्रकीर्त्तितम् ।३।

पुष्कर भन्दछन्— हे परशुराम ! अब म दण्डनीतिका विषयमा भन्दछु, जसबाट राजालाई उत्तम गति प्राप्त हुन्छ । तीन जौको एक कृष्णल हुन्छ भनी बुझ्नुपर्छ । पाँच कृष्णलको एक माष हुन्छ । साठी कृष्णल वा बाह्र माषलाई आधा कर्षजति नै हुन्छ भनिएको छ । सोह्र माषको एक सुवर्ण हुन्छ भनिन्छ । चार सुवर्णको एक निष्क र दस निष्कको एक धारण हुन्छ । यो ताँबा, चाँदी र सुनको परिमाण बताइएको हो । हे परशुराम ! ताँबाको जुन कर्ष हो, त्यसैलाई कार्षिक र कार्षापण नाम पनि विद्वान्हरूले दिएका छन् । ढाई सय पण वा पैसालाई नै प्रथम साहस दण्ड मानिएको छ । पाँच

ताम्रिकैः कार्षिको राम प्रोक्तः कार्षापणो बुधैः।
पणानां द्वे शते सार्द्धं प्रथमः साहसः स्मृतः ।४।
मध्यमः पञ्च विज्ञेयः सहस्रमपि चोत्तमः।
चोरैरमूषितो यस्तु मूषितोऽस्मीती भाषते ।५।
तत्प्रदातरि भूपाले सदण्ड्यस्तावदेव तु।
यो यावद्विपरीतार्थं मिथ्या वा यो वदेत्तु तम् ।६।
तौ नृपेण ह्यधर्मज्ञो दाप्यौ तद्द्विगुणं दमम्।
कूटसाक्ष्यं तु कुर्वाणांस्त्रीन्वर्णांश्च प्रदापयेत् ।७।
विवासयेद् ब्राह्मणं तु भोज्यो विधिर्न हीरितः।
निक्षेपस्यं समं मूल्यं दण्ड्यो निक्षेपभुक्तथा ।८।
वस्त्रादिकस्य धर्मज्ञ तथा धर्मो न हीयते।
यो निक्षेपं घातयति यश्चानिक्षिप्य याचते ।९।
तावुभौ चौरवच्छास्यौ दण्ड्यौ वा द्विगुणं दमम्।
अज्ञानाद्यः पुमान्कुर्य्यात्परद्रव्यस्य विक्रयम् ।१०।
निर्दोषो ज्ञानपूर्वं तु चौरवद्दण्डमर्हति।
मूल्यमादय यः शिल्पं न दद्याद्दण्ड्य एव सः ।११।
प्रतिश्रुत्याप्रदातारं सुवर्णं दण्डयेन्नृपः।
भृतिं गृह्य न कुर्य्याद्यः कर्माष्टौ कृष्णला दमः ।१२।
अकाले तु त्यजन्भृत्यं दण्ड्यः स्यात्तावदेव तु।
क्रीत्वा विक्रीय वा किञ्चिद्यस्येहानुशयो भवेत् ।१३।
सोऽन्तर्दशाहात्तत्स्वामी दद्याच्चैवाददीत च।
परेण तु दशाहस्य नादद्यान्नैव दापयेत् ।१४।
आददद्धि ददश्चैव राज्ञा दण्ड्यः शतानि षट्।
वरे दोषानविख्याप्य यः कन्यां वरयेदिह ।१५।
दत्ताप्यदत्ता सा तस्य राज्ञा दण्ड्यः शतद्वयम्।
प्रदाय कन्यां योऽन्यस्मै पुनस्तां सम्प्रयच्छति ।१६।
दण्डः कार्य्यो नरेन्द्रेण तस्याप्युत्तमसाहसः।
सत्यङ्कारेण वाचा च युक्तं पुण्यमशंसयम् ।१७।

सय पण मध्यम साहस र एक हजार पण उत्तम साहस दण्ड हो भनिएको छ। चोरले जसको धन चोरेको छैन तर पनि चोरीको धन फिर्ता दिने राजासित गएर मेरो यति धन चोरियो भनी ढाँट्छ; उसले ढाँटेको प्रमाणित भएपछि दण्डका रूपमा त्यति नै धन असुल्नुपर्छ। जुन मानिस चोरीको भन्दा विपरीत रूपमा धनको विवरण दिएर जति धन बताउँछ अथवा कसैले जति ढाँट्छ ती दुवैबाट राजाले दण्डका रूपमा दोब्बर धन असुल्नुपर्दछ। किनभने ती दुवैले धर्मलाई जानेका छैनन्। झुटो साक्षी बक्ने क्षत्रिय, वैश्य र शूद्र यी तीनै वर्णलाई कठोर दण्ड दिनुपर्छ तर ब्राह्मणलाई केवल देश निकाला गरिदिनु नै उचित हुन्छ। उसका लागि अर्को कुनै दण्डको विधान छैन। हे धर्मज्ञ ! जसले नासो पचाएको छ उसमाथि नासोका रूपमा राखिएका वस्त्र आदिका मूल्यको बराबर दण्ड लगाउनुपर्दछ। यसो गर्दा धर्मको हानि हुँदैन। जसले नासो हराइदिन्छ वा जसले नासो राख्नै नदिईकन कसैसित केही वस्तु माग्दछ ती दुवैलाई चोरीकै समान दण्ड दिनुपर्दछ अथवा तिनीहरूबाट दोब्बर जरिवाना असुल्नुपर्दछ। यदि कुनै मानिसले थाहा नपाई अर्काको धन बेच्दछ र भुल स्वीकार गर्छ भने निर्दोष मानिन्छ। तर जानीबुझी आफ्नो भन्दै अर्काको सामान बेच्दछ भने ऊ चोरसरहकै दण्ड पाउने अधिकारी हुन्छ। जसले अग्रिम मूल्य लिएर आफ्ना हातको काम बनाएर पनि दिँदैन त्यो पनि दण्ड पाउने योग्य नै छ। जसले दिने प्रतिक्षा गरेर पनि दिँदैन त्यसमाथि राजाले एक सुवर्ण अर्थात् सोह्र माष दण्ड लगाउनुपर्दछ। जसले ज्याला लिएर पनि काम गर्दैन त्यसलाई आठ कृष्णल जरिवाना गर्नुपर्दछ। जसले कुसमयमा नोकरलाई त्याग्छ त्यसमाथि पनि उति नै जरिवाना लगाउनुपर्छ। कुनै वस्तु किनवेच गरिसकेपछि केही पछुतो भयो त्यस धनका अधिपतिले दस दिनभित्र मूल्य फिर्ता गरेर मात्र लिनसक्छ। दस दिनभन्दा बढी भएपछि लेनदेन हुन सक्दैन। अनुचित किसिमले लेनदेन गर्नेलाई राजाले छ सय दण्ड लगाउनुपर्छ। जसले वरको दोषहरू नदेखाई कुनै कन्यालाई वरण गर्दछ त्यसलाई वचनले दिइएकी कन्या पनि नदिएको जस्तै हो। राजाले त्यस्ता व्यक्तिमाथि दुई सयको दण्ड लगाउनुपर्दछ। जसले एउटालाई कन्या दिने कुरो गरेर पछि अर्कैलाई दियो भने राजाले त्यसमाथि एक हजार पण अर्थात् उत्तम साहसको दण्ड लगाउनुपर्छ। वाणीले बोलिएको कुरोलाई कार्य रूपमा सत्य सिद्ध गराउँदा निस्सन्देह पुण्य प्राप्ति हुन्छ। जसले कुनै वस्तु एक ठाउँमा दिने प्रतिज्ञा गरेर लोभवश त्यो वस्तु अर्काका हातमा बेच्दछ भने त्यसमाथि छ सयको दण्ड लगाउनुपर्छ। जुन गोठालाले मालिकबाट अन्न पानी र वेतन लिएर पनि

लुब्धोऽन्यत्र च विक्रेता षट्शतं दण्डमर्हति ।
दद्याद् धेनुं न यः पालो गृहीत्वा भक्तवेतनम् ।१८।
स तु दण्ड्यः शतं राज्ञा सुवर्णे वाप्यरक्षिता ।
धनुः शतं परीणाहो ग्रामस्य तु समन्ततः ।१९।
द्विगुणं त्रिगुणं वापि नगरस्य च कल्पयेत् ।
वृत्तिं तत्र प्रकुर्वीत यामुष्ट्रो नावलोकयेत् ।२०।
तत्रापरिवृते धान्ये हिंसिते नैव दण्डनम् ।
गृहं तटकमारामं क्षेत्रं वा भीषया हरन् ।२१।
शतानि पञ्च दण्ड्यः स्यादज्ञानाद्द्विशतो दमः ।
मर्य्यादाभेदकाः सर्वे दण्ड्याः प्रथम साहसम् ।२२।
शतं ब्राह्मणमाक्रुश्य क्षत्रियो दण्डमर्हति ।
वैश्यश्च द्विशतं राम शूद्रश्च वधमर्हति ।२३।
पञ्चाशद्ब्राह्मणो दण्ड्यः क्षत्रियस्याभिशंसने ।
वैश्ये वाप्यर्द्धपञ्चाशच्छूद्रे द्वादशको दमः ।२४।
क्षत्रियस्याप्नुयाद्वैश्यः साहसं पूर्वमेव तु ।
शूद्रः क्षत्रियमाक्रुश्य जिह्वाच्छेदनमाप्नुयात् ।२५।
धर्मोपदेशं विप्राणां शूद्रः कुर्वंश्च दण्डभाक् ।
श्रुतदेशादिवितथी दाप्यो द्विगुणसाहसम् ।२६।
उत्तमः साहसस्तस्य यः पापैरुत्तमान्क्षिपेत् ।
प्रमादाद्यैर्मया प्रोक्तं प्रीत्या दण्डार्द्धमर्हति ।२७।
मातरं पितरं ज्येष्ठं भ्रातरं श्वशुरं गुरुम् ।
आक्षारयञ्छतं दण्ड्यः पन्थानं चाददद्गुरोः ।२८।
अन्त्यजातिर्द्विजातिं तु येनाङ्गेनापराध्नुयात् ।
तदेव छेदयेत्तस्य क्षिप्रमेवाविचारयन् ।२९।
अवनिष्ठीवतो दर्पाद् द्वावोष्ठौ छेदयेन्नृपः ।
अपमूत्रयतो मेढ्रमपशब्दयतो गुदम् ।३०।
उत्कृष्टासनसंस्थस्य नीचस्याधोनिकृन्तनम् ।
यो यदङ्गं च रुजयेत्तदङ्गं तस्य कर्त्तयेत् ।३१।

उसका गाई फिर्ता गर्दैन अथवा राम्रोसित हेरचार गर्दैन त्यसमाथि राजाले सय सुवर्णको दण्ड लगाउनुपर्छ । गाउँका चारैतिर सय धनुषको घेरामा र सहरका चारैतिर दुई सय या तीन सय धनुषका घेरामा खेती गर्नुपर्दछ र त्यसलाई उभिएका ऊँटले पनि देख्न पाउनु हुँदैन । जुन खेत चारैतिरबाट बारिएको छैन त्यसको बालीमा कसैले नोक्सान पुऱ्यायो भने दण्ड दिन सकिँदैन । जसले डर देखाएर अर्काको घर, पोखरी, बगैंचाँ अथवा खेत खोस्ने प्रयास गर्दछ त्यसमाथि राजाले पाँच सयको दण्ड लगाउनुपर्दछ । यदि उसले नजानीकन त्यसो गरेको हो भने देखि, सयको नै दण्ड लगाउनु उचित हुन्छ । सीमालाई खाम्ने सबै मानिसलाई प्रथम साहस श्रेणीको अर्थात् अढाई सय पणको दण्ड दिनुपर्दछ ।१-२२।

हे परशुराम ! ब्राह्मणलाई हेप्ने क्षत्रियलाई सयको दण्ड लगाउनु उचित हुन्छ । यसै अपराधमा वैश्यलाई दुई सय जरिवाना असुल्नुपर्दछ र शूद्रलाई झ्यालखानमा थुन्नुपर्दछ । क्षत्रियलाई हेप्ने ब्राह्मणलाई पचासको दण्ड दिनुपर्छ । वैश्यमाथि दोषारोपण गर्दा पच्चीस दण्ड र शूद्रमाथि कलङ्क लगाउँदा त्यस ब्राह्मणलाई बाह्रको दण्ड दिनु उचित हुन्छ । यदि वैश्यले क्षत्रियलाई अपमान गऱ्यो भने त्यसमाथि प्रथम साहसको दण्ड लगाउनु पर्दछ र शूद्रले यदि क्षत्रियलाई गाली गऱ्यो भने त्यसका जिब्रालाई सजाय दिनुपर्दछ । ब्राह्मणलाई उपदेश दिने शूद्र पनि दण्डको भागीदार हुन्छ । जसले आफ्नो शास्त्रज्ञान र देश आदि ठाउँठेगाना ढाँट्छ त्यसलाई दुई साहसको दण्ड दिनु उचित हुन्छ । जसले असल मानिसलाई पापाचारी भनेर तिनीहरूमाथि आक्षेप गर्दछ त्यो उत्तम साहसको दण्ड पाउन योग्य हुन्छ । यदि उसले मेरा मुखबाट प्रमादवश यस्तो कुरो निस्क्यो भन्दै आफ्नो प्रेम प्रकट गर्दछ भने त्यसका लागि दण्ड घटाएर आधा गरिदिनुपर्दछ । माता, पिता, दाजु, ससुरा र गरुमाथि आक्षेप गर्ने र गुरुजनलाई बाटो नदिने पुरुष पनि सय दण्ड पाउन योग्न हुन्छ । जुन मानिसले आफ्ना जुन अङ्गले आफूभन्दा माथिल्ला मानिसलाई अपराध गर्दछ, त्यसको त्यही अङ्ग केही विचारै नगरी शीघ्र नै काटिदिनु पर्दछ । घमण्डमा आएर जसले कुनै उच्च पुरुषतर्फ थुक्छ, राजाले त्यसको ओठ काटिदिनुपर्छ । यसै गरी यदि उसले तिनीतिर फर्केर पिसाब गर्दछ भने त्यसको लिङ्ग र उता फर्केर अपशब्द बोल्छ भने त्यसको गुदा काटिदिनु योग्य हुन्छ । यति मात्रै होइन, यदि ऊ उच्च आसनमा बसेको छ भने त्यसका शरीरको तल्लो भागलाई दण्ड दिनु उचित हन्छ । जुन मानिसले अर्काका जुन जुन अङ्गलाई घाइते पार्दछ उसका

अर्द्धपादकराः कार्य्या गोगजाश्वोष्ट्रघातकाः ।
वृक्षं तु विफलं कृत्वा सुवर्ण दण्डमर्हति ।३२।
द्विगुणं दापयेच्छिन्ने पथि सीम्नि जलाशये ।
द्रव्याणि यो हरेद्यस्य ज्ञानतोऽज्ञानतोऽपिवा ।३३।
स तस्योत्पाद्य तुष्टिं तु राज्ञे दद्यात्ततो दमम् ।
यस्तु रज्जुं घटं कूपाद्धरेच्छिन्द्याच्च तां प्रपाम् ।३४।
स दण्डं प्राप्नुयान्मासं दण्ड्यः स्यात्प्राणिताडने ।
धान्यं दशभ्यः कुम्भेभ्यो हरतोऽभ्यधिकं वधः ।३५।
शेषेऽप्येकादशगुणं तस्य दण्डं प्रकल्पयेत् ।
सुवर्णारजतादीनां नृस्त्रीणां हरणे वधः ।३६।
येनयेन यथाङ्गेन स्तेनो नृषु विचेष्टते ।
तत्तदेव हरेदस्य प्रत्यादेशाय पार्थिवः ।३७।
ब्राह्मणः शाकधान्यादि अल्पं गृह्णन्न दोषभाक् ।
गोदेवार्थं हरश्चापि हन्याद्दुष्टं वधोद्यतम् ।३८।
गृहक्षेत्रापहर्त्तारं तथा पत्न्याभिगामिनम् ।
अग्निदं गरदं हन्यात्तथा चाभ्युद्यतायुधम् ।३९।
राजा गवाभिचाराद्यं हन्याच्चैवाततायिनः ।
परस्त्रियं न भाषेत प्रतिषिद्धो विशेन्नहि ।४०।
अदण्ड्या स्त्री भवेद्राज्ञा वरयन्ती पतिं स्वयम् ।
उत्तमां सेवमानः स्त्रीं जघन्यो वधमर्हति ।४१।
भर्त्तारं लङ्घयेद्या तां श्वभिः सङ्घातयेत्स्त्रियम् ।
सवर्णदूषितां कुर्य्यात्पिण्डमात्रोपजीविनीम् ।४२।
ज्यायसा दूषिता नारी मुण्डनं समवाप्नुयात् ।
वैश्यागमे तु विप्रस्य क्षत्रियस्यान्त्यजागमे ।४३।
क्षत्रियः प्रथमं वैश्यो दण्ड्यः शूद्रागमे भवेत् ।
गृहीत्वा वेतनं वेश्या लोभादन्यत्र गच्छति ।४४।
वेतनं द्विगुणं दद्याद्दण्डं च द्विगुणं तथा ।
भार्य्या पुत्राश्च दासाश्च शिष्यो भ्राता च सोदरः ।४५।

पनि उसै अङ्गलाई चिथोरिदिनुपर्दछ । गाई, हात्ती, घोडा र ऊँटलाई हानी गर्ने मानिसका आधा हात र खुट्टा काटिदिनुपर्छ। जसले कुनै अर्काका वृक्षको फल टिप्छ उसलाई सुवर्ण दण्ड लगाउनु उचित हुन्छ । जसले बाटो, खेतको सीमा, अथवा जलाशय आदिलाई काट्छ वा नष्ट गर्छ त्यसबाट नोक्सानको दोब्बर दण्ड तिराउनुपर्दछ। जसले जानीबुझी वा नजानीकनै अर्काको धन अपहरण गर्छ उसले पहिले त्यसको धन फिर्ता गरेर सनतुष्ट पार्नुपर्छ। त्यसभन्दा पछि राजालाई पनि जरिवाना तिर्नुपर्छ। इनारबाट अर्काको डोरी, घडा आदि त्यहाँ केही नष्ट गर्छ त्यस्तालाई एक महिनासम्म कैदको सजाय दिनुपर्छ । प्राणीहरूलाई मारेको छ भने पनि उसलाई त्यस्तै सजाय दिनुपर्छ । जसले दस घडाभन्दा धेरै अन्नको चोरी गरेको छ त्यो प्राणदण्ड दिनका लागि योग्य हुन्छ। त्यसभन्दा बाहेकमा अर्थात् त्यसभन्दा थोरैमा पनि उसले चोरेका अन्नको एघार गुना बढी अन्नका दण्ड त्यस चोरमाथि लगाउनुपर्दछ। सुन, चाँदी आदि द्रव्य, पुरुष वा स्त्रीको पनि अपहरण गर्दा अपराधीलाई वधको दण्ड दिनुपर्दछ। चोरले जुनजुन अङ्गले जुनजुन तरिकाले मानिसको प्रतिकूल चेष्टा गर्दछ उसका तीती अङ्गहरूलाई उस्तै नै निष्ठुरताका साथ कटाइदिनु राजाको कर्तव्य हो। यसो गर्दा चोरलाई चेतावनी हुन्छ। यदि ब्राह्मणले अति थोरै मात्रामा साग र धान्य आदि ग्रहण गरेको छ भने त्यो दोषको भागी हुँदैन। गाईको सेवा र देवपूजाका लागि पनि कुनै वस्तु लिने ब्राह्मण दण्डको योग्य हुँदैन । जुन दुष्ट पुरुषले कसैको ज्यान लिन खोज्यो त्यसको वध गर्नुपर्दछ। अर्काको घर र खेत खोस्ने, परस्त्रीसँग व्यभिचार गर्ने, आगो लगाइदिने, विष खान दिने र हतियार उज्याएर मार्न तयार हुने पुरुषलाई प्राणदण्ड दिनु नै उचित हुन्छ। गाई मार्ने तथा आततायी पुरुषलाई राजाले वध गर्नुपर्छ। अर्काकी स्वास्नीसँग गफ गर्नु हुँदैन र निषेध गरेका अवस्थामा अर्काका घरमा पस्नु हुँदैन। स्वेच्छाले पति वरण गर्ने आइमाई राजाद्वारा दण्ड पाउन योग्य हुँदैनन् तर यदि नीच वर्णका पुरुषले उच्च वर्णकी स्त्रीसित समागम गर्‍यो भने ऊ वधका लागि योग्य हुन्छ। जुन आइमाईले आफ्नो लोग्नेलाई नटेरी अर्कासित लहसिन्छे भने उसलाई कुकुरलाई लुछाउनुपर्छ। जो सजातीय परपुरुषका सम्पर्कले जुठिएकी हो त्यसलाई सम्पत्तिका अधिकारबाट वञ्चित गरेर जीवन निर्वाह मात्रै गर्ने अन्न दिनुपर्छ। पतिका दाजुसित लहसिएर दूषित भएकी नारीका तालुको कपाल मुडुल्याइदिनुपर्छ । यदि ब्राह्मणले वैश्य जातिकी स्त्री र क्षत्रियले नीच जातिका स्त्रीसित समागम गरे भनेदेखि उनका लागि पनि यही दण्ड हुन्छ। शूद्रा स्त्रीसित व्यभिचार

कृतापराधास्ताड्याः स्थूररज्ज्वा वेणुदलेन वा ।
पृष्ठे न मस्तके हन्याच्चौरस्याप्नोति किल्विषम् ।४६।
रक्षास्वधिकृतैर्यस्तु प्रजात्यर्थं विलुप्यते ।
तेषां सर्वस्वमादाय राजा कुर्य्यात्प्रवासनम् ।४७।
ये नियुक्ताः स्वकार्येषु हन्युः काय्र्याणि कर्मिणाम् ।
निर्घृणाः क्रूरमनसस्तान्निःस्वान्कारयेन्नृपः ।४८।
अमात्यः प्राड्विवाको वा यः कुर्य्यात्कार्य्यमन्यथा ।
तस्य सर्वस्वमादाय तं राजा विप्रवासयेत् ।४९।
गुरुतल्पे भय कार्य्यः सुरापाने सुराध्वजः ।
स्तेयेषु श्वपदं विद्याद् ब्रह्महत्याशिरः पुमान् ।५०।
शूद्रादीन्घातयेद्राजा पापान्विप्रान्प्रवासयेत् ।
महापातकिनां वित्तं वरुणायोपपादयेत् ।५१।
ग्रामेष्वपि च ये केचिच्चौराणां भक्तदायकाः ।
भाण्डारकोशदाश्चैव सर्वांस्तानपि घातयेत् ।५२।
राष्ट्रेषु राष्ट्राधिकृतान्सामन्तान्पापिनो हरेत् ।
सन्धिं कृत्वा तु ये चौर्य्यं रात्रौ कुर्वन्ति तस्कराः ।५३।
तेषां छित्त्वा नृपो हस्तौ तीक्ष्णे शूले निवेशयेत् ।
तडागदेवतागारभेदकान् घातयेन्नृपः ।५४।
समुत्सृजेद्राजमार्गे यस्त्वमेध्यमनापदि ।
स हि कार्षापणं दण्ड्यस्तममेध्यं च शोधयेत् ।५५।
प्रतिमासं क्रमभिदो दद्युः पञ्चशतानि ते ।
समैश्च विषमं यो वा चरते मूल्यतोऽपिवा ।५६।
समाप्नुयान्नरः पूर्वं दमं मध्यममेव वा ।
द्रव्यमादाय वणिजामनर्घेणावरुन्धताम् ।५७।
राजा पृथक्पृथक् कुर्य्याद्दण्डमुत्तमसाहसम् ।
द्रव्याणां दूषको यश्च प्रतिच्छन्दकविक्रयी ।५८।
मध्यमं प्राप्नुयाद्दण्डं कूटकर्त्ता तथोत्तमम् ।
कलहापकृतं देयं दण्डश्च द्विगुणस्ततः ।५९।

गर्ने क्षत्रिय र वैश्यलाई प्रथम साहस वा अढाई सय पण दण्ड दिनु उचित हुन्छ । यदि वेश्याले एउटा पुरुषसित धन लिएर लोभका कारण अर्कासित गई भने उसले दोब्बर धन फिर्ता पनि गर्नुपर्छ र दण्ड पनि दोब्बर नै दिइनुपर्छ । स्त्री, पुत्र, दास, शिष्य र सहोदर भाइले यदि अपराध गरे भने तिनलाई डोरी अथवा बाँसका लौराले पिट्नुपर्छ । कुटाइ पिठ्युँमा नै हुनुपर्छ, टाउकामा होइन । टाउकामा कुट्नेलाई चोरको दण्ड लाग्दछ ।२३-४६।

जसले रक्षाको काम गर्न खटिएर प्रजाबाट धन खान्छ, त्यसको सर्वस्व खोसेर राजाले त्यस्तालाई राज्यबाट बाहिर गर्नुपर्छ । जो मानिस कुनै क्षम गर्न खोज्नेबाट आफ्नो काममा खटिएपछि त्यसको काम चौपट पार्दछ त्यस्ता निर्दयी क्रूर पुरुषको सबै धन राजाले खोसिदिनु नै उचित हुन्छ । यदि कुनै मन्त्री वा न्यायाधीशले न्याय विपरीत कार्य गरेको छ भने राजाले उसको सर्वस्व लिएर त्यसलाइ राज्यबाट बाहिर निकालिदिनुपर्छ । गरुपत्नीगामीका शरीरमा भगको चिह्न बनाइदिनुपर्छ । सुरापान गर्ने महापातकीमा मद्यशालाको झन्डाको चिह्नको छाप लगाइदिनुपर्छ। चोरी गर्नेलाई कुकुरका नङ्ग्राको छाप लगाउन लाउनुपर्छ र ब्रह्महत्या गर्नेका निधारमा मानिसका खप्परको चिह्न लगाइदिनुपर्छ । राजाले पापाचारी नीचलाइ मारिदिनुपर्छ र ब्राह्मणलाई देशनिकाला गर्नुपर्छ तथा महापातकी पुरुषको धन नदीमा डुबाएर वरुण देवतालाई दिनुपर्छ। गाउँमा पनि जुन मान्छेले चोरलाई भोजन दिन्छन् र चोरीको वस्तु राख्ने घरठाउँको प्रबन्ध गर्दछन् ती सबैलाई पनि वध गर्नु नै उचित हुन्छ । आफ्ना राज्यभित्रको अधिकारका कार्यमा खटिएका सामन्त राजाहरू पनि यदि पापमा नै प्रवृत्त भएका छन् भने तिनको पनि अधिकार खोस्नुपर्छ। जुन चोरले राति सुरुङ हालेर चोर्दछन् राजाले तिनलाई दुवै हात काटेर तिखो शूलीमाथि चढाउनुपर्दछ । यसै गरी पोखरी, देवमन्दिर आदि नष्ट गर्ने पुरुषलाई पनि प्राणदण्ड दिनुपर्छ। जसले कुनै आपद् नपरीकन बाटामा दिसा-पिसाब आदि अपवित्र गर्ने काम गर्छ त्यसमाथि कार्षापणको दण्ड लगाउनुपर्छ र उसैबाट त्यो फोहोर वस्तु फ्याँक्न लगाएर त्यो ठाउँ सफा गराउनुपर्छ । प्रतिमा र सिँढी भत्काउने मानिसमाथि सय कर्षको दण्ड लगाउनु पर्दछ। जसले आफूसित समान व्यवहार गर्नेसँग असमान व्यवहार गर्छ वा कुनै वस्तुको मूल्य तोक्दा बेइमानी गर्छ त्यसमाथि मध्यम साहसको दण्ड लगाउनुपर्दछ। जुन मानिस व्यापारीसित बहुमूल्य वस्तु लिएर त्यसको मूल्य तिर्दैन राजाले त्यसमाथि छुट्टाछुट्टै उत्तम साहसको दण्ड लगाउनुपर्छ। जुन वैश्यले आफ्नो

अभक्ष्यभक्ष्ये विप्रो वा शूद्रे वा कृष्णलो दमः ।
तुलाशासनकर्त्ता च कूटकृन्नाशकस्य च ।६०।
एभिश्च व्यवहर्त्ता यः स दाप्यो दममुत्तमम् ।
विषाग्निदां पतिगुरुविप्रापत्यप्रमापिणीम् ।६१।
विकर्णकरनासौष्ठीं कृत्वा गोभिः प्रवासयेत् ।
क्षेत्रवेश्मग्रामवनविदारकास्तथा नरः ।६२।
राजपत्न्यभिगामी च दग्धव्यास्तु कटाग्निना ।
ऊनं वाप्यधिकं वापि लिखेद्यो राजशासनम् ।६३।
पारजायिकचौरौ च मुञ्चत दण्ड उत्तमः ।
राजयानासनारोढुर्दण्ड उत्तमसाहसम् ।६४।
यो मन्येताजितोऽस्मीति न्यायेनापि पराजितः ।
तमायान्तं पराजित्य दण्डयेद्द्विगुणं दमम् ।६५।
आह्वानकारी वध्यः स्यादनाहूतमथाह्वयन् ।
दाण्डिकस्य च यो हस्तादभिमुक्तः पलायते ।
हीनः पुरुषकारेण तद्दद्याद्दाण्डिको धनम् ।६६।

सामान बिगारेर वा असल वस्तुमा कमसल वस्तु मिसाएर मन लागि दाममा बेच्छ, त्यो मध्यम मध्यम साहस दण्ड पाउन योग्य हुन्छ। जालसाजी गर्नेलाई उत्तम साहसको र झगडासँग हानीनोक्सानी गर्नेलाई त्यसको दोब्बर दण्ड दिनु उचित हुन्छ। अभक्ष्य कुरो खाने ब्राह्मण अथवा शूद्रमाथि कृष्णको दण्ड लगाउनुपर्छ। जसले तराजुको जोखाइमा ठग्छ वा कम तौल्दछ, जालसाजी गर्छ र ग्राहकलाई हानी पुऱ्याउँछ ती सबैलाई र जो त्यस्तासँग मिलेर काम गर्दछन् तिनलाई पनि उत्तम साहसको दण्ड दिनुपर्छ। जुन स्त्रीले वीष खुवाउँछे, आगो लगाउँछे तथा पति, गुरु, ब्राह्मण र सन्तानको हत्या गर्दछे त्यसका हात, कान, नाक र ओठ कटाएर गोरुका पिठ्युँमा चढाई त्यसलाई राज्यबाट बाहिर निकालिदिनुपर्छ। खेत, घर, गाउँ र जङ्गल नष्ट गराउने एवं राजाकी पत्नीसित समागम गर्ने मानिस घाँसपरालको आगोले डढाउन योग्य हुन्छ। जो राजाको आज्ञाभन्दा घटीबढी लेख्छ, परस्त्रीगामी छ र चोरलाई दण्ड नदिई त्यसै छोड्छ त्यो उत्तम साहसका दण्डको अधिकारी हो। राजाको सवारी र आसनमा बस्नेलाई पनि उत्तम साहसको दण्ड दिनुपर्छ। न्यायअनुसार पराजित भएर पनि जो आफूलाई अपराजित मान्छ उसलाई अगाडि आउँदा फेरि जित्नुपर्छ र दोब्बर दण्ड पनि लगाउनुपर्छ। जो बोलाउनुपर्ने होइन, त्यसलाई बोलाएर ल्याउने पुरुष वधको योग्य हुन्छ। जो अपराधी दण्ड दिने पुरुषका हातबाट उम्केर भाग्छ त्यो पुरुषार्थहीन हो। दण्डकर्ताले त्यस्ता डरछेरुवालाई शारीरिक दण्ड नदिएर त्यसमाथि धनको दण्ड लगाउनु उचित हुन्छ।४७–६६।

२२८. अष्टाविंशत्यधिकद्विशततमोऽध्यायः

युद्धयात्रा

पुष्कर उवाच
यदा मन्येत नृपतिराक्रन्देन बलीयसा ।
पार्ष्णिग्राहोऽभिभूतो मे तदा यात्रां प्रयोजयेत ।१।
पुष्टा योधा भृता भृत्याः प्रभूतं च बलं मम ।
मूलरक्षासमर्थोऽस्मि तैर्गत्वा शिविरे व्रजेत् ।२।
शत्रोर्वा व्यसने यायाद्दैवाद्यैः पीडितं परम् ।
भूकम्पो यां दिशं याति यां च केतुर्व्यदूषयत् ।३।

पुष्कर भन्दछन्– कुनै बलवान् आक्रन्द राजाद्वारा मेरो पार्ष्णिग्राह राजा पराजित गराएको छ भनी कसैले ठान्यो भने त्यस राजाले सेनालाई युद्ध गर्नका लागि जाने आज्ञा दिनुपर्छ। पहिले त उसले आफ्ना सैनिक हृष्टपुष्ट छन्, नोकरचाकरलाई राम्ररी नै भरणपोषण गरिएको छ, मसित धेरै सेना छन् र म मूल रूपमा रक्षा गर्न समर्थ छु भनी बुझ्नुपर्छ र त्यसपछि सैनिकका सुरक्षा घेराद्वारा शिविरमा जानुपर्छ। जुन बेलामा शत्रुमाथि कुनै सङ्कट परेको छ, दैवी र मानवीय बाधाहरूले उसको सहर पीडित छ त्यस्ता बेलामा युद्धका लागि यात्रा गर्नुपर्दछ। जुन देशमा भूकम्प आएको छ, जसलाई केतुले

विद्विष्टनाशकं सैन्यं सम्भूतान्तःप्रकोपनम् ।
शरीरस्फुरणे धन्ये तथा सुस्वप्नदर्शने ।४।
निमित्ते शकुने धन्ये जाते शत्रुपुरं व्रजेत् ।
पदातिनागबहुलां सेनां प्रावृषि योजयेत् ।५।
हेमन्ते शिशिरे चैव रथवाजिसमाकुलाम् ।
चतुरङ्गबलोपेतां वसन्ते वा शरन्मुखे ।६।
सेना पदातिबहुला शत्रुञ्जयति सर्वदा ।
अङ्गदक्षिणभागे तु शस्तं प्रस्फुरणं भवेत् ।७।
न शस्तं तु तथा वामे पृष्ठस्य हृदयस्य च ।
लाञ्छनं पिटकं चैव विज्ञेय स्फुरणं तथा ।
विपर्य्ययेणाभिहितं सव्ये स्त्रीणां शुभं भवेत् ।८।

आफ्नो प्रभावद्वारा दूषित गरेको छ त्यसै दिशामा आक्रमण गर्नुपर्छ। जतिबेला सेनाभित्र शत्रुलाई नाश गर्ने उत्साह हुन्छ, योद्धाहरूका मनमा विपक्षीप्रति क्रोधको भाव प्रकट भएको हुन्छ, शुभ सूचक अङ्ग फुरेको हुन्छ, राम्रो स्वप्न देखिएको हुन्छ र उत्तम निमित्त एवं शकुन भएको हुन्छ त्यस बेलामा शत्रुका नगरमा चढाइ गर्नुपर्छ । यदि वर्षा कालमा यात्रा गर्नुपर्ने हो भने जसमा पैदल र हात्तीको सङ्ख्या धेरै छ त्यस्ता सेनालाई आक्रमण गर्ने आज्ञा दिनुपर्छ । हेमन्त र शिशिर ऋतुमा त्यस्तो सेना लिनुपर्छ जसमा रथ र घोडाको सङ्ख्या धेरै होस् । वसन्त र शरद्को आरम्भमा चतुरङ्गिणी सेनालाई युद्धका लागि नियुक्त गर्नुपर्छ। जसमा पैदलको सङ्ख्या धेरै छ उसैले सधैँ शत्रुमाथि विजय प्राप्त गर्दछ। यदि शरीरका दाहिने भागको कुनै अङ्ग फुरेको छ भने उत्तम हुन्छ। बायाँ अङ्ग पिठ्युँ र हृदय फुरेको राम्रो होइन । यसै गरी शरीरका चिह्नहरू, घाउ-खटिरा र फुर्ने आदिको शुभशुभ फल राम्ररी बुझ्नुपर्दछ। स्त्रीहरूका लागि त्यसको फल विपरीत हुन्छ भनिएको छ। उनीहरूको बायाँ अङ्ग फुर्नु राम्रो हुन्छ ।१-८।

२२९. ऊनत्रिंशत्यधिकद्विशततमोऽध्यायः

स्वप्नाध्याय

पुष्कर उवाच
स्वप्नं शुभाशुभं वक्ष्ये दुःस्वप्नहरणं तथा ।
नाभिं विनान्यत्र गात्रे तृणवृक्षसमुद्भवः ।१।
चूर्णनं मूर्ध्नि कांस्यानां मुण्डनं नग्नता तथा ।
मलिनाम्बरधारित्वमभ्यङ्गः पङ्कदिग्धता ।२।
उच्चात्प्रपतनं चैव विवाहो गीतमेव च ।
तन्त्रीवाद्यविनोदश्च दोलारोहणमेव च ।३।
अर्जनं पद्मलोहानां सर्पाणामथ मारणम् ।
रक्तपुष्पद्रुमाणां च चाण्डालस्य तथैव च ।४।
वराहश्वखरोष्ट्राणां तथा चारोहणक्रिया ।
भक्षणं पक्षिमांसानां तैलस्य कृसरस्य च ।५।
मातुः प्रवेशो जठरे चितारोहणमेव च ।
शक्रध्वजाभिपतनं पतनं शशिसूर्य्ययोः ।६।
दिव्यान्तरिक्षभौमानामुत्पातानां च दर्शनम् ।
देवद्विजातिभूपानां गुरुणां कोप एव च ।७।

पुष्कर भन्दछन्– अब म स्वप्नको शुभाशुभ विचार गर्नेछु र दुःखद स्वप्न नाश गर्ने उपाय पनि भन्दछु। नाभीबाहेक शरीरका अन्य भागमा घाँस वा वृक्ष उम्रनु, काँसका भाँडाहरू टाउकामा फुट्नु, टाउको मुडुलिनु, नाङ्गो हुनु, मैला लुगा लगाउनु, तेल लगाउनु, हिलो दलिनु, अग्लो ठाउँबाट पछारिनु, बिहा हुनु, गीत सुन्नु, बीणा आदि बाजाको धुन सुनेर मन रमाउनु, पाल्कीमा चढ्नु, पद्म वा फलामको कमाइ हुनु, सर्प मार्नु, राता फूलले भरिएको वृक्ष वा चाण्डाललाई देख्नु, सुँगुर, कुकुर, गधा र ऊँटमाथि चढ्नु, चराको मासु खानु, तेल पिउनु, खिचडी खानु, माताका गर्भमा पस्नु, चितामा चढ्नु, इन्द्रका उपलक्ष्यमा ठड्याइएको ध्वजा खस्नु, सूर्य र चन्द्रमा खस्नु, दिव्यलोक, अन्तरिक्ष र भूलोकमा हुने उत्पात देखिनु, देवता, ब्राह्मण, राज र गुरु रिसाउनु, नाच्नु, हाँस्नु, बिहा गर्नु, गीत गाउनु, बीणाबाहेक अन्य कुनै बाजा आफैँ बजाउनु, नदीमा डुबेर तलसम्म जानु, गोबर, हिलो र मसी मिसिएका जलले नुहाउनु, कुमारी कन्यालाई अँगालो हाल्नु, पुरुष-पुरुषका

नर्त्तनं हसनं चैव विवाहो गीतमेव च।
तन्त्रीवाद्यविहीनानां वाद्यानामपि वादनम् ।८।
स्रोतोवहाधोगमनं स्नानं गोमयवारिणा।
पङ्कोदकेन च तथा मशीतोयेन वाप्यथ ।९।
आलिङ्गनं कुमारीणां पुरुषाणां च मैथुनम्।
हानिश्चैव स्वगात्राणां विरेको वमनक्रिया ।१०।
दक्षिणाशाप्रगमनं व्याधिनाभिभवस्तथा।
फलानामुपहानिश्च धातूनां भेदनं तथा ।११।
गृहानां चैव पतनं गृहसम्मार्जनं तथा।
क्रीडा पिशाचक्रव्यादवानरान्त्यनरैरपि ।१२।
परादभिभवश्चैव तस्माच्च व्यसनोद्भवः।
काषायवस्त्रधारित्वं तद्वस्त्रैः क्रीडनं तथा ।१३।
स्नेहपानावगाहौ च रक्तमाल्यानुलेपनम्।
इत्यधन्यानि स्वप्नानि तेषामकथनं शुभम् ।१४।
भूयश्च स्वपनं तद्वत्कार्य्यं स्नानं द्विजार्चनम्।
तिलैर्होमो हरिब्रह्मशिवार्कगणपूजनम् ।१५।
तथा स्तुतिप्रपठनं पुंसूक्तादिजपस्तथा।
स्वप्नास्तु प्रथमे यामे संवत्सरविपाकिनः ।१६।
षड्भिर्मासैर्द्वितीये तु त्रिभिर्मासैस्त्रियामिकाः।
चतुर्थे त्वर्द्धमासेन दशाहादरुणोदये ।१७।
एकस्यामथ चेद्रात्रौ शुभं वा यदि वाऽशुभम्।
पश्चाद्दृष्टस्तु यस्तत्र तस्य पाकं विनिर्दिशेत् ।१८।
तस्मात्तु शोभने स्वप्ने पश्चात्स्वापो न शस्यते।
शैलप्रासादनागाश्ववृषभारोहणं हितम् ।१९।
द्रुमाणां श्वेतपुष्पाणां गगने च तथा द्विज।
द्रुमे तृणोद्भवो नाभौ तथा च बहुबाहुता ।२०।
तथा च बहुशीर्षत्वं पलितोद्भव एव च।
सुशुक्लमाल्यधारित्वं सुशुक्लाम्बरधारिता ।२१।
चन्द्रार्कताराग्रहणं परिमार्जनमेव च।
शक्रध्वजालिङ्गनं च ध्वजोच्छ्रायक्रिया तथा ।२२।
भूम्यम्बुधाराग्रहणं शत्रूणां चैव विक्रिया।
जयो विवादे द्यूते च सङ्ग्रामे च तथा द्विज ।२३।
भक्षणञ्चार्द्रमांसानां पायसस्य च भक्षणम्।
दर्शनं रुधिरस्यापि स्नानं वा रुधिरेण च ।२४।
सुरारुधिरमद्यानां पानं क्षीरस्य वाप्यथ।
अस्त्रैर्विचेष्टनं भूमौ निर्मलं गगनं तथा ।२५।

बीच मैथुन गर्नु, आफ्नै अङ्ग हानी हुनु, उल्टी गर्नु, उल्टी रोक्नु, दक्षिण दिशातिर जानु, रोगले सताइनु, फलको हानी हुनु, धातुहरू फुट्नु, घर ढल्नु, घरमा कुचो लगाउनु, बाँदर वा चाण्डाल आदिसँग खेल्नु, शत्रुबाट अपमानित हुनु, शत्रुबाट सङ्कट पाइनु, गेरु वस्त्र लगाउनु, गेरु वस्त्रसित खेल्नु, तेल पिउनु वा तेलमा नुहाउनु, राता फुलको माला लगाउनु वा रातै चन्दन लगाउनु – यी सबै नराम्रा स्वप्न हुन्। यिनलाई अरूसित प्रकट नगर्नु राम्रो हुन्छ। यस्ता स्वप्न देखेपछि फेरि निदाउनुपर्छ। यसै गरी स्वप्नदोष निवारणका लागि स्नान, ब्राह्मणको पूजा, तिलको हवन, ब्रह्मा, विष्णु, शिव र सूर्यका गणको पूजा, स्तुति पाठ र पुरुषसूक्तको जप गर्नु उचित हुन्छ। रातका पहिलो प्रहरमा देखिएको स्वप्न एक वर्षमा फल दिने हुन्छ, दोस्रो प्रहरमा देखिएकोले छ महिनामा, तेस्रो प्रहरमा देखिएकोले तीन महिनामा, चौथो प्रहरमा देखिएकोले पन्ध्र दिनमा र अरुणोदयका समयमा देखिएका स्वप्नले दस दिनमा नै आफ्नो फल प्रकट गर्दछन् ।१-१७।

यदि एकै रातमा शुभ र अशुभ दुवै खालका स्वप्न देखिएका छन् भने तिनीहरूमध्ये जसलाई पछिल्लोपटक देखिन्छ त्यसैको फल भन्नुपर्दछ। त्यसैले शुभ स्वप्न देखेपछि सुत्नु राम्रो मानिँदैन। स्वप्नमा पर्वत, महल, हात्ती, घोडा र गोरुमाथि चढेको राम्रो मानिन्छ। हे परशुराम ! यदि पृथ्वी वा आकाशमा सेतो फूलले भरिएको रुख देख्नु, नाभीमा घाँस वा रुख उम्रनु, आफ्ना भुजा वा टाउका धेरै देखिनु, टाउकाको कपाल फुल्नु भने तिनको फल राम्रो हुन्छ। सेता फूलको माला र सेतो वस्त्र धारण गर्नु, चन्द्रमा, सूर्य वा ताराहरू पक्रनु, सफा सुग्घर गर्नु, इन्द्रका ध्वजालाई आलिङ्गन गर्नु, ध्वजालाई माथि उठाउनु, धर्तीमा खस्न लागेको जल धारालाई आफूमाथि थाप्नु, शत्रुको दुर्दशा देख्नु, वादविवाद, जुवा, युद्धमा आफ्नै विजय देख्नु, खीर खानु, रगत देख्नु, रगतले नुहाउनु, सुरा, मद्य अथवा दुध पिउनु, अस्त्रले घाइते भएर धर्तीमा छट्पटाउनु, आकाश सफा हुनु र गाई, भैँसी, सिंहिनी, हथिनी र घोडीको दुध मुखले चुस्नु यी सबै उत्तम स्वप्न हुन्। देवता, ब्राह्मण, गुरु आदिको प्रसन्नता, गाईको सिङ वा चन्द्रमाबाट खसेको पानीले आफ्नो अभिषेक हुनु यी स्वप्नले राज्य प्रदान गराउँदछन् भन्ने बुझ्नुपर्दछ। हे परशुराम ! आफ्नो राज्याभिषेक हुनु, आफ्नो मस्तक काटिनु, मर्नु, आगामा पर्नु, घर आदिमा लागेका आगामा पर्नु, राजचिह्नहरू प्राप्त हुनु,

मुखेन दोहनं शस्तं महिषीणां तथा गवाम्।
सिंहीनां हस्तिनीनां च बडवानां तथैव च ।२६।
प्रसादो देवविप्रेभ्यो गुरुभ्यश्च तथा द्विज।
अम्भसा चाभिषेकस्तु गवां शृङ्गच्युतेन च ।२७।
चन्द्राद् भ्रष्टेन वा राम ज्ञेयं राज्यप्रदं हि तत्।
राज्याभिषेकश्च तथा छेदनं शिरसोऽप्यथ ।२८।
मरणं वह्निलाभश्च वह्निदाहो गृहादिषु।
लब्धिश्च राजलिङ्गानां तन्त्रीवाद्याभिवादनम् ।२९।
यस्तु पश्यति स्वप्नान्ते राजानं कुञ्जरं हयम्।
हिरण्यं वृषभं गां च कुटुम्बस्तस्य वर्द्धते ।३०।
वृषेभगृहशैलाग्रवृक्षारोहणरोदनम्।
घृतविष्ठानुलेपो वा अगम्यागमनं तथा।
सितवस्त्रं प्रसन्नाम्भः फली वृक्षो नभोऽमलम् ।३१।

आफ्ना हातले बीणा बजाउनु – यस्ता स्वप्न पनि उत्तम र राज्य प्रदान गर्ने नै हुन्। जुन स्वप्नका अन्तिम भागमा राजा, हात्ती, घोडा, सुन, गोरु र गाई देखिन्छ त्यसबाट कुटुम्ब बढ्छन्। गोरु, हात्ती, महलको छत, पर्वतको शिखर र वृक्षमा चढ्नु, रुनु, शरीरमा घिउ र विष्ठा लाग्नु अनि अगम्या स्त्रीसित समागम गर्नु यी शुभ स्वप्न हुन् ।१८–३१।

२३०. त्रिंशत्यधिकद्विशततमोऽध्यायः

शकुनविचार

पुष्कर उवाच
औषधानि च युक्तानि धान्यं कृष्णमशोभनम्।
कार्पासं तृणशुष्कञ्च गोमयं वै धनानि च ।१।
अङ्गारं गुडसर्जौ च मुण्डाभ्यक्तञ्च नग्नकम्।
अयः पङ्कं चर्मकेशौ उन्मत्तं च नपुंसकम् ।२।
चाण्डालश्वपचादानि नरा बन्धनपालकाः।
गर्भिणी स्त्री च विधवाः पिण्याकादीनि वै मृतम् ।३।
तुषभस्मकपालास्थिभिन्नभाण्डमशस्तकम्।
अशस्तो वाद्यशब्दश्च भिन्नभैरवजर्जरः ।४।
एहीति पुरतः शब्दः शस्यते न तु पृष्ठत।
गच्छेति पश्चाच्छब्दोऽग्र्यः पुरस्तात्तु विगर्हितः ।५।
क्व यासि तिष्ठ मा गच्छ किन्ते तत्र गतस्य च।
अनिष्टशब्दा मृत्यर्थं क्रव्यादश्च ध्वजादिगः ।६।
स्खलनं वाहनानां च शस्त्रभङ्गस्तथैव च।
शिरोघातश्च द्वाराद्यैश्छत्रवासादिपातनम् ।७।
हरिमभ्यर्च्य संस्तुत्य स्यादमङ्गल्यनाशनम्।
द्वितीयं तु ततो दृष्ट्वा विरुद्धं प्रविशेद् गृहम् ।८।

पुष्कर भन्दछन्– हे परशुराम ! सेतो वस्त्र, स्वच्छ जल, फलले भरिएको वृक्ष, निर्मल आकाश, खेतमा फलेका अन्न र कालो धान्य यी वस्तु यात्राका समयमा देखिनु अशुभ हो। रुवा, घाँस मिसिएको गोबरका गुइँटा, धन, अङ्गार, घर, टाउको खौरेर तेल लगाएको नग्न साधु, फलाम, हिलो, छाला, कपाल, बौलाहा, नपुंसक, चाण्डाल, श्वपच, बन्धनलाई रक्षा गर्ने मानिस, गर्भिणी स्त्री, विधवा, तिलको पिना, मृतक, भुस, खरानी, टाउको, हड्डी, फुटेको भाँडो युद्धका बेलामा देखिनु अशुभ मानिन्छ। फुटेका भाँडाको जस्तो भयङ्कर शब्द भएको बाजाको आवाज सुनिन्छ भने राम्रो मानिँदैन। 'आऊ' भन्ने खालको ध्वनी कतैतिरबाट अगाडि सुनियो भने राम्रो हो तर पछाडिबाट आयो भने अशुभ मानिन्छ। जाऊ भन्ने जस्तो शब्द पछाडिबाट आयो भने राम्रो हो तर अगाडिबाट आउनु निन्दित हुन्छ। कता हिँडेको ? पर्ख, नजाऊ, त्यहाँ जाँदा के फाइदा हुन्छ ? यस्ता शब्दले अनिष्टको सूचना दिन्छन्। यदि ध्वजामाथि चिल आदि मांसहारी पक्षी बस्यो, घोडा, हात्ती आदि वाहन धर्खरिएर लड्यो, हतियार भाँचियो, हार आदिद्वारा टाउकामा चोट लाग्यो र छत्र वस्त्र आदि कसैले खसाइदियो भने यी सबै अपशकुनहरू मृत्युका कारण हुन्छन्। भगवान् विष्णुको पूजा र स्तुति गर्नाले अमङ्गलको नाश हुन्छ।

श्वेताः सुमनसः श्रेष्ठाः पूर्णकुम्भो महोत्तमः ।
मांसं मत्स्या दूरशब्दा वृद्ध एकः पशुस्त्वजः ।९।
गावस्तुरङ्गमा नागा देवाश्च ज्वलितोऽनलः ।
दूर्वार्द्रगोमयं वेश्या स्वर्णरूप्यं च रत्नकम् ।१०।
वचासिद्धार्थकौषध्यो मुद्ग आयुधखड्गकम् ।
छत्रं पीठं राजलिङ्गं शवं रुदितवर्जितम् ।११।
फलं घृतं दधि पयो अक्षतादर्शमाक्षिकम् ।
शङ्ख इक्षुः शुभं वाक्यं भक्तवादित्रगीतकम् ।१२।
गम्भीरमेघस्तनितं तडित्तुष्टिश्च मानसी ।
एकतः सर्वलिङ्गानि मनसस्तुष्टिरेकतः ।१३।

यदि फेरि पनि यिनै अपशकुन देखिए भने घर फर्किनुपर्दछ। यात्राका समयमा सेतो फूलको दर्शन श्रेष्ठ मानिन्छ। भरिएको गाग्रो देख्नु भने त धेरै उत्तम हुन्छ । मासु, माछा, टाढाको हल्ला, एक्लो बृद्ध पुरुष, पशुहरूमा बाख्रो, गाई, घोडा र हात्ती, देवप्रतिमा, बलेको आगो, दुबो, ताजा गोबर, वेश्या, सुन चाँदी, रत्न, वच, तोरी आदि औषधि, मुगा, हतियारहरूमा तरबार, छाता, पिर्का, राजचिह्न, सँगै कोही नरोइरहेको मृतक, फल, घिउ, दही, दुध, अक्षता, ऐना, मह, शङ्ख, उखु, शुभसूचक वचन, भक्त, पुरुषहरूको नाचगान, मेघको गम्भीर गर्जन, बिजुलीको चमक र मनको सन्तोष यी सबै शुभ शकुन हुन् । एकातर्फ यी सबै शकुन र अर्कातिर मनको प्रसन्नता यी दुवै बराबर हुन्छन् ।१-१३।

२३१. एकत्रिंशत्यधिकद्विशततमोऽध्यायः

शुभाशुभ

पुष्कर उवाच
तिष्ठतो गमने प्रश्ने पुरुषस्य शुभाशुभम् ।
निवेदयन्ति शकुना देशस्य नगरस्य च ।१।
सर्वः पापफलो दाप्तो निर्दिष्टो दैवचिन्तकैः ।
शान्तः शुभफलश्चैव दैवज्ञैः समुदाहृतः ।२।
षट्प्रकारा विनिर्दिष्टा शकुनानां च दीप्तयः ।
वेलादिग्देशकरणरुतजातिविभेदतः ।३।
पूर्वापूर्वा च विज्ञेया सा तेषां बलवत्तरा ।
दिवाचरो रात्रिचरस्तथा रात्रौ दिवाचरः ।४।
क्रूरेषु दीप्ता विज्ञेया ह्यृक्षलग्नग्रहादिषु ।
धूमिता सा तु विज्ञेया यां गमिष्यति भास्करः ।५।
यस्यां स्थितः सा ज्वलिता मुक्ता चाङ्गारिणी मता ।
एतास्तिस्रः स्मृता दीप्ताः पञ्च शान्तास्तथापराः ।६।
दीप्तायां दिशि दिग्दीप्तं शकुनं परिकीर्त्तितम् ।
ग्रामेऽरण्या वने ग्राम्यस्तथा निन्दितपादपः ।७।
देशे चैवाशुभे ज्ञेयो देशदीप्तो द्विजोत्तमः ।

पुष्कर भन्दछन्– राजाले पर्खने वा जाने प्रश्न गर्दाका समयमा हुने शकुनहरूले त्यस देश वा नगरका लागि शुभ वा अशुभ फलको सूचना दिन्छन् । शकुन दुई किसिमका हुन्छन्– दीप्त र शान्त । दैव विचार गर्ने ज्योतिषीहरूले सम्पूर्ण दीप्त शकुनहरूको फल अशुभ र शान्त शकुनको फल शुभ हुन्छ भनेका छन् । बेला दीप्त, दिशादीप्त, देशदीप्त, क्रिया दीप्त, रुत दीप्त र जाति दीप्त गरी दीप्त शकुनका छ वटा भेद रहेको बताइएको छ । तिनीहरूमा जति पहिला छन् त्यति नै बलिया हुन्छन् भन्ने बुझ्नुपर्छ । दिउँसो चर्ने प्राणी राति र राति चर्ने प्राणी दिउँसो विचरण गरेको देखियो भने त्यो बेला दीप्त हो भन्ने जान्नुपर्छ । यसै गरी जुन बेलामा नक्षत्र, लग्न र ग्रह आदि क्रूर अवस्थामा रहन्छन् त्यो पनि बेला दीप्त अन्तर्गत नै पर्दछ । सूर्य जुन दिशामा जाँदै छन् त्यो धूमिता र जहाँ अवस्थित छन् त्यो ज्वलिता हो भने जुनलाई छाडिसकेका छन् त्यो अङ्गारिणी हो भन्ने मानिन्छ । यी तीन दिशाहरू दीप्त र बाँकी पाँच दिशाहरू शान्त हुन् भनिएको छ । दीप्त दिशामा जुन शकुन रहन्छ त्यसलाई दिग्दीप्त हो भनिन्छ । यदि गाउँमा जङ्गली र जङ्गलमा गाउँले पशुपक्षी रहेका छन् भने त्यो निन्दित देश हो । यसै गरी जहाँ निन्दित वृक्ष हुन्छ त्यो स्थान पनि निन्द्य एवं अशुभ मानिएको छ । हे विप्रवर ! अशुभ देशमा जुन शकुन हुन्छ त्यसलाई देशदीप्त

क्रियादीप्तो विनिर्दिष्टः स्वजात्यनुचितक्रियः ।८।
रुतदीप्तश्च कथितो भिन्नभैरवनिःस्वनः ।
जातिदीप्तस्तथा ज्ञेयः केवलं मांसभोजनः ।९।
दीप्ताच्छान्तो विनिर्दिष्टः सर्वैर्भेदैः प्रयत्नतः ।
मिश्रैर्मिश्रो विनिर्दिष्टस्तस्य वाच्यं फलाफलम् ।१०।
गोश्वोष्ट्रगर्दभश्वानः सारिका गृहगोधिका ।
चटका भासकूर्माद्याः कथिता ग्रामवासिनः ।११।
अजाविशुकनागेन्द्राः कोलो महिषवायसौ ।
ग्राम्यारण्या विनिर्दिष्टाः सर्वेऽन्ये वनगोचराः ।१२।
मार्जारकुक्कुटौ ग्राम्यौ तौ चैव वनगोचरौ ।
तयोर्भवति विज्ञानं नित्यं वै रूपभेदतः ।१३।
गोकर्णशिखिचक्राह्वखरहारीतवायसाः ।
कुलाहकुक्कुभश्येनफेरुखञ्जनवानराः ।१४।
शतघ्नचटकश्यामचाषश्येनकपिञ्जलाः ।
तित्तिरिः शतपत्रश्च कपोतश्च तथा त्रयः ।१५।
खञ्जरीटकदात्यूहशुकराजीवकुक्कुटाः ।
भारद्वाजश्च सारङ्ग इति ज्ञेया दिवाचराः ।१६।
वागुर्युलूकशरभक्रौञ्चाः शशककच्छपाः ।
लोमासिकाः पिङ्गलिका कथिता रात्रिगोचराः ।१७।
हंसाश्च मृगमार्जारनकुलर्क्षभुजङ्गमाः ।
वृकारिसिंहव्याघ्रोष्ट्रग्रामसूकरमानुषाः ।१८।
श्वाविद् वृषभगोमायुवृककोकिलसारसाः ।
तुरङ्गकौपीननरा गोधा ह्युभयचारिणः ।१९।
बलप्रस्थानयोः सर्वे पुरस्तात्सङ्घचारिणः ।
जथावहा विनिर्दिष्टा पश्चान्निधनकारिणः ।२०।
गृहाद्गम्य यदा चाषो व्याहरेत्पुरतः स्थितः ।
नृपावमानं वदति वामः कलहभोजने ।२१।
याने तद्दर्शनं शस्तं सव्यमङ्गस्य वाप्यथ ।

भन्ने बुझ्नुपर्छ । आफ्नो वर्णधर्मभन्दा विपरीत अनुचित कर्म गर्ने पुरुष क्रियादीप्त हो भनिएको छ । फुटेको-भत्केको भयङ्कर आवाज सुनियो भने त्यो रुतदीप्त हो भनिन्छ । केवल मांस भोजन मात्रै गर्ने प्राणीलाई जातिदीप्त हो भन्ने बुझ्नुपर्छ। दीप्त अवस्थाभन्दा बाहेकका जुन शकुन हुन् ती शान्त हुन् भनिएको छ । तिनीहरूमा पनि उपर्युक्त सबै भेदहरूलाई राम्ररी जान्नुपर्दछ । यदि शान्त र दीप्तका भेद मिसिएका छन् भने त्यसलाई मिश्र शकुन भन्दछन् । यसै किसिमले विचार गरेर त्यसको फलाफल देखाउनु पर्दछ । गाई, घोडा, ऊँट, गधा, कुकुर, मैना, छेपारो, भँगेरो, चील, कुखुरो, कछुवा आदि प्राणी गाउँवासी हुन् भनिएको छ । बाख्रो, भेडो, सुगा, हात्ती, सुँगुर, भैँसी र काग यी गाउँले पनि हुन्छन् र जङ्गली पनि । यिनीहरूबाहेक अरू सबै प्राणी जङ्गली हुन् भनिएको छ । बिरालो र कुखुरो पनि घरेलु र जङ्गली हुन्छन् । यिनीहरूका रूपमा फरक हुन्छ त्यसैबाट यिनीहरू सधैँ चिनिन्छन् । खच्चर, मयूर, चखेवा, गधा, हारीत, कौवा, कुलाह, कुक्कुभ, बाज, स्याल, खञ्चरीट, वानर, शतघ्न, चटक, कोइली, श्येन, काकाकुल, तित्रो, शतपत्र, परेवा, खञ्जन, जलकाक, सुगा, राजीव, कुखुरो, भरदूल र सारङ्ग यी दिउँसो चर्ने प्राणी हुन् । वागुरी, उल्लु, शरभ, क्रौञ्च, खरायो, कछुवा, लोमासिका र पिङ्गलिका यी राति चर्ने प्राणीहरू हुन् भनिएको छ । हाँस, मृग, बिरालो, न्याउरी, भालु, सर्प, वृकारी, सिंह, बाघ, ऊँट, गाउँले सुँगुर, मानिस, श्वाविद, वृषभ, गोमायु, वृक, कोइली, सारस, घोडा, गोधा र लगौँटी लगाउने पुरुष यी दिउँसो र राति दुवैमा चर्ने हुन् ।१-१९।

युद्ध र युद्धका समयमा यी सबै हुल बाँधेर अगाडि देखिन आए भने विजय प्रदान गर्ने हुन्छन् तर पछाडिबाट आए भने मृत्युकारक मानिएका छन् । यदि नीलकण्ठ चरो आफ्ना गुँडबाट निस्केर कराउँदै अगाडि आएर उभिन्छ भने त्यसले राजाका अपमानको सूचना दिन्छ र जब ऊ बायाँ भागमा आयो भने कलह गराउने र भोजनमा बाधा पार्ने हुन्छ। यात्रा गर्दाका समयमा त्यसको दर्शन हुनु राम्रो मानिएको छ र त्यसका बाँया अङ्गको दर्शन पनि उत्तम मानिएको छ । यदि यात्राका समयमा मयूर जोडतोडले करायो भने चोरले आफ्नो धन चोर्छ भन्ने सन्देश त्यसले दिएको हुन्छ । हे परशुराम ! यात्रामा निस्कँदा यदि मृग अगाडि लागेर हिंड्यो भने त्यसले प्राण लिन्छ । भालु, मुसा, स्याल, बाघ, सिंह, बिरालो, गधा

चौरैर्मोषमथाख्याति मयूरो भिन्ननिःस्वनः ।२२।
प्रयातस्याग्रतो राम मृगः प्राणहरो भवेत् ।
ऋक्षाखुजम्बुकव्याघ्रसिंहमार्जारगर्दभाः ।२३।
प्रतिलोमास्तथा राम खरश्च विकृतस्वनः ।
वामः कपिञ्जलः श्रेष्ठस्तथा दक्षिणसंस्थितः ।२४।
पृष्ठतो निन्दितफलस्तित्तिरिस्तु न शस्यते ।
एणा वराहाः पृषता वामा भूत्वा तु दक्षिणाः ।२५।
भवन्त्यर्थकरा नित्यं विपरीता विगर्हिताः ।
वृषाश्वजम्बुकव्याघ्राः सिंहमार्जारगर्दभाः ।२६।
वाञ्छितार्थकरा ज्ञेया दक्षिणाद् वामतो गताः ।
शिवा श्यामाननाच्छुच्छूः पिङ्गला गृहगोधिका ।२७।
सूकरी परपुष्टा च पुन्नामानश्च वामतः ।
स्त्रीसंज्ञा भासकारूषकपिश्रीकर्णच्छिच्चकराः ।२८।
कपिश्रीकर्णपिप्यीका रुरुश्येनाश्च दक्षिणाः ।
जातोक्षा हिशशक्रोडगोधानां कीर्त्तनं शुभम् ।२९।
ततः सन्दर्शनं नेष्टं प्रतीपं वानरर्क्षयोः ।
कार्य्यकृद्वली शकुनः प्रस्थितस्य हि योऽन्वहम् ।३०।
भवेत्तस्य फलं वाच्यं तदेव दिवसं बुधैः ।
मत्ता भक्ष्यार्थिनो बाला वैरसक्तास्तथैव च ।३१।
सीमान्तमभ्यन्तरिता विज्ञेया निष्फला द्विज ।
एकद्वित्रिचतुर्भिस्तु शिवा धन्या रुतैर्भवेत् ।३२।
पञ्चभिश्च तथा षड्भिरधन्या परिकीर्त्तिता ।
सप्तभिश्च तथा धन्या निष्फला परतो भवेत् ।३३।
नृणां रोमाञ्चजननी वाहनानां भयप्रदा ।
ज्वालानला सूर्य्यमुखी विज्ञेया भयवर्धिनी ।३४।
प्रथमं सारङ्गे दृष्टे शुभे देशे शुभं भवेत् ।
संवत्सरं मनुष्यस्य ह्यशुभे च शुभं तथा ।३५।
तथाविधं नरः पश्येत्सारङ्गं प्रथमेऽहनि ।
आत्मनश्च तथात्वेन ज्ञातव्यं वत्सरं फलम् ।३६।

यी यदि आफ्नो प्रतिकूल दिशामा जान्छन्, गधा चर्को स्वरमा कराउँछ र कपिञ्जल नामको चरो दायाँबायाँ रहेको छ भने यो सबैलाई उत्तम मानिएको छ । तर यदि कपिञ्जल चरो पछाडिपट्टी रहेको छ भने त्यसको फल निन्दित भएको मानिन्छ । यात्राका समयमा तित्रो देखिनु राम्रो होइन । मृग, सुँगुर, छिर्के मृग यदि यी देब्रेतिरबाट दाहिनेतिर गए भने सधैँ नै कार्य सफल हुन्छ। त्यसको उल्टो दाहिनेबाट बायाँतर्फ गए भने निन्दित मानिएको छ । गोरु, घोडा, स्याल, बाघ, सिंह, बिरालो र गधा यदि दाहिनेबाट बायाँ जान्छने भने यिनले मनले चिताएको कुरो उपलब्ध गराउँदछन् भन्ने बुझ्नुपर्छ । स्याल, स्याममुख, छुचुन्द्रो, पिङ्गला, गृहगोधिका, शूकरी, कोइली र भाले वाचक नाम भएका जीव यदि बायाँतर्फ रहेका छन् भने र पोथीवाचक नाम भएका जीव, भास, कारुष, बाँदर, श्रीकर्ण, छित्त्वर, कपि, पिप्पीक, रुरु र श्येन यी दक्षिण दिशामा छन् भने शुभ हुन्छ । यात्राका समयमा जातिक, सर्प, खरायो, सुँगुर र गोधाको नाम पुकार्नु पनि राम्रो मानिएको छ। भालु र बाँदर विपरीत दिशामा देखिनु अनिष्टकारक हुन्छ। प्रस्थान गर्दामा जुन कार्यसाधक बलवान् शकुन सधैँ देखा पर्छ त्यसको फल विद्वान् पुरुषका लागि उसै दिनका निम्ति हुन्छ भन्ने बताइएको छ अर्थात् जुनजुन दिन त्यो शकुन देखा पर्छ उसै उसै दिन त्यसको फल प्राप्त हुन्छ। हे परशुराम ! पागल, भोको, बालक तथा वैरी पुरुष यदि गाउँ वा नगरका सीमाभित्र देखिन्छन् तिनलाई देखेको कुनै विशेष फल हुँदैन भन्ने बुझ्नुपर्दछ । यदि पोथी स्यालले एक, दुई, तीन वा चारपटकसम्म करायो भने त्यसलाई शुभ मानिएको छ। त्यसै गरी पाँच र छपटक कराउँदा अशुभ र सातपटक कराउँदा शुभ हुन्छ भनिएको छ। सातपटकभन्दा धेरै कराएको कुनै फल छैन । बाटामा यदि सूर्यतिर उद्‌तै गरेको कुनै ज्वाला मान्छेका दृष्टि पर्दा रौँ नै ठाडा गराउने गरी उठेको देखियो भने र सेनाका वाहनहरू डराए भने त्यसले डरलाई बढाउँछ र ठूलो डरको सूचना दिने खालको हुन्छ भनी बुझ्नुपर्छ । यदि पहिलो पटक कुनै उत्तम ठाउँम सारङ्ग देखियो भने त्यसले एक वर्षसम्म मानिसलाई शुभको सूचना दिन्छ । त्यसलाई देखेपछि अशुभ पनि शुभ हुन्छ । त्यसैले यात्राको पहिलो दिन मानिसले यस्तो गुण भएका सारङ्गको दर्शन गर्नुपर्छ र आफ्ना लागि एक वर्षसम्म उपर्युक्त प्रकारले शुभ फलको प्राप्ति हुन्छ भन्ने बुझ्नुपर्दछ ।२०–३६।

२३२. द्वात्रिंशत्यधिकद्विशततमोऽध्यायः

शुभाशुभशकुन

पुष्कर उवाच

विशन्ति येन मार्गेण वायसा बहवः पुरम् ।
तेन मार्गेण रुद्धस्य पुरस्य ग्रहणं भवेत् ।१।
सेनायां यदि वासार्थे निविष्टो वायसो रुदन् ।
वामो भयातुरस्त्रस्तो भयं वदति दुस्तरम् ।२।
छायाङ्गवाहनोपानच्छत्रवस्त्रादिकुट्टने ।
मृत्युस्तत्पूजने पूजा तदिष्टकरणे शुभम् ।३।
प्रोषितागमकृत्काकः कुर्वन्द्वारि गतागतम् ।
रक्तं दग्धं गृहे द्रव्यं क्षिपन्वह्निनिवेदकः ।४।
न्यसेद्रक्तं पुरस्ताच्च निवेदयति बन्धनम् ।
पीतं द्रव्यं तथा रुक्म रूप्यमेव तु भार्गव ।५।
यच्चैवोपनयेद् द्रव्यं तस्य लब्धिं विनिर्दिशेत् ।
द्रव्यं वापनयेद्यस्तु तस्य हानिं विनिर्दिशेत् ।६।
पुरतो धनलब्धिः स्यादाममांसस्यच्छर्दने ।
भूलब्धिः स्यान्मृदः क्षेपे राज्यं रत्नार्पणे महत् ।७।
यातुः काकोऽनुकूलस्तु क्षेमः कर्मक्षमो भवेत् ।
न त्वर्थसाधको ज्ञेयः प्रतिकूलो भयावहः ।८।
सम्मुखऽभ्येति विरुदन्यात्राघातकरो भवेत् ।
वामः काकः स्मृतो धन्यो दक्षिणोऽर्थविनाशकृत् ।९।
वामोऽनुलोमगः श्रेष्ठो मध्यमो दक्षिणः स्मृतः ।
प्रतिलोमागतिर्वामो गमनप्रतिषेधकृत् ।१०।
निवेदयति यात्रार्थमभिप्रेतं गृहे गतः ।
एकाक्षिचरणस्त्वर्कं वीक्षमाणो भयावहः ।११।
कोटरे वासमानश्च महानर्थकरो भवेत् ।
न शुभस्तूषरे काकः पङ्काङ्कः स तु शस्यते ।१२।
अमेध्यपूर्णवदनः काकः सर्वार्थसाधकः ।
ज्ञेयाः पतत्त्रिणोऽन्येपि काकवद् भृगुनन्दन ।१३।

पुष्कर भन्दछन्– जुन मार्गबाट अत्यधिक कागहरू शत्रुका सहरमा प्रवेश गर्दछन् त्यसै मार्गबाट घेरा हाल्ने हो भने त्यस नगरमाथि आफ्नो अधिकार प्राप्त हुन्छ। यदि कुनै सेना या समुदायमा बायाँतर्फबाट डराएका काग आत्तिँदै प्रवेश गर्दछ भने त्यसले अपार भय आउने सूचना दिँदै गरेको हुन्छ। पाल, तम्बु आदि जस्ता छहारीहरू, अङ्ग, वाहन, जुत्ता, छाता र वस्त्र आदिले कागलाई किचेको छ भने त्यसले आफ्ना मृत्युको सूचना प्राप्त हुन्छ। त्यसको पूजा गर्नाले आफ्नो पनि पूजा हुन्छ र अन्न आदिद्वारा उसलाई इष्ट बनाउँदा आफ्नो पनि शुभ हुन्छ। यदि कुनै घरका ढोकामा काग बारम्बार आवतजावत गरिरहेको छ भने त्यसले त्यस घरमा कुनै परदेशी व्यक्ति आउने सूचना दिइरहेको हुन्छ र यदि त्यसले कुनै रातो वा डढेको वस्तु छानामा हालिदियो भने त्यसबाट आगलागी हुने सूचना प्राप्त हुन्छ। हे भृगुनन्दन ! यदि कागले कुनै मानिसका अगाडि रातो वस्तु हालिदिन्छ भने त्यसलाई कैद हुनुपर्ने कुरो जनाउँछ र कुनै पहेँलो रङ्गको द्रव्य उसका अगाडि फेला पर्दछ भने त्यसलाई सुनचाँदी फेला पर्छ भन्ने थाहा पाइन्छ। साराँशमा भन्नु पर्दा कागले जुन द्रव्य आफ्ना नजिक ल्याउँछ त्यस वस्तुको प्राप्ति हुन्छ र जुन वस्तु खोसेर लान्छ त्यसको हानी हुन्छ भन्ने सङ्केत गर्दछ। यदि त्यस कागले आफ्ना अगाडि काँचो मासु ल्याएर फ्याँकिदियो भने धन, माटो खसाइदियो भने जमिन र कुनै रत्न खसालिदियो भने महान् साम्राज्य नै प्राप्त हुन्छ। यदि यात्रा गर्ने मानिसको बाटो अनुकूल काग गयो भने त्यसले कार्यमा बाधा पार्ने र भय उत्पन्न गर्ने हो भनेर जान्नुपर्छ। यदि काग कराउँदै अगाडि आयो भने त्यसले यात्रामा विघ्न पार्दछ। बायाँतिर काग हुनु राम्रो मानिन्छ भने दाहिने भागमा हुँदाखेरि कार्यनाश गर्दछ। बायाँतर्फ भएरै कौवा अनुकूल दिशामा अघि लाग्यो भने श्रेष्ठ हुन्छ र दाहिनेतिर हुँदै अनुकूल दिशामा अघि लागेकोलाई मध्यम मान्नुपर्छ। यदि बायाँतिर भएरै त्यो विपरीत दिशामा गयो भने त्यसले यात्रालाई निषेध गर्छ। हिंडने बेलामा घरमा काग आयो भने त्यसले चिताएको काम सफल हुने सूचना दिन्छ। यदि कागले एउटा खुट्टो उचालेर एउटा आँखाले सूर्यतिर हेऱ्यो भने त्यसले डर देखाएको हो। यदि काग कुनै रुखका खोत्रामा बसेर करायो भने त्यो महान् अनर्थको कारण हो। सुकाउरो भुइँमा बसेको छ भने पनि अशुभ नै हुन्छ, तर यदि त्यो हिलामा लत्पतिएको छ भने उत्तम मानिन्छ। हे परशुराम ! जसका

स्कन्धावारापसव्यस्थाः श्वानो विप्रविनाशकाः ।
इन्द्रस्थाने नरेन्द्रस्य पुरेशस्य तु गोपुरे ।१४।
अन्तर्गृहे गृहेशस्य मरणाय भवेद्भषन् ।
यस्य जिघ्रति वामाङ्गं तस्य स्यादर्थसिद्धये ।१५।
भयाय दक्षिणं चाङ्गं तथा भुजमदक्षिणम् ।
यात्राघातकरो यातुर्भवेत्प्रतिमुखागतः ।१६।
मार्गावरोधको मार्गे चौरान्वदति भार्गव ।
अलाभोऽस्थिमुखः पापो रज्जुचीरमुखस्तथा ।१७।
सोपानत्कमुखो धन्यो मांसपूर्णमुखोऽपि च ।
अमङ्गल्यमुखद्रव्यं केशं चैवाऽशुभं तथा ।१८।
अवमूत्र्याग्रतो याति यस्त तस्य भयं भवेत् ।
यस्यावमूत्र्य व्रजति शुभं देशं तथा द्रुमम् ।१९।
मङ्गल्यं च तथा द्रव्यं तस्य स्यादर्थसिद्धये ।
श्ववच्च राम विज्ञेयास्तथा वै जम्बुकादयः ।२०।
भयाय स्वामिनो ज्ञेयमनिमित्तं रुतं गवाम् ।
निशि चौरभयाय स्याद्विकृतं मृत्यवे तथा ।२१।
शिवाय स्वामिनो रात्रौ बलीवर्द्दो नदन्भवेत् ।
उत्सृष्टवृषभो राज्ञो विजयं सम्प्रयच्छति ।२२।
अभयं भक्षयन्त्यश्च गावो दत्तास्तथा स्वकाः ।
त्यक्तस्नेहाः स्ववत्सेषु गर्भक्षयकरा मताः ।२३।
भूमिं पादैर्विनिघ्नन्त्यो दीना भीता भयावहाः ।
आर्द्राङ्ग्योहृष्टरोमाश्च शृङ्गलग्नमृदः शुभाः ।२४।
महिष्यादिषु चाप्यतेत्सर्वं वाच्यं विजानता ।
आरोहणं तथाऽन्येन सपर्य्याणस्य वाजिनः ।२५।
जलोपवेशनं नेष्टं भूमौ च परिवर्त्तनम् ।
विपत्करं तुरङ्गस्य सुप्तं वाप्यनिमित्ततः ।२६।
यवमोदकयोर्द्वेषस्त्वकस्माच्च न शस्यते ।
वदनाद्रुधिरोत्पत्तिर्वेपनं न च शस्यते ।२७।
क्रीडन्वकैः कपोतैश्च सारिकाभिर्मृतिं वदेत् ।
साश्रुनेत्रो जिह्वया च पादलेही विनष्टये ।२८।

चुच्चुमा दिशा आदि फोहोर वस्तु लागेको हुन्छ त्यस्तो काग देखियो भने सबै कार्य सिद्ध गराउने हुन्छन् । कागकै जसरी अन्य पक्षीहरूको पनि फल विचार जान्नु पर्दछ । यदि सेनाका छाउनीको दाहिने भागमा कुकुर आयो भने त्यसले ब्राह्मणको विनाश हुने कुराको सूचना दिन्छ । इन्द्रध्वज भएका ठाउँमा छ भने राजाको र नगरको ढोकानजिक भए नगरका अधिपतिको मृत्यु हुने सूचित गर्दछ । भुक्तै गरेको कुकुर घरभित्र पस्यो भने गृहस्वामीका मृत्युको कारण हुन्छ । कुकुरले जसको बायाँ अङ्ग सुङ्दछ त्यसको कार्य सिद्धि हुन्छ । यदि दाहिने अङ्ग र बायाँ भुजा सुँघ्यो भने डर उपस्थित हुन्छ । यात्रीका अगाडितर्फबाट आयो भने यात्रामा विघ्न हालिदिन्छ । हे भृगुनन्दन ! यदि कुकुरले बाटो छेकेर बस्यो भने बाटामा चोरको डरलाई सूचित गर्दछ । मुखमा हड्डी बोकेर उभिएको देखेपछि यात्रा गरियो भने त्यसबाट केही लाभ हुँदैन । डोरा वा थाङ्नो मुखमा लिएको कुकुर पनि अशुभसूचक नै हो । जसका मुखमा जुत्ता अथवा मासु छ त्यस्तो कुकुर अगाडि आएको शुभ हुन्छ । यदि कुकुरका मुखमा कुनै अमाङ्गलिक वस्तु अथवा केश आदि छ भने त्यसबाट अमङ्गलको सूचना प्राप्त हुन्छ । जसका अगाडि कुकुरले पिसाब गर्दछ त्यसमाथि भय उत्पन्न हुन्छ । तर मूत्र त्याग गरेर कुकुर यदि कुनै शुभ स्थान, शुभ वृक्ष तथा माङ्गलिक वस्तुका नजिक गयो भनेदेखि त्यस पुरुषका लागि त्यो कुकुर कार्यसाधक नै हुन्छ । हे परशुराम ! कुकुरकै जस्तै स्याल आदिका विषयमा पनि जान्नुपर्दछ ।१-२०।

विनाकारण नै गाईहरू कराउने गर्दछन् भने मालिकका लागि डर आउँछ भन्ने बुझ्नुपर्दछ । राति गाई कराए भने चोरको डरलाई सूचित गर्दछ र अझ तिनले अनौठो वा विकृत पाराले कराए भने मृत्युको सूचना प्राप्त हुन्छ । यदि राति नै गोरु कराए-डुक्रिए भने मालिकको कल्याण हुन्छ र साँडे डुक्रियो भने राजालाई विजय प्रदान गर्दछ । यदि आफूले दिएका वा आफ्नै घरमा रहेका गाईहरूले नखानुपर्ने कुराहरू खाए र आफ्नै बाछालाई माया गर्न छोडे भने देखि गर्भ तुहिन्छ भन्ने सूचना दिइरहेका हुन्छन् । गोडाले भूइँ खोस्रिने, दुःखी र तर्सिएका-डराएका गाईहरूले डरलाई निम्त्याउँछन । जसको जिउ भिजेको छ, रोम रोम प्रसन्नताले भरिएको छ र सिङमा माटो लागेको छ ती गाईहरू शुभ हुन्छन् । जान्ने मानिसले भैंसी आदिका विषयमा पनि यस्तै शकुन बताइदिनुपर्दछ । जिन कसिएको आफ्नो घोडामा अर्काले चढ्नु, त्यस्तो घोडा पानीमा वस्नु र भूइँमा पनि एकै ठाउँ चक्कर लगाउनुले अनिष्टको सूचना दिन्छ । कुनै कारण नपरीकन घोडा सुत्नुले विपत्तिमा पार्दछ । अचानक नै गुड र जई घाँस घोडाले नरुचाउनु, मुखबाट खुन आउनु र सारा शरीर काँप्नु पनि राम्रा लक्षण होइनन्;

वामपादेन च तथा विलिखंश्च वसुन्धराम् ।
स्वपेद्वा वामपार्श्वेन दिवा वा न शुभप्रदः ।२९।
भयाय स्यात्सकृन्मूत्री तथा निद्राविलाननः ।
आरोहणं न चेत् दद्यात्प्रतीपं वा गृहं व्रजेत् ।३०।
यात्राविघातमाचष्टे वामपार्श्वं तथा स्पृशन् ।
हेषमाणः शत्रुयोधं पादस्पर्शी जयावहः ।३१।
ग्रामे व्रजति नागश्चेन्मैथुनं देशहा भवेत् ।
प्रसूता नागवनिता मत्ता चान्ताय भूपतेः ।३२।
आरोहणं न चेत् दद्यात्प्रतीपं वा गृहं व्रजेत् ।
मदं वा वारणो जह्याद्राजघातकरो भवेत् ।३३।
वामं दक्षिणपादेन पादमाक्रमते शुभः ।
दक्षिणं च तथा दन्तं परिमार्ष्टि करेण च ।३४।
वृषोऽश्वः कुञ्जरो वापि रिपुसैन्यगतोऽशुभः ।
खण्डमेघातिवृष्ट्या तु सेना नाशमवाप्नुयात् ।३५।
प्रतिकूलग्रहर्क्षात्तु तथा सम्मुखमारुतात् ।
यात्राकाले रणे वापि छत्रादिपतनं भयम् ।३६।
हृष्टा नराश्चानुलोमा ग्रहा वै जयलक्षणम् ।
काकैर्योधाभिभवनं क्रव्याद्भिर्मण्डलक्षयः ।
प्राचीपश्चिमकैशानी सौम्या प्रेष्ठा शुभा च दिक् ।३७।

यिनबाट अशुभका सूचना पाइन्छ । यदि घोडा, बकुल्लो, ढुकुर-परेवा, सारौँ आदि चरासित खेल्छ भने त्यसले मृत्युको सन्देश दिन्छ। उसका आँखाबाट आँसु बग्यो र जिब्राले उसले आफ्नै खुट्टा चाट्यो भने विनाशको सूचक हो । यदि घोडाले बायाँ टापले भुइँ खोस्रियो, बायाँतिर ढल्किएर सुत्यो वा दिउँसै निदाउन थाल्यो भने शुभकारक होइन भन्ने मानिन्छ । जुन घोडाले एक पटक मात्रै मुत खसालेर बन्द गर्छ, जुन अँध्यारो अनुहारको र निदाउरो देखिन्छ त्यसले भय उपस्थित गराउँछ। घोडाले चढ्नै दिएन अथवा चढ्ने बित्तिकै तुरुन्तै घरतिरै फिर्ता आउँछ वा सवार गर्ने मानिसको देब्रेतिर छुन थाल्छ भने त्यसले यात्रामा विघ्न आइपर्ने सूचना दिएको हुन्छ। यदि शत्रु योद्धालाई देखेर हिल्लिन्छ र आफ्ना मालिकको खुट्टा छुन्छ भने त्यसले विजय प्रदान गर्दछ । यदि हात्तीले गाउँमै मैथुन गर्‍यो भने त्यो देशकै लागि हानिकारक हुन्छ । हात्ती गाउँमै ब्यायो वा पागल भयो भने राजाका विनाशको सूचना दिन्छ। यदि हात्तीले चढ्न दिएन, हात्तीसारमा फिर्ता गयो या मदका धारा बगाउन थाल्यो भने त्यो राजाको घातक हो । हात्तीले दाहिने खुट्टो देब्रे खुट्टामाथि राख्यो र सुँडले दाहिने दाह्रो कन्यायो भने त्यसले शुभ हुन्छ। आफ्नो गोरु, घोडा अथवा हात्ती शत्रुका सेनातर्फ गयो भने अशुभ हुन्छ। अलिकति पर मात्रै बादल लागेर धेरै पानी पर्‍यो भने सेनाको नाश हुन्छ। यात्राका समयमा वा युद्धकालमा ग्रह र नक्षत्र प्रतिकूल भए, अगाडिबाट हावा लागिरहेको छ, छत्र आदि खसे भनेदेखि भय उपस्थित हुन्छ। लडाइँ गर्ने योद्धा हर्ष र उमङ्गले फुलेल छन् र ग्रह आदि पनि अनुकूल छन् भने त्यो विजयको लक्षण हो। यदि मांसहारी जीव जन्तुले योद्धाहरूलाई जिस्क्याए-फम्टिए भने त्यसबाट समूहको नै नाश हुन्छ। पूर्व, पश्चिम एवं ईशान दिशा सफा र शान्त भएका छन् भने प्रिय र शुभ फलको प्राप्ति गराउने हुन्छन् ।२९-३७।

२३३. त्रयत्रिंशत्यधिकद्विशततमोऽध्यायः

यात्रामण्डल

पुष्कर उवाच
सर्वयात्रां प्रवक्ष्यामि राजधर्मसमाश्रयात् ।
अस्तङ्गते नीचगते विकले रिपुराशिगे ।१।
प्रतिलोमे च विध्वस्ते शुक्रे यात्रां विसर्जयेत् ।

पुष्कर भन्दछन्– अब म राजधर्मको आश्रय लिएर सबैका यात्राको विषयमा बताउँछु । जब शुक्र अस्त हुन्छन् अथवा नीच अवस्थामा हुन्छन् वा अन्ध हुन्छन् वा शत्रु राशिमा रहेका हुन्छन् अथवा ध्वस्त भएका अवस्थामा हुन्छन् त्यस्ता अवस्थामा यात्रा गर्नु हुँदैन । बुध प्रतिकूल स्थानमा रहेको र दिशाको स्वामी ग्रह पनि प्रतिकूल छ भनेदेखि

प्रतिलोमे बुधे यात्रां दिक्पतौ च तथा ग्रहे ।२।
वैधृतौ च व्यतीपाते नागे च शकुनौ तथा ।
चतुष्पादे च किंस्तुघ्ने तथा यात्रां विवर्जयेत् ।३।
विपत्तारे नैधने च प्रत्यरौ चाथ जन्मनि ।
गण्डे विवर्जयेद्यात्रां रिक्तायां च तिथावपि ।४।
उदीची च तथा प्राची तयोरैक्यं प्रकीर्तितम् ।
पश्चिमा दक्षिणा या दिक्तयोरैक्यं तथैव च ।५।
वाय्वग्निदिक्समुद्भूतं परिघं न तु लङ्घयेत् ।
आदित्यचन्द्रसौरास्तु दिवसाश्च न शोभनाः ।६।
कृत्तिकाद्यानि पूर्वेण मघाद्यानि च याम्यतः ।
मैत्राद्यान्यपरे चाथ वासवाद्यानि वाप्युदक् ।७।
सर्वद्वाराणि शस्तानि च्छायामानं वदामि ते ।
आदित्ये विंशतिर्ज्ञेया चन्द्रे षोडश कीर्तिताः ।८।
भौमे पञ्चदशैवोक्ताश्चतुर्दश तथा बुधे ।
त्रयोदश तथा जीवे शुक्रे द्वादश कीर्त्तिताः ।९।
एकादश तथा सौरे सर्वकर्मसु कीर्त्तिताः ।
जन्मलग्ने शक्रचापे सम्मुखे न व्रजेन्नरः ।१०।
शकुनादौ शुभे यायाज्जयाय हरिमास्मरन् ।
वक्ष्ये मण्डलचिन्तां ते कर्त्तव्यं राजरक्षणम् ।११।
स्वाम्यमात्यं तथा दुर्गं कोशो दण्डस्तथैव च ।
मित्रं जनपदश्चैव राज्यं सप्ताङ्गमुच्यते ।१२।
सप्ताङ्गस्य तु राज्यस्य विघ्नकर्तॄन्विनाशयेत् ।
मण्डलेषु च सर्वेषु वृद्धिः कार्य्या महीक्षिता ।१३।
आत्ममण्डलमेवात्र प्रथमं मण्डलं भवेत् ।
सामन्तास्तस्य विज्ञेया रिपवो मण्डलस्य तु ।१४।
उपेतस्तु सुहृज्ज्ञेयः शत्रुमित्रमतः परम् ।
मित्रमित्रं ततो ज्ञेयं मित्रमित्ररिपुस्ततः ।१५।
एतत्पुरस्तात्कथितं पश्चादपि निबोध मे ।
पार्ष्णिग्राहस्ततः पश्चात्ततस्त्वाक्रन्द उच्यते ।१६।
आसारस्तु ततोऽन्यः स्यादाक्रन्दासार उच्यते ।

यात्रा गर्नु हुँदैन । वैधृति, व्यतीपात, नाग, शकुनि, चतुष्पाद तथा किंस्तुघ्नयोगहरूमा पनि यात्राको परित्याग गर्नुपर्दछ । विपत, मृत्यु, पत्परि र जन्म यी ताराहरूमा, मण्डलयोगमा तथा रिक्ता तिथिमा यात्रा गर्नु हुँदैन । उत्तर र पूर्व यी दुवै दिशाहरूको एकता छ भनिएको छ। यसै गरी पश्चिम र दक्षिण यी दुई दिशाहरूमा पनि एकता रहेकै कुरो बताइएको छ । वायव्यकोणदेखि अग्निकोणसम्म रहेको जुन परिघदण्ड छ त्यसलाई नाघेर यात्रा गर्नु हुँदैन । शनि, आइत र सोमवारहरू यात्राका लागि राम्रा मानिएका छैनन् । कृत्तिकादेखि पछिका सात नक्षत्रको समूह पूर्व दिशामा रहेको छ । मघा आदि सात नक्षत्र दक्षिण दिशामा रहन्छन्, अनुराधा आदि सात नक्षत्र पश्चिम दिशामा रहन्छन् र धनिष्ठा आदि सात नक्षत्र उत्तर दिशामा रहन्छन् । यी पूर्वोक्त नक्षत्रहरू ती-ती दिशाका द्वारहरू हुन् । सबै द्वारहरू तत्तत् दिशाका लागि उत्तम हुन्छन् । अब म तिमीलाई छायाको मान बताउँछु । आइतवार बीस, सोमवार सोह्र, मङ्गलवार पन्ध्र, बुधवार चौध, बिहीवार तेह्र, शुक्रवार बाह्र र शनिवार एघार अङ्गुल छायामान बताइएको छ र यसलाई सबै कर्मका लागि विहित मानिएको छ । जन्म लग्न तथा इन्द्र धनुष अगाडि परेका बेला मानिसले यात्रा गर्नु हुँदैन । शुभ शकुन आदि परेका बेलामा श्रीहरिको स्मरण गर्दै विजय यात्रा गर्नुपर्दछ । हे परशुराम अब म तिमीलाई मण्डलको विषयमा भन्दछु । राजाले अनेकौँ प्रकारले रक्षा गर्नुपर्दछ । राजा, मन्त्री, किल्ला, कोष, दण्ड, मित्र र जनपद यिनलाई राज्यका सात अङ्ग बताइएको छ । यी सात अङ्गले सम्पन्न राज्यमा बाधा पार्ने पुरुषलाई विनाश गर्नुपर्दछ। राजाले आफ्ना यी सबै मण्डलमा वृद्धि गर्नु नै उचित हुन्छ। राजाका लागि राज्यमा आफ्नो मण्डल नै सबैभन्दा पहिलो मण्डल हो । सामन्त राजाहरूलाई नै त्यस मण्डलका शत्रु हुन् भनी जान्नुपर्दछ। विजिगीषु राजाका लागि सीमावर्ती सामन्त उसको शत्रु हो । त्यस शत्रु राज्यसित जसको सीमा जोडिएको छ त्यो त्यस शत्रुको शत्रु हुनाले विजिगीषुको मित्र हुन्छ । यस किसिमले शत्रु, मित्र, अरिमित्र, मित्रमित्र, अरिमित्रमित्र यी पाँच प्रकारका मण्डल अगाडि रहने हुन्छन् । यिनीहरूको वर्णन गरिसकियो अब पछाडि रहनेहरूका विषयमा भन्दछु; सुन । पछाडि रहनेहरूमध्येको पहिलो पार्ष्णिग्राह हो र त्यसभन्दा पछिल्लो आक्रन्द हो भनिन्छ । त्यसभन्दा पछि यी दुईका पछाडि आसारहरू हुन्छन र क्रमशः यिनलाई पार्ष्णिग्राहासार र आक्रन्दासार भन्ने गरिन्छ । हे नरश्रेष्ठ ! विजयको इच्छा भइरहेका राजा शत्रुका आक्रमणमा परिरहेको छ अथवा शत्रुबाट मुक्त छ भन्ने विषयमा के हो निश्चयपूर्वक बताउन

जिगीषोः शत्रुयुक्तस्य विमुक्तस्य तथा द्विज ।१७।
नात्रापि निश्चयः शक्यो वक्तुं मनुजपुङ्गव ।
निग्रहानुग्रहे शक्तो मध्यस्थः परिकीर्त्तितः ।१८।
निग्रहानुग्रहे शक्तः सर्वेषामपि यो भवेत् ।
उदासीनः स कथितो बलवान्पृथिवीपतिः ।१९।
न कस्याचिद्रिपुर्मित्रं कारणाच्छत्रुमित्रके ।
मण्डलं तव सम्प्रोक्तमेतद् द्वादशराजकम् ।२०।
त्रिविधा रिपवो ज्ञेयाः कुल्यानन्तरकृत्रिमाः ।
पूर्वपूर्वो गुरुस्तेषां दुश्चिकित्स्यतमो मतः ।२१।
अनन्तरोऽपि यः शत्रुः सोपि मे कृत्रिमो मतः ।
पार्ष्णिग्राहो भवेच्छत्रोर्मित्राणि रिपवस्तथा ।२२।
पार्ष्णिग्राहमुपायैश्च शमयेच्च तथा स्वकम् ।
मित्रेण शत्रोरुच्छेदं प्रशंसन्ति पुरातनाः ।२३।
मित्रं च शत्रुतामेति सामन्तत्वादनन्तरम् ।
शत्रुं जिगीषुरुच्छिन्द्यात्स्वयं शक्नोति चेद्यदि ।२४।
प्रतापवृद्धौ तेनापि नामित्राज्जायते भयम् ।
यथास्य नोद्विजेल्लोको विश्वासश्च यथा भवेत् ।
जिगीषुर्धर्मविजयी तथा लोकं वशं नयेत् ।२५।

सकिँदैन । विजिगीषु र शत्रु दुवै असङ्गठित रहेका अवस्थामा तिनमाथि निग्रह वा अनुग्रह गर्न सक्ने अवस्थाको राजा तटस्थ हुन्छ र उसलाई मध्यस्थ भन्दछन् । जुन बलशाली राजा यी तीनै खालका राजामा निग्रह वा अनुग्रह गर्न समर्थ हुन्छ उसलाई उदासीन भन्दछन् । कोही पनि कसैको शत्रु अथवा मित्र होइन, कारणवश नै एउटा अर्काको शत्रु वा मित्र हुन्छन् । यस किसिमले मैले तिमीलाई यी बाह्र प्रकारका राजाहरूका मण्डलको वर्णन गरेको छु । कुल्य, अनन्तर र कृत्रिम गरी शत्रुहरूको पनि तीन भेद रहेको जान्नुपर्दछ । यिनीहरूमा पहिलापहिला गर्दै शत्रु भयानक हुन्छन् अर्थात् कृत्रिमभन्दा अनन्तर र अनन्तरभन्दा कुल्य शत्रु धेरै डरलाग्दा हुन्छन् । तिनलाई दबाउन धेरै कठिन हुन्छ भन्ने मानिएको छ । अनन्तर शत्रु पनि मैले बुझेअनुसार कृत्रिम शत्रु नै हो । पार्ष्णिग्राह राजा शत्रुका मित्र हुन्छ तापनि प्रयास गर्दा ऊ शत्रुको शत्रु पनि हुन सक्छ । यसका लागि विभिन्न खालका उपाय गरेर आफ्ना पार्ष्णिग्राहलाई शान्त राख्नुर्दिछ; उसलाई आफ्ना वशमा नै राख्नुपर्छ । पुराना नीतिज्ञ पुरुषहरू मित्रद्वारा शत्रुलाई नष्ट गराउने कुराको प्रशंसा गर्दछन् । सामन्तहरू सीमा निवासी हुनाले मित्र नै भएपनि पछिपछि शत्रु नै हुन्छन् । त्यसैले विजयको इच्छा गर्ने राजाले आफूभित्र शक्ति छ भने मित्रको सहायता नलिई स्वयं नै शत्रुको विनाश गर्नु नै उचित हुन्छ । किनभने मित्रको प्रताप बढ्दै गएपछि उसैबाट पनि भय उत्पन्न हुन थाल्छ तर प्रतापहीन शत्रुबाटै पनि उति धेरै भय हुँदैन । विजिगीषु राजाले धर्मविजयी हुनुपर्दछ र दुनियाँलाई कुनै खालको उद्वेग आउने मौका नदिई विश्वासिलो बनेर वशमा राख्न सक्नुपर्दछ ।१-२५।

२३४. चतुस्त्रिंशत्यधिकद्विशततमोऽध्यायः

षड्गुण

पुष्कर उवाच
सामभेदौ मयाप्रोक्तौ दानदण्डौ तथैव च ।
दण्डः स्वदेशे कथितः परदेशे ब्रवीमि ते ।१।
प्रकाशश्चाप्रकाश्च द्विविधो दण्ड उच्यते ।
लुण्ठनं ग्रामघातश्च शस्यघातोऽग्निदीपनम् ।२।
प्रकाशोऽथ विषं वह्निर्विविधैः पुरुषैर्वधः ।
दूषणं चैव साधूनामुदकानां च दूषणम् ।३।

पुष्कर भन्दछन्— हे परशुराम ! साम, दान, दण्ड र भेदका विषयमा भनिसकेँ र आफ्ना राज्यमा दण्डको प्रयोग कसरी गर्ने भन्ने विषयमा पनि बताइयो । अब शत्रुका देशमा यी चारको प्रयोगका विषयमा भन्दछु । गुप्त र प्रकाश गरी दण्डका दुई प्रकार छन् भनिएको छ । लुट्नु, गाउँ नै सखाप पार्नु, खेती नष्ट गराउनु, आगो लगाउनु यी प्रकाश दण्ड हुन् । विष हालिदिनु, लुकेर आगो लगाउनु, अनेक खालका मान्छे लगाएर कसैको हत्या गराउनु, सत्पुरुषमाथि कलङ्क लगाउनु र पानी दूषित गराउनु यी गुप्त दण्ड हुन् । हे भृगुनन्दन !

दण्डप्रणयनं प्रोक्तमुपेक्षां शृणु भार्गव ।
यदा मन्येत नृपती रणे न मम विग्रहः ।४।
अनर्थायानुबन्धः स्यात्सन्धिना च तथा भवेत् ।
सामलब्धास्पदं चात्र दानं चार्थक्षयङ्करम् ।५।
भेददण्डानुबन्धः स्यात्तदोपेक्षां समाश्रयेत् ।
न चायं मम शक्नोति किञ्चित्कर्त्तुमुपद्रवम् ।६।
न चाहमस्य शक्नोमि तत्रोपेक्षां समाश्रयेत् ।
अवज्ञोपहतस्तत्र राज्ञा कार्य्यो रिपुर्भवेत् ।७।
मायोपायं प्रवक्षामि उत्पातैरनृतैश्चरत् ।
शत्रोरुद्वेजनं शत्रोः शिविरस्थास्य पक्षिणः ।८।
स्थूलस्य तस्य पुच्छस्थां कृत्वोल्कां विपुलां द्विज ।
विसृजेच्च ततश्चैवमुल्कापातं प्रदर्शयेत् ।९।
एवमन्ये दर्शनीया उत्पाता बहवोऽपि च ।
उद्वेजनं तथा कुर्य्यात्कुहकैर्विविधैर्द्विषाम् ।१०।
सांवत्सरास्तापसाश्च नाशं ब्रूयुः परस्य च ।
जिगीषुः पृथिवीं राजा तेन चोद्वेजयेत् परान् ।११।
देवतानां प्रसादश्च कीर्तनीयः परस्य तु ।
आगतं नोऽमित्रबलं प्रहरध्वमभीतवत् ।१२।
एवं ब्रूयाद्रणे प्राप्ते भग्नाः सर्वे परे इति ।
क्ष्वेडाः किलकिलाः कार्य्या वाच्यः शत्रुर्हतस्तथा ।१३।
देवाज्ञाबृंहितो राजा सन्नद्धः समरं प्रति ।
इन्द्रजालं प्रवक्षामि चेन्द्रं कालेन दर्शयेत् ।१४।
चतुरङ्गं बलं राजा सहायार्थं दिवौकसाम् ।
बलं तु दर्शयेत्प्राप्तं रक्तवृष्टिं चरेद्रिपौ ।१५।
छिन्नानि रिपुशीर्षाणि प्रासादाग्रेषु दर्शयेत् ।
षाड्गुण्यं सम्प्रवक्ष्यामि तद्वरौ सन्धिविग्रहौ ।१६।
सन्धिश्च विग्रहश्चैव यानमासनमेव च ।
द्वैधीभावः संश्रयश्च षड्गुणाः परिकीर्त्तिताः ।१७।

दण्डको यस्तो प्रयोग बताइयो ।अब उपेक्षा भन्ने नीतिको कुरो सुन । जब राजाले मेरो कसैसँग वैरविरोध छैन, युद्धमा व्यर्थ लाग्नु अनर्थकै कारण हुन्छ; सन्धिको पनि परिणाम त्यस्तै अनर्थकारी हुन्छ भन्ने ठान्छ र सामको प्रयोग गरियो तर पनि कुनै लाभ भएन, दानका नीतिले धनकै हानी हुन्छ, भेदनीति र दण्डका सम्बन्धले पनि लाभ हुनेछैन भन्ने ठानेको हुन्छ त्यस्ता अवस्थामा उपेक्षा नीतिको आश्रय लिनुपर्दछ । जब फलानो मानिस मेरो शत्रु भए पनि उसले केही बिगार्न सक्दैन र मैले पनि उसको अहिले केही बिगार्न सक्दिनँ भन्ने खालका समयमा उपेक्षा नीति ग्रहण गर्नुपर्दछ । त्यस बेलामा राजाले उपेक्षाबाट नै आफ्ना शत्रुप्रतिको व्यवहार चलाउनुपर्छ । अब मायामय अथवा कपटपूर्ण व्यवहारको वर्णन गर्दछु । राजाले झुटो उपद्रव प्रदर्शन गराएर शत्रुलाई अत्याउनुपर्दछ । शत्रुका छाउनीमा रहने पक्षीलाई पक्रेर त्यसका पुछरमा धेरै ठूलो तर्साउने कुरो बाँधिदिनुपर्दछ । त्यो बाँधिसकेर पक्षीलाई उडाइदिनुपर्दछ र मानौं शत्रुका शिविरमा उल्कापात हुँदै छ भन्नेजस्तो भान पार्नुपर्दछ । नाना भाँतीका चटकीहरूलाई पठाएर शत्रुलाई हतोत्साहित गर्नुपर्दछ । ज्योतिषि र तपस्वीले गएर तिम्रा विनाशको योग आइपुगेको छ भन्ने सुनाइदिनुपर्दछ । पृथ्वीमा विजय पाउने इच्छा गर्ने राजाले यस प्रकारका अनेकौं उपायहरू गरेर शत्रुलाई डरले थर्कमान गराउनुपर्दछ । शत्रुका मनमा आफू स्वयंमाथि देवताहरूको कृपा छ र उनीबाट वरदान प्राप्त भएको छ भन्ने भ्रम पनि पारिदिनुपर्दछ । युद्धको थालनी भएपछि सैनिकहरूसँग हे वीरहरू ! नडराईकन प्रहार गर, हाम्रा मित्रका सेना आइपुगे, अब शत्रुका खुट्टा काम्न थाले, उनीहरू भाग्न थालिसके भन्दै कुर्लिनुपर्दछ, हाँस्नु–किच्करिनुपर्दछ र योद्धाहरूसँग मेरो शत्रु मारियो भन्दै देवताका कृपाले उन्नति गरेका राजा कवच आदिले सजिसजाउ भएर युद्धमा पाइलो हाल्न पुग्नुपर्दछ । अब इन्द्रजालका विषयमा भन्दछु । राजाले मौका विचार गरेर इन्द्रको माया प्रचार गर्नुपर्दछ । शत्रुहरूलाई आफ्नो सहयोगका लागि देवताहरूको चतुरङ्गिणी सेना आइसकेको छ भन्ने देखाउनुपर्दछ । त्यसपछि शत्रुसेनामाथि रक्तको वर्षा गराउनुपर्दछ र छलद्वारा महलमाथि शत्रुहरूका काटिएका टाउका देखाइदिनुपर्दछ । अब म छ गुणको वर्णन गर्दछु । यिनीहरूमा सन्धि र विग्रह प्रमुख हुन् । सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव र संश्रय यी गुण छन् भनिएको छ । कुनै सर्तमाथि शत्रुसित मिलाप गर्नुलाई सन्धि भनिन्छ । युद्ध आदिले उसलाई हानी पार्नु विग्रह हो । विजयको आशा गर्ने जुन राजाले शत्रुमाथि आक्रमण गर्दछ उसको नाम यात्रा अथवा यान हो । युद्ध सुरु गरेर आफ्नै देशमा बसिरहनुलाई आसन

पणबन्धः स्मृतः सन्धिरपकारस्तु विग्रहः ।
जिगीषोः शत्रुविषये यानं यात्राऽभिधीयते ।१८।
विग्रहेण स्वके देशे स्थितिरासनमुच्यते ।
बलार्द्धेन प्रयाणं तु द्वैधीभावः स उच्यते ।१९।
उदासीनो मध्यमो वा संश्रयत्संश्रयः स्मृतः ।
समेन सन्धिरन्वेष्योऽहीनेन च बलीयसा ।२०।
हीनेन विग्रहः कार्य्यः स्वयं राज्ञा बलीयसा ।
तत्रापि शुद्ध पार्ष्णिस्तु बलियांसं समाश्रयेत् ।२१।
आसीनः कर्मविच्छेदं शक्तः कर्त्तुं रिपोर्यदा ।
अशुद्धपार्ष्णिश्चासीत विगृह्य वसुधाधिपः ।२२।
अशुद्धपार्ष्णिर्बलवान्द्वैधीभावं समाश्रयेत् ।
बलिना विगृहीतस्तु योऽसन्देहेन पार्थिवः ।२३।
संश्रयस्तेन वक्तव्यो गुणानामधमो गुणः ।
बहुक्षयव्ययायासं तेषां यानं प्रकीर्त्तितम् ।२४।
बहुलाभकरं पश्चात्तदा राजा समाश्रयेत् ।
सर्वशक्तिविहीनस्तु तदा कुर्य्यात्तु संश्रयम् ।२५।

भन्दछन् । आधा सेना लुकाएर आधा सेनालाई मात्रै युद्धमा पठाउने काम द्वैधीभाव हो भनिएको छ र उदासीन वा मध्यस्थ राजाको आश्रय लिनुलाई संश्रय हो। आफूभन्दा हीन नभएर जो समान वा अधिक शक्तिशाली हुन्छ उसैसित सन्धि गर्ने विचार गर्नुपर्दछ । यदि राजा स्वयं बलवान् छन् र शत्रु आफूभन्दा कमजोर छ भन्ने बुझिएको छ भने उससित लडाइँ गर्नु नै उचित हुन्छ । हीन अवस्थामा पनि यदि आफ्नो पार्ष्णिग्राह विशुद्ध स्वभावको छ भनेदेखि बलिष्ठ राजाको आश्रय लिनुपर्दछ । यदि युद्धका लागि यात्रा नगरीकन बसिरहेका अवस्थामा पनि राजाले आफ्ना शत्रुको कार्य नाश गर्न सक्छन् भने पार्ष्णिग्राहको स्वभाव शुद्ध नभए पनि उसले युद्ध गरेर नै चुप लागेर बसिरहनुपर्दछ ।अथवा पार्ष्णिग्राहको स्वभाव शुद्ध नभएमा राजाले द्वैधीभाव नीतिको आश्रय लिनुपर्दछ । जो निस्सन्देह बलशाली राजाका आक्रमणको सिकार भएको छ उसका लागि नै संश्रयको नीति अपनाउनु उचित मानिएको छ । यो संश्रय साम आदि सबै गुणहरूमध्ये निकृष्ट किसिमको हो। संश्रयका लागि योग्य अवस्थामा परेका राजाले यदि युद्धको यात्रा गर्दछ भने त्यसले उसको धनजनको क्षति गराउँछ भनिएको छ । यदि कसैको शरण लिँदाखेरि पछिबाट धेरै लाभदायी हुन्छ भन्ने सम्भावना छ भने राजाले संश्रयको अवलम्बन गर्नुपर्दछ। सबै खालका शक्तिहरूको नाश भइसकेपछि मात्रै अर्काको शरण लिनुपर्दछ ।१-२५।

२३५. पञ्चस्त्रिंशत्यधिकद्विशततमोऽध्यायः

दैनिकराजकर्म

पुष्कर उवाच
अजस्रं कर्म वक्ष्यामि दिनं प्रति यदाचरेत् ।
द्विमुहूर्त्तावशेषायां रात्रौ निद्रां त्यजेन्नृपः ।१।
वाद्यवन्दिस्वनैर्गीतैः पश्येद्गूढांस्ततो नरान् ।
विज्ञायते न ये लोकास्तदीया इति केनचित् ।२।
आयव्ययस्य श्रवणं ततः कार्य्यं यथाविधि ।
वेगोत्सर्गं ततः कृत्वा राजा स्नानगृहं व्रजेत् ।३।
स्नानं कुर्य्यान्नृपः पश्चाद्दन्तधावनपूर्वकम् ।

पुष्कर भन्दछन्– हे परशुराम ! अब म निरन्तर गरिने योग कर्मको वर्णन गर्दछु, तिनको प्रतिदिन आचरण गर्नु उचित हुन्छ। जब दुई घडी रात बचेको हुन्छ, भने राजाले विभिन्न किसिमका वाद्य, वन्दना गर्नेहरूको स्तुति तथा मङ्गल गीतहरूको ध्वनि सुनेर निद्रा त्याग गर्नुपर्दछ। त्यसपछि गुप्तचरलाई भेट्नुपर्छ। ती गुप्तचरहरूलाई कसैले यी राजाकै कर्मचारी हुन् भनेर जान्न नसकिएका हुनुपर्दछ । त्यसपछि विधिपूर्वक आयव्ययको हिसाब सुन्नुपर्छ । त्यसपछि शौच आदिकर्मबाट निवृत्त भएर राजाले स्नानगृहमा प्रवेश गर्नुपर्छ। त्यहाँ राजाले पहिले दाँत माझेर त्यसपछि स्नान गर्नुपर्छ। त्यसपछि सन्ध्योपासना गरेर भगवान् वासुदेवलाई पूजा गर्नु उचित हुन्छ। त्यसपछि राजाले पवित्रतापूर्वक अग्निमा आहुति दिनुपर्छ । अनि जल लिएर पितृहरूलाई तर्पण गर्नुपर्छ। त्यसो गरिसकेपछि ब्राह्मणहरूको

कृत्वा सन्ध्यां ततो जप्यं वासुदेवं प्रपूजयेत् ।४।
वह्नौ पवित्राञ्जुहुयात्तर्पयेदुदकैः पितृन् ।
दद्यात्सकाञ्चनीं धेनुं द्विजाशीर्वादसंयुतः ।५।
अनुलिप्तोऽलङ्कृतश्च मुखं पश्येच्च दर्पणे ।
ससुवर्णे धृते राजा शृणुयाद्दिवसादिकम् ।६।
औषधं भिषजोक्तं च मङ्गलालम्भनं चरेत् ।
पश्येद्गुरुं तेन दत्ताशीर्वादोऽथ व्रजेत्सभाम् ।७।
तत्रस्थो ब्राह्मणान्पश्येदमात्यान्मन्त्रिणस्तथा ।
प्रकृतीश्च महाभाग प्रतीहारनिवेदिताः ।८।
श्रुत्वेतिहासं कार्य्याणि कार्य्याणां कार्य्यनिर्णयम् ।
व्यवहारं ततः पश्येन्मन्त्रं कुर्य्यात्तु मन्त्रिभिः ।९।
नैकेने सहितः कुर्य्यान्न कुर्य्याद्बहुभिः सह ।
न च मूर्खैर्न चानाप्तैर्गुप्तं न प्रकटं चरेत् ।१०।
मन्त्रं स्वधिष्ठितं कुर्य्याद्येन राष्ट्रं न बाधते ।
आकारग्रहणे राज्ञो मन्त्ररक्षा परा मता ।११।
आकारैरिङ्गितैः प्राज्ञा मन्त्रं गृह्णन्ति पण्डिताः ।
सांवत्सराणां वैद्यानां मन्त्रिणां वचने रतः ।१२।
राजा विभूतिमाप्नोति धारयन्ति नृपं हि ते ।
मन्त्रं कृत्वाथ व्यायामं चक्रे याने च शस्त्रके ।१३।
निःसत्त्वादौ नृपः स्नातः पश्येद्विष्णुं सुपूजितम् ।
हुतं च पावकं पश्येद्विप्रान्पश्येत्सुपूजितान् ।१४।
भूषितो भोजनं कुर्य्याद्दानाद्यैः सुपरीक्षितम् ।
भुक्त्वा गृहीतताम्बूलो वामपार्श्वेन संस्थितः ।१५।
शास्त्राणि चिन्तयेद्दृष्ट्वा योधान्कोष्ठायुधं गृहम् ।
अन्वास्य पश्चिमां सन्ध्यां कार्य्याणि च विचिन्त्य तु ।१६।
चरान्सम्प्रेष्य भुक्त्वान्नमन्तःपुरचरो भवेत् ।
वाद्यगीतै रक्षितोऽन्यैरेवं नित्यं चरेन्नृपः ।१७।

आशीर्वाद सुनेर उनीहरूलाई सुवर्णसहित दुधालु गाई दान दिनुपर्छ । यी सबै कार्यबाट छुट्टी भएपछि चन्दन र आभूषण लगाएर ऐनामा आफ्नो मुख हेर्नुपर्छ । अनि दैनिक कथा आदि सुन्नुपर्छ । त्यसपछि वैद्यले बताएको औषधि खाएर माङ्गलिक वस्तुहरूलाई स्पर्श गर्नुपर्छ । त्यसपछि गुरुका नजिक गएर उनको दर्शन गर्नुपर्छ र उनको आशीर्वाद लिएर राजसभामा प्रवेश गर्नुपर्दछ । हे महाभाग ! सभामा विराजमान भएर राजाले ब्राह्मणहरू, अमात्यहरू र मन्त्रीहरूसित भेट गर्नुपर्दछ। साथै द्वारपालले जो आउने सूचना दिएको छ तिनीहरूलाई भेट्नुपर्छ । त्यसपछि इतिहास सुनेर राज्यको कार्य हेर्नुपर्छ । विभिन्न प्रकारका कार्यहरूमा जुन कार्य अत्यन्त आवश्यक देखिन्छ, त्यसको टुङ्गो लगाउनुपर्छ । त्यसपछि प्रजाको उजुरीबाजुरी हेरविचार गर्नुपर्छ र मन्त्रीहरूका साथमा गोप्य परामर्श गर्नुपर्छ। मन्त्रणा गर्दा एउटैसित मात्रै पनि गर्ने होइन र धेरैसँग पनि गर्ने होइन । न मूर्खसित, न अविश्वासी पुरुषसित मन्त्रणा गर्दा सधैँ गोप्य रूपमा गरिन्छ । अर्कासित प्रकट हुन दिनुहुँदैन । राज्यका लागि कुनै खालको बाधा नआउने गरी मन्त्रणाहरूलाई राम्रोसँग लुकाएर राख्नुपर्दछ । यदि राजाले आफ्नो मुखाकृतिमा फरक आउन दिएनन् र सधैँ एकैनासका देखिए भने यो नै मन्त्रणालाई रक्षा गर्ने सबैभन्दा ठूलो उपाय हो भन्ने गरिएको छ। किनभने बुद्धिमान् विद्वान् पुरुषले आकार र चेष्टाहरूलाई देखेर नै गुप्त मन्त्रणाको कुरो पत्ता लगाउने गर्दछन् । राजाले ज्योतिषि, वैद्य र मन्त्रीले भनेअनुसार गर्नु उचित हुन्छ । यसबाट उनले ऐश्वर्य प्राप्त गर्दछन् । किनभने यिनै मानिसहरूले राजालाई अनुचित कार्यबाट रोकेर हितकारी काममा लगाउँछन् । मन्त्रणा लिने काम गरिसकिएपछि राजाले रथ आदि वाहन हाँक्ने र शस्त्रास्त्र चलाउने कामको केही समय अभ्यास गर्नुपर्दछ । युद्ध आदिका अवसरहरूमा उनले स्नान गरेर राम्रोसित पूजा गरिएका भगवान् विष्णुको, हवनपछि प्रज्वलित भएका अग्निको र दानमान आदिले सत्कार गरिएका ब्राह्मणहरूको दर्शन गर्नुपर्छ। दान आदि गरिसकेपछि वस्त्राभूषणले विभूषित भएर राजाले राम्रोसित जाँचबुझ गरिएको अन्न भोजन गर्नुपर्छ। भोजन गरेपछि पान खाएर बायाँ कोल्टो फेरेर एकछिन् पल्टिनुपर्छ। प्रतिदिन शास्त्रको चिन्तन र योद्धाहरू, अन्नभण्डार र शस्त्रागारको निरीक्षण गर्नुपर्छ । दिनको अन्त्य समयमा सायं सन्ध्या गरेर अन्य कार्यहरूको विचार गर्नुपर्छ र आवश्यक कामहरूमा गुप्तचर खटाएर रातमा भोजन गरिसकेपछि अन्तःपुरमा गएर बस्नुपर्छ। त्यहाँ सङ्गीत र वाद्यहरूले मनोरञ्जन गर्दै सुत्नुपर्छ र आत्मरक्षाका लागि अरूलाई खटाउनुपर्छ। राजाले सधैँ नै यसै गर्नुपर्दछ ।१-१७।

२३६. षट्त्रिंशत्यधिकद्विशततमोऽध्यायः

रणदीक्षा

पुष्कर उवाच

यात्राविधानपूर्वं तु वक्ष्ये साङ्ग्रामिकं विधिम् ।
सप्ताहेन यदा यात्रा भविष्यति महीपतेः ।१।
पूजनीयो हरिः शम्भुर्मोदकाद्यैर्विनायकः ।
द्वितीयेऽहनि दिक्पालान्सम्पूज्य शयनञ्चरेत् ।२।
शय्यायां वा तदग्रेऽथ देवान्प्राच्र्य मनुं स्मरेत् ।
नमः शम्भो त्रिनेत्राय रुद्राय वरदाय च ।३।
वामनाय विरूपाय स्वप्नाधिपतये नमः ।
भगवन् देवदेवेश शूलभृद्वृषवाहन ।४।
इष्टानिष्टे ममाचक्ष्व स्वप्ने सुप्तस्य शाश्वत ।
यज्जाग्रतो दूरमिति पुरोधा मन्त्रमुच्चरेत् ।५।
तृतीयेऽहनि दिक्पालान् रुद्रांस्तान्दिक्पतीन्यजेत् ।
ग्रहान्यजेच्चतुर्थेऽह्नि पञ्चमे चाश्विनौ यजेत् ।६।
मार्गे या देवतास्तासां नद्यादीनाञ्च पूजनम् ।
दिव्यान्तरिक्षभौमस्थदेवानां च तथा बलिः ।७।
रात्रौ भूतगणानाञ्च वासुदेवादि पूजनम् ।
भद्रकाल्याः श्रियः कुर्य्यात्प्रार्थयेत्सर्वदेवताः ।८।
वासुदेवः सङ्कर्षणः प्रद्युम्नश्चानिरुद्धकः ।
नारायणोऽब्जजो विष्णुर्नारसिंहो वराहकः ।९।
शिव ईशस्तत्पुरुषो ह्यघोरो राम सत्यजः ।
सूर्य्यः सोमः कुजश्चान्द्रिजीवशुक्रशनैश्चराः ।१०।
राहूः केतुर्गणपतिः सेनानीश्चण्डिका ह्युमा ।
लक्ष्मीः सरस्वती दुर्गा ब्रह्माणीप्रमुखा गणाः ।११।
रुद्रा इन्द्रादयो बह्निर्नागास्ताक्ष्र्योऽपरे सुराः ।

पुष्कर भन्दछन्– हे परशुराम ! अब म युद्धमा जाँदाखेरिको विधि बताउँदै सङ्ग्रामका समयका लागि उचित कर्तव्यको वर्णन गर्दछु । जब राजाको युद्धयात्रा एक सप्ताहमा हुनुपर्ने छ, त्यस बेलामा पहिलो दिन भगवान् विष्णु र शङ्करको पूजा गर्नुपर्छ । साथै लड्डुमिठाइ आदिले गणेशको पूजा गर्नु उचित हुन्छ । अर्को दिन दिक्पालहरूको पूजा गरेर राजाले शयन गर्नुपर्छ । शय्यामा बसेर अथवा त्यसभन्दा पहिले नै देवताहरूको पूजा गर्दै तल भाव लेखिएअनुसारको मन्त्र स्मरण गर्नुपर्छ– 'हे भगवान् शिव ! तिमी तीन नेत्रले विभूषित रुद्रका नामले प्रसिद्ध, वरदायक, वामन, विकट रूपधारी र स्वप्नका अधिष्ठाता देवता हौ । तिमीलाई बारम्बार नमस्कार छ । हे भगवान् तिमी देवाधिदेवहरूको पनि स्वामी, त्रिशूलधारी र वृषभमाथि सवार गर्ने हौ । हे सनातन परमेश्वर ! म सुतेपछि स्वप्नमा तिमीले यस युद्धमा मेरो इष्ट हुन्छ कि अनिष्ट भन्ने कुरो भनिदेऊ ।' त्यस बेलामा पुरोहितले यजुर्वेद को यज्जाग्रतो दूरमुदैति. भन्ने मन्त्र उच्चारण गर्नुपर्दछ । तेस्रो दिन दिशाहरूको रक्षा गर्ने रुद्रहरू तथा दिशाका अधिपतिहरूको पूजा गर्नुपर्दछ । चौथो दिन ग्रहहरूको र पाँचौं दिन अश्विनीकुमारहरूको यजन गर्नुपर्दछ । मार्गमा देवीदेवता तथा नदी आदि जे पर्दछन् तिनीहरूको पनि पूजा गर्नुपर्दछ । द्युलोकमा, अन्तरिक्षमा, भूमिमा निवास गर्ने देवताहरूलाई बलि दिनुपर्दछ । रातमा भूतगणलाई पनि बलि अर्पण गर्नुपर्छ । भगवान् वासुदेव आदि देवताहरू र भद्रकाली र लक्ष्मी आदि देवीहरूलाई पनि पूजा गर्नुपर्छ । त्यसपछि सम्पूर्ण देवताहरूसित प्रार्थना गर्नुपर्छ । वासुदेव, सङ्कर्षण, प्रद्युम्न, अनिरुद्ध, नारायण, ब्रह्मा, विष्णु, नरसिंह, वराह, शिव, ईशान, तत्पुरुष, अघोर, वामदेव, सद्योजात, सूर्य, सोम, भौम, बुध, बृहस्पति, शुक्र, शनैश्चर, राहु, केतु, गणेश, कार्तिकेय, चण्डिका, उमा, लक्ष्मी, सरस्वती, दुर्गा, ब्रह्माणी आदि गण, रुद्र, इन्द्रादि देव, अग्नि, नाग, गरुड तथा द्युलोक, अन्तरिक्ष एवं भूमिमा निवास गर्ने अन्यान्य देवता मेरो विजयका साधक होऊन् । मैले दिएको यो भेटी र पूजा स्वीकार गरेर सबै देवताले युद्धमा मेरा शत्रुलाई मर्दन गरून् । हे देवतागण ! म माता, पुत्र र भृत्यहरूसहित तिमीहरूका शरणमा आएको छु । तिमीहरू शत्रुसेनाका पछाडि गएर तिनीहरूलाई नाश गर्दछौ, तिमीहरूलाई मेरो नमस्कार

दिव्यान्तरिक्षभूमिष्ठा विजयाय भवन्तु मे ।१२।
मर्दयन्तु रणे शत्रून्सम्प्रगृह्योपहारकम् ।
सपुत्रमातृभृत्योऽहं देवा वः शरणं गतः ।१३।
चमूनां पृष्ठतो गत्वा रिपुनाशा नमोऽस्तु वः ।
विनिवृत्तः प्रदास्यामि दत्तादभ्यधिकं बलिम् ।१४।
षष्ठेऽह्नि विजयस्नानं कर्त्तव्यं चाभिषेकवत् ।
यात्रादिने सप्तमे च पूजयेच्च त्रिविक्रमम् ।१५।
नीराजनोक्तमन्त्रैश्च आयुधं वाहनं यजेत् ।
पुण्याहजयशब्देन मन्त्रमेतन्निशामयेत् ।१६।
दिव्यान्तरिक्षभूमिष्ठाः सन्त्वायुर्दाः सुराश्च ते ।
देवसिद्धिं प्राप्नुहि त्वं देवयात्रास्तु सा तव ।१७।
रक्षन्तु देवताः सर्वा इति श्रुत्वा नृपो व्रजेत् ।
गृहीत्वा सशरं चापं धनुर्नागेति मन्त्रतः ।१८।
तद्विष्णोरिति जप्त्वाथ दद्याद्रिपुमुखे पदम् ।
दक्षिणं पदं द्वात्रिंशद्दिक्षु प्राच्यादिषु क्रमात् ।१९।
नागं रथं हयं चैव धुर्य्यांश्चैवारुहेत् क्रमात् ।
आरुह्य वाद्यैर्गच्छेत्तत् पृष्ठतो नावलोकयेत् ।२०।
कोशमात्रं गतस्तिष्ठेत्पूजयेद्देवता द्विजान् ।
परदेशं व्रजेत्पश्चादात्मसैन्यं हि पालयन् ।२१।
राजा प्राप्य विदेशं तु देशपालं तु पालयेत् ।
देवानां पूजनं कूर्य्यान्निच्छिन्द्यादायमत्र तु ।२२।
नावमानयेत्तद्देश्यानागत्य स्वपुरं पुनः ।
जयं प्राप्याच्र्चयेद्देवान्दद्याद्दानानि पार्थिवः ।२३।
द्वितीयेऽहनि सङ्ग्रामो भविष्यति यदा तदा ।
स्नापयेद्गजमश्वादि यजेद्देवं नृसिंहकम् ।२४।
छत्रादिराजलिङ्गानि शस्त्राणि निशि वै गणान् ।
प्रातर्नृसिंहकं पूज्य वाहनाद्यमशेषतः ।२५।

छ। युद्धमा विजय पाएर यदि फर्किएँ भने तिमीहरूलाई यस समय जुन पूजा र भेटी दिएको छु, त्यसभन्दा पनि धेरै मात्रामा पूजा चढाउँछु' भन्नुपर्छ। छैटौं दिन राज्याभिषेककै सरह विजय स्नान गर्नुपर्दछ र यात्राको सातौं दिन भगवान् त्रिविक्रमका रूपमा वामनको पूजा गर्नु आवश्यक हुन्छ। नीराजनका लागि बताइएका मन्त्रद्वारा आफ्ना आयुध र वाहनहरूको पूजा पनि गर्नुपर्छ। साथै ब्राह्मणहरूका मुखबाट पुण्याह र जय शब्दका साथै निम्नलिखित भाव भएको मन्त्र श्रवण गर्नुपर्छ– 'हे राजन् ! द्युलोक, अन्तरिक्ष र भूमिमा निवास गर्ने देवताहरूको समानै सिद्धि प्राप्त गर। तिम्रो यो यात्रा देवताहरूको यात्रा होस् र सम्पूर्ण देवताले तिम्रो रक्षा गरून्।' यस्तो आशीर्वाद सुनेर राजाले अगाडि यात्रा गर्नुपर्दछ। धन्वना गा. इत्यादि यजुर्वेदको दोस्रो अध्यायको उनन्चालीसौँ मन्त्रले धनुषबाण हातमा लिएर तद्विष्णोः. इत्यादि यजुर्वेदको छैटौं अध्यायको पाँचौं मन्त्रको जप गर्दै शत्रुका अगाडि दाहिने गोडा सारेर बत्तीस पाइला अगाडि जानुपर्छ। त्यसपछि पूर्व, दक्षिण, पश्चिम एवं उत्तरमा जानका लागि क्रमशः हात्ती, रथ, घोडा र भारी बोक्नमा सक्षम जनावरहरूमाथि सवार हुनुपर्छ र युद्धका बाजाका साथ अगाडिको यात्रा गर्नुपर्छ; पछि फर्केर हेर्नु हुँदैन ।१५–२०।

एक कोस गइसकेपछि पर्खनुपर्छ र देवता तथा ब्राह्मणको पूजा गर्नुपर्छ। पछाडि आउँदै गरेका आफ्ना सेनाको रक्षा गर्दै राजाले अर्काको देशमा यात्रा गर्नुपर्दछ। विदेशमा जाँदा पनि आफ्ना देशकै आचारहरूलाई पालन गर्नु राजाको कर्तव्य हो। उनले प्रतिदिन पूजा गर्नुपर्छ। कसैको कमाइ नाश हुन दिनु हुँदैन र त्यस देशका मानिसको अपमान कहिल्यै गर्नु हुँदैन। विजय पाएर फेरि आफ्ना सहरमा फिर्ता भएपछि राजाले देवताहरूको पूजा गर्नुपर्छ र दान दिनुपर्छ। जब अर्को दिन सङ्ग्राम सुरु हुने भएको छ भने अघिल्लो दिन हात्ती, घोडा आदि वाहनलाई नुहाइदिनुपर्छ र भगवान् नृसिंहको पूजा गर्नुपर्छ। रातमा छत्र आदि राजचिह्न, अस्त्रशस्त्र तथा भूतगणको अर्चना गरेर बिहान फेरि भगवान् नृसिंहको एवं सम्पूर्ण वाहन आदिको पूजा गर्नुपर्छ। पुरोहितद्वारा हवन गरिएका अग्निदेवको दर्शन गरेर स्वयं पनि त्यसमा आहुति हाल्नुपर्छ र ब्राह्मणहरूलाई सत्कार गर्दै धनुषबाण लिएर हात्ती आदिमा सवार भएर युद्धका लागि जानुपर्छ। शत्रुका देशमा अदृश्य रहेर प्रकृति कल्पना अर्थात् मोर्चाबन्दी गर्नुपर्छ। यदि आफूसित सैनिक थोरै छन् भने उनीहरूलाई एकै ठाउँमा सङ्गठित राखेर युद्धमा प्रवृत्त गराउनुपर्छ र यदि योद्धाहरूको सङ्ख्या धेरै छ भने उनलाई इच्छाअनुसार टाढा राखेर

पुरोधसा हुतं पश्येद्वह्निं हुत्वा द्विजान्यजेत् ।
गृहीत्वा सशरं चापं गजाद्यारुह्य वै व्रजेत् ।२६।
देशे त्वदृश्यः शत्रूणां कुर्य्यात्प्रकृतिकल्पनाम् ।
संहतान्योधयेदल्पान्कामं विस्तारयेद्बहून् ।२७।
सूचीमुखमनीकं स्यादल्पानां बहुभिः सह ।
व्यूहाः प्राण्यङ्गरूपाश्च द्रव्यरूपाश्च कीर्तिताः ।२८।
गरुडो मकरव्यूहश्चक्रः श्येनस्तथैव च ।
अर्द्धचन्द्रश्च वज्रश्च शकटव्यूह एव च ।२९।
मण्डलं सर्वतोभद्रः सूचीव्यूहश्च ते नराः ।
व्यूहानामथ सर्वेषां पञ्चधा सैन्यकल्पना ।३०।
द्वौ पक्षावनुपक्षौ द्वाववश्यं पञ्चमं भवेत् ।
एकेन यदि वा द्वाभ्यां भागाभ्यां युद्धमाचरेत् ।३१।
भागत्रयं स्थापयेत्तू तेषां रक्षार्थमेव च ।
न व्यूहकल्पना कार्य्या राज्ञो भवति कर्हिचित् ।३२।
मूलच्छेदे विनाशः स्यान्न युध्येच्च स्वयं नृपः ।
सैन्यस्य पश्चात्तिष्ठेत्तु क्रोशमात्रे महीपतिः ।३३।
भग्नसन्धारणं तत्र योधानां परिकीर्त्तितम् ।
प्रधानभङ्गे सैन्यस्य नावस्थानं विधीयते ।३४।
न संहतान्न विरलान्योधान् व्यूहे प्रकल्पयेत् ।
आयुधानां तु सम्मर्दो यथा न स्यात्परस्परम् ।३५।
भेत्तुकामः परानीकं संहतैरेव भेदयेत् ।
भेदरक्षाः परेणापि कर्त्तव्याः संहतास्तथा ।३६।
व्यूहं भेदावहं कुर्य्यात्परव्यूहेषु चेच्छया ।
गजस्य पादरक्षार्थाश्चत्वारस्तु तथा द्विज ।३७।
रथस्य चाश्वाश्चत्वारः समास्तस्य च चर्मिणः ।
धन्विनश्चर्मिभिस्तुल्याः पुरस्ताच्चचर्मिणो रणे ।३८।
पृष्ठतो धन्विनः पश्चाद्धन्विनां तुरगा रथाः ।

युद्धमा खटाउनुपर्छ । थोरै सैनिकहरूलाई ठूलो सङ्ख्याका योद्धाहरूसित युद्ध गर्नका लागि सूचीमुख नामको व्यूह उपयोगी हुन्छ। प्राणीका शरीरका आकारको र द्रव्यस्वरूप गरी व्यूह दुई प्रकारका हुन्छन् भनिएको छ। गरुडव्यूह, मकरव्यूह, चक्रव्यूह, श्येनव्यूह, अर्धचन्द्रव्यूह, वज्रव्यूह, शकटव्यूह, सर्वतोभद्रमण्डलव्यूह र सूचीव्यूह यी नौ व्यूह प्रसिद्ध छन्। सबै व्यूहहरूका सैनिक पाँच भागमा विभाजन गरिएका हुन्छन् । दुई पक्ष, दुई अनुपक्ष र एक पाँचौं भाग पनि अवश्य राख्नुपर्छ। योद्धाहरूका एक या दुई भागबाट युद्ध गरिन्छ र बाँकी तीन भाग तिनको रक्षाका लागि राखिन्छन् । स्वयं राजाले कहिल्यै पनि व्यूहमा खटिनु हुँदैन, किनभने राजा नै सबैका लागि जरो हुन् र जरो नै काटिए पछि सिङ्गै राज्यको विनाश हुन्छ। त्यसैले राजा स्वयंले युद्धमा प्रवृत्त नहुनुपर्छ । सेनाको एक कोस पछाडि उनी रहनुपर्छ। त्यहाँ रहँदै राजाको कार्य भनेको युद्धबाट भागेका सैनिकलाई धैर्य गराउँदै उत्साहित पार्ने काम राजाले गर्नुपर्छ भनिएको छ। सेनापति भाग्यो वा मारियो भने सेना त्यहाँ अडिएर रहन सक्दैन । व्यूहमा योद्धाहरूलाई न त अति खाँदेर राख्नु राम्रो हुन्छ न धेरै टाढा राख्नु नै । त्यसैले एकसित अर्काको हतियार नठोकिने गरी आपसमा मिलाएर राख्नुपर्छ। शत्रुसेनाको मोर्चाबन्दी कसैले भत्काउन खोजेको छ भने उसले आफ्ना सङ्गठित योद्धाहरूद्वारा नै त्यसलाई भत्काउने प्रयास गर्नुपर्छ र शत्रुले पनि यदि आफ्नो सेनाको व्यूह भेदन गर्ने प्रयास गर्दै छ भने त्यसको रक्षाका लागि पनि सङ्गठित वीरलाई नै नियुक्त गर्नुपर्दछ। आफ्नो इच्छाअनुसार सेनाको यस्तो व्यूह बनाउनुपर्छ, जसले शत्रुका व्यूहमा पसेर त्यसलाई भेदन गर्न सकोस् । हात्तीका खुट्टाको रक्षा गर्नका लागि चारवटा रथ नियुक्त गर्नुपर्छ। रथको रक्षाका लागि चार घोडसवार, तिनीहरूको रक्षाका लागि त्यसैअनुसार ढाल लिएर युद्ध गर्ने सिपाही र ढाल लिएकै बराबर धनुर्धारी वीरहरूलाई तैनाथ गरेको हुनुपर्छ। युद्धमा सबैभन्दा अगाडि ढाल लिएका योद्धाहरूलाई खटाउनुपर्छ, तिनका पछाडि धनुर्धर योद्धा राख्नुपर्छ, ती धनुर्धारीका पछाडि घोडसवार, घोडसवारका पछाडि रथ र रथभन्दा पछि राजा हात्तीको सेनालाई नियुक्त गर्नुपर्छ । पैदल, हात्तीसवार र घोडसवारलाई प्रयत्नपूर्वक धर्मअनुकूल युद्धमा संलग्न रहनुपर्छ । युद्धका मुहानमा शूरवीरलाई नै तैनाथ गर्नुपर्दछ । डरछेरुवा स्वभाव भएका सैनिकहरूलाई त्यहाँ कहिल्यै उभ्याउनु हुँदैन। शूरवीरहरूलाई अगाडि उभ्याएर यस प्रकारले प्रबन्ध मिलाउनुपर्छ, जसले योद्धाहरू केवल शत्रुको हुललाई मात्रै देखून्। त्यसो भएपछि उनीहरू तिनलाई भगाउन सक्ने हुन्छन्। भीरु पुरुष अगाडि रहे

रथानां कुञ्जराः पश्चाद्दातव्याः पृथिवीक्षिता ।३९।
पदातिकुञ्जराश्वानां धर्मकार्य्यं प्रयत्नतः ।
शूराः प्रमुखतो देयाः स्कन्धमात्रप्रदर्शनम् ।४०।
कर्त्तव्यं भीरु सङ्घेन शत्रुविद्रावकारकम् ।
दारयन्ति पुरस्तात्तु न देया भीरवः पुरः ।४१।
प्रोत्साहयन्त्येव रणे भीरूञ्शूराः पुरःस्थिताः ।
प्रांशवः शुकनासाश्च ये चाजिह्मेक्षणा नराः ।४२।
संहताभ्रूयुगाश्चैव क्रोधनाः कलहप्रियाः ।
नित्यहृष्टाः प्रहृष्टाश्च शूराः ज्ञेयाश्च कामिनः ।४३।
संहतानां हतानां च रणापनयनक्रिया ।
प्रतियुद्धं गजानां च तोयदानादिकं च यत् ।४४।
आयुधानयनं चैव पत्तिकर्म विधीयते ।
रिपूणां भेत्तुकामानां स्वसैन्यस्य तु रक्षणम् ।४५।
भेदनं संहतानां च चर्मिणां कर्म कीर्त्तितम् ।
विमुखीकरणं युद्धे धन्विनां च तथोच्यते ।४६।
दूरापसरणं यानं सुहतस्य तथोच्यते ।
त्रासनं रिपुसैन्यानां रथकर्म तथोच्यते ।४७।
भेदनं संहतानां च भेदानामपि संहति ।
प्राकारतोरणाट्टालद्रुमभङ्गश्च सद्गजे ।४८।
पत्तिभूर्विषमा ज्ञेया रथाश्वस्य तथा समा ।
सकर्दमा च नागानां युद्धभूमिरुदाहृता ।४९।
एवं विरचितव्यूहः कृतपृष्ठदिवाकरः ।
तथानुलोमशुक्रार्किदिक्पालमृदुमारुताः ।५०।
योधानुत्तेजयेत्सर्वान्नामगोत्रावदानतः ।
भोगप्राप्त्या च विजये स्वर्गप्राप्त्या मृतस्य च ।५१।
जित्वारीन्भोगसम्प्राप्तिर्मृतस्य च परा गतिः ।
निष्कृतिः स्वामिपिण्डस्य नास्ति युद्धसमा गतिः ।५२।

भने तिनीहरू नै भागेर सेनाको व्यूलाई आफैँ भत्काइदिन्छन्, त्यसैले त्यस्तालाई अगाडि राख्नु हुँदैन। शूरवीरहरू अगाडि रहे भने डरछेरुवाहरूलाई पनि युद्धका लागि सधैँ उत्साह प्रदान गर्दै हुन्छन् । कद अग्लो, नाक सुगाको जस्तै चुच्चो परेको दृष्टि सौम्य तथा दुवै आँखीभौँ जोडिएका, क्रोधी, कलहप्रिय, सधैँ हर्ष र उत्साहले भरिएका देखिने एवं कर्तव्यपरायणलाई वीर हुन् भन्ने बुझ्नुपर्दछ।२१–४३।

सङ्गठित वीरहरूमा जो मारिन्छन् अथवा घाइते हुन्छन् तिनीहरूलाई युद्धभूमिबाट पर हटाउने, युद्धको भित्र छिरेर हात्तीहरूलाई पानी ख्वाउने र हतियार पुऱ्याउने जस्ता सबै काम पैदल सिपाहीहरूका हुन् । आफ्ना सेनाको भेदन गर्ने इच्छा भएका शत्रुबाट सेना बचाउनु र सङ्गठित भएर युद्ध गर्ने शुत्रका वीरको व्यूह भत्काउनु यी काम ढाल बोकेर युद्ध गर्ने योद्धाहरूका हुन् भनिएको छ । युद्धमा विपक्षी योद्धाहरूलाई मार्नु र भगाउनु धनुर्धर वीरहरूको काम हो । अत्यन्त घाइते भएका योद्धालाई युद्धभूमिबाट टाढा लानु, फेरि युद्धमा आउनु र शत्रुका सेनामा त्रास उत्पन्न गर्नु यी सबै रथी वीरहरूका काम हुन् भनिएको छ। सङ्गठित व्यूहलाई भत्काउनु, भत्किएकालाई जोड्नु तथा चौघेरा, तोरण, मूलढोका, अटाली र वृक्षहरू भाँच्नु–फोर्नु यी असल हात्तीहरूको पराक्रम हो । उँचोनीचो भूमिलाई पैदल सेनाका लागि उपयोगी मान्नुपर्दछ। रथ र घोडाका लागि समतल भूमि उत्तम हुन्छ र हिलो भएको युद्धभूमि हात्तीका लागि उपयोगी हुन्छ भनिएको छ । यस प्रकार व्यूह रचना गरेर जब सूर्य पिठ्युँतर्फ हुन्छन् तथा शुक्र, शनिश्चर र दिक्पाल आफ्नो अनुकूल हुन्छन्, अगाडिबाट मन्दमन्द हावा आइरहेको हुन्छ, त्यस बेलामा उत्साहपूर्वक युद्ध गर्नुपर्छ र नाम एवं गोत्रको प्रशंसा गर्दै सम्पूर्ण योद्धाहरूलाई उत्तेजित गराइरहनुपर्दछ। साथै युद्धमा विजय प्राप्त भएपछि उत्तम किसिमका भोगहरूको प्राप्ति हुन्छ र मरियो भने स्वर्गको सुख प्राप्ति हुन्छ भन्ने खालका कुराहरू पनि योद्धाहरूलाई भनिरहनुपर्दछ । वीर पुरुषले शत्रुलाई जितेर मनोवाञ्छित भोग प्राप्त गर्दछ र युद्धमा प्राण त्याग गरेमा उसलाई परम गति प्राप्त हुन्छ । यसभन्दा बाहेक जसले स्वामीको अन्न खाएको हुन्छ, त्यसका ऋणबाट छुटकारा पाइन्छ। त्यसैले युद्धको समान श्रेष्ठ गति अर्को कुनै पनि हुँदैन। शूरवीरहरूका शरीरबाट जब रक्त निस्कन्छ त्यस बेला उनीहरू पापबाट मुक्त हुन्छन्। युद्धमा शस्त्रप्रहार आदिका जुन कष्टहरू खप्नुपर्ने हुन्छ त्यो नै धेरै ठूलो तपस्या हो। लडाइँमा प्राण त्याग गर्ने शूरवीरसँग हजारौँ सुन्दरी अप्सराहरू घुम्दछन्। जुन सैनिक आत्तिएर लडाईंतिर पिठ्युँ फर्काएर भाग्दछन् उनीहरूको सबै

शूराणां रक्तमायाति तेन पापं त्यजन्ति ते ।
घातादिदुःखसहनं रणे तत्परमं तपः ।५३।
वराप्सरः सहस्राणि यान्ति शूरं रणे मृतम् ।
स्वामी सुकृतमादत्ते भग्नानां विनिवर्त्तिनाम् ।५४।
ब्रह्महत्याफलं तेषां तथा प्रोक्तं पदेपदे ।
त्यक्त्वा सहायान्यो गच्छेद्देवास्तस्य विनष्टये ।५५।
अश्वमेध फलं प्रोक्तं शूराणामनिवर्त्तिनाम् ।
धर्मनिष्ठे जयो राज्ञि योद्धव्यश्च समाः समैः ।५६।
गजाद्यैश्च गजाद्याश्च न हन्तव्याः पलायिनः ।
न प्रेक्षकाः प्रविष्टाश्च ह्यशस्त्राः पतितादयः ।५७।
शान्ते निद्राभिभूते च अर्द्धोत्तीर्णे नदीवने ।
दुर्दिने कूटयुद्धानि शत्रुनाशार्थमाचरेत् ।५८।
बाहू प्रहृह्य विक्रोशेद्भग्नाः भग्नाः परे इति ।
प्राप्तं मित्रं बलं भूरि नायकोऽत्र निपातितः ।५९।
सेनानीर्निहतश्चायं भूपतिश्चापि विप्लुतः ।
विद्रुतानां तु योधानां सुखं घातो विधीयते ।६०।
धूपाश्च देया धर्मज्ञ तथा च परमोहनाः ।
पताकाश्चैव सम्भारो वादित्राणां भयावहः ।६१।
सम्प्राप्य विजयं युद्धे देवान्विप्रांश्च संयजेत् ।
रत्नानि राजगामीनि अमात्येन कृते रणे ।६२।
तस्य स्त्रियो न कस्यापि रक्ष्यास्ताश्च परस्य च ।
शत्रुं प्राप्ये रणे मुक्तं पुत्रवत्परिपालयेत् ।६३।
पुनस्तेन न योद्धव्यं देशाचारादि पालयेत् ।
ततश्च स्वपुरं प्राप्य ध्रुवे भे प्रविशेद्गृहम् द्व।६४।
देवादिपूजनं कुर्य्याद्रक्षेद्योधकुटुम्बकम् ।
संविभागं परावाप्तैः कुर्य्याद्भृत्यजनस्य च ।
रणदीक्षा मयोक्ता ते जयाय नृपतेर्ध्रुवा ।६५।

पुण्य उनका स्वामीलाई प्राप्त हुन्छ र उनीहरू स्वयंलाई प्रत्येक पाइलापाइलामा ब्रह्महत्याको पापको फल प्राप्त भइरहेको हुन्छ। जसले आफ्ना सहयोगीहरूको साथ छोडेर भाग्दछ उसलाई देवताहरूले विनाश गर्दछन् । जसले युद्धबाट पाइलो पछाडि सार्दैनन् ती बहादुरका लागि अश्वमेध यज्ञको फल प्राप्त हुन्छ भन्ने बताइएको छ । यदि राजा धर्ममा अडिग रहेका छन् भने उनले विजय प्राप्त गर्दछन् । योद्धाहरूले आफूसमानका योद्धाहरूसँग युद्ध गर्नुपर्दछ । हात्तीका सवार सैनिकहरूले हात्तीकै सवार सैनिकसँग युद्ध गर्नुपर्दछ । भाग्नेहरूलाई मार्नु हुँदैन । जुन मानिस केवल युद्ध हेर्नका लागि नै आएका हुन् अथवा युद्धमा आए पनि जो निःशस्त्र भएका छन् अथवा भुइँमा ढलेका छन् तिनीहरूलाई पनि मार्नु हुँदैन । जुन योद्धा शान्त भएका छन् अथवा थाकेका छन् अथवा निदाएका छन् अथवा नदी वा जङ्गलका बीचमा फरेका छन् तिनीहरूमाथि पनि प्रहार गर्नु हुँदैन । दुर्दिन आइलागेका अवस्थामा शत्रुलाई नाश गर्नका लागि कूटयुद्ध वा कपट सङ्ग्राम गर्नुपर्दछ । दुवै बाहु माथि उठाएर जोडतोडसित कराउँदै– 'ल हेर ! हाम्रा शत्रुहरू भागे, भाग्दै छन् । यता हामीतिर आफ्ना मित्रको ठूलो सेना आइपुगेको छ । शत्रुहरूको सेना सञ्चालन गर्नेलाई मारेर पसारिएको छ । यी यो सेनापति पनि मृत्युका घाटमा ओरालिएको छ । हेर, शत्रुतर्फको राजाले ज्यान गुमायो' भन्नुपर्दछ । भाग्न लागेका शत्रुका सेनालाई सजिलैसित मार्न सकिन्छ। धर्मलाई जानेका हे परशुराम ! शत्रुलाई अल्मल्याउनका लागि कृत्रिम धुपको गन्ध पनि फिँजाउनुपर्दछ । विजयको पताका पनि देखाउनुपर्दछ, बाजको भयङ्कर समारोह पनि गर्नुपर्दछ। यस किसिमले जब युद्धमा विजय प्राप्त भएपछि देवताहरू र ब्राह्मणहरूलाई पूजा गर्नुपर्दछ। अमात्यले गरेका युद्धमा जुन रत्न आदि प्राप्त हुन्छन् ती सबै राजालाई नै अर्पण गर्नुपर्दछ। शत्रुका स्त्रीहरूमा कसैको पनि अधिकार हुँदैन । स्त्री शत्रुकै भए पनि तिनीहरूको रक्षा गर्नुपर्दछ । सहायकरहित शत्रु सङ्ग्राममा पाइएको छ भने उसलाई पुत्रसरहकै लालनपालन गर्नुपर्दछ। त्यससित फेरि युद्ध गर्नु उचित हुँदैन । उसप्रति देशोचित आचार आदि पालन गर्नु नै कर्तव्य हो। युद्धमा विजय प्राप्त गरेपछि आफ्ना नगरमा गएर ध्रुव नामको नक्षत्रमा राजमहलभित्र प्रवेश गर्नुपर्दछ। त्यसपछि देवताहरूलाई पूजा र सैनिकका परिवारलाई भरणपोषण गर्ने प्रबन्ध गर्नुपर्दछ। शत्रुकहाँबाट प्राप्त भएका धनको केही भाग नोकरचाकरलाई पनि बाँड्नुपर्दछ। यस किसिमले रणको दीक्षा यो बताइयो । यसकै अनुसार कार्य गर्नाले राजालाई निश्चय नै विजयको प्राप्ति हुन्छ।४४–६५।

२३७. सप्तत्रिंशत्यधिकद्विशततमोऽध्यायः

श्रीस्तोत्र

पुष्कर उवाच
राजलक्ष्मीस्थिरत्वाय यथेन्द्रेण पुरा श्रियः।
स्तुतिः कृता तथा राजा जयार्थं स्तुतिमाचरेत् ।१।
इन्द्र उवाच
नमस्ये सर्वलोकानां जननीमब्धिसम्भवाम् ।
श्रियमुन्निद्रपद्माक्षीं विष्णुवक्षःस्थलस्थिताम् ।२।
त्वं सिद्धिस्त्वं स्वधा स्वाहा सुधा त्वं लोकपावनि ।
सन्ध्या रात्रिः प्रभा भूतिर्मेधा श्रद्धा सरस्वती ।३।
यज्ञविद्या महाविद्या गुह्यविद्या च शोभने ।
आत्मविद्या च देवी त्वं विमुक्तिफलदायिनी ।४।
आन्वीक्षिकी त्रयी वार्ता दण्डनीतिस्त्वमेव च ।
सौम्यासौम्यैर्जगद्रूपैस्त्वयैतद्देवी पूरितम् द्व।५।
का त्वन्या त्वामृते देवी सर्वयज्ञमयं वपुः ।
अध्यास्ते देवदेवस्य योगिचिन्त्यं गदाभृतः ।६।
त्वया देवी परित्यक्तः सकलं भुवनत्रयम् ।
विनष्टप्रायमभवत्त्वयेदानीं समेधितम् ।७।
दाराः पुत्रास्तथागारं सुहृद्धान्यधनादिकम् ।
भवन्त्येतन्महाभागे नित्यं त्वद्वीक्षणान्नृणाम् ।८।
शरीरारोग्यमैश्वर्य्यमरिपक्षक्षयः सुखम् ।
देवी त्वद्दृष्टिदृष्टानां पुरुषाणां न दुर्लभम् ।९।
त्वमम्बा सर्वभूतानां देवदेवो हरिः पिता ।
त्वयैतद्विष्णुना चाम्ब जगद्व्याप्तं चराचरम् ।१०।
मानं कोशं तथा गोष्ठं मा गृहं मा परिच्छदम् ।
मा शरीरं कलत्रं च त्यजेथाः सर्वपावनि ।११।
मा पुत्रान्मा सुहृद्वर्गान्मा पशून्मा विभूषणम् ।
त्यजेथा मम देवस्य विष्णोर्वक्षःस्थलालये ।१२।
सत्त्वेन सत्यशौचाभ्यां तथा शीलादिभिर्गुणैः ।
त्यजन्ते ते नराः सद्यः सन्त्यक्ता ये त्वयामले ।१३।

पुष्कर भन्दछन्– हे परशुराम ! उहिले नै इन्द्रले राज्यलक्ष्मीको स्थिरताका लागि जसरी भगवती लक्ष्मीको स्तुति गरेका थिए, उसै गरी राजाले पनि आफ्नो विजयका लागि उनको स्तुति गर्नुपर्छ ।१।

इन्द्र भन्दछन्– सम्पूर्ण लोककी जननी जो हुन्, समुद्रबाट जसको उत्पत्ति भयो, जसका नेत्र फक्रिएका कमलझैँ शोभायमान छन् तथा जो भगवान् विष्णुका वक्षस्थलमा विराजमान छन्, उनै लक्ष्मीदेवीलाई म प्रणाम गर्दछु। जगत्लाई पवित्र गराउने हे देवी ! तिमी नै सिद्धि हौ र तिमी नै स्वधा, स्वाहा, सुधा, सन्ध्या, रात्रि, प्रभा, भूति, मेधा, श्रद्धा र सरस्वती हौ। हे शोभामयी देवी ! तिमी नै यज्ञविद्या, महाविद्या, गुह्यविद्या तथा मोक्षरूपी फल प्रदान गर्ने आत्मविद्या हौ। आन्वीक्षिकी, त्रयी, वार्ता तथा दण्डनीति पनि तिमी नै हौ। हे देवी ! तिमी स्वयं सौम्य स्वरूप भएकी सुन्दरी हौ। त्यसैले तिमीसित व्याप्त भएका कारण यस जगत्को रूप पनि सौम्य र मनोहर देखिएको छ। हे भगवती ! तिमीबाहेक अर्की कुन स्त्रीले कौमोदकी गदा धारण गर्ने देवाधिदेव भगवान् विष्णुको योगीहरूद्वारा चिन्तन गरिने, अखिल यज्ञमय विग्रहलाई आफ्नो निवासस्थान बनाउन सकेको छ र ? हे देवी ! तिमीले त्यागिदिनाले समस्त त्रिलोक नै नष्टप्रायः भएको थियो, तर यस बेला फेरि तिम्रै सहारा पाएर यो समृद्धिपूर्ण देखिएको छ। हे महाभागा ! तिम्रो कृपादृष्टिले नै मानिसलाई सधैँ स्त्री, पुत्र, गृह, मित्र र धनधान्य आदि प्राप्त हुन्छन्। हे देवी ! जुन पुरुषमाथि तिम्रो दयादृष्टि पर्दछ, त्यसलाई शरीरको निरोगिता, ऐश्वर्य, शत्रुपक्षको हानि र सबै किसिमका सुख आदि केही पनि दुर्लभ हुँदैनन्। हे माता ! तिमी सम्पूर्ण प्राणीकी जननी हौ र देवाधिदेव विष्णु सबैका पिता हुन्। यस चराचर जगत्लाई तिमीले र भगवान् विष्णुले व्याप्त गराइराखेका छौ। सबैलाई पवित्र गराउने हे देवी ! तिमी मेरो मानप्रतिष्ठा, खजाना, अन्नभण्डार, गृह, सरसामान, शरीर र स्त्री आदि कसैलाई पनि त्याग नगर। भगवान् विष्णुका वक्षस्थलमा वास गर्ने हे लक्ष्मी ! मेरा पुत्र, मित्रवर्ग, पशु तथा आभूषणहरूलाई पनि नत्याग। हे विमलस्वरूपा देवी ! जुन मानिसलाई तिमीले त्यागिदिन्छ्यौ, तिनलाई सत्य, समता, शौच तथा शील आदि सद्गुणले पनि तत्काल नै छोडिदिन्छन्। तिम्रो कृपादृष्टि पर्दा

त्वयावलोकिताः सद्यः शीलाद्यैरखिलैर्गुणैः ।
कुलैश्वर्य्यैश्च युज्यन्ते पुरुषा निर्गुणा अपि ।१४।
स श्लाघ्यः स गुणी धन्यः स कुलीनः स बुद्धिमान् ।
स शूरः स च विक्रान्तो यस्त्वया देवी वीक्षितः ।१५।
सद्यो वैगुण्यमायान्ति शीलाद्याः सकला गुणाः ।
पराङ्मुखी जगद्धात्री यस्य त्वं विष्णुवल्लभे ।१६।
न ते वर्णयितुं शक्ता गुणाञ्जिह्वापि वेधसः ।
प्रसीद देवी पद्माक्षि मास्मांस्त्याक्षीः कदाचन ।१७।

गुणहीन मानिस पनि तुरुन्तै शील आदिले सम्पूर्ण भई उत्तम गुणले युक्त हुँदै पुस्ताँपुस्तासम्म रहने ऐश्वर्यले सम्पन्न हुन्छ। हे देवी ! जसलाई तिमीले आफ्नो कृपादृष्टिले एकपटक हेरेकी छ्यौ त्यो प्रशंसनीय, गुणवान्, धन्यवादको पात्र, कुलीन, बुद्धिमान्, शूर र पराक्रमी हुन्छ । हे विष्णुकी प्रिया ! तिमी जगत्की माता हौ । जसका तर्फबाट मुन्टो बटाछ्यौ त्यसका शील आदि सबै गुण तत्काल दुर्गुणका रूपमा बदलिन्छन् । कमलका समान नेत्र भएकी हे देवी ! ब्रह्माजीको जिब्रो पनि तिम्रा गुणको वर्णन गर्नमा समर्थ हुन सक्दैन । ममाथि प्रसन्न होऊ र कहिल्यै मेरो परित्याग नगर ।२-१७।

पुष्कर उवाच
एवं स्तुता ददौ श्रीश्च वरमिन्द्राय चेप्सितम् ।
सुस्थिरत्वे च राज्यस्य सङ्ग्रामविजयादिकम् ।१८।
स्वस्तोत्रपाठश्रवणकर्तृणां भुक्तिमुक्तिदम् ।
श्रीस्तोत्रं सततं तस्मात्पठेच्च शृणुयान्नरः ।१९।

पुष्कर भन्दछन्— इन्द्रले यस किसिमको स्तुति गरेपछि भगवती लक्ष्मीले उनलाई राज्यको स्थिरता र सङ्ग्राममा विजय आदिको अभीष्ट वरदान दिइन् । साथै आफ्नो यो स्तोत्र पाठ या श्रवण गर्ने पुरुषका लागि पनि उनले भोग र मोक्ष प्राप्त हुने वरदान प्रदान गरिन् । त्यसैले मानिसले सधैँ नै लक्ष्मीको यस स्तोत्रको पाठ र श्रवण गर्नुपर्दछ ।१८-१९।

२३८. अष्टत्रिंशत्यधिकद्विशततमोऽध्यायः

रामोक्तनीति

अग्निरुवाच
नीतिस्ते पुष्करोक्ता तु रामोक्ता लक्ष्मणाय या ।
जयाय तां प्रवक्षामि शृणु धर्मादिवर्द्धिनीम् ।१।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! मैले तिमीसित पुष्करले भनेका नीतिको बयान गरेँ । अब तिमी लक्ष्मणलाई श्रीरामले भनेको विजयदायिनी नीतिको विषयमा सुन । यो धर्म आदिलाई बढाउने खालको छ ।१।

राम उवाच
न्यायेनार्जनमर्थस्य वर्द्धनं रक्षणं चरेत् ।
सत्पात्रप्रतिपत्तिश्च राजवृत्तं चतुर्विधम् ।२।
नयस्य विनयो मूलं विनयः शास्त्रनिश्चयात् ।
विनयो हीन्द्रियजयस्तैर्युक्तः पालयेन्महीम् ।३।
शास्त्रं प्रज्ञा धृतिर्दाक्ष्यं प्रागल्भ्यं धारयिष्णुता ।
उत्साहो वाग्मितौदार्य्यमापत्कालसहिष्णुता ।४।
प्रभावः शुचिता मैत्री त्यागः सत्यं कृतज्ञता ।

श्रीराम भन्दछन्— न्यायद्वारा धनको उपार्जन गर्नु, आर्जन गरिएका धनलाई व्यापार आदिले बढाउनु, त्यसलाई स्वजन र परजनबाट रक्षा गर्नु र त्यसलाई सत्पात्रमा नियोजन गर्नु यी राजाका चार प्रकारका व्यवहार हुन् भनिएको छ । राजाले नयको पालन गर्नुपर्छ। नयको मूल भनेको विनय हो र विनयको प्राप्ति शास्त्रको निश्चयबाट नै हुन्छ । इन्द्रिय जयको नाम नै विनय हो र जो यस विनयले सम्पन्न हुन्छ उसैले शास्त्रलाई प्राप्त गरेको हुन्छ। जसले शास्त्रमा निष्ठा राखेको हुन्छ उसैका हृदयमा शास्त्रको तत्त्व अर्थ स्पष्ट रूपमा प्रकाशित भएको हुन्छ । यस्तो हुनाले नै स्वमण्डल र परमण्डलको श्री प्रसन्न हुन्छ र उसैका लागि लक्ष्मीले आफ्नो ढोका खोलिदिन्छिन् । शास्त्रज्ञान आठ गुणहरूले सम्पन्न भएको हुन्छ। तिनमा बुद्धि, धृति, दक्षता, प्रगल्भता, धारणशीलता, उत्साह, प्रवचनशक्ति,

कुलं शीलं दमश्चेति गुणाः सम्पत्तिहेतवः ।५।
प्रकीर्णविषयारण्ये धावन्त विप्रमाथिनम् ।
ज्ञानाङ्कुशेन कुर्वीत वश्यमिन्द्रियदन्तिनम् ।६।
कामः क्रोधस्तथा लोभो हर्षो मानो मदस्तथा ।
षड्वर्गमुत्सृजेदेनमस्मिंस्त्यक्ते सुखी नृपः ।७।
आन्वीक्षिकीं त्रयीं वार्त्तां दण्डनीतिं च पार्थिवः ।
तद्विद्यैस्तत्क्रियोपैतैश्चिन्तयोद्विनयान्वितः ।८।
आन्वीक्षिक्यार्थविज्ञानं धर्माधर्मौ त्रयीस्थितौ ।
अर्थानर्थौ तु वार्त्तायां दण्डनीत्यां नयानयौ ।९।
अहिंसा सूनृता वाणी सत्यं शौचं दया क्षमा ।
वर्णिनां लिङ्गिनां चैव सामान्यो धर्म उच्यते ।१०।
प्रजाः समनुगृह्णीयात्कुर्य्यादाचारसंस्थितिम् ।
वाक्सूनृता दया दानं हीनोपगतरक्षणम् ।११।
इतिवृत्तं सतां साधुहितं सत्पुरुषव्रतम् ।
आधिव्याधिपरीताय अद्य श्वो वा विनाशिने ।१२।
को हि राजा शरीराय धर्मोपेतं समाचरेत् ।
न हि स्वसुखमन्विच्छन् पीडयेत्कृपणं जनम् ।१३।
कृपणः पीड्यमानो हि मन्युना हन्ति पार्थिवम् ।
क्रियतेऽभ्यर्हणीयाय स्वजनाय यथाञ्जलिः ।१४।
ततः साधुतरः कार्यो दुर्जनाय शिवार्थिना ।
प्रियमेवाभिघातव्यं सत्सु नित्यं द्विषत्सु च ।१५।
देवास्ते प्रियवक्तारः पशवः क्रूरवादिनः ।
शुचिरास्तिक्यपूतात्मा पूजयेद्देवताः सदा ।१६।

दृढता, प्रभाव, शुचिता, मैत्री, त्याग, सत्य, कृतज्ञता कुल, शील र दम यी पर्दछन् र यिनै सम्पत्तिका आधारभूत कारण पनि यिनै हुन् । विषयरूपी विशाल वनमा निरङ्कुश बनेर दौडिरहेको इन्द्रियरूपी प्रमत्त हात्तीलाई ज्ञानरूपी अङ्कुशले वशमा गर्नुपर्दछ। काम, क्रोध, लोभ, हर्ष, मान र मद यिनलाई षड्वर्ग भनिएको छ । राजाले यिनीहरूलाई सर्वथा त्याग गर्नुपर्छ । यी सबैलाई त्याग गर्ने राजा सुखी हुन सक्छन् । राजाले विनय गुणले सम्पन्न भएर आन्वीक्षिकी, वेदत्रयी, वार्ता तथा दण्डनीति यी चार विद्याहरूलाई यिनै विद्याको र यिनका विद्वान्हरूकै अनुसार अनुष्ठान गर्ने कर्मठ पुरुषहरूसँग बसेर चिन्तन गर्नुपर्दछ। आन्वीक्षिकीबाट आत्मज्ञान र वस्तुका यथार्थ स्वभावको बोध हुन्छ। धर्म र अधर्मको ज्ञान वेदत्रयीमा रहेको छ । अर्थ र अनर्थ वार्ताको सम्यक् उपयोगमा निर्भर गर्दछ र न्याय र अन्याय दण्डनीतिको समुचित प्रयोग र अप्रयोगमा आधारित रहेको हुन्छ। कुनै प्राणीको हिंसा नगर्नु, कष्ट नदिनु, मधुर वचन बोल्नु, सत्य कुरो बोल्नु, बाहिर-भित्र पवित्र रहनु एवं शुद्ध आचरणलाई पालन गर्नु, दुःखीप्रति दयाभावको व्यवहार गर्नु, क्षमाशील हुनु यी चारै वर्णका तथा आश्रमका सामान्य धर्महरू हुन् भनिएको छ । राजाले प्रजामाथि अनुगृह गर्नुपर्छ र सदाचारको पालन गर्नमा संलग्न रहनुपर्दछ । मधुर वाणी, दुःखीमाथि दया, देशकालको अपेक्षाअनुसार सत्पात्रलाई दान, दुःखी एवं शरणागतको रक्षा तथा सत्पुरुषको सङ्गत यी सत्पुरुषका आचार हुन् । यी आचारहरू नै प्रजा सङ्ग्रह गर्ने उपाय हुन्, लोकमा प्रसिद्ध हुने श्रेष्ठ कारण पनि हुन् र भविष्यमा उन्नति गराउने खालको फल दिने कारण पनि भएकाले हितकारक छन् । यो शरीर मानसिक चिन्ता र रोगहरूले आक्रान्त भएको छ। आज या भोलि यसको विनाश निश्चित छ । यस्तो अवस्थामा यसका लागि कुन राजाले धर्मको विपरीत आचरण गर्लान् ? राजाले आफ्नो सुखलाई इच्छा गर्दै दीनदुःखीहरूलाई दुःख दिनु हुँदैन। किनभने सताइएका दीनदुःखी मानिसले दुःखबाट उत्पन्न भएका क्रोधद्वारा अत्याचारी राजाको विनाश गरिदिन्छन् । आफ्ना पूजनीय जनहरूमा जसरी आदरसाथ हात जोडिन्छ कल्याणको कामना गर्ने राजाले दुष्टजनलाई त्यसभन्दा पनि धेरै आदर दिँदै हात जोड्नुपर्दछ। सज्जन मित्र र दुष्ट शत्रुप्रति सधैँ प्रिय वचन नै बोल्नुपर्दछ। प्रिय वचन बोल्नेलाई देवता भनिन्छ र कटु वचन बोल्नेलाई पशु । बाहिर र भित्रबाट शुद्ध रहेर राजाले आस्तिकताद्वारा अन्तःकरणलाई पवित्र बनाउनुपर्दछ र सधैँ देवताहरूको पूजा गर्नुपर्दछ। गुरुजनको सम्मान देवताहरूको जस्तै हुनुपर्छ र सहृदयीहरूलाई

देवतावद्गुरुजनमात्मवच्च सुहृज्जनम् ।
प्रणिपातेन हि गुरुं सतोऽमृषानुचेष्टितैः ।१७।
कुर्वीताभिमुखान्भृत्यैर्देवान्सुकृतकर्मणा ।
मद्भावेन हरेन्मित्रं सम्भ्रमेण च बान्धवान् ।१८।
स्त्रीभृत्यान्प्रेमदानाभ्यां दाक्षिण्येनेतरं जनम् ।
अनिन्दा परकृत्येषु स्वधर्मपरिपालनम् ।१९।
कृपणेषु दयालुत्वं सर्वत्र मधुरा गिरः ।
प्राणैरप्युपकारित्वं मित्रायाव्यभिचारिणे ।२०।
गृहागते परिष्वङ्गः शक्त्या दानं सहिष्णुता ।
स्वसमृद्धिष्वनुत्सेकः परवृद्धिष्वमत्सरः ।२१।
अपरोपतापिवचनं मौनव्रतचरिष्णुता ।
बन्धुभिर्बद्धसंयोगः स्वजने चतुरस्रता ।
उचितानुविधायित्वमितिवृत्तं महात्मनाम् ।२२।

आफूसरह मानेर उनलाई उचित किसिमले सत्कार गर्नुपर्दछ। उनले आफ्ना ऐश्वर्यको रक्षा र वृद्धिका लागि गुरुजनलाई सधैँ प्रणाम गरेर अनुकूल बनाउनुपर्छ। अङ्गसहित वेदको अध्ययन गर्ने जस्तै प्रयासद्वारा विद्यावृद्ध सत्पुरुषहरूलाई अगाडि फेला पार्नुपर्दछ । सुकृत्कर्मद्वारा देवताहरूलाई आफ्नो अनुकूल बनाउनुपर्छ। सद्भावद्वारा मित्रको हृदय जित्नुपर्छ, सम्भ्रमद्वारा बान्धवहरूलाई आफ्नो अनुकूल बनाउनुपर्छ। स्त्रीलाई प्रेमले र सेवकहरूलाई दानले वशमा गर्नुपर्छ । यिनका अतिरिक्त जति पनि बाहिरी मानिसहरू हुन्छन्, उनीहरूप्रति अनुकूलता देखाएर उनीहरूको मन जित्नुपर्छ । अरू कसैका कामको निन्दा या आलोचना नगर्नु, आफ्नो वर्ण तथा आश्रमको अनुसार धर्मको निरन्तर पालन, दीनप्रति दया, सबै लोकव्यवहारमा सबैप्रति मिठो वचन बोल्नु, आफ्ना अनन्य मित्रको उपकार प्राण दिएर पनि गर्नका लागि तयार रहनु, घरमा आएका मित्र वा अन्य सज्जनलाई पनि हृदयले स्वागत गर्नु, उनीहरूप्रति अत्यन्त स्नेह एवं आदर प्रकट गर्नु, आवश्यकता पर्दा उनका लागि शक्तिअनुसार धन दिनु, अर्काले गरेको कटु वचन र कठोर व्यवहारलाई पनि खप्नु, आफ्नो समृद्धिका अवसरमा साधारण व्यवहारमा रहनु, अर्काको उन्नतिमा रिसडाह नगर्नु, अर्कालाई पिर पर्ने खालका कुरा नगर्नु, मौनव्रतीझैँ कम बोल्नु, बन्धुजनहरूसँगको सम्बन्ध अटुट बनाउनु, सज्जनहरूसित सरल व्यवहार गर्नु, उनका हार्दिक सम्मतिअनुसारका कार्यहरू गर्नु यी सबै महात्माका आचारहरू हुन् ।२-२२।

२३९. ऊनचत्वारिंशधिकद्विशततमोऽध्यायः

पुनः राजधर्मा

राम उवाच

स्वाम्यमात्यं च राष्ट्रं च दुर्गं कोशो बलं सुहृत् ।
परस्परोपकारीदं सप्ताङ्गं राज्यमुच्यते ।१।
राज्याङ्गानं वरं राष्ट्रं साधनं पालयेत्सदा ।
कुलं शीलं वयः सत्त्वं दाक्षिण्यं क्षिप्रकारिता ।२।
अविसंवादिता सत्यं वृद्धसेवा कृतज्ञता ।
दैवसम्पन्नता बुद्धिरक्षुद्रपरिवारता ।३।

श्रीराम भन्दछन्– हे लक्ष्मण ! स्वामी, अमात्य, राष्ट्र, कोष, बल र सुहृत् यी राज्यका परस्पर उपकार गर्ने सात अङ्ग हुन् भनिएको छ । राज्यका यी अङ्गहरूमा राजा र मन्त्रीभन्दा पछि राष्ट्र नै प्रधान एवं सार्थकता प्रदान गर्ने साधन हो। त्यसैले त्यसको पालन सबैले सधैँ गर्नुपर्दछ। कुलीनता, सत्त्व, यवावस्था, शील दाक्षिण्य, शीघ्रकारिता, अविसंवादिता, सत्य, वृद्धसेवा, कृतज्ञता, दैवसम्पन्नता, बुद्धि, अक्षुद्रपरिवारता, शक्यसामन्तता, दृढभक्तिता, दीर्घदर्शिता, उत्सा, शुद्धचित्तता, स्थूललक्षता, विनीतता र धार्मिकता यी सबै असर र आभिगामिक गुण हुन्। सुप्रसिद्ध कुलमा उत्पन्न, क्रूरतारहित, गुणवान् पुरुषलाई सङ्ग्रह गर्ने तथा पवित्र जो

शक्यसामन्तता चैव तथा च दृढभक्तिता ।
दीर्घदर्शित्वमुत्साहः शुचिता स्थूललक्षता ।४।
विनीतत्वं धार्मिकता साधोश्च नृपतेर्गुणाः ।
प्रख्यातवंशमक्रूरं लोकसङ्ग्राहिणं शुचिन् ।५।
कुर्वीतात्महिताकाङ्क्षी परिचारं महीपतिः ।
वाग्मी प्रगल्भः स्मृतिमानुदग्रो बलवान्वशी ।६।
नेता दण्डस्य निपुणः कृतशिल्पपरिग्रहः ।
पराभियोगप्रसहः सर्वदुष्टप्रतिक्रिया ।७।
परवृत्तान्ववेक्षी च सन्धिविग्रहतत्त्ववित् ।
गूढमन्त्रप्रचारज्ञो देशकालविभागवित् ।८।
आदाता सम्यगर्थानां विनियोक्ता च पात्रवित् ।
क्रोधलोभभयद्रोहदम्भचापल्यवर्जितः ।९।
परोपतापपैशुन्यमात्सर्य्येर्ष्यानृतातिगः ।
वृद्धोपदेशसम्पन्नः शक्तो मधुरदर्शनः ।१०।
गुणानुरागस्थितिमानात्मसम्पद्गुणाः स्मृताः ।
कुलीनाः शुचयः शूराः श्रुतवन्तोऽनुरागिणः ।११।
दण्डनीतेः प्रयोक्तारः सचिवाः स्युर्महीपतेः ।
सुविग्रहो जानपदः कुलशीलकलान्वितः ।१२।
वाग्मी प्रगल्भश्चक्षुष्मानुत्साही प्रतिपत्तिमान् ।
स्तम्भचापलहीनश्च मैत्रः क्लेशसहः शुचिः ।१३।
सत्यसत्त्वधृतिस्थैर्य्यप्रभावारोग्यसंयुतः ।
कृतशिल्पश्च दक्षश्च प्रज्ञावान्धारणान्वितः ।१४।
दृढभक्तिरकर्त्ता च वैराणां सचिवो भवेत् ।
स्मृतिस्तत्परतार्थेषु चित्तज्ञो ज्ञाननिश्चयः ।१५।
दृढता मन्त्रगुप्तिश्च मन्त्रिसम्पत्प्रकीर्त्तिता ।
त्रय्यां च दण्डनीत्यां च कुशलः स्यात्पुरोहितः ।१६।

हुन्छन्, त्यस्ता मानिसलाई नै आत्मकल्याणको भावना भएका राजाले आफ्नो परिवार बनाउनुपर्छ। वाग्मी, प्रगल्भ, स्मृतिमान्, उदग्र, बलवान्, वशी, दण्डनेता, निपुण, कृतविद्य, स्ववग्रह, पराभियोगप्रसह, सर्वदृष्टप्रतिक्रिय, परच्छिद्रान्ववेक्षी, सन्धिविग्रहतत्त्ववित्, गूढमन्त्रप्रचार, देशकालविभागवित्, आदातासम्यगर्थानाम्, विनियोक्ता पात्रवित्, क्रोध, लोभ, भय, द्रोह, स्तम्भ एवं चपलता आदि दोषबाट टाढा रहने, परोपताप, पैशुन्य, मात्सर्य, ईर्ष्या र अनृत यी दुर्गुणहरूलाई नाघेर जाने वृद्धजनको उपदेशलाई मानेर चल्ने, श्लक्ष्ण, मधुरदर्शन, गुणानुरागी तथा मितभाषी राजा श्रेष्ठ हुन्छन्। यस किसिमले यहाँ राजाका आत्मसम्पत्तिसम्बन्धी गुणहरूलाई बताइयो। उत्तम कुलमा उत्पन्न, बाहिरभित्रै शुद्ध, शौर्यसम्पन्न, आन्वीक्षिकी आदि विद्याहरू जान्ने, स्वामीभक्त तथा दण्डनीतिलाई समुचित प्रयोग गर्न जान्ने मानिसहरू नै राजाका सचिव वा मन्त्री अमात्य हुनुपर्दछ। जसलाई अन्यायले हटाउन कठिन छ, जसको जन्म उसै जनपदमा भएको छ, जो कुलीन, सुशील, शारीरिक बलले सम्पन्न, उत्तम वक्ता, सभामा निर्भीक भएर बोल्दछ, शास्त्रीरूपी आँखाले जो सम्पन्न छ, उत्साहवान्, प्रतिपत्तिमान, स्तब्धता र चपलताले रहित, मैत्र, शीतउष्ण आदि कष्ट सहनमा समर्थ, शुचि, सत्य, सत्त्व, धैर्य, स्थिरता, प्रभाव तथा आरोग्य आदि गुणले सम्पन्न, कृतशिल्प, दक्ष, प्रज्ञावान्, धारणान्वित, दृढभक्ति तथा कसैसित वैरीको भावना नबनाउने र अर्काले विरोध गर्दा शान्त गराउन सक्ने पुरुषहरू नै राजाका बुद्धिसचिव (सल्लाहकार) र कर्मसचिव (काम हेर्ने) हुनुपर्दछ। स्मृति, अर्थतत्परता, वितर्क, ज्ञाननिश्चय, दृढता तथा मन्त्रगुप्ती यी मन्त्रीसम्पत्का गुण हुन् भनिएको छ। पुरोहितहरूले पनि तीनै वेदमा र दण्डनीतिका ज्ञानमा पोख्त हुनुपर्दछ।१-१६।

उनले सधैं अथर्ववेदले बताएबमोजिम विधिले राजाका लागि शान्तिकर्म एवं पुष्टिकर्महरू सम्पादन गर्नुपर्दछ। बुद्धिमान् राजाले माथि भनिएका ती सबै विद्याका विद्वान्हरूद्वारा ती सबै अमात्यहरूको शास्त्रज्ञान तथा कामको सिप आदि यी दुवै गुणको परीक्षा गर्नुपर्दछ। यो परोक्ष वा आगम प्रकारबाट गरिने परीक्षण हो। कुलीनता, जन्मस्थान र आफन्तका विषयमा उसका परिचित मानिसहरूबाट जानकारी प्राप्त गर्नुपर्दछ। परिकर्ममा दक्षता, विज्ञान र धारयिष्णुता र तीन गुणको पनि परीक्षा गर्नुपर्दछ। प्रगल्भता, प्रतिभा, वाग्मिता तथा सत्यवादिता यी चार गुणहरूलाई कुराकानीका प्रसङ्गमा स्वयं आफ्नै अनुभवले जान्नुपर्दछ। उत्साह, प्रभाव, कष्ट सहने

अथर्ववेदविहितं कुर्य्याच्छान्तिकपौष्टिकम् ।
साधुतैषाममात्यानां तद्विद्यैः सह बुद्धिमान् ।१७।
चक्षुष्मत्तां च शिल्पं च परीक्षेत गुणद्वयम् ।
स्वजनेभ्यो विजानीयात् कुलं स्थानमवग्रहम् ।१८।
परिकर्मसु दक्षं च विज्ञानं धारयिष्णुताम् ।
गुणत्रयं परीक्षेत प्रागल्भ्यं प्रीतितां तथा ।१९।
कथायोगेषु बुध्येत वाग्मित्वं सत्यवादिताम् ।
उत्साहं च प्रभावं च तथा क्लेशसहिष्णुताम् ।२०।
धृतिं चैवानुरागं च स्थैर्यं चापादि लक्षयेत् ।
भक्तिं मैत्रीं च शौचं च जानीयाद्व्यवहारतः ।२१।
संवासिभ्यो बलं सत्त्वमारोग्यं शीलमेव च ।
अस्तब्धतामचापल्यं वैराणां चाप्यकीर्त्तनम् ।२२।
प्रत्यक्षतो विजानीयाद् भद्रतां क्षुद्रतामपि ।
फलानुमेयाः सर्वत्र परोक्षगुणवृत्तयः ।२३।
शस्याकरवती पुण्या खनिद्रव्यसमन्विता ।
गोहिता भूरिसलिला पुण्यैर्जनपदैर्युता ।२४।
रम्या सकुञ्जरबला वारिस्थलपथान्विता ।
अदेवमातृका चेति शस्यते भूरिभूतये ।२५।
शूद्रकारुवणिक्प्रायो महारम्भकृषीवलः ।
सानुरागो रिपुद्वेषी पीडासहकरः पृथुः ।२६।
नानादेश्यैः समाकीर्णो धार्मिकः पशुमान्बली ।
ईदृग्जनपदः शस्तोऽमूर्खव्यसनिनायकः ।२७।
पृथुसीमं महाखातमुच्चप्राकारतोरणम् ।
पुरं समावसेच्छैलसरिन्मरुवनाश्रयम् ।२८।

क्षमता, धैर्य, स्वामीप्रतिको अनुराग र स्थिरता यी गुणहरूको परीक्षा आपत्ति कालमा गर्नुपर्दछ । राजाप्रतिको दृढ भक्ति, मैत्री तथा आचारविचारको शुद्धि यी गुणहरूलाई व्यवहारबाट जान्नुपर्दछ । नजिकै एवं छेउछाउका मानिसहरूबाट बल, साहस, आरोग्य, शील, मानअपमानको कुरो, गम्भीरता आदि यी सबै कुराहरू जान्नुपर्दछ । जसको गुण र व्यवहार प्रस्ट भएको छैन तिनीहरूका कार्यबाट नै तिनीहरूका गुणको अनुमान लगाउनुपर्दछ। जहाँ खेतीको उब्जनी धेरै हुन्छ, विभिन्न खालका खानीहरू छन्, जहाँ बेच्न योग्य तथा खनिज पदार्थ प्रचुर मात्रामा उपलब्ध हुन्छन्, जुन गाईका लागि हितकारी ठाउँ छ, जहाँ पानीको छेलोखेलो छ, जो पवित्र ठाउँले घेरिएको छ, जुन ठाउँ देख्नमा रमाइलो छ, जहाँको जङ्गलमा हात्ती रहन्छन्, जहाँ पुल आदि जलमार्ग तथा सडक आदि स्थलमार्ग छन्, जहाँको सिँचाइ झरीमा मात्रै भर परेको छैन, त्यस्ता भूमिलाई ऐश्वर्य वृद्धिका लागि प्रशस्त हुन् भनिएको छ । जहाँ जलको अधिकता रहेको छ, जसलाई कुनै पर्वतको सहारा प्राप्त भएको छ, जहाँ शूद्र, कारिगर र वैश्यहरूको बस्ती धेरै छ, जहाँका किसानहरू विशेष उद्योगी एवं ठूलाठूला कार्यहरूको आयोजना गर्ने खालका छन्, जो राजाप्रति अनुरागी छन्, उनका शत्रुसित द्वेष गर्दछन् र दुःखसुख एवं करको भाग सहन गर्नमा समर्थ छन्, हृष्टपुष्ट एवं सुविस्तृत छन्, जहाँ अनेकौँ देशका मानिसहरू आएर रहने गर्दछन्, जो धार्मिक छन्, पशुधनले जो सम्पन्न तथा धनी छन् र जहाँका मुखियाहरू मूर्ख र कुलतमा लागेका छन् यस्ता जनपदहरू राजाका लागि प्रसन्नता दिने खालका हुन्छन् । जसको सीमा धेरै ठूलो एवं फराकिलो छ, जसका चारैतिर विशाल खावाहरू बनाइएका छन्, जसका पर्खालहरू र मूलढोकाहरू धेरै अग्ला छन्, जो पर्वत, नदी, मरुभूमि अथवा जङ्गलको आश्रय लिएर बनेको छ, यस्तो किल्लामा राजाले निवास गर्नुपर्दछ। जहाँ जल, खाद्यान्न र धन प्रचुर मात्रामा रहेका छन् त्यस्तो किल्ला धेरै लामो समयसम्म शत्रुको आक्रमणलाई प्रतिकार गर्नमा समर्थ रहेको हुन्छ । जलमय, पर्वतमय, वृक्षमय, उजाड ठाउँमा रहेको, बिरानो ठाउँमा रहेको तथा मरुभूमि वा बालुवाको मैदानमा रहेको गरी यी पाँच प्रकारका किल्लाहरू हुन्छन् । जहाँ आय धेरै र खर्च कम हुन्छ, अर्थात् जहाँ धेरै जम्मा गर्न सकिन्छ र जहाँबाट थोरै धन खर्च भएर बाहिर निस्कन्छ, जसको ख्याति धेरै बढेको छ, जसमा धनसम्बन्धी लक्ष्मी, कुबेर आदि देवताको सधैँ पूजा आराधना गरिन्छ, जो मनोवाञ्छित द्रव्यले भरिभराउ छ, जो देख्नमा पनि राम्रो छ र जो विश्वासिला मानिसका जिम्मामा देखरेख भएको छ, जसको आर्जन धर्म र न्यायपूर्वक गरिएको

अथर्ववेदविहितं कुर्य्याच्छान्तिकपौष्टिकम् ।
साधुतैषाममात्यानां तद्विद्यैः सह बुद्धिमान् ।१७।
चक्षुष्मत्तां च शिल्पं च परीक्षेत गुणद्वयम् ।
स्वजनेभ्यो विजानीयात् कुलं स्थानमवग्रहम् ।१८।
परिकर्मसु दक्षं च विज्ञानं धारयिष्णुताम् ।
गुणत्रयं परीक्षेत प्रागल्भ्यं प्रीतितां तथा ।१९।
कथायोगेषु बुध्येत वाग्मित्वं सत्यवादिताम् ।
उत्साहं च प्रभावं च तथा क्लेशसहिष्णुताम् ।२०।
धृतिं चैवानुरागं च स्थैर्यं चापादि लक्षयेत् ।
भक्तिं मैत्रीं च शौचं च जानीयाद्व्यवहारतः ।२१।
संवासिभ्यो बलं सत्त्वमारोग्यं शीलमेव च ।
अस्तब्धतामचापल्यं वैराणां चाप्यकीर्त्तनम् ।२२।
प्रत्यक्षतो विजानीयाद् भद्रतां क्षुद्रतामपि ।
फलानुमेयाः सर्वत्र परोक्षगुणवृत्तयः ।२३।
शस्याकरवती पुण्या खनिद्रव्यसमन्विता ।
गोहिता भूरिसलिला पुण्यैर्जनपदैर्युता ।२४।
रम्या सकुञ्जरबला वारिस्थलपथान्विता ।
अदेवमातृका चेति शस्यते भूरिभूतये ।२५।
शूद्रकारुवणिक्प्रायो महारम्भकृषीवलः ।
सानुरागो रिपुद्वेषी पीडासहकरः पृथुः ।२६।
नानादेश्यैः समाकीर्णो धार्मिकः पशुमान्बली ।
ईदृग्जनपदः शस्तोऽमूर्खव्यसनिनायकः ।२७।
पृथुसीमं महाखातमुच्चप्राकारतोरणम् ।
पुरं समावसेच्छैलसरिन्मरुवनाश्रयम् ।२८।

क्षमता, धैर्य, स्वामीप्रतिको अनुराग र स्थिरता यी गुणहरूको परीक्षा आपत्ति कालमा गर्नुपर्दछ । राजाप्रतिको दृढ भक्ति, मैत्री तथा आचारविचारको शुद्धि यी गुणहरूलाई व्यवहारबाट जान्नुपर्दछ । नजिकै एवं छेउछाउका मानिसहरूबाट बल, साहस, आरोग्य, शील, मानअपमानको कुरो, गम्भीरता आदि यी सबै कुराहरू जान्नुपर्दछ । जसको गुण र व्यवहार प्रस्ट भएको छैन तिनीहरूका कार्यबाट नै तिनीहरूका गुणको अनुमान लगाउनुपर्दछ। जहाँ खेतीको उब्जनी धेरै हुन्छ, विभिन्न खालका खानीहरू छन्, जहाँ बेच्न योग्य तथा खनिज पदार्थ प्रचुर मात्रामा उपलब्ध हुन्छन्, जुन गाईका लागि हितकारी ठाउँ छ, जहाँ पानीको छेलोखेलो छ, जो पवित्र ठाउँले घेरिएको छ, जुन ठाउँ देख्नमा रमाइलो छ, जहाँको जङ्गलमा हात्ती रहन्छन्, जहाँ पुल आदि जलमार्ग तथा सडक आदि स्थलमार्ग छन्, जहाँको सिँचाइ झरीमा मात्रै भर परेको छैन, त्यस्ता भूमिलाई ऐश्वर्य वृद्धिका लागि प्रशस्त हुन् भनिएको छ । जहाँ जलको अधिकता रहेको छ, जसलाई कुनै पर्वतको सहारा प्राप्त भएको छ, जहाँ शूद्र, कारिगर र वैश्यहरूको बस्ती धेरै छ, जहाँका किसानहरू विशेष उद्योगी एवं ठूलाठूला कार्यहरूको आयोजना गर्ने खालका छन्, जो राजाप्रति अनुरागी छन्, उनका शत्रुसित द्वेष गर्दछन् र दुःखसुख एवं करको भाग सहन गर्नमा समर्थ छन्, हृष्टपुष्ट एवं सुविस्तृत छन्, जहाँ अनेकौँ देशका मानिसहरू आएर रहने गर्दछन्, जो धार्मिक छन्, पशुधनले जो सम्पन्न तथा धनी छन् र जहाँका मुखियाहरू मूर्ख र कुलतमा लागेका छन् यस्ता जनपदहरू राजाका लागि प्रसन्नता दिने खालका हुन्छन् । जसको सीमा धेरै ठूलो एवं फराकिलो छ, जसका चारैतिर विशाल खावाहरू बनाइएका छन्, जसका पर्खालहरू र मूलढोकाहरू धेरै अग्ला छन्, जो पर्वत, नदी, मरुभूमि अथवा जङ्गलको आश्रय लिएर बनेको छ, यस्तो किल्लामा राजाले निवास गर्नुपर्दछ। जहाँ जल, खाद्यान्न र धन प्रचुर मात्रामा रहेका छन् त्यस्तो किल्ला धेरै लामो समयसम्म शत्रुको आक्रमणलाई प्रतिकार गर्नमा समर्थ रहेको हुन्छ । जलमय, पर्वतमय, वृक्षमय, उजाड ठाउँमा रहेको, बिरानो ठाउँमा रहेको तथा मरुभूमि वा बालुवाको मैदानमा रहेको गरी यी पाँच प्रकारका किल्लाहरू हुन्छन् । जहाँ आय धेरै र खर्च कम हुन्छ, अर्थात् जहाँ धेरै जम्मा गर्न सकिन्छ र जहाँबाट थोरै धन खर्च भएर बाहिर निस्कन्छ, जसको ख्याति धेरै बढेको छ, जसमा धनसम्बन्धी लक्ष्मी, कुबेर आदि देवताको सधैँ पूजा आराधना गरिन्छ, जो मनोवाञ्छित द्रव्यले भरिभराउ छ, जो देख्नमा पनि राम्रो छ र जो विश्वासिला मानिसका जिम्मामा देखरेख भएको छ, जसको आर्जन धर्म र न्यायपूर्वक गरिएको

जलवद्धान्यधनवद्दुर्गं कालसहं महत् ।
औदकं पार्वतं वार्क्षमैरिणं धन्विनं च षट् ।२९।
ईप्सितद्रव्यसम्पूर्णः पितृपैतामहोचितः ।
धर्मार्जितो व्ययसहः कोशो धर्मादिवृद्धये ।३०।
पितृपैतामहो वश्यः संहतो दत्तवेतनः ।
विख्यातपौरुषो जन्यः कुशलः शकुनैर्वृतः ।३१।
नानाप्रहरणोपेतो नानायुद्धविशारदः ।
नानायोधसमाकीर्णो नीराजितहयद्विपः ।३२।
प्रवासायासदुःखेषु युद्धेषु च कृतश्रमः ।
अद्वैधक्षत्रियप्रायो दण्डोदण्डवतां मतः ।३३।
योगविज्ञानसत्त्वाढ्यं महापक्षं प्रियंवदम् ।
आयतिक्षममद्वैधं मित्रं कुर्वीत सत्कुलम् ।३४।
दूरादेवाभिगमनं स्पष्टार्थहृदयानुगा ।
वाक्सत्कृत्य प्रदानं च त्रिविधो मित्रसङ्ग्रहः ।३५।
धर्मकामार्थसंयोगो मित्रात्तु त्रिविधं फलम् ।
औरसं तत्र सन्नद्धं तथा वंशक्रमागतम् ।३६।
रक्षितं व्यसनेभ्यश्च मित्रं ज्ञेयं चतुर्विधम् ।
मित्रे गुणाः सत्यताद्याः समानसुखदुःखता ।३७।
वक्षेऽनुजीविनां वृत्तं सेवी सेवेत भूपतिम् ।
दक्षता भद्रता दार्ढ्यं क्षान्तिः क्लेशसहिष्णुता ।३८।
सन्तोषः शीलमुत्साहो मण्डयत्यनुजीविनम् ।
यथाकालमुपासीत राजानं सेवको नयात् ।३९।
परस्थानगमं क्रौर्य्यमौद्धत्यं मत्सरं त्यजेत् ।
विगृह्य कथनं भृत्यो न कुर्य्याज्ज्यायसा सह ।४०।
गुह्यं मर्म च मन्त्रं च न च भर्त्तुः प्रकाशयेत् ।

छ तथा जो धेरै ठूलो व्ययभार पनि वहन गर्नमा समर्थ छ त्यस्तो कोषलाई श्रेष्ठ मानिएको छ । कोषको उपयोग धर्म आदिको वृद्धि तथा मूल्यको भरणपोषणका लागि हुनुपर्दछ। बाबुबाजेका पालादेखि नै जसले सैनिक सेवा गर्दै आएको छ, अनुशासनको वशमा रहन्छ, सङ्गठित रहेको छ, जसको तलब चुक्ता पारेर भुक्तानी गरिएको हुन्छ वा बाँकी राखिएको छैन, जसका पुरुषार्थको प्रसिद्धि छ, जो राजाको आफ्नै जनपदमा जन्मेको हो, जसलाई विभिन्न खालका युद्धहरूमा विविध खालका कुशलता प्राप्त भइसकेका छन् र जसका दलभित्र धेरै योद्धाहरू भरिभराउ छन्, जुन सैनिकद्वारा आफ्ना सेनाका घोडा र हतियारको आरती गरिन्छ, जसले परदेश खाइसकेको छ, युद्धसम्बन्धी आपद् र विभिन्न खालका हन्डर खप्नमा बानी परिसकेको छ र जसले युद्धमा धेरै खालका कष्ट झेलिसकेको छ, जसका मनमा दुविधा रहेको हुँदैन यस्ता सेना या सैनिकहरू नै दण्डनीतिवेत्ताहरूका मतमा बेस हुन्छन्।१७-३३।

जो त्याग, विज्ञान तथा सत्त्व यी गुणहरूले सम्पन्न, महापक्ष, प्रियंवद, आयतिक्षम, अद्वैध तथा उत्तम कुलमा उत्पन्न भएको यस्तै पुरुषलाई आफ्नो मित्र बनाउनुपर्छ । मित्र आउँदा परैबाट स्वागतका लागि जानु, स्पष्ट एवं प्रिय वचन बोल्नु र सत्कारपूर्वक मनोवाञ्छित वस्तु दिनु यी मित्रसङ्ग्रहका तीन प्रकार हुन् । धर्म, काम र अर्थप्राप्ति यी तीन फल मित्रबाट प्राप्त हुने हुन्छन् । चार प्रकारका मित्र हुन्छन् भनेर जान्नुपर्दछ । औरस, मित्रताको सम्बन्धले बाँधिएको, कुलक्रमागत र सङ्कटबाट जोगाइएको । सत्यता, अनुराग र दुःखसुखमा समान रूपले सहभागी हुनु यी मित्रका गुण हुन् । अब म अनुजीवीजनहरूसित गर्नुपर्ने व्यवहारका विषयमा भन्दछु । सेवकका लागि सुहाउँदो गुणले सम्पन्न भएका पुरुषले राजाको सेवा गरोस् । दक्षता, भद्रता, दृढता, क्षमा, क्लेशसहिष्णुता, सन्तोष, शील र उत्साह यी गुणहरूले अनुजीवीलाई सुहाउँदो बनाउँछन् । सेवकले समयअनुसार न्यायपूर्वक राजाको सेवा गर्नुपर्दछ । अर्काको स्थानमा जानु, क्रूरता, उद्दण्डता या असभ्यता र ईर्ष्या यी दोषलाई उसले त्याग्नुपर्दछ । पद वा अधिकारमा जो आफूभन्दा ठूला हुन्छन् उनको विरोध गरेर या उसको कुरो काटेर राजसभामा बोल्नु हुँदैन । राजाका गुप्त कर्म तथा मन्त्रणालाई कतै प्रकट गर्नु हुँदैन । सेवकले पनि आफूलाई स्नेह गर्ने स्वामीसँगै जीविका प्राप्त गर्ने प्रयास गर्नुपर्दछ । जो राजा विरक्त छन्, सेवकसित घृणा गर्दछन् सेवकले तिनलाई त्याग्नुपर्दछ । राजाले अनुचित

रक्तादवृत्तिं समीहेत विरक्तं सन्त्यजेन्नृपम् ।४१।
अकार्य्ये प्रतिषेधश्च कार्य्ये चापि प्रवर्त्तनम् ।
सङ्क्षेपादिति सदवृत्तं बन्धुमित्रानुजीविनाम् ।४२।
आजीव्य सर्वसत्त्वानां राजा पर्जन्यवद्भवेत् ।
आयद्वारेषु चाप्त्यर्थं धनं चाददतीति च ।४३।
कुर्य्याद्दुर्योगसम्पन्नानध्यक्षान्सर्वकर्मसु ।
कृषिर्वणिक्पथो दुर्गं सेतुः कुञ्जरबन्धनम् ।४४।
खन्याकरबलादानं शून्यानां च निवेशनम् ।
अष्टवर्गमिमं राजा साधुवृत्तोऽनुपालयेत् ।४५।
आमुक्तिकेभ्यश्चौरेभ्यः पौरेभ्यो राजवल्लभात् ।
पृथिवीपतिलोभाच्च प्रजानां पञ्चधा भयम् ।४६।
अवेक्ष्यैतद्भयं काले ह्याददीत करं नृपः ।
अभ्यन्तरं शरीरं स्वं बाह्यं राष्ट्रं च रक्षयेत् ।४७।
दण्ड्यांस्तु दण्डयेद्राजा स्वं रक्षेच्च विषादितः ।
स्त्रियः पुत्रांश्च शत्रुभ्यो विश्वसेन्न कदाचन ।४८।

काम गर्न लागेको भए त्यसबाट रोक्नु र यदि न्याययुक्त काममा लागेका भए त्यसमा सघाउनु यो नै बन्धु, मित्र र सेवकको श्रेष्ठ आचार हो भनेर छोटकरीमा बताइएको छ। राजा बादलझैँ भएर सबै प्राणीलाई जीविका दिने हुनुपर्दछ। राजासँग आयस्रोतहरू जति हुन्छन् ती सबैमाथि उनले विश्वस्त र जाँचपरख गरिएका मानिसहरूलाई नियुक्त गर्नुपर्दछ। जो उद्योगले सम्पन्न छ, त्यस्ता मानिसलाई नै सम्पूर्ण कर्महरूको अध्यक्ष बनाउनुपर्दछ। खेती, व्यापारिक उपयोगमा आउने स्थान र जलमार्ग, पर्वत आदि, किल्ला, पुलबाँध, हात्तीसार, सुनचाँदीका खानी, वनस्पतिजन्य उत्पादनको निकासी गर्ने स्थान र पर्ती जग्गामा बस्ती बसाउने गरी आयका आठवटा स्रोत हुन्छन् र यिनलाई अष्टवर्ग भनिएको छ। असल आचार व्यवहार भएका राजाले यी अष्टवर्गको निरन्तर रक्षा गर्नुपर्दछ। आयुक्तक, चोर, शत्रु, राजाका प्रिय सम्बन्धी तथा राजाको लोभ यी पाँचबाट प्रजाजनलाई पाँचै किसिमको भय हुने गर्दछ। यस्ता भयको निवारण गरेर राजाले उचित समयमा प्रजाबाट कर ग्रहण गर्नुपर्दछ। राज्यका दुई भेद हुन्छन्— बाह्य भेद र आभ्यन्तर। राजाको आफ्नो शरीर नै आभ्यन्तर राज्य हो र राष्ट्र, जनपद आदिलाई बाह्य राज्य भनिएको छ। राजाले यी दुवैलाई रक्षा गर्नुपर्दछ। राजाको प्रिय भईकन पनि कुनै पापीले राज्यको हानि गरिरहेको छ भने त्यो दण्डनीय हुन्छ। राजाले ती सबैलाई दण्ड दिनुपर्छ र विष आदिबाट आफूलाई जोगाउनुपर्दछ। स्त्री, पुत्रहरू र शत्रुमाथि कहिल्यै विश्वास गर्नु हुँदैन ।३४-४८।

२४०. चत्वारिंशधिकद्विशततमोऽध्यायः
पुनः षाड्गुण

श्रीराम उवाच
मण्डलं चिन्तयेन्मुख्यं राजा द्वादशराजकम् ।
अरिर्मित्रमरेर्मित्रं मित्रमित्रमतः परम् ।१।
तथारिमित्रमित्रं च विजिगीषो पुरः स्मृता ।
पार्ष्णिग्राहः स्मृतः पश्चादाक्रन्दस्तदनन्तरम् ।२।
आसारावनयोश्चैवं विजिगीषोश्च मण्डलम् ।

श्रीराम भन्दछन्— राजाले मुख्य बाह्र खालका राजमण्डलहरूको चिन्तन गर्नुपर्दछ। अरि, मित्र, अरिमित्र, मित्रमित्र, अरिमित्रमित्र यी क्रमशः विजिगीषुका अगाडिका राजाहरू हुन् भनिएको छ। विजिगीषुभन्दा पछाडि क्रमशः चार राजा हुन्छन् र तिनको नाम यस प्रकार छ— पार्ष्णिग्राह त्यसपछि आक्रन्द त्यसपछि ती दुईका आसार अर्थात् पार्ष्णिग्राहासार र आक्रन्दासार। अरि र विजिगीषु दुवैका राज्यसित जसको सीमा जोडिएको हुन्छ त्यो राजा मध्यम हो भनिएको छ। अरि र विजिगीषु यी दुवै यदि परस्परमा मिलेका छन् वा सङ्गठित भएका छन् भने मध्यम राजा कोष र सेना आदिको सहायता

रक्ताद्वृत्तिं समीहेत विरक्तं सन्त्यजेन्नृपम् ।४१।
अकार्य्ये प्रतिषेधश्च कार्य्ये चापि प्रवर्त्तनम् ।
सङ्क्षेपादिति सद्वृत्तं बन्धुमित्रानुजीविनाम् ।४२।
आजीव्य सर्वसत्त्वानां राजा पर्जन्यवद्भवेत् ।
आयद्वारेषु चाप्त्यर्थं धनं चाददतीति च ।४३।
कुर्य्याद्दुर्योगसम्पन्नानध्यक्षान्सर्वकर्मसु ।
कृषिर्वणिक्पथो दुर्गं सेतुः कुञ्जरबन्धनम् ।४४।
खन्याकरबलादानं शून्यानां च निवेशनम् ।
अष्टवर्गमिमं राजा साधुवृत्तोऽनुपालयेत् ।४५।
आमुक्तिकेभ्यश्चौरेभ्यः पौरेभ्यो राजवल्लभात् ।
पृथिवीपतिलोभाच्च प्रजानां पञ्चधा भयम् ।४६।
अवेक्ष्यैतद्भयं काले ह्याददीत करं नृपः ।
अभ्यन्तरं शरीरं स्वं बाह्यं राष्ट्रं च रक्षयेत् ।४७।
दण्ड्यांस्तु दण्डयेद्राजा स्वं रक्षेच्च विषादितः ।
स्त्रियः पुत्रांश्च शत्रुभ्यो विश्वसेन्न कदाचन ।४८।

काम गर्न लागेको भए त्यसबाट रोक्नु र यदि न्याययुक्त काममा लागेका भए त्यसमा सघाउनु यो नै बन्धु, मित्र र सेवकको श्रेष्ठ आचार हो भनेर छोटकरीमा बताइएको छ। राजा बादलभैँ भएर सबै प्राणीलाई जीविका दिने हुनुपर्दछ। राजासँग आयस्रोतहरू जति हुन्छन् ती सबैमाथि उनले विश्वस्त र जाँचपरख गरिएका मानिसहरूलाई नियुक्त गर्नुपर्दछ। जो उद्योगले सम्पन्न छ, त्यस्ता मानिसलाई नै सम्पूर्ण कर्महरूको अध्यक्ष बनाउनुपर्दछ। खेती, व्यापारिक उपयोगमा आउने स्थान र जलमार्ग, पर्वत आदि, किल्ला, पुलबाँध, हात्तीसार, सुनचाँदीका खानी, वनस्पतिजन्य उत्पादनको निकासी गर्ने स्थान र पर्ती जग्गामा बस्ती बसाउने गरी आयका आठवटा स्रोत हुन्छन् र यिनलाई अष्टवर्ग भनिएको छ। असल आचार व्यवहार भएका राजाले यी अष्टवर्गको निरन्तर रक्षा गर्नुपर्दछ। आयुक्तक, चोर, शत्रु, राजाका प्रिय सम्बन्धी तथा राजाको लोभ यी पाँचबाट प्रजाजनलाई पाँचै किसिमको भय हुने गर्दछ। यस्ता भयको निवारण गरेर राजाले उचित समयमा प्रजाबाट कर ग्रहण गर्नुपर्दछ। राज्यका दुई भेद हुन्छन्— बाह्य भेद र आभ्यन्तर। राजाको आफ्नो शरीर नै आभ्यन्तर राज्य हो र राष्ट्र, जनपद आदिलाई बाह्य राज्य भनिएको छ। राजाले यी दुवैलाई रक्षा गर्नुपर्दछ। राजाको प्रिय भईकन पनि कुनै पापीले राज्यको हानि गरिरहेको छ भने त्यो दण्डनीय हुन्छ। राजाले ती सबैलाई दण्ड दिनुपर्छ र विष आदिबाट आफूलाई जोगाउनुपर्दछ। स्त्री, पुत्रहरू र शत्रुमाथि कहिल्यै विश्वास गर्नु हुँदैन ।३४-४८।

२४०. चत्वारिंशधिकद्विशततमोऽध्यायः

पुनः षाड्गुण

श्रीराम उवाच

मण्डलं चिन्तयेन्मुख्यं राजा द्वादशराजकम् ।
अरिर्मित्रमरेर्मित्रं मित्रमित्रमतः परम् ।१।
तथारिमित्रमित्रं च विजिगीषो पुरः स्मृता ।
पार्ष्णिग्राहः स्मृतः पश्चादाक्रन्दस्तदनन्तरम् ।२।
आसारावनयोश्चैवं विजिगीषोश्च मण्डलम् ।

श्रीराम भन्दछन्— राजाले मुख्य बाह्र खालका राजमण्डलहरूको चिन्तन गर्नुपर्दछ। अरि, मित्र, अरिमित्र, मित्रमित्र, अरिमित्रमित्र यी क्रमशः विजिगीषुका अगाडिका राजाहरू हुन् भनिएको छ। विजिगीषुभन्दा पछाडि क्रमशः चार राजा हुन्छन् र तिनको नाम यस प्रकार छ— पार्ष्णिग्राह त्यसपछि आक्रन्द त्यसपछि ती दुईका आसार अर्थात् पार्ष्णिग्राहासार र आक्रन्दासार। अरि र विजिगीषु दुवैका राज्यसित जसको सीमा जोडिएको हुन्छ त्यो राजा मध्यम हो भनिएको छ। अरि र विजिगीषु यी दुवै यदि परस्परमा मिलेका छन् वा सङ्गठित भएका छन् भने मध्यम राजा कोष र सेना आदिको सहायता

अरेश्च विजिगीषोश्च मध्यमो भूम्यनन्तरः ।३।
अनुग्रहे संहतायोर्निग्रहे व्यस्तयोः प्रभुः ।
मण्डलाद्बहिरेतेषामुदासीनो बलाधिकः ।४।
अनुग्रहे संहतानां व्यस्तानां च वधे प्रभुः ।
सन्धिं च विग्रहं यानमासनादि वदामि ते ।५।
बलवद्विगृहीतेन सन्धिं कुर्य्याच्छिवाय च ।
कपाल उपहारश्च सन्तानः सन्नतस्तथा ।६।
उपन्यासः प्रतीकारः संयोगः पुरुषान्तरः ।
अदृष्टनर आदिष्ट आत्मापि स उपग्रहः ।७।
परिक्रमस्तथा छिन्नस्तथा च परदूषणम् ।
स्कन्धोपनेयः सन्धिश्च सन्धयः षोडाशेरिताः ।८।
परस्परोपकारश्च मैत्रः सम्बन्धकस्तथा ।
उपहाराश्च चत्वारस्तेषु मुख्याश्च सन्धयः ।९।
बालो वृद्धो दीर्घरोगस्तथा बन्धुबहिष्कृतः ।
भीरुको भीरुकजनो लुब्धो लुब्धजनस्तथा ।१०।
विरक्तप्रकृतिश्चैव विषयेष्वतिशक्तिमान् ।
अनेकचित्तमन्त्रश्च देवब्राह्मणनिन्दकः ।११।
दैवोपहतकश्चैव दैवनिन्दक एव च ।
दुर्भिक्षव्यसनोपेतो बलव्यसनसङ्कुलः ।१२।
स्वदेशस्थो बहुरिपुर्मुक्तः कालेन यश्च ह ।
सत्यधर्मव्यपेतश्च विंशति पुरुषा अमी ।१३।
एतैः सन्धिं न कुर्वीत विगृह्णीयात्तु केवलम् ।
परस्परापकारेण पुंसां भवति विग्रहः ।१४।
आत्मनोऽभ्युदयाकाङ्क्षी पीड्यमानः परेण वा ।
देशकालबलोपेतः प्रारभेतेह विग्रहम् ।१५।

दिएर यी दुवैमाथि अनुग्रह गर्नमा समर्थ हुन्छ र यदि यी आपसमा सङ्गठित छैनन् भने त्यस मध्यम राजाले छुट्टाछुट्टै वा पालैपालो यी दुवैको वध गर्नमा समर्थ हुन्छ। यिनीहरू सबैको भन्दा बाहिरपटि जुन अधिक बलशाली वा सैनिक शक्तिले अधिक सम्पन्न राजा हुन्छ त्यसलाई उदासीन भन्ने गरिएको छ। विजिगीषु, अरि र मध्यम यी परस्परमा सङ्गठित भए भनेदेखि उदासीन राजाले यिनीहरूमाथि कृपा मात्र गर्न सक्दछ र यदि यी सङ्गठित नभएर छुट्टाछुट्टै रहेका छन् भने उदासीन राजा यी सबैलाई मारिदिन सक्दछ। हे लक्ष्मण ! अब म तिमीलाई सन्धि, विग्रह, यान र आसन आदिका विषयमा भन्दै छु। यदि कुनै बलवान् राजासित युद्ध निश्चित गरियो र आफ्ना पक्षको अवस्था शोचनीय छ भने आफ्नो कल्याणका लागि सन्धि गर्नुपर्दछ। कपाल, उपहार, सन्तान, सङ्गत, उपन्यास, प्रतीकार, संयोग, पुरुषान्तर, अदृष्टनर, आदिष्ट, आत्मामिष, उपग्रह, परिक्रय, उच्छिन्न, परदूषण तथा स्कन्धोपनेय यी सोह्रवटा सन्धिका भेद हुन् भनिएको छ। जोसित सन्धि गरिन्छ त्यसलाई सन्धेय भनिन्छ। त्यसका दुई भेद हुन्छन्– अभियोक्ता र अनभियोक्ता । उक्त सन्धिहरूमध्ये उपन्यास, प्रतीकार र संयोग यी तीन सन्धिहरू अनभियोक्ताप्रति गर्नुपर्दछ। बाँकी सबै अभियोक्ताप्रति गर्नुपर्ने हुन्छ । परस्परोपकार, मैत्र, सम्बन्धज र उपहार यी चारलाई नै सन्धिका भेद हुन् भनेर जान्नुपर्दछ भन्ने खालको अरूहरूको मत रहेको छ। बालक, वृद्ध, दीर्घरोगी, भाइबन्धुबाट बहिष्कार गरिएको, डरछेरुवा, काँतर सैनिक भएको, लोभीलालची सेवकहरू भएको, अमात्य आदि प्रकृतिहरूको मायाबाट ठगिएको, अत्यन्त विषयलम्पट, अस्थिर चित्त भएको, अनेकौं मानिसका माझमा गोप्य कुरो बोल्ने, देवता एवं ब्राह्मणको निन्दा गर्ने, भाग्यले ठगेको, भाग्यवादी अल्छी, जसमाथि अनिकाल आइपरेको छ, जसका सेनालाई शत्रुले कैद गरिसकेको छ अथवा शत्रुका सङ्कटमा जो परेको छ, अनुचित देशमा बसेको, शत्रुहरू धेरै भएको, जसका सेना युद्धका लागि उपयुक्त हुने गरी समयमा नियुक्त गरिएको छैन, जो सत्य एवं धर्मबाट भ्रष्ट भएको यी बीस पुरुषहरू यस्ता हुन्छन्, जोसित सन्धि गर्नु हुँदैन, केवल विग्रह मात्रै गर्नुपर्दछ। एकापसमा हानि गर्ने बेहोराले मानिसमा विग्रह वा कलह हुन्छ। राजाले आफ्नो उन्नतिको इच्छाले अथवा शत्रुबाट पीडित भएका कारण यदि देशकालको अनुकूलता र सैनिक शक्तिले सम्पन्न छन् भने मात्रै युद्ध वा विग्रहको प्रारम्भ गर्नुपर्दछ।१–१५।

सप्ताङ्ग राज्य, स्त्री, जनपदको विशेष स्थान, राष्ट्रको कुनै एक भाग, ज्ञानदाता उपाध्याय आदि र सेना

राज्यस्त्रीस्थानदेशानां ज्ञानस्य च बलस्य च ।
अपहारो मदो मानः पीडा वैषयिकी तथा ।१६।
ज्ञानात्मशक्तिधर्माणां विघातो दैवमेव च ।
मित्रार्थं चापमानं च तथा बन्धुविनाशनम् ।१७।
भूतानुग्रहविच्छेदस्तथा मण्डलदूषणम् ।
एकार्थाभिनिवेशित्वमिति विग्रहयोनयः ।१८।
सापत्न्यं वास्तुजं स्त्रीजं वाग्जातमपराधजम् ।
वैरं पञ्चविधं प्रोक्तं साधनैः प्रशमं नयेत् ।१९।
किञ्चित्फलं निष्फलं वा सन्दिग्धफलमेव च ।
तदात्वे दोषजननमायत्यां चैव निष्फलम् ।२०।
आयत्यां च तदात्वे च दोषसञ्जननं तथा ।
अपरिज्ञातवीर्य्येण परेण स्तोभितोऽपि वा ।२१।
परार्थं स्त्रीनिमित्तं च दीर्घकालं द्विजैः सह ।
अकालदैवयुक्तेन बलोद्धतसखेन च ।२२।
तदात्वे फलसंयुक्तमायत्यां फलवर्जितम् ।
आयत्यां फलसंयुक्तं तदात्वे निष्फलं तथा ।२३।
इतीमं षोडशविधं न कुर्य्यादिव विग्रहम् ।
तदात्वायतिसंशुद्धं कर्म राजा सदाचरेत् ।२४।
हृष्टं पुष्टं बलं मत्वा गृह्णीयाद्विपरीतकम् ।
मित्रमाक्रन्द आसारो यदा स्युर्दृढभक्तयः ।२५।
परस्य विपरीतं च तदा विग्रहमाचरेत् ।
विगृह्य सन्धाय तथा सम्भूयाथ प्रसङ्गतः ।२६।
उपेक्षया च निपुणैर्यानं पञ्चविधं स्मृतम् ।
परस्परस्य सामर्थ्यविघातादासनं स्मृतम् ।२७।
अरेश्च विजिगीषोश्च यानवत्पञ्चधा स्मृतम् ।

यिनीहरूमध्ये कुनैको पनि अपहरण हुनु युद्धको कारण हुन्छ। यिनीहरूबाहेक मद, मान, जनपदको पीडा, ज्ञानविघात, अर्थविघात, शक्तिविघात, धर्मविघात, दैव, सुग्रीव आदि जस्ता मित्रका प्रयोजनको सिद्धि, मान्यजनको अपमान, बन्धवर्गको विनाश, भूतानुग्रहविच्छेद, मण्डलदूषण, एकार्थाभिनिवेशित्व, यी बीस विग्रहका कारण हुन्। सापत्न, वास्तुज, स्त्रीको अपहरणबाट हुने रोष, कटुवचनजनित क्रोध तथा अपराधजनित प्रतिशोधको भावना यी पाँच प्रकारका पनि वैरी हुन्छन् भनी अरू विद्वान्हरूले बताएका छन्। जुन युद्धले अत्यन्त थोरै लाभ हुन्छ, जुन निष्फल हुन्छ, जुनबाट फल प्राप्तिमा सन्देह छ, जो तत्काल दोषजनक हुन्छ, जुन भविष्यमा पनि निष्फल हुन्छ, वर्तमान र भविष्यमा पनि दोषजनक हुन्छ, जुन बलपराक्रम थाहा नभएका शत्रुसित गर्नुपर्ने हुन्छ, अर्काले उरालेको हुन्छ, जुन अर्काको स्वार्थ सिद्धिका लागि गरिन्छ, कुनै साधारण स्त्री पाउनका लागि गरिएको हुन्छ, जो लामो समयसम्म चलिरहने जस्तो लाग्दछ, जुन श्रेष्ठ विद्वान्सँग परेको छ, जो वरदान आदि पाएर अकस्मात् दैवी बलले सम्पन्न भएका पुरुषसित परेको छ, जसका मित्र धेरै बलशाली छन्, जो वर्तमानमा फलदायक भईकन पनि भविष्यमा निष्फल हुन्छ, जो भविष्यमा फलदायक भए पनि वर्तमानमा निष्फल छ यी सोह्र प्रकारका युद्धमा कहिल्यै हात हाल्नु हुँदैन। जो वर्तमान र भविष्यमा स्पष्ट शुद्ध छ, पूर्णतया लाभदायक हुन्छ त्यही युद्ध राजाले थाल्नुपर्दछ। आफ्नो सेना हृष्टपुष्ट अर्थात् उत्साह र शक्तिले सम्पन्न छ र शत्रुको अवस्था यसको विपरीत छ भन्ने राजाले जब बुझ्दछन् त्यस बेला नै उनले त्यसलाई जित्नका लागि युद्ध आरम्भ गर्नुपर्दछ। जब मित्र, आक्रन्द र आक्रन्दासार यी तीनैवटाको राजाप्रति बलियो भक्तिभाव हुन्छ र शत्रुका मित्रहरू विपरीत स्थितिमा रहेका हुन्छन् त्यस्ता बेलामा युद्ध थाल्नुपर्दछ। युद्धका लागि राजाले गरेको यात्रालाई यान भनिन्छ। विगृह्यगमन, सन्धायगमन, सम्भूयगमन, प्रसङ्गतः गमन तथा उपेक्षापूर्वक गमन नीतिज्ञ पुरुषहरूले यानका यस किसिमका पाँचवटा भेद बताइदिएका छन्। जुन अवस्थामा विजिगीषु र शत्रु दुवै एकअर्काको शक्तिलाई आघात गर्न नसक्नाका कारण आक्रमण नगरीकन चुप लागेर बसिरहेका हुन्छन् भने त्यसलाई आसन भनिन्छ। यसका पनि यानकै जस्तो पाँच भेद हुन्छन्— विगृह्य आसन, सन्धाय आसन, सम्भूय आसन, प्रसङ्ग आसन र उपेक्षा आसन। दुईवटा बलवान् शत्रुका बीचमा परेकाले वाणीद्वारा दुवैलाई आत्मसमर्पण गर्दै— म र मेरो राज्य दुवैको हो भन्ने सन्देश दुर्वलाई गोप्य रूपमा पठाउँछ र आफू स्वयं किल्लाभित्र लुकेर

बलिनोर्द्विषतोर्मध्ये वाचात्मानं समर्पयन् ।२८।
द्वैधीभावेन तिष्ठेत काकाक्षिवदलक्षितः ।
उभयोरपि सम्पाते सेवेत बलवत्तरम् ।२९।
यदा द्वावपि नेच्छेतां संश्लेषं जातसंविदौ ।
तदोपसर्पेत्तच्छत्रुमधिकं वा स्वयं व्रजेत् ।३०।
उच्छिद्यमानो बलिना निरूपायप्रतिक्रियः ।
कुलोद्धतं सत्यमार्य्यमासेवेत बलोत्कटम् ।३१।
तद्दर्शनोपास्तिकता नित्यं तद्भावभाविता ।
तत्कारितप्रश्रयिता वृत्तं संश्रयिणः श्रुतम् ।३२।

बसिरहन्छ भने यस्तो द्वैधीभावको नीति हो। जब उक्त दुवै शत्रु पहिलेबाटै सङ्गठित भएर आक्रमण गर्दछन् भने तिनीहरूमध्ये जुन धेरै बलशाली हुन्छ त्यसको शरण लिनुपर्दछ। यदि ती दुवै शत्रुले आपसमा सल्लाह गरेर उससित कुनै पनि सर्तमा सन्धि गर्न मान्दैनन् भने विजिगीषुले ती दुवैको कुनै शत्रुको आश्रय लिनुपर्छ अथवा कुनै पनि अधिक शक्तिशाली राजाको शरण लिएर आफूलाई जोगाउनुपर्दछ। यदि विजिगीषुमाथि कुनै बलवान् शत्रुको आक्रमण भयो, ऊ मासिनै लाग्यो र कुनै पनि तरिकाले त्यो सङ्कट टार्ने उसका लागि असम्भव नै भयो भने त्यस बेला उसले कुनै कुलीन, सत्यवादी, सदाचारी तथा शत्रुको तुलनामा धेरै बलशाली राजाको शरण लिनुपर्छ। त्यस आश्रयदाताको दर्शनका लागि उसको आराधना गर्नु, सधैँ उसका अभिप्रायकै अनुकूल चल्नु, उसैका लागि कार्य गर्नु र सधैँ उसप्रति आदरको भाव राख्नु यी व्यवहार आश्रय लिनेका हुन् भनिएको छ ।१६-३२।

२४१. एकचत्वारिंशधिकद्विशततमोऽध्यायः

पुनः सामादि

राम उवाच

प्रभावोत्साहशक्तिभ्यां मन्त्रशक्तिः प्रशस्यते ।
प्रभावोत्साहवान्काव्यो जितो देवपुरोधसा ।१।
मन्त्रयेतेह कार्य्याणि नानाप्तैर्नाऽविपश्चिता ।
अशक्यारम्भवृत्तीनां कुतः क्लेशादृते फलम् ।२।
अविज्ञातस्य विज्ञानं विज्ञातस्य च निश्चयः ।
अर्थद्वैधस्य सन्देशच्छेदनं शेषदर्शनम् ।३।
सहायाः साधनोपाया विभागो देशकालयोः ।
विपत्तेश्च प्रतीकारः पञ्चाङ्गो मन्त्र इष्यते ।४।
मनः प्रसादः श्रद्धा च तथा करणपाटवम् ।
सहायोत्थानसम्पच्च कर्मणां सिद्धिलक्षणम् ।५।
मदः प्रमादः कामश्च सुप्तप्रलपितानि च ।

श्रीराम भन्दछन्– हे लक्ष्मण ! प्रभावशक्ति र उत्साहशक्तिभन्दा मन्त्रशक्तिलाई श्रेष्ठ हो भनिएको छ । प्रभाव र उत्साले सम्पन्न शुक्राचार्यलाई देवपुरोहित बृहस्पतिले मन्त्रका बलले जितेका थिए। जो विश्वसनीय हुनुका साथसाथै नीतिशास्त्रको पनि विद्वान् छ, उसैसित राजाले आफ्ना कर्तव्यका विषयमा मन्त्रणा गर्नुपर्दछ। जसले नसक्ने खालका कामको आरम्भ गर्दछ, उसलाई कष्ट भोग्नेभन्दा बाहेक अर्को फल कसरी प्राप्त हुन सक्छ र ? अविज्ञातको ज्ञान, विज्ञातको निश्चय, कर्तव्यका विषयमा उत्पन्न हुने संशयको निराकरण, तथा शेषको उपलब्धि यी सबै काम मन्त्रीहरूकै अधीनमा हुन्छन् । सहायक, कार्य साधनको उपाय, देश र कालको विभाजन, विपत्तिको निवारण तथा कर्तव्यको सिद्धि यी मन्त्रीहरूका मन्त्रणाका पाँच अङ्ग हुन् । मनको प्रसन्नता, श्रद्धा, ज्ञानेन्द्रिय तथा कर्मेन्द्रियहरूको स्वविषयक व्यापारमा क्षमता, सहायसम्पत्ति तथा उत्थानसम्पत्ति यी मन्त्रद्वारा निश्चित गरेर आरम्भ गरिने कर्मका सिद्धिका लक्षण हुन् । मद, प्रमाद, काम, स्वप्नावस्था, कनसुत्ले लागेर सुन्नेहरू, निकटवर्ती मानिसहरू, उपेक्षित प्राणी आदि मन्त्रको भेदन गराउने कारण हुन सक्छन् । सभामा निर्भीक भएर बोल्ने, स्मरणशक्तिले सम्पन्न, प्रवचनकुशल, शस्त्र र शास्त्रमा तेजिलो, टाढैबाट

भिन्दन्ति मन्त्रं प्रच्छन्नाः कामिन्यो रमतां तथा ।६।
प्रगल्भः स्मृतीमान्वाग्मी शस्त्रे शास्त्रे च निष्ठितः ।
अभ्यस्तकर्मा नृपतेर्दूतो भवितुमर्हति ।७।
निसृष्टार्थो मितार्थश्च तथा शासनहारकः ।
सामर्थ्यात्पादतो हीनो दूतस्तु त्रिविधः स्मृतः ।८।
नाविज्ञातं पुरं शत्रोः प्रविशेच्च न संसदम् ।
कालमीक्षेत कार्य्यार्थमनुज्ञातश्च निष्पतेत् ।९।
छिद्रं च शत्रोर्जानीयात्कोशमित्रबलानि च ।
रागापरागौ जानीयादृष्टिगात्रविचेष्टितैः ।१०।
कुर्य्याच्चतुर्विधं स्त्रोत्रं पक्षयोरुभयोरपि ।
तपस्विव्यञ्जनोपेतैः सुचरैः सह संवसेत् ।११।
चरः प्रकाशो दूतः स्यादप्रकाशश्चरो द्विधा ।
वणिक् कृषीवलो लिङ्गी भिक्षुकाद्यात्मकाश्चराः ।१२।
यायादरिं व्यसनिनं निष्फले दूतचेष्टिते ।
प्रकृतिव्यसनं यत्स्यात्तत्समीक्ष्य समुत्पतेत् ।१३।
अनयाद्व्यस्यति श्रेयस्तस्मात्तद्व्यसनं स्मृतम् ।
हुताशनो जलं व्याधिर्दुर्भिक्षं नरकं तथा ।१४।
इति पञ्चविधं दैवं व्यसनं मानुषं परम् ।
दैवं पुरुषकारेण शान्त्या च प्रशमं नयेत् ।१५।
उत्थापितेन नीत्या च मानुषं व्यसनं हरेत् ।
मन्त्रो मन्त्रफलावाप्तिः कार्य्यानुष्ठानमायतिः ।१६।
आयव्ययौ दण्डनीतिरमित्रप्रतिषेधनम् ।
व्यसनस्य प्रतीकारो राज्यराजाभिरक्षणम् ।१७।
इत्यमात्यस्य कर्मेदं हन्ति स व्यसनान्वितः ।
हिरण्यधान्यवस्त्राणि वाहनं प्रजया भवेत् ।१८।

उचित कर्मलाई सम्पन्न गर्ने अभ्यास भएको पुरुष राजदूत हुनका लागि योग्य हुन्छ । निसृष्टार्थ, मितार्थ र शासनहारक गरी तीन खादका दूत हुन्छन् भनिन्छ । आफू आउन लागेको सूचना नदिईकन दूतले शत्रुको संसद् वा किल्लामा प्रवेश गर्नु हुँदैन । उसले कार्य सिद्धिका लागि समयको प्रतीक्षा गर्नुपर्छ र शत्रु राजाको आज्ञा लिएर नै त्यहाँबाट बिदा हुनुपर्दछ । उसले शत्रुको कमजोरी पत्ता लगाउनुपर्छ । शत्रुको कोष, मित्र र सेनाका विषयमा पनि उसले जानेको हुनुपर्छ र शत्रुको दृष्टि र शरीरको चेष्टाबाट आफूप्रति भएको अनुराग वा विरक्तिको अनुमान पनि लगाउनुपर्छ । उसले दुवै तर्फका कुलको, नामको, द्रव्यको, श्रेष्ठ कर्मको खुब बयान गर्नुपर्छ । यसरी चार प्रकारले स्तुति गर्नुपर्दछ । तपस्वीका वेषमा रहने आफ्ना गुप्तचरसित संवाद गर्नुपर्दछ । अर्थात् तिनीहरूसित बातचित गरेर यथार्थ स्थिति जान्ने चेष्टा गर्नुपर्दछ । चर दुई किसिमका हुन्छन्– प्रकाश र अप्रकाश । यिनीहरूमा जुन प्रकाश हो, त्यसलाई दूतको संज्ञा दिइएको छ र जो अप्रकाश हो उसलाई चर भनिएको छ । वणिक्, किसान, लिङ्गी, भिक्षुक, अध्यापक यी चारको स्थितिका लागि संस्थाहरू हुन्छन् । यिनका लागि जीविकाको व्यवस्था गर्नुपर्दछ र त्यसबाट नै उनले सुखपूर्वक रहन सक्दछन् । जब दूतको चेष्टा विफल हुन्छ र शत्रु कुलतग्रस्त हुन्छ त्यस बेलामा उसमाथि आक्रमण गर्नुपर्दछ । आफ्नो अवस्था जुन कुराले व्यसन (सङ्कट)ग्रस्त गरायो त्यस्ता कारणलाई शान्त गरेर नै विजिगीषुले शत्रुमाथि आक्रमण गर्नुपर्दछ । व्यसन वा सङ्कट दुई प्रकारका हुन्छन्– मानवी र दैवी । अनय र अपनय दुवैका संयोगबाट प्रकृति व्यसन आइलाग्छ । अथवा केवल दैवले मात्रै पनि त्यो आइलाग्न सक्छ । त्यसले अभीष्ट अर्थलाई क्षति वा नष्ट गर्दछ । त्यस्तो हुनुलाई व्यस्त पनि भनिन्छ । त्यसैले आपद्लाई व्यसन भनिएको हो । आगलागी हुनु, अतिवृष्टि वा बाढी, रोग, अनिकाल, महामारी यी पाँच प्रकारका दैवी व्यसन हुन् । बाँकी सबै मानुष व्यसन हुन् । पुरुषार्थ अथवा अथर्ववेदमा भनिएको शान्तिकर्मले दैवव्यसनलाई निवारण गर्नुपर्दछ । उत्थानशीलता अथवा नीतिसन्धि या साम आदिको प्रयोगद्वारा मानुषव्यसनलाई शान्ति गर्नुपर्दछ । मन्त्र, मन्त्रफलको प्राप्ति, कार्यको अनुष्ठान, भावी उन्नतिको सम्पादन, आयव्यय, दण्डनीति, शत्रुको निवारण तथा व्यसन टार्ने उपाय, राजा एवं राज्यको रक्षा यी सबै अमात्यका कर्तव्य हुन् । यदि अमात्य व्यसनग्रस्त भयो भने यी सबै कार्यलाई नष्ट गराउँछ । सुवर्ण, धान्य, वस्त्र, वाहन तथा अन्यान्य द्रव्यको सङ्ग्रह जनपदवासी प्रजाहरूका कर्म हुन् । यदि प्रजा व्यसनग्रस्त भए भने उनले उपर्युक्त सबै कार्यहरूलाई नष्ट पार्दछन् । आपद्कालमा

भिन्दन्ति मन्त्रं प्रच्छन्नाः कामिन्यो रमतां तथा ।६।
प्रगल्भः स्मृतीमान्वाग्मी शस्त्रे शास्त्रे च निष्ठितः ।
अभ्यस्तकर्मा नृपतेर्दूतो भवितुमर्हति ।७।
निसृष्टार्थो मितार्थश्च तथा शासनहारकः ।
सामर्थ्यात्पादतो हीनो दूतस्तु त्रिविधः स्मृतः ।८।
नाविज्ञातं पुरं शत्रोः प्रविशेच्च न संसदम् ।
कालमीक्षेत कार्य्यार्थमनुज्ञातश्च निष्पतेत् ।९।
छिद्रं च शत्रोर्जानीयात्कोशमित्रबलानि च ।
रागापरागौ जानीयादृष्टिगात्रविचेष्टितैः ।१०।
कुर्य्याच्चतुर्विधं स्त्रोत्रं पक्षयोरुभयोरपि ।
तपस्विव्यञ्जनोपेतैः सुचरैः सह संवसेत् ।११।
चरः प्रकाशो दूतः स्यादप्रकाशश्चरो द्विधा ।
वणिक् कृषीवलो लिङ्गी भिक्षुकाद्यात्मकाश्चराः ।१२।
यायादरिं व्यसनिनं निष्फले दूतचेष्टिते ।
प्रकृतिव्यसनं यत्स्यात्तत्समीक्ष्य समुत्पतेत् ।१३।
अनयाद्व्यस्यति श्रेयस्तस्मात्तद्व्यसनं स्मृतम् ।
हुताशनो जलं व्याधिर्दुर्भिक्षं नरकं तथा ।१४।
इति पञ्चविधं दैवं व्यसनं मानुषं परम् ।
दैवं पुरुषकारेणे शान्त्या च प्रशमं नयेत् ।१५।
उत्थापितेन नीत्या च मानुषं व्यसनं हरेत् ।
मन्त्रो मन्त्रफलावाप्तिः कार्य्यानुष्ठानमायतिः ।१६।
आयव्ययौ दण्डनीतिरमित्रप्रतिषेधनम् ।
व्यसनस्य प्रतीकारो राज्यराजाभिरक्षणम् ।१७।
इत्यमात्यस्य कर्मेदं हन्ति स व्यसनान्वितः ।
हिरण्यधान्यवस्त्राणि वाहनं प्रजया भवेत् ।१८।

उचित कर्मलाई सम्पन्न गर्ने अभ्यास भएको पुरुष राजदूत हुनका लागि योग्य हुन्छ । निसृष्टार्थ, मितार्थ र शासनहारक गरी तीन खादका दूत हुन्छन् भनिन्छ । आफू आउन लागेको सूचना नदिईकन दूतले शत्रुको संसद् वा किल्लामा प्रवेश गर्नु हुँदैन । उसले कार्य सिद्धिका लागि समयको प्रतीक्षा गर्नुपर्छ र शत्रु राजाको आज्ञा लिएर नै त्यहाँबाट बिदा हुनुपर्दछ । उसले शत्रुको कमजोरी पत्ता लगाउनुपर्छ । शत्रुको कोष, मित्र र सेनाका विषयमा पनि उसले जानेको हुनुपर्छ र शत्रुको दृष्टि र शरीरको चेष्टाबाट आफूप्रति भएको अनुराग वा विरक्तिको अनुमान पनि लगाउनुपर्छ । उसले दुवै तर्फका कुलको, नामको, द्रव्यको, श्रेष्ठ कर्मको खुब बयान गर्नुपर्छ । यसरी चार प्रकारले स्तुति गर्नुपर्दछ । तपस्वीका वेषमा रहने आफ्ना गुप्तचरसित संवाद गर्नुपर्दछ । अर्थात् तिनीहरूसित बातचित गरेर यथार्थ स्थिति जान्ने चेष्टा गर्नुपर्दछ । चर दुई किसिमका हुन्छन्– प्रकाश र अप्रकाश । यिनीहरूमा जुन प्रकाश हो, त्यसलाई दूतको संज्ञा दिइएको छ र जो अप्रकाश हो उसलाई चर भनिएको छ । वणिक्, किसान, लिङ्गी, भिक्षुक, अध्यापक यी चारको स्थितिका लागि संस्थाहरू हुन्छन् । यिनका लागि जीविकाको व्यवस्था गर्नुपर्दछ र त्यसबाट नै उनले सुखपूर्वक रहन सक्दछन् । जब दूतको चेष्टा विफल हुन्छ र शत्रु कुलतग्रस्त हुन्छ त्यस बेलामा उसमाथि आक्रमण गर्नुपर्दछ । आफ्नो अवस्था जुन कुराले व्यसन (सङ्कट)ग्रस्त गरायो त्यस्ता कारणलाई शान्त गरेर नै विजिगीषुले शत्रुमाथि आक्रमण गर्नुपर्दछ । व्यसन वा सङ्कट दुई प्रकारका हुन्छन्– मानवी र दैवी । अनय र अपनय दुवैका संयोगबाट प्रकृति व्यसन आइलाग्छ । अथवा केवल दैवले मात्रै पनि त्यो आइलाग्न सक्छ । त्यसले अभीष्ट अर्थलाई क्षति वा नष्ट गर्दछ । त्यस्तो हुनुलाई व्यस्त पनि भनिन्छ । त्यसैले आपद्‌लाई व्यसन भनिएको हो । आगलागी हुनु, अतिवृष्टि वा बाढी, रोग, अनिकाल, महामारी यी पाँच प्रकारका दैवी व्यसन हुन् । बाँकी सबै मानुष व्यसन हुन् । पुरुषार्थ अथवा अथर्ववेदमा भनिएको शान्तिकर्मले दैवव्यसनलाई निवारण गर्नुपर्दछ । उत्थानशीलता अथवा नीतिसन्धि या साम आदिको प्रयोगद्वारा मानुषव्यसनलाई शान्ति गर्नुपर्दछ । मन्त्र, मन्त्रफलको प्राप्ति, कार्यको अनुष्ठान, भावी उन्नतिको सम्पादन, आयव्यय, दण्डनीति, शत्रुको निवारण तथा व्यसन टार्ने उपाय, राजा एवं राज्यको रक्षा यी सबै अमात्यका कर्तव्य हुन् । यदि अमात्य व्यसनग्रस्त भयो भने यी सबै कार्यलाई नष्ट गराउँछ । सुवर्ण, धान्य, वस्त्र, वाहन तथा अन्यान्य द्रव्यको सङ्ग्रह जनपदवासी प्रजाहरूका कर्म हुन् । यदि प्रजा व्यसनग्रस्त भए भने उनले उपर्युक्त सबै कार्यहरूलाई नष्ट पार्दछन् । आपद्‌कालमा

तथान्ये द्रव्यनिचया हन्ति सव्यसना प्रजा ।
प्रजानामापदिस्थानां रक्षणं कोशदण्डयोः ।१९।
पौराद्याश्चोपकुर्वन्ति संश्रयादिह दुर्दिनम् ।
तूर्ष्णी युद्धं जनत्राणं मित्रामित्रपरिग्रहः ।२०।
सामन्तादिकृते दोषे नश्येत्तद्व्यसनाच्च तत् ।
भृत्यानां भरणं दानं प्रजामित्रपरिग्रहः ।२१।
धर्मकामादिभेदश्च दुर्गसंस्कारभूषणम् ।
कोशात्तद्व्यसनाद्धन्ति कोशमूलो हि भूपतिः ।२२।
मित्रामित्रावनीहेमसाधनं रिपुमर्दनम् ।
दूरकार्य्याशुकारित्वं दण्डात्तद्व्यसनाद्धरेत् ।२३।
संस्तम्भयति मित्राणि ह्यमित्रं नाशयत्यपि ।
धनाद्यैरुपकारित्वं मित्रात्तद्व्यसनाद्धरेत् ।२४।
राजा सव्यसनी हन्याद्राजकार्य्याणि यानि च ।
वाग्दण्डयोश्च पारुष्यमर्थदूषणमेव च ।२५।
पानं स्त्री मृगया द्यूत व्यसनानि महीपतेः ।
आलस्यं स्तब्धता दर्पः प्रमादो द्वैधकारिता ।२६।
इति पूर्वोपदिष्टञ्च सचिवव्यसनं स्मृतम् ।
अनावृष्टिश्च पीडादी राष्ट्रव्यसनमुच्यते ।२७।
विशीर्णयन्त्रप्राकारपरिखातवमशस्त्रता ।
क्षीणया सेनया नद्धं दुर्गव्यसनमुच्यते ।२८।
व्ययीकृतः परिक्षिप्तोऽप्रजितोऽसञ्चितस्तथा ।
दूषितो दूरसंस्थश्च कोशव्यसनमुच्यते ।२९।
उपरुद्धं परिक्षिप्तममानितविमानितम् ।
अभूतं व्याधितं श्रान्तं दूरायातं नवागतम् ।३०।
परिक्षीणं प्रतिहतं प्रहताग्रतरं तथा ।

प्रजाजनको रक्षा, कोष र सेनाको रक्षा, गुप्त या आकस्मिक युद्ध, आपत्तिग्रस्त जनको रक्षा, सङ्कटमा परेका मित्रको र अमित्रको सङ्ग्रह तथा सामन्त एवं वनवासीहरूबाट आइपर्ने बाधाहरूको निवारण पनि किल्लाको आश्रय लिनाले नै हुन्छ। नगरका नागरिकले पनि शरण लिनका लागि दुर्गपतिहरूलाई कोष आदिद्वारा सहयोग गर्दछन् । भृत्य आदिको भरणपोषण, दानकर्म, भूषण, हात्तीघोडा आदिको किनबेच, स्थिरता राख्नु, शत्रुपक्षका लोभीहरूलाई धन दिएर फुट हाल्नु, किल्लाको स्याहारसम्भार, पुल–बाँध आदिको काम, व्यापार, प्रजा र मित्रहरूको सङ्ग्रह गर्नु, धर्म, अर्थ र कामको सिद्धि यी सबै कार्य कोषबाटै सम्पन्न हुन्छन् । कोषसम्बन्धी व्यसनबाट राजाले यी सबैलाई नाश गर्दछन्, किनभने राजाको मूल नै कोष हो । मित्र, अमित्र, सुवर्ण र भूमिलाई आफ्नो वशमा गर्नु, शत्रुहरूलाई दमन गर्नु, टाढाको कार्यलाई चाँडै पूरा गर्नु इत्यादि कार्य सेनाद्वारा सम्भव हुन्छन् । त्यसमाथि सङ्कट आयो भने यी सबै कार्य बिग्रन्छन् ।१–२३।

मित्रले विजिगीषुका विचलित हुन लागेका मित्रहरूलाई रोक्दछ । उनीहरूमा धैर्यता र स्नेह उत्पन्न गराउँछ, उसका शत्रुहरूलाई नाश गर्दछ र धन आदिले विजिगीषुलाई सहयोग गर्दछ । यी सबै मित्रबाट सिद्ध हुने कार्यहरू हुन् । मित्र नै व्यसनग्रस्त भयो भने यी सबै कार्य नष्ट हुन्छन् । यदि राजा नै व्यसनी भए भनेदेखि त समस्त राजकाजहरू नै नष्ट हुन्छन् । कठोर वचन बोलेर अर्कालाई दुःखी गराउनु, अत्यन्त कठोर दण्ड दिनु, अर्थदूष, मदिरापान, स्त्रीप्रतिको आसक्ति, सिकार खेल्नमा अधिक तत्परता हुनु र जुवा खेल्नु यी राजाका व्यसन हुन् । आलस्य, स्तब्धता, दर्प, प्रमाद, बिनाकारणको शत्रुता यी तथा पूर्वोक्त कठोर वचन आदि राजाका व्यसन नै सचिवका लागि दुर्व्यसन हुन् भनिएको छ । अनिवृष्टि–अनावृष्टि तथा रोगजन्य आपद्हरू नै राष्ट्रका लागि व्यसन हुन् भनिएको छ । यन्त्र, प्राकार तथा परिखाहरू नष्टभ्रष्ट हुनु, अस्त्रशस्त्रको अभाव हुनु, घाँसदाउरा एवं अन्न सकिनु यी किल्लाका लागि व्यसन हुन् भनिएको छ । असद्व्यय अथवा अपव्ययद्वारा जुन खर्च गरियो, जसलाई मण्डलका विभिन्न स्थानमा अलिअलि गरेर बाँडियो, रक्षक आदिले जसलाई खाए, जसलाई सञ्चय गरेर राखिएन, जसलाई चोरले चोर्‍यो तथा जुन धेरै टाढा लगेर थन्क्याइयो यस्तो कोषलाई व्यसनग्रस्त भनिएको छ । जसलाई चारैतिरबाट बाधा हालिएको होस्, जसलाई घेरा हालिएको छ, जसको अनादर या असम्मान भएको छ, जसको उचित किसिमले भरणपोषण भएको छैन, जसका अधिकांश सैनिकहरू रोगी, गलेका–थाकेका वा टाढाबाट नयाँ आएका छन्, जो सबैतिरबाट खिइएको र खण्डित भइसकेको छ,

आशानिर्वेदभूयिष्ठमनृतप्राप्तमेव च ।३१।
कलत्रगर्भं निक्षिप्तमन्तःशल्पं तथैव च ।
विच्छिन्नवीवधासारं शून्यमूलं तथैव च ।३२।
अस्वाम्यसंहतं वापि भिन्नकूटं तथैव च ।
दुष्पार्ष्णिग्राहमर्थं च बलव्यसनमुच्यते ।३३।
दैवोपपीडितं मित्रं ग्रस्तं शत्रुबलेन च ।
कामक्रोधादिसंयुक्तमुत्साहादरिभिर्भवेत् ।३४।
अर्थस्य दूषणं क्रोधात्पारुषं वाक्यदण्डयोः ।
कामजं मृगया द्यूतं व्यसनं पानकं स्त्रियः ।३५।
वाक्पारुष्यं परं लोके उद्वेजनमनर्थकम् ।
असिद्धसाधनं दण्डस्तं युक्त्यापनयेन्नृपः ।३६।
उद्वेजयति भूतानि दण्डपारुष्यवान्नृपः ।
भूतान्युद्वेज्यमानानि द्विषतां यान्ति संश्रयम् ।३७।
विवृद्धाः शत्रवश्चैव विनाशाय भवन्ति ते ।
दूष्यस्य दूषणार्थं च परित्यागो महीयसः ।३८।
अर्थस्य नीतितत्त्वज्ञैरर्थदूषणमूच्यते ।
पनात्कार्य्यादिनोऽज्ञानं मृगयातोऽरितः क्षयः ।३९।
जितश्रमार्थ मृगयां विचरेद्रक्षिते वने ।
धर्मार्थप्राणनाशादि द्यूते स्यात्कलहादिकम् ।४०।
कालातिपातो धर्मार्थपीडा स्त्रीव्यसनाद्भवेत् ।
पानदोषात्प्राणनाशः कार्य्याकार्य्यविनिश्चयः ।४१।
स्कन्धावारनिवेशज्ञो निमित्तज्ञो रिपुं जयेत् ।
स्कन्धावारस्य मध्ये तु सकोशं नृपतेर्गृहम् ।४२।
मौलीभूतं श्रेणिसुहृद्द्विषदाटविकं बलम् ।

जसको अगाडि बढ्ने वेग रोकिइसकेको छ, जसका धेरैजसो मानिसहरू निराश एवं बिरक्तिएका छन्, जो अयोग्य भूमिमा रहेको छ, जो अविश्वासको सिकार भइसकेको छ, जसको भित्री भाव स्त्रीको जस्तो भएको छ, जसका हृदयमा कुनै कुरो बिझिरहेको छ, र जुन सेनाका पछाडि दुष्ट शत्रु लागिरहेको छ त्यस्ता सेनाको यस दुरवस्थालाई नै बलव्यसन भनिएको छ। जो दैवबाट पीडित, शत्रुका सेनाले आक्रान्त तथा पहिले भनेझैँ काम, क्रोध आदिले ग्रस्त भएको छ त्यस्ता मित्रलाई व्यसनग्रस्त भनिएको छ। उसलाई उत्साह एवं सहायता दिइन्छ भने ऊ शत्रुसित युद्ध गर्न र विजय प्राप्त गर्न सक्दछ। अर्थदूषण, वाणीको कठोरता तथा दण्डविषयक अत्यन्त क्रूरता यी तीन क्रोधज व्यसन हुन् । मृगया, जुवा, मद्यपान तथा स्त्रीप्रसङ्ग यी चार प्रकारका कामज व्यसन हुन् । वाणीको कठोरताले लोकमा अत्यन्त उद्वेग उत्पन्न गर्दछ र अनर्थकारी पनि हुन्छ। अर्थहरण, ताडन र वध यी तीन प्रकारका दण्ड असिद्ध अर्थका साधक हुनाले सत्पुरुषहरूले यिनलाई शासन भन्दछन् । त्यसलाई युक्तिपूर्वक नै चलाउनुपर्दछ। राजाले दिएको जुन उचित दण्ड हो त्यसलाई प्रशंसा गरिन्छ। क्रोधवश कठोर दण्ड जसले दिन्छ त्यस्ता राजाबाट मानिसहरूमा उद्वेग उत्पन्न हुन्छ। त्यस्ता दण्डबाट उद्विग्न भएका मानिस विजिगीषुका शत्रुका शरणमा जान्छन्, तिनीहरूबाट फलिफाप भएका शत्रु नै उक्त राजाको विनाशको कारण बन्दछ । दूषणका लागि दूषणीय मानिसबाट प्राप्त हुने कुनै ठूलो अर्थलाई विधापूर्वक परित्याग गर्नुलाई नीतितत्त्व जान्ने विद्वान्हरूले अर्थदूषण भनेका छन् । कुदिरहेका अश्व आदि वाहनबाट खस्नु, भोकतिर्खाले दुःख पाउनु आदि दोष मृगयाबाट प्राप्त हुन्छन् । कुनै लुकिबसेका शत्रुबाट मारिने पनि सम्भावना त्यसबाट हुन्छ । श्रम या थकाइमाथि विजय पाउनका लागि कुनै सुरक्षित वनमा राजाले सिकार खेल्नुपर्दछ। जुवामा धर्म, अर्थ र प्राणको नाश आदि दोष हुन्छन् । त्यसैमा कलह आदिको पनि सम्भावना रहेको हुन्छ। स्त्रीसम्बन्धी व्यसनबाट प्रत्येक कर्तव्य पूरा गर्नमा सधैँ ढिलो हुन्छ। ठीक समयमा कुनै काम हुन सक्दैन र धर्म एवं अर्थको पनि हानि नै हुन पुग्दछ। मद्यपानको व्यसले प्राणकै पनि नाश हुन्छ। नसाका कारण कर्तव्य र अकर्तव्य ठम्याउन पनि सकिँदैन। सेनाको छाउनी कहाँ र कसरी गर्नुपर्छ भन्ने कुरो जसले जान्दछ तथा हित-अहितको विचार पुऱ्याउँछ त्यसले शत्रुमाथि विजय प्राप्त गर्न सक्दछ। सेनाको छाउनीका मध्य भागमा कोषसहित राजाले बस्ने स्थान हुनुपर्दछ। राजभवनलाई चारैतिरबाट घेरा हालेर मौल, भृत, श्रेणी, मित्रसेना, द्विषद्बल तथा आटविक नामका सेनाहरूको छाउनी हाल्नुपर्दछ। सेनाको एकचौथाइ भागले युद्धका निम्ति तम्तयार भएर सेनापतिलाई

आशानिर्वेदभूयिष्ठमनृतप्राप्तमेव च ।३१।
कलत्रगर्भं निक्षिप्तमन्तःशल्पं तथैव च ।
विच्छिन्नवीवधासारं शून्यमूलं तथैव च ।३२।
अस्वाम्यसंहतं वापि भिन्नकूटं तथैव च ।
दुष्पार्ष्णिग्राहमर्थं च बलव्यसनमुच्यते ।३३।
दैवोपपीडितं मित्रं ग्रस्तं शत्रुबलेन च ।
कामक्रोधादिसंयुक्तमुत्साहादरिभिर्भवेत् ।३४।
अर्थस्य दूषणं क्रोधात्पारुषं वाक्यदण्डयोः ।
कामजं मृगया द्यूतं व्यसनं पानकं स्त्रियः ।३५।
वाक्पारुष्यं परं लोके उद्वेजनमनर्थकम् ।
असिद्धसाधनं दण्डस्तं युक्त्यापनयेन्नृपः ।३६।
उद्वेजयति भूतानि दण्डपारुष्यवान्नृपः ।
भूतान्युद्वेज्यमानानि द्विषतां यान्ति संश्रयम् ।३७।
विवृद्धाः शत्रवश्चैव विनाशाय भवन्ति ते ।
दूष्यस्य दूषणार्थं च परित्यागो महीयसः ।३८।
अर्थस्य नीतितत्त्वज्ञैरर्थदूषणमूच्यते ।
पनात्कार्य्यादिनोऽज्ञानं मृगयातोऽरितः क्षयः ।३९।
जितश्रमार्थ मृगयां विचरेद्रक्षिते वने ।
धर्मार्थप्राणनाशादि द्यूते स्यात्कलहादिकम् ।४०।
कालातिपातो धर्मार्थपीडा स्त्रीव्यसनाद्भवेत् ।
पानदोषात्प्राणनाशः कार्य्याकार्य्यविनिश्चयः ।४१।
स्कन्धावारनिवेशज्ञो निमित्तज्ञो रिपुं जयेत् ।
स्कन्धावारस्य मध्ये तु सकोशं नृपतेर्गृहम् ।४२।
मौलीभूतं श्रेणिसुहृद्द्विषदाटविकं बलम् ।

जसको अगाडि बढ्ने वेग रोकिइसकेको छ, जसका धेरैजसो मानिसहरू निराश एवं बिरक्तिएका छन्, जो अयोग्य भूमिमा रहेको छ, जो अविश्वासको सिकार भइसकेको छ, जसको भित्री भाव स्त्रीको जस्तो भएको छ, जसका हृदयमा कुनै कुरो बिभिरहेको छ, र जुन सेनाका पछाडि दुष्ट शत्रु लागिरहेको छ त्यस्ता सेनाको यस दुरवस्थालाई नै बलव्यसन भनिएको छ। जो दैवबाट पीडित, शत्रुका सेनाले आक्रान्त तथा पहिले भनेझैं काम, क्रोध आदिले ग्रस्त भएको छ त्यस्ता मित्रलाई व्यसनग्रस्त भनिएको छ। उसलाई उत्साह एवं सहायता दिइन्छ भने ऊ शत्रुसित युद्ध गर्न र विजय प्राप्त गर्न सक्दछ। अर्थदूषण, वाणीको कठोरता तथा दण्डविषयक अत्यन्त क्रूरता यी तीन क्रोधज व्यसन हुन् । मृगया, जुवा, मद्यपान तथा स्त्रीप्रसङ्ग यी चार प्रकारका कामज व्यसन हुन् । वाणीको कठोरताले लोकमा अत्यन्त उद्वेग उत्पन्न गर्दछ र अनर्थकारी पनि हुन्छ। अर्थहरण, ताडन र वध यी तीन प्रकारका दण्ड असिद्ध अर्थका साधक हुनाले सत्पुरुषहरूले यिनलाई शासन भन्दछन् । त्यसलाई युक्तिपूर्वक नै चलाउनुपर्दछ। राजाले दिएको जुन उचित दण्ड हो त्यसलाई प्रशंसा गरिन्छ। क्रोधवश कठोर दण्ड जसले दिन्छ त्यस्ता राजाबाट मानिसहरूमा उद्वेग उत्पन्न हुन्छ। त्यस्ता दण्डबाट उद्विग्न भएका मानिस विजिगीषुका शत्रुका शरणमा जान्छन्, तिनीहरूबाट फलिफाप भएका शत्रु नै उक्त राजाको विनाशको कारण बन्दछ। दूषणका लागि दूषणीय मानिसबाट प्राप्त हुने कुनै ठूलो अर्थलाई विधापूर्वक परित्याग गर्नुलाई नीतितत्त्व जान्ने विद्वान्हरूले अर्थदूषण भनेका छन् । कुदिरहेका अश्व आदि वाहनबाट खस्नु, भोकतिर्खाले दुःख पाउनु आदि दोष मृगयाबाट प्राप्त हुन्छन् । कुनै लुकिबसेका शत्रुबाट मारिने पनि सम्भावना त्यसबाट हुन्छ । श्रम या थकाइमाथि विजय पाउनका लागि कुनै सुरक्षित वनमा राजाले सिकार खेल्नुपर्दछ। जुवामा धर्म, अर्थ र प्राणको नाश आदि दोष हुन्छन् । त्यसैमा कलह आदिको पनि सम्भावना रहेको हुन्छ। स्त्रीसम्बन्धी व्यसनबाट प्रत्येक कर्तव्य पूरा गर्नमा सधैं ढिलो हुन्छ। ठीक समयमा कुनै काम हुन सक्दैन र धर्म एवं अर्थको पनि हानि नै हुन पुग्दछ। मद्यपानको व्यसले प्राणकै पनि नाश हुन्छ। नसाका कारण कर्तव्य र अकर्तव्य ठम्याउन पनि सकिँदैन। सेनाको छाउनी कहाँ र कसरी गर्नुपर्छ भन्ने कुरो जसले जान्दछ तथा हित-अहितको विचार पुऱ्याउँछ त्यसले शत्रुमाथि विजय प्राप्त गर्न सक्दछ। सेनाको छाउनीका मध्य भागमा कोषसहित राजाले बस्ने स्थान हुनुपर्दछ। राजभवनलाई चारैतिरबाट घेरा हालेर मौल, भृत, श्रेणी, मित्रसेना, द्विषद्बल तथा आटविक नामका सेनाहरूको छाउनी हाल्नुपर्दछ। सेनाको एकचौथाइ भागले युद्धका निम्ति तम्तयार भएर सेनापतिलाई

राजहर्म्यं समावृत्य क्रमेण विनिवेशयेत् ।४३।
सैन्यैकदेशः सन्नद्धः सेनापतिपुरःसरः ।
परिभ्रमेच्चत्वरांश्च मण्डलेन बहिर्निशि ।४४।
वार्ताः स्वका विजानीयाद् दूरसीमान्तचारिणः ।
निर्गच्छेत्प्रविशेच्चैव सर्व एवोपलक्षितः ।४५।
सामदानं च भेदश्च दण्डोपेक्षेन्द्रजालकम् ।
मायोपायाः सप्त परे निक्षिपेत्साधनाय तान् ।४६।
चतुर्विधं स्मृतं साम उपकारानुकीर्त्तनात् ।
मिथः सम्बन्धकथनं मृदुपूर्वञ्च भाषणम् ।४७।
आयाते दर्शनं वाचा तवाहमिति चार्पणम् ।
यः सम्प्राप्तधनोत्सर्गं उत्तमाधममध्यमः ।४८।
प्रतिदानं तदा तस्य गृहीतस्यानुमोदनम् ।
द्रव्यदानमपूर्वं च स्वयङ्ग्राहप्रवर्तनम् ।४९।
देयश्च प्रतिमोक्षश्च दानं पञ्चविधं स्मृतम् ।
स्नेहरागापनयनसंहर्षोत्पादनं तथा ।५०।
मिथो भेदश्च भेदज्ञैर्भेदश्च त्रिविधः स्मृतः ।
वधोऽर्थहरणं चैव परिक्लेशस्त्रिधा दमः ।५१।
प्रकाशश्चाप्रकाशश्च लोकद्विष्टान्प्रकाशतः ।
उद्विजेत हतैर्लोकस्तेषु पिण्डः प्रशस्यते ।५२।
विशेषेणोपनिषद्योगैर्हन्याच्छस्त्रादिना द्विषः ।
जातिमात्रं द्विजं नैव हन्यात्सामोत्तरं वशे ।५३।
प्रलिम्पन्निव चेतांसि दृष्ट्वा साधु पिबन्निव ।
ग्रसन्निवामृतं साम प्रयुञ्जीत प्रियं वचः ।५४।

अगाडि राखेर प्रयत्नपूर्वक छाउनीको बाहिरी भागमा रातभरि गस्ती गर्नुपर्दछ। वायुको समान गति भएका घोडामा चडेका घोडचढीहरूले निकै टाढा सीमान्तमा घुमीघुमीकन शत्रुको गतिविधि थाहा पाउनुपर्दछ। छाउनीको भित्र पस्ने र बाहिर निस्कने जोसुकैले राजाको आज्ञा प्राप्त गरेको हुनुपर्दछ। साम, दान, दण्ड, भेद, उपेक्षा, इन्द्रजाल र माया यी सात उपाय हुन्। शत्रुप्रति यिनीहरूको प्रयोग गर्नुपर्दछ। यी उपायहरूले शत्रुलाई वशमा पार्न सकिन्छ।२४-४६।

सामका भेद पाँचवटा हुन्छन् भनिएको छ– अर्काका उपकारको बयान गर्नु, साइनो लगाउनु, मधुर बोलीमा फकाउँदै कुरो गर्नु, पछि हुने उन्नतिको लोभ देखाउनु, मेरो तिमीबिना कोही छैन भन्दै पसारा पर्नु। कतैबाट उत्तम, मध्यम र अधम कोटिका आधारमा केही सरसम्पत्ति भेटियो भने उसलाई त्यसै रूपमा फिर्ता गर्नु दानको पहिलो भेद हो। आफूले नदिईकन कसैले लियो भने त्यसलाई पनि समर्थन गर्नु दानको दोस्रो भेद हो। अपूर्व द्रव्यदान तेस्रो, स्वयंग्राहप्रवर्तन चौथो र तिर्नुपर्ने ऋण आदिको छुट पाँचौं गरी पाँच किसिमका दानका भेद हुन्छन् भनिएको छ। आपसी मायाप्रीति भाँडेर एकापसमा लडाइँ गराइदिनु तथा धम्की दिनुलाई भेद भनिन्छ र भेदका विषयमा जान्ने पुरुषहरूले यसका तीन किसिम छन् भनेका छन्। मारिदिनु, धन लुट्नु र कुटेर दुःख दिनु यी दण्डका तीन भेद हुन्। वधका दुई प्रकार छन्– प्रकाश र अप्रकाश। जो सबैको द्वेष गर्दछ त्यस्ता दुष्टलाई प्रकट रूपमा मारिदिनुपर्दछ। तर जो मारिँदाखेरि मानिसहरू खिन्न हुन्छन्, जो राजाको प्रिय थियो र धेरै बलशाली थियो त्यस्ताले यदि राजाका हितम हानि गऱ्यो भने त्यस्ताको गुप्त रूपले वध गर्नु नै उत्तम हुन्छ भनिएको छ। गुप्त रूपले वधको प्रयोग यसरी गर्न सकिन्छ– विष हालेर, एकान्तमा डढाएर, नचिनेका मानिसद्वारा हतियार चलाएर अथवा शरीरमा घाउखटिरा आदि रोग लाग्ने मालिस आदि गराएर। यसरी राज्यका शत्रुलाई दुःख दिनुपर्छ। जातक कारणले मात्रै पनि यदि कोही ब्राह्मण छ भने त्यसलाई मार् हुँदैन, त्यसमाथि साम नीतिको प्रयोग गर्दै उसलाई वशमा लिने चेष्टा गर्नुपर्दछ। प्रिय वचन बोल्नुलाई साम भनिन्छ। त्यसको प्रयोग गर्दा चित्तमा अमृत बर्सिएको जस्तो भान परोस्। त्यस्त बोलीले नै हृदयमा स्थान बनाउन सकोस्। यति चिप्ले पाराले हेरोस् कि मानौँ उसले अगाडि भएकालाई माया गरेर सलक्कै निल्नै पो आँट्यो कि जस्तो पार्नुपर्दछ र मुखबाट अमृत नै खसाउन लागेको जस्ता किसिमले कुरो गर्नुपर्दछ। जसमाथि झुटो कलङ्क लगाइएको छ, जो धन कमाउन खोजिरहेको छ जसलाई बोलाएर अपमानित गरिएको छ, जो राजाको डा गर्दछ, जसमाथि धेरै कर लगाइएको छ, जो विद्या वा कुलक

मिथ्याभिशस्तः श्रीकाम आहूयाप्रतिमानितः ।
राजद्वेषी चातिकर आत्मसम्भावितस्तथा ।५५।
विच्छिन्नधर्मकामार्थः क्रुद्धो मानी विमानितः ।
अकारणात्परित्यक्तः कृतवैरोऽपि सान्त्वितः ।५६।
हृतद्रव्यकलत्रश्च पूजार्होऽप्रतिपूजितः ।
एतांस्तु भेदयेच्छत्रौ स्थितान्नित्यान्सुशङ्कितान् ।५७।
आगतान्पूजयेत् कामैर्निजांश्च प्रशमं नयेत् ।
सामदृष्टानुसन्धानमत्युग्रभयदर्शनम् ।५८।
प्रधानदानमानं च भेदोपायाः प्रकीर्त्तिताः ।
मित्रं हतं काष्ठमिव घुणजग्धं विशीर्य्यते ।५९।
त्रिशक्तिर्देशकालज्ञो दण्डेनास्तं नयेदरीन् ।
मैत्री प्रधानं कल्याणबुद्धिं सान्त्वेन साधयेत् ।६०।
लुब्धं क्षीणं च दानेन मित्रानन्योऽन्यशङ्कया ।
दण्डस्य दर्शनाद्दुष्टान्पुत्रभ्रातादि सामतः ।६१।
दानभेदैश्चमूमुख्यान्योधाञ्जनपदादिकान् ।
सामन्ताटविकान्भेददण्डाभ्यामपराद्धकान् ।६२।
देवताप्रतिमानां तु पूजयान्तर्गतैर्नरैः ।
पुमान्स्त्रीवस्त्रसंवीतो निशि चाद्भुतदर्शनः ।६३।
वेतालोल्कापिशाचानां शिवानां च स्वरूपिकी ।
कामतो रूपधारित्वं शस्त्राग्न्यश्माम्बुवर्षणम् ।६४।
तमोऽनिलोऽनलो मेघ इति माया ह्यमानुषी ।
जघान कीचकं भीम आस्थितः स्त्रीस्वरूपताम् ।६५।
अन्याये व्यसने युद्धे प्रवृत्तस्यानिवारणम् ।

दृष्टिले आफूलाई सबैभन्दा ठूलो ठान्दछ, जसको धर्म, काम र अर्थ बिथोलिएको छ, जो रिसाएको छ, जुन अभिमानी हेपिएको छ, जसलाई बिनाकारण देशनिकाला गरिएको छ, जो सम्मानका लागि योग्य भईकन पनि हेपिएको छ, जसको जायजेथा हरण गरिएको छ, जो मनमनै रिसले मुर्मुरिएको भए पनि बाहिर शान्त रहेझैँ देखिने गरी साम नीतिमा रहेको छ त्यस्ता मानिसमा तथा जो सधैँ सशङ्कित रहन्छ त्यस्तामा यदि शत्रु पक्षका भए तिनमा फुट हाल्नुपर्दछ र यदि आफ्ना पक्षमा त्यस्ता मानिसहरू छन् भने तिनलाई अति सावधानीका साथ शान्त गर्नुपर्दछ। यदि शत्रुपक्षबाट फुटेर त्यस्ता मानिस आफ्ना पक्षमा आए भने तिनलाई सत्कार गर्नुपर्दछ। समान तृष्णाको अनुसन्धान, अत्यन्त उग्र भय देखाउनु र उच्च कोटिको दान–मान यी भेदका उपाय हुन् भनिएको छ। शत्रुका सेनामा भेद नीतिले फुट हाल्ने गरिन्छ त्यसो भएपछि त्यो घुन लागेको काठ मकाएझैँ ढल्दछ। प्रभाव, उत्साह तथा मन्त्रको शक्तिले सम्पन्न एवं देशकालको जानकारी भएका राजाले दण्डकै आधारमा शत्रुहरूलाई अन्त्य गर्नुपर्दछ । जसमा मैत्रीभाव धेरै छ र जसको विचार कल्याणकारी छ त्यस्ता पुरुषलाई साम नीतिले नै वशमा गर्नुपर्दछ । जो लोभी छ र धनका दृष्टिले खिइँदै जाँदै छ, त्यसलाई दानद्वारा सत्कारपूर्वक वशमा गर्नुपर्दछ। परस्पर शङ्काले जसका बीचमा फुट परेको छ अथवा जो दुष्ट छ ती सबैलाई दण्डको डर देखाएर वशमा ल्याउनुपर्दछ। पुत्र र भाइ आदि बन्धजनहरूलाई साम नीतिद्वारा एवं धन दिएर वशमा गर्नुपर्दछ । सेनापतिहरू, सैनिकहरू तथा जनपदका मानिसहरूलाई दान र भेद नीतिद्वारा आफ्ना अधीनमा गर्नुपर्दछ । सामन्तहरू, आटविकहरू र यथासम्भव अरू मानिसहरूलाई नै पनि भेद र दण्ड नीतिले वशमा गर्नुपर्दछ। देवताका मूतिहरूमा तथा देवताको मूर्ति कुँदिएका खाँबाका ठूला ओडारहरूमा लुकेर रहेका मानिस नै मानुषी माया हुन्। आइमाईका वेषमा लुकेका वा रातमा अद्‌भुत तरिकाले देखिने पुरुष पनि मानुषी माया नै हो। वेताल, मुखबाट आगो निकाल्ने राँकेभुत, पिशाच तथा देवताहरूकै जस्तो रूप धारण गर्नु पनि मानुषी माया हो । इच्छाअनुसार रूप धारण गर्नु, शस्त्र, अग्नि, ढुङ्गा र जलको वर्षा गर्नु तथा अन्धकार, आँधी, पर्वत र मेघहरूलाई सृष्टि गराउनु यी अमानुषी माया हुन्। पूर्वकल्पका चार युगहरूमध्येको द्वापर युगमा पाण्डु वंशका भीमसेनले स्त्रीको जस्तै रूप लिएर आफ्नो शत्रु कीचकलाई मारेका थिए । अन्याय, व्यसन, मृगया तथा आफूभन्दा बलियासित युद्ध गर्न लाग्दा नरोक्नुलाई उपेक्षा भनिन्छ। पहिलो कल्पमा भीमसेनसित युद्ध गर्न लागेको आफ्नो भाइ हिडिम्बलाई हिडिम्बाले रोकिनन्, आफ्नो स्वार्थ सिद्धिका लागि उनले

मिथ्याभिशस्तः श्रीकाम आहूयाप्रतिमानितः ।
राजद्वेषी चातिकर आत्मसम्भावितस्तथा ।५५।
विच्छिन्नधर्मकामार्थः क्रुद्धो मानी विमानितः ।
अकारणात्परित्यक्तः कृतवैरोऽपि सान्त्वितः ।५६।
हृतद्रव्यकलत्रश्च पूजार्होऽप्रतिपूजितः ।
एतांस्तु भेदयेच्छत्रौ स्थितान्नित्यान्सुशङ्कितान् ।५७।
आगतान्पूजयेत् कामैर्निजांश्च प्रशमं नयेत् ।
सामदृष्टानुसन्धानमत्युग्रभयदर्शनम् ।५८।
प्रधानदानमानं च भेदोपायाः प्रकीर्त्तिताः ।
मित्रं हतं काष्ठमिव घुणजग्धं विशीर्य्यते ।५९।
त्रिशक्तिर्देशकालज्ञो दण्डेनास्तं नयेदरीन् ।
मैत्री प्रधानं कल्याणबुद्धिं सान्त्वेन साधयेत् ।६०।
लुब्धं क्षीणं च दानेन मित्रानन्योऽन्यशङ्कया ।
दण्डस्य दर्शनाद्दुष्टान्पुत्रभ्रातादि सामतः ।६१।
दानभेदैश्चमूमुख्यान्योधाञ्जनपदादिकान् ।
सामन्ताटविकान्भेददण्डाभ्यामपराद्धकान् ।६२।
देवताप्रतिमानां तु पूजयान्तर्गतैर्नरैः ।
पुमान्स्त्रीवस्त्रसंवीतो निशि चाद्भुतदर्शनः ।६३।
वेतालोल्कापिशाचानां शिवानां च स्वरूपिकी ।
कामतो रूपधारित्वं शस्त्राग्न्यश्माम्बुवर्षणम् ।६४।
तमोऽनिलोऽनलो मेघ इति माया ह्यमानुषी ।
जघान कीचकं भीम आस्थितः स्त्रीस्वरूपताम् ।६५।
अन्याये व्यसने युद्धे प्रवृत्तस्यानिवारणम् ।

दृष्टिले आफूलाई सबैभन्दा ठूलो ठान्दछ, जसको धर्म, काम र अर्थ बिथोलिएको छ, जो रिसाएको छ, जुन अभिमानी हेपिएको छ, जसलाई बिनाकारण देशनिकाला गरिएको छ, जो सम्मानका लागि योग्य भईकन पनि हेपिएको छ, जसको जायजेथा हरण गरिएको छ, जो मनमनै रिसले मुर्मुरिएको भए पनि बाहिर शान्त रहेझैं देखिने गरी साम नीतिमा रहेको छ त्यस्ता मानिसमा तथा जो सधैं सशङ्कित रहन्छ त्यस्तामा यदि शत्रु पक्षका भए तिनमा फुट हाल्नुपर्दछ र यदि आफ्ना पक्षमा त्यस्ता मानिसहरू छन् भने तिनलाई अति सावधानीका साथ शान्त गर्नुपर्दछ। यदि शत्रुपक्षबाट फुटेर त्यस्ता मानिस आफ्ना पक्षमा आए भने तिनलाई सत्कार गर्नुपर्दछ। समान तृष्णाको अनुसन्धान, अत्यन्त उग्र भय देखाउनु र उच्च कोटिको दान-मान यी भेदका उपाय हुन् भनिएको छ। शत्रुका सेनामा भेद नीतिले फुट हाल्ने गरिन्छ त्यसो भएपछि त्यो घुन लागेको काठ मकाएझैं ढल्दछ। प्रभाव, उत्साह तथा मन्त्रको शक्तिले सम्पन्न एवं देशकालको जानकारी भएका राजाले दण्डकै आधारमा शत्रुहरूलाई अन्त्य गर्नुपर्दछ। जसमा मैत्रीभाव धेरै छ र जसको विचार कल्याणकारी छ त्यस्ता पुरुषलाई साम नीतिले नै वशमा गर्नुपर्दछ। जो लोभी छ र धनका दृष्टिले खिइँदै जाँदै छ, त्यसलाई दानद्वारा सत्कारपूर्वक वशमा गर्नुपर्दछ। परस्पर शङ्काले जसका बीचमा फुट परेको छ अथवा जो दुष्ट छ ती सबैलाई दण्डको डर देखाएर वशमा ल्याउनुपर्दछ। पुत्र र भाइ आदि बन्धजनहरूलाई साम नीतिद्वारा एवं धन दिएर वशमा गर्नुपर्दछ। सेनापतिहरू, सैनिकहरू तथा जनपदका मानिसहरूलाई दान र भेद नीतिद्वारा आफ्ना अधीनमा गर्नुपर्दछ। सामन्तहरू, आटविकहरू र यथासम्भव अरू मानिसहरूलाई नै पनि भेद र दण्ड नीतिले वशमा गर्नुपर्दछ। देवताका मूर्तिहरूमा तथा देवताको मूर्ति कुँदिएका खाँबाका ठूला ओडारहरूमा लुकेर रहेका मानिस नै मानुषी माया हुन्। आइमाईका वेषमा लुकेका वा रातमा अद्‌भुत तरिकाले देखिने पुरुष पनि मानुषी माया नै हो। वेताल, मुखबाट आगो निकाल्ने राँकेभुत, पिशाच तथा देवताहरूकै जस्तो रूप धारण गर्नु पनि मानुषी माया हो। इच्छाअनुसार रूप धारण गर्नु, शस्त्र, अग्नि, ढुङ्गा र जलको वर्षा गर्नु तथा अन्धकार, आँधी, पर्वत र मेघहरूलाई सृष्टि गराउनु यी अमानुषी माया हुन्। पूर्वकल्पका चार युगहरूमध्येको द्वापर युगमा पाण्डु वंशका भीमसेनले स्त्रीको जस्तै रूप लिएर आफ्नो शत्रु कीचकलाई मारेका थिए। अन्याय, व्यसन, मृगया तथा आफूभन्दा बलियासित युद्ध गर्न लाग्दा नरोक्नुलाई उपेक्षा भनिन्छ। पहिलो कल्पमा भीमसेनसित युद्ध गर्न लागेको आफ्नो भाइ हिडिम्बलाई हिडिम्बाले रोकिनन्, आफ्नो स्वार्थ सिद्धिका लागि उनले

उपेक्षेयं स्मृता भ्रातोपेक्षितश्च हिडिम्बया ।६६।

मेघान्धकारवृष्ट्याग्निपर्वताद्भुतदर्शनम् ।

दरस्थानं च सैन्यानां दर्शनं ध्वजशालिनाम् ।६७।

छिन्नपाटिताभिन्नानां संसृतानां च दर्शनम् ।

इतीन्द्रजालं द्विषताम्भीत्यर्थमुपकल्पयेत् ।६८।

त्यसको उपेक्षा गरिन् । मेघ, अन्धकार, वर्षा, अग्नि, पर्वत र अन्य अद्भुत वस्तुहरू देखिनु, पर उभिएको ध्वजा लिएको सेनाको दर्शन गर्नु, शत्रुपक्षका सैनिक काटिएका, गिँडिएका, चिरिएका र शरीरका अङ्गहरूबाट रगतको धारा बगाउँदै गरेका देखिनु यस्तो सबै इन्द्रजाल हो । शत्रुहरूलाई डर देखाउनका लागि यस्तो इन्द्रजालको रचना गर्नुपर्दछ ।४७–६८।

२४२. द्विचत्वारिंशधिकद्विशततमोऽध्यायः

पुनः राजनीति

राम उवाच

षड्विधं तु बलं व्यूह्यं देवान्प्राच्र्य रिपुं व्रजेत् ।

मौलभूतं श्रोणिसुहृत् द्विषदाटविकं बलम् ।१।

पूर्वंपूर्वं गरीयस्तु बलानां व्यसनं तथा ।

षडङ्गं मन्त्रकोशाभ्यां पदात्यश्वरथद्विपैः ।२।

नद्यद्रिवनदुर्गेषु यत्रयत्र भयं भवेत् ।

सेनापतिस्तत्र तत्र गच्छेद्व्यूहीकृतैर्बलैः ।३।

नायकः पुरतो यायात्प्रवीरपुरुषावृतः ।

मध्ये कलत्रं स्वामी च कोशः फल्गु च यद्बलम् ।४।

पार्श्वयोरुभयोरश्वा वाजिनां पार्श्वयो रथाः ।

रथानां पार्श्वयोर्नागा नागानां चाटवीबलम् ।५।

पश्चात्सेनापतिः सर्वं पुरस्कृत्य कृती स्वयम् ।

यायात्सन्नद्धसैन्यौघः खिन्नानाश्वासयञ्छनैः ।६।

यायाद्व्यूहेना महता मकरेण पुरोभये ।

श्रीराम भन्दछन्– छ किसिमका सेनालाई कवच आदिले सम्पन्न गराएर एवं व्यूहबद्ध गराएर इष्ट देवताहरूको तथा सङ्ग्रामसम्बन्धी दुर्गादेवी आदिको पूजा गरेर त्यसपछि शत्रुमाथि आक्रमण गर्नुपर्दछ । मौल, भृत, श्रेणी, सुहृद, शत्रु तथा आटविक गरी जम्मा यी छ प्रकारका सैन्य हुन्छन् । यिनीहरूमा जति पहिला भए उति पछिल्लाका तुलनामा श्रेष्ठ हुन्छन् भनिएको छ । यिनीहरूको व्यसन पनि यसै क्रमले गरिष्ठ हुँदै जान्छ भनिएको छ । पैदल, घोडसवार, रथी र हात्तीसवार यी सेनाका चार अङ्ग हुन् तर मन्त्र र कोष यी दुई अङ्गहरू पनि साथमा मिलेपछि सेनाका छ अङ्ग नै हुन्छन् । नदीदुर्ग, पर्वतदुर्ग र वनदुर्ग यिनीहरूमा जहाँजहाँ डर रहेको हुन्छ त्यहाँत्यहाँ सेनापतिसहित भएर व्यूहमा सङ्गठित सेनाका साथमा जानुपर्छ । एक सेनानायक उत्कृष्ट वीर योद्धाहरूका साथमा अघि जानुपर्दछ । विजिगीषु राजा र उनको अन्तःपुरका सेना मध्यभागमा भागमा रहेर यात्रा गर्नुपर्दछ । खजाना र फल्गु सेना पनि बीचमा नै रहेर जानुपर्दछ । राजाका दायाँबायाँ घोडसवारहरूको सेना रहनुपर्दछ । घोडसवार सेनाको दुवै पक्षमा रथसेना हुनुपर्दछ । रथसेनाका दुवैतर्फ हात्तीहरूको सेना रहनुपर्छ र त्यसको दुवै छेउमा आटविकहरूको सेना रहनुपर्छ । यात्राका समयमा प्रधान एवं कुशल सेनापति स्वयंले राजाका पछाडि रहेर अरू सबैलाई अगाडि हिंडाउनुपर्दछ । थाकेगलेका सैनिकहरूलाई बिस्तारैसित जोस्याउँदै गर्नुपर्दछ । उससित भएका सबै सेनाले कम्मर कसेर युद्धको तयारी गरिरहनुपर्छ । यदि अगाडिबाट शत्रुको आक्रमण हुने सम्भावित डर भयो भने त्यस अवस्थामा महान् मकरव्यूहको रचना गरेर अगाडि बढ्नुपर्दछ । पँखेटा फिँजाएको श्येन पक्षीको जस्तो व्यूह रचना गरेर जानुपर्दछ, सूचीव्यूहको रचना गरेर जानुपर्दछ तथा त्यसको मुखभागमा वीर योद्धालाई राख्नुपर्छ । पछाडिबाट

श्येनेनोद्धृतपक्षेण सूच्या वा वीरवक्त्रया ।७।
पश्चाद्भये तु शकटं पार्श्वयोर्वज्रसंज्ञितम् ।
सर्वतः सर्वतोभद्रं भये व्यूहं प्रकल्पयेत् ।८।
कन्दरे शैलगहने निम्नगावनसङ्कटे ।
दीर्घाध्वनि परिश्रान्तं क्षुत्पिपासाहितक्लमम् ।९।
व्याधिदुर्भिक्षमरकपीडितं दस्युविद्रुतम् ।
पङ्कपांसुजलस्कन्धं व्यस्तं पुञ्जीकृतं पथि ।१०।
प्रसुप्तं भोजनव्यग्रमभूमिष्ठमसुस्थितम् ।
चौराग्निभयवित्रस्त वृष्टिवातसमाहतम् ।११।
इत्यादौ स्वचमूं रक्षेत्परसैन्यं च घातयेत् ।
विशिष्टो देशकालाभ्यां भिन्नविप्रकृतिर्बली ।१२।
कुर्य्यात्प्रकाशयुद्धं हि कूटयुद्धं विपर्यये ।
तेष्ववस्कन्दकालेषु परं हन्यात्समाकुलम् ।१३।
अभूमिष्ठं स्वभूमिष्ठः स्वभूमौ चोपजापतः ।
प्रकृतिप्रग्रहाकृष्टं पाशैर्वनचरादिभिः ।१४।
हन्यात्प्रवीरपुरुषैर्भङ्गदानापकर्षणैः ।
पुरस्ताद्दर्शनं दत्त्वा तल्लक्षकृतनिश्चयान् ।१५।
हन्यात्पश्चात्प्रवीरेण बलेनोपेत्य वेगिना ।
पश्चाद्वा सङ्कुलीकृत्य हन्याच्छूरेण पूर्वतः ।१६।
आभ्यां पार्श्वाभिघातौ तु व्याख्यातौ कूटयोधने ।
पुरस्ताद्विषमे देशे पश्चाद्धन्यात्तु वेगवान् ।१७।

भय आउने सम्भावना भयो भने शकटव्यूहको, पार्श्वभागबाट भय भयो भनेदेखि वज्रव्यूहको तथा सबैतिरबाट भय भयो भनेदेखि सर्वतोभद्र नामको व्यूहको रचना गर्नुपर्दछ। जुन सेना पर्वतको कन्दरा, पर्वतीय दुर्गम स्थान एवं गहन वनमा, नदी एवं घना वनले घेरिएका मार्गमा फँसेको छ, जुन लामो यात्राले गर्दा थाकेको छ, भोकप्यासले सताइएको छ, रोग, अनिकाल एवं महामारीले दुःख पाइरहेको छ, लुटाहाद्वारा लखेटिएको छ, हिलो, धुलो तथा पानीमा फँसेको छ, मनस्थिति विक्षिप्त भएको छ, एउटा मानिस मात्रै हिंड्न सकिने बाटो हुनाले जो अगाडि जान नसकेर जो एकै ठाउँमा भेला भएका छन्, सुतिसकेका छन्, खानपिउनमा लागेका छन्, अप्ठारामा परेका छन्, बसेका छन्, चोर तथा आगलागीबाट डराएका छन्, आँधीबेहरीका चपेटामा परेका छन् तथा यस्तै खालका अन्यान्य सङ्कटमा फँसेका छन् भने सबैतिरबाट आफ्ना यस्ता सेनाको रक्षा गर्नुपर्दछ र शत्रुसेनालाई घातक प्रहार गरिहाल्नुपर्दछ । जब आक्रमणको लक्ष्य बनाइएको शत्रुका तुलनामा विजिगीषु राजा देशकालको अनुकूलताका दृष्टिले धेरै माथि रहेको छ भने र शत्रुको प्रकृतिमा फुट हाल्न सकियो भने र आफ्नो बल धेरै भयो भने शत्रुसित प्रकट युद्ध नै गर्नुपर्दछ । यदि स्थिति त्यसको विपरीत छ भने कूट युद्ध गर्नुपर्दछ। जब शत्रुको सेना पूर्वोक्त किसिमको बलव्यसनमा परेर व्याकुल भएको हुन्छ र युद्धका लागि प्रतिकूल अवस्थामा रहेको हुन्छ त्यस्ता मौकामा शत्रुमाथि आक्रमण गरेर त्यसलाई ढाल्नुपर्दछ। यदि शत्रुको सैन्य आफ्ना लागि अनुकूल स्थानमा रहेको छ भनेदेखि त उसका प्रकृतिमा भेदनीतिद्वारा फुट पार्न लगाएर मौका छोप्दै शत्रुको विनाश गरिदिनुपर्दछ । जसले युद्धबाट भागेर वा पछाडि हटेर शत्रुलाई उसको भूमिभन्दा बाहिर ल्याउँछन् यस्ता वनचर तथा अमित्र सैनिकले पराजित भएर जसलाई आफ्नो भूमिभन्दा पर पुऱ्याइसकेका छन् त्यस्ता शत्रुलाई उत्कृष्ट वीर योद्धाद्वारा मारिदिनुपर्दछ । अलिकति केही सैनिकहरूलाई मात्रै युद्धका लागि तयार भएको देखाएर जब शत्रुका सैनिक ती थोरैलाई आफ्नो लक्ष्य बनाउने पक्का गर्दछन्, त्यसपछि वेगशाली उत्कृष्ट वीर सेनाका साथमा पुगेर ती शत्रुलाई समाप्त गर्नुपर्दछ। अथवा पछाडितिरै सेना जम्मा पारेर देखाउनुपर्छ र शत्रु सैनिकको ध्यान त्यसतर्फ आकृष्ट हुन्छ त्यतिखेर अगाडितिरबाट शूरवीर, बलवान् सेनाद्वारा आक्रमण गरेर तिनलाई नष्ट गरिदिनुपर्छ । अगाडिबाट र पछाडिबाट गरिने यी आक्रमणबाट नै छेउछाउबाट गरिने आक्रमणको पनि व्याख्या भइसक्यो । अर्थात् बायाँतिर केही सेना देखाएर दाहिनेतिरबाट गोप्य रूपमा आक्रमण गर्नुपर्दछ। कूटयुद्धमा यस्तै नै गर्नुपर्दछ । पहिले दूष्यबल, अमित्रबल तथा आटविकबल यी सबैसित शत्रुका सेनालाई लडाइँ गराएर थकाउनुपर्दछ। जब शत्रुको सैन्यबल थाक्छ वा हतोत्साही र

पुरः पश्चात्तु विषमे ह्येवमेव तु पार्श्वयोः।
प्रथमं योधयित्वा तु दूष्यामित्राटवीबलैः ।१८।
श्रान्तं मन्दं निराक्रन्दं हन्यादश्रान्तवाहनम्।
दूष्यामित्रबलैर्वापि भङ्गं दत्त्वा प्रयत्नवान् ।१९।
जितमित्येव विश्वस्तं हन्यान्मन्त्रव्यपाश्रयः।
स्कन्धावरपुरग्रामसस्यस्वामिप्रजादिषु ।२०।
विश्रम्यन्तं परानीकमप्रमत्तो विनाशयेत्।
अथ वा गोग्रहाकृष्टं तल्लक्षं मार्गबन्धनात् ।२१।
अवस्कन्दभयाद्रात्रिप्रजागरकृतश्रमम्।
दिवासुप्तं समाहन्यान्निद्राव्याकुलसैनिकम् ।२२।
निशि विश्रब्धसंसुप्तं नागैर्वा खड्गपाणिभिः।
प्रयाणे पूर्वयायित्वं वनदुर्गप्रवेशनम् ।२३।
अभिन्नानामनीकानां भेदनं भिन्नसङ्ग्रहः।
विभीषिकाद्वारघातं कोशरक्षेभकर्म च ।२४।
अभिन्नभेदनं मित्रसन्धानं रथकर्म च।
वनदिङ्मार्गविचये वीवधासारलक्षणम् ।२५।
अनुयानापसरणे शीघ्रकार्य्योपपादनम्।
दीनानुसरणं घातः कोटीनां जघनस्य च ।२६।
अश्वकर्माथ पत्तेश्च सर्वदा शस्त्रधारणम्।
शिविरस्य च मार्गादिः शोधनं वस्तिकर्म च ।२७।
संस्थूलस्थाणुवल्मीकवृक्षगुल्मापकण्टकम्।

निराश एवं एक्लो हुन्छ तर आफ्ना सेनाका वाहन थाकेका हुँदैनन् त्यस्ता अवस्थामा आक्रमण गरेर शत्रुवर्गलाई मारेर पसार्नुपर्दछ। अथवा दूष्य एवं अमित्र सेनालाई पछाडि हट्ने वा भाग्ने आदेश दिनुपर्छ अनि शत्रुलाई अब हाम्रो जित पक्कै भयो भन्ने विश्वास भएपछि उनीहरू हेलचेक्र्याइँ गर्न थाल्दछन्, त्यसपछि मन्त्रबलको आश्रय लिएर प्रयत्नपूर्वक आक्रमण गरेर त्यसलाई मारिदिनुपर्छ। छाउनी, पुर, ग्राम, खेतीपाती पशुगोठ यी सबै लुट्ने लोभ शत्रुका सैनिकका मनमा उत्पन्न गराउनुपर्छ र जब उनीहरूको ध्यान त्यसतर्फ तानिन्छ, त्यस बेला स्वयं सावधान रहेर ती सबैलाई संहार गर्नुपर्दछ। अथवा शत्रु राजाका गाईहरू अपहरण गर्नुपर्छ र उसको ध्यान गाई छुटाउनेतर्फ आकृष्ट गर्नुपर्दछ। जब शत्रुसेना त्यस लक्ष्यतर्फ अघि सर्छ त्यस बेला उसलाई बाटैमा छेकेर मार्नुपर्दछ। अथवा आफूमाथि आक्रमण हुन्छ भन्ने डरले रातभरि जागा बसेका कारण थाकेर दिउँसो सुतेका शत्रुसेनाका सैनिक जब मस्त निदाएका हुन्छन् त्यस बेलामा हमला गरेर मारिदिनुपर्छ। अथवा रातमा नै निश्चिन्त भएर सुतेका सैनिकलाई तरबार हातमा लिएका वीरहरूद्वारा मार्न लगाउनुपर्छ। जब सेनाले आक्रमण गरिसक्यो र शत्रुले बाटैमा घेरा हालिसकेको छ भने त्यसको त्यो घेरा वा अवरोधलाई नष्ट गर्नका लागि हात्तीहरूलाई नै अगाडि लगाएर लिएर जानुपर्दछ। वनदुर्गमा, जहाँ घोडा पनि प्रवेश गर्न सक्दैनन्, त्यहाँ हात्तीकै सहायताले सेनाको प्रवेश हुन्छ। तिनले अगाडिका रुखहरू भाँचेर सेनालाई आउने बाटो बनाइदिन्छन्। जहाँ सैनिकको पङ्क्ति बलियो छ, त्यहाँ त्यसलाई सखाप पार्ने काम हात्तीको नै हो र जहाँ व्यूह भत्किएका कारण सैनिकका पङ्क्तिमा भाँजो पर्दछ त्यहाँ हात्तीहरू उभिएपछि त्यो प्वाल टालिन्छ। शत्रुहरूमा भय उत्पन्न गराउनु, शत्रुका किल्लाका ढोकालाई भत्काउनु, सेनासँगै खजाना लिएर जानु, भयबाट सेनालाई जोगाउनु यस्ता सबै कामहरू हात्तीबाटै सिद्ध हुन्छन् ।१-२४।

अभिन्न सेनाको भेदन र भिन्न सेनाको सन्धान यी दुवै कार्य गजसेनाको जस्तै अश्वसेनाले पनि गर्न सक्ने हुन्। वनमा कता उपद्रव हुँदै छ, कता छैन भन्ने कुराको पत्तो लगाउनु, दिशाहरूको शोध गर्नु तथा मार्गको पत्तो लगाउनु यी अश्वसेनाका काम हुन्। आफ्ना पक्षका वीवध र आसारलाई रक्षा, भाग्न लागेका शत्रुसेनालाई तत्काल पछ्याउनु, सङ्कटकालमा तुरुन्त भाग्नु, झटपट कार्य सम्पन्न गर्नु, आफ्ना सेनाको अवस्था जहाँ दयनीय भएको हुन्छ त्यस ठाउँमा नजिकै पुगेर सहायता गर्नु, शत्रुसेनाको अघिल्लो भागमा आघात गर्नु र तत्काल घुमेर त्यसका पछिल्ला भागमा पनि प्रहार गर्नु यी सबै अश्वसेनाका काम हुन्। सधैँ शस्त्र बोकिरहनु यो पैदल सेनाको काम हो। सेनाका लागि छाउनी हाल्ने योग्य ठाउँ खोज्नु विष्टिहरूको

सापसारा पदातीनां भूर्नातिविषमा मता ।२८।

स्वल्पवृक्षोपला क्षिप्रलङ्घनीयनगा स्थिरा ।

निःशर्करा विपङ्का च सापसारा च वाजिभूः ।२९।

निःस्थाणुवृक्षके दारा रथभूमिरकर्दमा ।

मर्दनीयतरुच्छेद्यव्रततीपङ्कवर्जिता ।३०।

निर्झरागम्यशैला च विषमा गजमेदिनी ।

उरस्यादीनि भिन्नानि प्रतिगृह्णन्बलानि हि ।३१।

प्रतिग्रह इति ख्यातो राजकार्य्यान्तरक्षमः ।

तेन शून्यस्तु यो व्यूहः स भिन्न इव लक्ष्यते ।३२।

जयार्थी न च युध्येत मतिमानप्रतिग्रहः ।

यत्र राजा तत्र कोशः कोशाधीना हि राजता ।३३।

योधेभ्यस्तु ततो दद्यात्किञ्चिद्दातुं न युज्यते ।

द्रव्यलक्ष्यं राजवाते तदर्द्धं तत्सुतार्दने ।३४।

सेनापतिवधे तद्वद्दद्याद्धस्त्यादिमर्दने ।

अथ वा खलु युध्येरन्पत्त्यश्वरथदन्तिनः ।३५।

यथा भवेदसम्बाधो व्यायामविनिवर्त्तने ।

असङ्करेण युध्येरन्सङ्करः सङ्कुलावहः ।३६।

महासङ्कुलयुद्धेषु संश्रयेरन्मतङ्गजम् ।

अश्वस्य प्रतियोद्धारो भवेयुः पुरुषास्त्रयः ।३७।

इति कल्प्यास्त्रयश्चाश्वा विधेयाः कुञ्जरस्य तु ।

पादगोपा भवेयुश्च पुरुषा दशपञ्च च ।३८।

काम हो । ठूलठूला ढुटामुटा, वनबुट्यान, रुख र घारी भईकन जहाँ काँडे रुखहरू नभएको तर भागेर निस्किनका लागि बाटो भएको र धेरै अग्लोहोचा नभएको यस्तै भूमि पैदल सेनालाई हिंड्नका लागि योग्य हुन्छ भनिएको छ। जहाँ रुख र ढुङ्ग्यानी धेरै कम छन्, जहाँका नालाहरू छिट्टै नाघ्न सकिने खालका छन्, जुन भुइँ नरम नभएर कडा खालको छ, जहाँ गिट्टी र हिलो छैन, जहाँबाट निस्कनका लागि बाटो छ, त्यस्तो ठाउँ अश्वसञ्चारका लागि उपयुक्त हुन्छ। जहाँ रुखका ठुटाहरू र खेत छैन, जहाँ हिलो धाप ठ्याम्मै छैन त्यस्तो भूमि रथ चलाउनका लागि योग्य मानिएको छ। जहाँ खुट्टाले किच्न सकिने बोटबिरुवा र काटिदिन सकिने खालका लहराहरू छन्, हिलो, भास, खाल्टा छैनन्, जहाँको पर्वतमा हात्तीलाई हिंड्न सजिलो छ त्यस्तो भूमि अग्लोहोचो भए पनि गजसेनाका लागि योग्य हुन्छ भनिएको छ। जुन सैन्य वा अश्व आदिले सेनाहरूमा चोटपटक आदि भेद परेका बेलामा त्यहाँ तिनलाई सहयोग गरेर अनुगृहीत बनाउँछन् तिनलाई प्रतिग्रह भन्ने गरिएको छ। त्यसलाई अवश्य सङ्गठित गर्नुपर्दछ। किनभने भारीलाई बोक्न वा खेप्न सक्ने तिनीहरू नै हुन् । प्रतिग्रहको अभाव भएको व्यूह छुट्टै खालको देखिन्छ । विजयको इच्छा गर्ने राजाले प्रतिग्रह सेना नभईकन युद्ध गर्नु हुँदैन । किनभने राज्यसत्ता कोषकै अधीनमा रहेको हुन्छ। विजयी योद्धाहरूलाई त्यसैबाट पुरस्कार दिनुपर्दछ। दाताको हितका लागि युद्ध नगर्ने कोही होला र ? शत्रुपक्षको राजालाई वध गरिसकेपछि योद्धालाई एक लाख मुद्रा पुरस्कारमा दिनुपर्दछ। राजकुमारको वध भयो भने त्यसको आधा दिने व्यवस्था रहनुपर्दछ। सेनापति मारियो भने पनि त्यति नै पुरस्कार दिने व्यवस्था गर्नु उचित हुन्छ। हात्ती तथा रथ आदि नाश गर्दा पनि उचित पुरस्कार दिनु आवश्यक हुन्छ। पैदल, घोडसवार, रथी र हात्तीसवार यी सबै सैनिकले उनीहरूका शरीरको व्यायाम गर्ने तथा विनिवर्तनका लागि कुनै किसिमको बाधा या रोकावट नआउने तरिकाले युद्ध गर्नुपर्दछ। सबै योद्धाहरू छुट्टाछुट्टै रहेर युद्ध गर्नुपर्दछ। एकै ठाउँमा गिजोलिएर गरिने घमासान एवं रोमाञ्चकारी युद्धलाई सङ्कुलवाह भनिन्छ। यदि त्यस्तो महासङ्कुलको स्थिति आयो भने पैदल आदि असहाय सैनिकले ठूला हात्तीहरूको आडमा आश्रय लिनुपर्छ । एकएक घोडसवार योद्धाका अगाडि तीनतीन पैदल पुरुषलाई प्रतियोद्धाका रूपमा अग्रगामी बनाएर उभ्याउनुपर्दछ। यसै किसिमले पाँचपाँच अश्व एकएक हात्तीका अग्रभागमा प्रतियोद्धा बन्नुपर्दछ । त्यसका अतिरिक्त हात्तीका खुट्टाका रक्षक पनि उत्ति नै हुनुपर्दछ । अर्थात् पाँच अश्व र पन्ध्र पैदल । प्रतियोद्धाहरू त हात्तीका अगाडि रहेका हुन्छन् तर पादरक्षकहरू हात्तीका गोडाका नजिक रहेका हुन्छन्। यो चाहिँ हात्तीका लागि व्यूहविधान हो भनिएको छ। यस्तै विधान रथव्यूहका लागि पनि हुन्छ भन्ने

सापसारा पदातीनां भूर्नातिविषमा मता ।२८।

स्वल्पवृक्षोपला क्षिप्रलङ्घनीयनगा स्थिरा ।

निःशर्करा विपङ्का च सापसारा च वाजिभूः ।२९।

निःस्थाणुवृक्षके दारा रथभूमिरकर्दमा ।

मर्दनीयतरुच्छेद्यव्रततीपङ्कवर्जिता ।३०।

निर्झरागम्यशैला च विषमा गजमेदिनी ।

उरस्यादीनि भिन्नानि प्रतिगृह्णन्बलानि हि ।३१।

प्रतिग्रह इति ख्यातो राजकार्य्यान्तरक्षमः ।

तेन शून्यस्तु यो व्यूहः स भिन्न इव लक्ष्यते ।३२।

जयार्थी न च युध्येत मतिमानप्रतिग्रहः ।

यत्र राजा तत्र कोशः कोशाधीना हि राजता ।३३।

योधेभ्यस्तु ततो दद्यात्किञ्चिद्दातुं न युज्यते ।

द्रव्यलक्ष्यं राजवाते तदर्द्धं तत्सुतार्दने ।३४।

सेनापतिवधे तद्वद्दद्याद्धस्त्यादिमर्दने ।

अथ वा खलु युध्येरन्पत्त्यश्वरथदन्तिनः ।३५।

यथा भवेदसम्बाधो व्यायामविनिवर्त्तने ।

असङ्करेण युध्येरन्सङ्करः सङ्कुलावहः ।३६।

महासङ्कुलयुद्धेषु संश्रयेरन्मतङ्गजम् ।

अश्वस्य प्रतियोद्धारो भवेयुः पुरुषास्त्रयः ।३७।

इति कल्प्यास्त्रयश्चाश्वा विधेयाः कुञ्जरस्य तु ।

पादगोपा भवेयुश्च पुरुषा दशपञ्च च ।३८।

काम हो । ठूलठूला ठुटामुटा, वनबुट्यान, रुख र घारी भईकन जहाँ काँडे रुखहरू नभएको तर भागेर निस्किनका लागि बाटो भएको र धेरै अग्लोहोचा नभएको यस्तै भूमि पैदल सेनालाई हिँड्नका लागि योग्य हुन्छ भनिएको छ। जहाँ रुख र ढुङ्ग्यानी धेरै कम छन्, जहाँका नालाहरू छिट्टै नाघ्न सकिने खालका छन्, जुन भुइँ नरम नभएर कडा खालको छ, जहाँ गिट्टी र हिलो छैन, जहाँबाट निस्कनका लागि बाटो छ, त्यस्तो ठाउँ अश्वसञ्चारका लागि उपयुक्त हुन्छ। जहाँ रुखका ठुटाहरू र खेत छैन, जहाँ हिलो धाप द्याम्मै छैन त्यस्तो भूमि रथ चलाउनका लागि योग्य मानिएको छ । जहाँ खुट्टाले किच्न सकिने बोटबिरुवा र काटिदिन सकिने खालका लहराहरू छन्, हिलो, भास, खाल्टा छैनन्, जहाँको पर्वतमा हात्तीलाई हिँड्न सजिलो छ त्यस्तो भूमि अग्लोहोचो भए पनि गजसेनाका लागि योग्य हुन्छ भनिएको छ। जुन सैन्य वा अश्व आदिले सेनाहरूमा चोटपटक आदि भेद परेका बेलामा त्यहाँ तिनलाई सहयोग गरेर अनुगृहीत बनाउँछन् तिनलाई प्रतिग्रह भन्ने गरिएको छ। त्यसलाई अवश्य सङ्गठित गर्नुपर्दछ। किनभने भारीलाई बोक्न वा खेप्न सक्ने तिनीहरू नै हुन् । प्रतिग्रहको अभाव भएको व्यूह छुट्टै खालको देखिन्छ । विजयको इच्छा गर्ने राजाले प्रतिग्रह सेना नभईकन युद्ध गर्नु हुँदैन । किनभने राज्यसत्ता कोषकै अधीनमा रहेको हुन्छ। विजयी योद्धाहरूलाई त्यसैबाट पुरस्कार दिनुपर्दछ। दाताको हितका लागि युद्ध नगर्ने कोही होला र ? शत्रुपक्षको राजालाई वध गरिसकेपछि योद्धालाई एक लाख मुद्रा पुरस्कारमा दिनुपर्दछ। राजकुमारको वध भयो भने त्यसको आधा दिने व्यवस्था रहनुपर्दछ। सेनापति मारियो भने पनि त्यति नै पुरस्कार दिने व्यवस्था गर्नु उचित हुन्छ। हात्ती तथा रथ आदि नाश गर्दा पनि उचित पुरस्कार दिनु आवश्यक हुन्छ। पैदल, घोडसवार, रथी र हात्तीसवार यी सबै सैनिकले उनीहरूका शरीरको व्यायाम गर्ने तथा विनिवर्तनका लागि कुनै किसिमको बाधा या रोकावट नआउने तरिकाले युद्ध गर्नुपर्दछ । सबै योद्धाहरू छुट्टाछुट्टै रहेर युद्ध गर्नुपर्दछ। एकै ठाउँमा गिजोलिएर गरिने घमासान एवं रोमाञ्चकारी युद्धलाई सङ्कुलवाह भनिन्छ। यदि त्यस्तो महासङ्कुलको स्थिति आयो भने पैदल आदि असहाय सैनिकले ठूला हात्तीहरूको आडमा आश्रय लिनुपर्छ । एकएक घोडसवार योद्धाका अगाडि तीनतीन पैदल पुरुषलाई प्रतियोद्धाका रूपमा अग्रगामी बनाएर उभ्याउनुपर्दछ। यसै किसिमले पाँचपाँच अश्व एकएक हात्तीका अग्रभागमा प्रतियोद्धा बन्नुपर्दछ । त्यसका अतिरिक्त हात्तीका खुट्टाका रक्षक पनि उत्ति नै हुनुपर्दछ । अर्थात् पाँच अश्व र पन्ध्र पैदल । प्रतियोद्धाहरू त हात्तीका अगाडि रहेका हुन्छन् तर पादरक्षकहरू हात्तीका गोडाका नजिक रहेका हुन्छन्। यो चाहिँ हात्तीका लागि व्यूहविधान हो भनिएको छ। यस्तै विधान रथव्यूहका लागि पनि हुन्छ भन्ने

विधानमिति नागस्य विहितस्यन्दनस्य च ।
अनीकामीति विज्ञेयमिति कल्प्या नव द्विपाः ।३९।
तथानीकस्य रन्ध्रं तु पञ्चधा च प्रचक्षते ।
इत्यनीकविभागेन स्थापयेद्व्यूहसम्पदः ।४०।
उरस्यकक्षपक्षांस्तु कल्प्यानेतान्प्रचक्षते ।
उरःकक्षौ च पक्षौ च मध्यं पृष्ठं प्रतिग्रहः ।४१।
कोटी च व्यूहशास्त्रज्ञैः सप्ताङ्गो व्यूह उच्यते ।
उरस्यकक्षपक्षास्तु व्यूहोऽयं सप्रतिग्रहः ।४२।
गुरोरेष च शुक्रस्य कक्षाभ्यां परिवर्जितः ।
तिष्ठेयुः सेनापतयः प्रवीरैः पुरुषैर्वृताः ।४३।
अभेदेन च युध्येरन्रक्षेयुश्च परस्परम् ।
मध्यव्यूहे फल्गु सैन्यं युद्धवस्तु जघन्यतः ।४४।
युद्धं हि नायकप्राणं हन्यते तदनायकम् ।
उरसि स्थापयेन्नागान्प्रचण्डान्कक्षयो रथान् ।४५।
हयांश्च पक्षयोर्व्यूहो मध्यभेदी प्रकीर्त्तितः ।
मध्यदेशे हयानीकं रथानीकं च कक्षयोः ।४६।
पक्षयोश्च गजानीकं व्यूहोऽन्तर्भेद्ययं स्मृतः ।
रथस्थाने हयान्दद्यात्पदातींश्च हयाश्रये ।४७।
रथाभावे तु द्विरदान्व्यूहे सर्वत्र दापयेत् ।
यदि स्याद्दण्डबाहुल्यमाबाधः सम्प्रकीर्त्तितः ।४८।
मण्डलासंहतो भोगो दण्डस्ते बहुधा शृणु ।

बुझ्नुपर्दछ। एउटा गजव्यूहका लागिजुन विधि बताइएको छ, त्यसको अनुसार नौ हात्तीहरूको व्यूह बनाउनुपर्दछ। त्यसलाई अनीक भनेर जान्नुपर्दछ । एक अनीकभन्दा अर्को अनीकको दूरी पाँच धनुषको हुनुपर्दछ भनिएको छ । यस किसिमले अनीक विभागद्वारा व्यूहसम्पत्ति स्थापित गर्नुपर्दछ । व्यूहका पाँच मुख्य अङ्ग हुन्छन्– उरस्य, कक्ष, पक्ष यी तीनलाई एकसमान भनिएको छ। अर्थात् पूर्वोक्त तरिकाले नौ हात्तीद्वारा बनाइएको एक अनिक सेनालाई उरस्य भनिएको छ। त्यसका दुवै पार्श्वमा हुने एकएक अनीकका दुई सेनाहरूलाई कक्ष भनिएको छ । कक्षको बाहिरी भागमा दुवैतिर जुन एकएक अनीकका दुई सेनाहरू हुन्छन् तिनलाई पक्ष भनिएको छ। यस किसिमले यस्तो पाँच अनीक सेनाको व्यूहमा पैँतालीस हात्ती, दुईसय पच्चीस अश्व, छसय पचहत्तर पैदल सैनिक प्रतियोद्धा र यति नै पादरक्षक हुने गर्दछन् । यसै किसिमले उरस्य, कक्ष, पक्ष, मध्य, पृष्ठ प्रतिग्रह तथा कोटि यी सात अङ्गलाई लिएर व्यूहशास्त्रका विद्वान्हरूले व्यूहलाई सात अङ्गले युक्त भएका छन् । उरस्य, कक्ष, पक्ष तथा पतिग्रह आदिले युक्त यस्तो व्यूहविभाग बृहस्पतिका मतअनुसारको हो । शुक्रका मतमा यो व्यूहविभाग कक्ष र प्रकक्षरहितको हुन्छ । अर्थात् उनका मतमा व्यूहका पाँचै अङ्ग मात्रै हुन्छन् । सेनापतिहरू उत्कृष्ट वीर योद्धाहरूबाट छेकिएर नै युद्धका मैदानमा उभिएका हुनुपर्दछ। उनीहरूले अभिन्न भावले सङ्गठित भएर युद्ध गर्नुपर्दछ र एकले अर्काको रक्षा गरिरहनुपर्दछ। सारहीन सेनालाई व्यूहका मध्यभागमा स्थापित गर्नुपर्दछ। युद्धसम्बन्धी यन्त्र, आयुध र औषध आदि उपकरणहरूलाई सेनाका पृष्ठ भागमा राख्नु उचित हुन्छ। युद्धको प्राण भनेकै नायक राजा वा विजिगीषु हो। नायक नहुँदा वा मारिँदा युद्ध गरिरहेका सेना मारिन्छन्। हृदयस्थानमा प्रचण्ड हात्तीहरूलाई उभ्याउनुपर्दछ। कक्षस्थानमा रथ तथा पक्षस्थानमा घोडा स्थापित गर्नुपर्दछ। यस्तोलाई मध्यभेदी व्यूह भनिएको छ। मध्यदेशमा घोडाको, कक्षभागमा रथहरूको र दुवै पक्षका स्थानमा हात्तीहरूको सेना उभ्याइन्छ भने यसलाई अन्तर्भेदी व्यूह हो भनिएको छ। रथका ठाउँमा घोडा राखियो र घोडाका ठाउँमा पैदललाई राखियो भने यो अर्को किसिमको अन्तर्भेदी व्यूह हो ।२५–४७।

रथका अभावमा व्यूहका भित्र सबैतिर हात्तीहरूलाई नै नियुक्त गर्नुपर्दछ। यदि सेनाको बाहुल्य छ भने त्यस व्यूहलाई आवाप भनिएको छ। मण्डल, असंहत, भोग तथा दण्ड यी चार प्रकारका व्यूह प्रकृतिव्यूह हुन् भनिएको छ। भुइँमा राखिएको लौरोझैँ दायाँदेखि बायाँ र बायाँदेखि दायाँसम्म लामो पारेर रचना गरिएको व्यूहको नाम दण्ड हो। सर्पकै आकारमा यदि सेनालाई मोर्चाबन्दी गरियो भनेदेखि त्यो भोग नामको व्यूह हो । यसमा सैनिकहरूको अर्वावर्तन हुने गर्दछ । गोलाकार

तिर्य्यग्वृत्तिस्तु दण्डः स्याद्भोगोऽन्यावृत्तिरेव च ।४९।

मण्डलः सर्वतोवृत्तिपृथग्वृत्तिरसंहतः ।

प्रदरोदृढकोऽसह्यः चापो वै कुक्षिरेव च ।५०।

प्रतिष्ठः सुप्रतिष्ठश्च श्येनो विजयसञ्जयौ ।

विशालो विजयः सूची स्थूणाकर्णचमूमुखौ ।५१।

सर्पास्यो वलयश्चैव दण्डभेदाश्च दुर्जयाः ।

अतिक्रान्तः प्रतिक्रान्तः कक्षाभ्यां चैकपक्षतः ।५२।

अतिक्रान्तस्तु पक्षाभ्यां त्रयोऽन्ये तद्विपर्य्यये ।

पक्षोरस्यैरतिक्रान्तः प्रतिष्ठोऽन्यो विपर्य्ययः ।५३।

स्थूणापक्षो धनुःपक्षो द्विस्थूणो दण्ड ऊर्ध्वगः ।

द्विगुणोऽन्तस्त्वतिक्रान्तपक्षोऽन्यस्य विपर्य्ययः ।५४।

द्विचतुर्दण्ड इत्येते ज्ञेया लक्षणतः क्रमात् ।

गोमूत्रिकाहिसञ्चारी शकटो मकरस्तथा ।५५।

भोगभेदाः समाख्यातास्तथा पारिप्लवङ्गकः ।

दण्डपक्षौ युगोरस्य शकटस्तद्विपर्य्यये ।५६।

मकरी व्यतिकीर्णश्च शेषः कुञ्जरराजिभिः ।

मण्डलव्यूहभेदौ तु सर्वतोभद्रदुर्जयौ ।५७।

अष्टानीको द्वितीयस्तु प्रथमः सर्वतोमुखः ।

अर्द्धचन्द्रक ऊद्ध्र्वाङ्गो वज्रभेदास्तु संहतेः ।५८।

तथा कर्कटशृङ्गी च काकपादी च गोधिका ।

त्रिचतुःपञ्चसैन्यानां ज्ञेया आकारभेदतः ।५९।

भएर उभिएको सेनाले सबैतिर मुख पारेको छ र सबैतिर प्रहार गर्न सक्ने छ भने त्यसलाई मण्डल नामको व्यूहले बद्ध गरेको हो भनिएको छ। जसमा अनीकहरूलाई धेरै टाढाटाढा राखिएको छ भने त्यो असंहत नामको व्यूह हो। दण्डव्यूहका सत्रवटा भेद हुन्छन्– प्रदर, दृढक, असह्य, चाप, चापकुक्षि, प्रतिष्ठ, सुप्रतिष्ठ, श्येन, विजय, सञ्जय, विशालविजय, सूची, स्थूणाकर्ण, चमूमुख, झषास्य, वलय तथा सुदुर्जय। जसका पक्ष, कक्ष र उरस्य यी तीनै स्थानका सैनिक समान स्थितिमा हुन्छन्, त्यो नै दण्डप्रकृति हो तर यदि कक्षभागका सैनिक केही अगाडितिर निस्केका छन् र शेष दुई भागका सैनिक भित्रतिर पसेका छन् भने त्यस व्यूहले शत्रुलाई विदारण गर्दछ भनेर त्यसको नाम प्रदर राखिएको हो। यदि पूर्वोक्त दण्डको कक्ष र पक्ष दुवै भित्रतिर प्रविष्ट भएका छन् र केवल उरस्य भाग मात्रै बाहिरतिर निस्केको छ भने त्यो दृढक भनिन्छ। यदि दण्डका दुवै पक्ष मात्रै निस्केका छन् भने त्यसको नाम असह्य हुन्छ। प्रदर, दृढक र असह्यलाई क्रमशः विपरीत स्थितिमा राखिन्छ भने अर्थात् तिनीहरूमा जुन भागलाई अघि ल्याउनुपर्थ्यो त्यो भाग पछि राखिएको छ भने त्यस अवस्थामा तिनीहरू क्रमशः चाप, चापकुक्षि र प्रतिष्ठ नामका हुने गर्दछन्। यदि दुवै पँखेटा बाहिर निस्केका छन् र उरस्य भित्रतिर पसेको छ भने त्यो सुप्रतिष्ठित नामको व्यूह हुन्छ। त्यसैलाई विपरीत स्थितिमा बनाउँदा श्येन व्यूह बन्दछ। अब पछि भनिने स्थूणाकर्ण नै जुन दण्डको आकार भएका दण्डव्यूहका दुईवटा पक्ष बनेका हुन्छन् भने त्यसको नाम विजय हुन्छ। दुईवटा चापव्यूह नै जसका दुईवटा पक्ष हुन्छन् त्यो अढाई व्यूहहरूको सङ्घ एवं तेह्र अनीक सेनाले युक्त व्यूह नै सञ्जय हो भनिन्छ। एकमाथि एकको क्रमले स्थापित दुईवटा स्थूणाकर्णलाई विशाल विजय भनिन्छ। माथिमाथि स्थापित पक्ष, कक्ष आदिका क्रमले जुन दण्ड ऊर्ध्वगामी वा ठाडो हुन्छ त्यस्तो लक्षण भएको व्यूहको नाम सूची हो। जसका दुवै पक्ष दुईगुना छन्, त्यस दण्डव्यूहलाई स्थूणाकर्ण भनिएको छ। जसका तीनतीन पक्ष निस्केका छन् त्यस्तो चतुर्गुण पक्ष भएको, एघार अनीकले सम्पन्न व्यूहलाई चमूमुख नामको भनिन्छ। त्यसको विपरीत लक्षण भएको अर्थात् जसका तीनतीन पक्ष भित्र पसेका हुन्छन् त्यस व्यूहले झषास्य नाम पाएको हुन्छ। यसमा पनि एघार अनीक सेनाहरू नै नियुक्त भएका हुन्छन्। दुईवटा दण्डव्यूह मिलेर दस अनीक सेनाहरूको एउटा वलय नामको व्यूह बन्दछ। चार दण्डव्यूहका मेलबाट बीस अनीकहरू भएको एउटा दुर्जय नामको व्यूह बनेको हुन्छ। यस किसिमले क्रमशः यिनीहरूको लक्षण बताइएको छ। गोमूत्रिका, अहिसञ्चारी, शकट मकर तथा परिपतन्तिक यी भोगका पाँच भेद हुन् भनिएको छ। बाटामा हिँड्दै गर्दा गाईगोरुले मुते भने जस्तो रेखा बन्दछ त्यसकै आकृतिमा सेनालाई उभ्याउनु गोमूत्रिका

तिर्य्यग्वृत्तिस्तु दण्डः स्याद्भोगोऽन्यावृत्तिरेव च ।४९।

मण्डलः सर्वतोवृत्तिपृथग्वृत्तिरसंहतः ।

प्रदरोदृढकोऽसह्यः चापो वै कुक्षिरेव च ।५०।

प्रतिष्ठः सुप्रतिष्ठश्च श्येनो विजयसञ्जयौ ।

विशालो विजयः सूची स्थूणाकर्णचमूमुखौ ।५१।

सर्पास्यो वलयश्चैव दण्डभेदाश्च दुर्जयाः ।

अतिक्रान्तः प्रतिक्रान्तः कक्षाभ्यां चैकपक्षतः ।५२।

अतिक्रान्तस्तु पक्षाभ्यां त्रयोऽन्ये तद्विपर्य्यये ।

पक्षोरस्यैरतिक्रान्तः प्रतिष्ठोऽन्यो विपर्य्ययः ।५३।

स्थूणापक्षो धनुःपक्षो द्विस्थूणो दण्ड ऊर्ध्वगः ।

द्विगुणोऽन्तस्त्वतिक्रान्तपक्षोऽन्यस्य विपर्य्ययः ।५४।

द्विचतुर्दण्ड इत्येते ज्ञेया लक्षणतः क्रमात् ।

गोमूत्रिकाहिसञ्चारी शकटो मकरस्तथा ।५५।

भोगभेदाः समाख्यातास्तथा पारिप्लवङ्गकः ।

दण्डपक्षौ युगोरस्य शकटस्तद्विपर्य्यये ।५६।

मकरी व्यतिकीर्णश्च शेषः कुञ्जरराजिभिः ।

मण्डलव्यूहभेदौ तु सर्वतोभद्रदुर्जयौ ।५७।

अष्टानीको द्वितीयस्तु प्रथमः सर्वतोमुखः ।

अर्द्धचन्द्रक ऊद्ध्वाङ्गो वज्रभेदास्तु संहतेः ।५८।

तथा कर्कटशृङ्गी च काकपादी च गोधिका ।

त्रिचतुःपञ्चसैन्यानां ज्ञेया आकारभेदतः ।५९।

भएर उभिएको सेनाले सबैतिर मुख पारेको छ र सबैतिर प्रहार गर्न सक्ने छ भने त्यसलाई मण्डल नामको व्यूहले बद्ध गरेको हो भनिएको छ। जसमा अनीकहरूलाई धेरै टाढाटाढा राखिएको छ भने त्यो असंहत नामको व्यूह हो। दण्डव्यूहका सत्रवटा भेद हुन्छन्— प्रदर, दृढक, असह्य, चाप, चापकुक्षि, प्रतिष्ठ, सुप्रतिष्ठ, श्येन, विजय, सञ्जय, विशालविजय, सूची, स्थूणाकर्ण, चमूमुख, झषास्य, वलय तथा सुदुर्जय। जसका पक्ष, कक्ष र उरस्य यी तीनै स्थानका सैनिक समान स्थितिमा हुन्छन्, त्यो नै दण्डप्रकृति हो तर यदि कक्षभागका सैनिक केही अगाडितिर निस्केका छन् र शेष दुई भागका सैनिक भित्रतिर पसेका छन् भने त्यस व्यूहले शत्रुलाई विदारण गर्दछ भनेर त्यसको नाम प्रदर राखिएको हो। यदि पूर्वोक्त दण्डको कक्ष र पक्ष दुवै भित्रतिर प्रविष्ट भएका छन् र केवल उरस्य भाग मात्रै बाहिरतिर निस्केको छ भने त्यो दृढक भनिन्छ। यदि दण्डका दुवै पक्ष मात्रै निस्केका छन् भने त्यसको नाम असह्य हुन्छ। प्रदर, दृढक र असह्यलाई क्रमशः विपरीत स्थितिमा राखिन्छ भने अर्थात् तिनीहरूमा जुन भागलाई अघि ल्याउनुपर्थ्यो त्यो भाग पछि राखिएको छ भने त्यस अवस्थामा तिनीहरू क्रमशः चाप, चापकुक्षि र प्रतिष्ठ नामका हुने गर्दछन्। यदि दुवै पँखेटा बाहिर निस्केका छन् र उरस्य भित्रतिर पसेको छ भने त्यो सुप्रतिष्ठित नामको व्यूह हुन्छ। त्यसैलाई विपरीत स्थितिमा बनाउँदा श्येन व्यूह बन्दछ। अब पछि भनिने स्थूणाकर्ण नै जुन दण्डको आकार भएका दण्डव्यूहका दुईवटा पक्ष बनेका हुन्छन् भने त्यसको नाम विजय हुन्छ। दुईवटा चापव्यूह नै जसका दुईवटा पक्ष हुन्छन् त्यो अढाई व्यूहहरूको सङ्घ एवं तेह्र अनीक सेनाले युक्त व्यूह नै सञ्जय हो भनिन्छ। एकमाथि एकको क्रमले स्थापित दुईवटा स्थूणाकर्णलाई विशाल विजय भनिन्छ। माथिमाथि स्थापित पक्ष, कक्ष आदिका क्रमले जुन दण्ड ऊर्ध्वगामी वा ठाडो हुन्छ त्यस्तो लक्षण भएको व्यूहको नाम सूची हो। जसका दुवै पक्ष दुईगुना छन्, त्यस दण्डव्यूहलाई स्थूणाकर्ण भनिएको छ। जसका तीनतीन पक्ष निस्केका छन् त्यस्तो चतुर्गुण पक्ष भएको, एघार अनीकले सम्पन्न व्यूहलाई चमूमुख नामको भनिन्छ। त्यसको विपरीत लक्षण भएको अर्थात् जसका तीनतीन पक्ष भित्र पसेका हुन्छन् त्यस व्यूहले झषास्य नाम पाएको हुन्छ। यसमा पनि एघार अनीक सेनाहरू नै नियुक्त भएका हुन्छन्। दुईवटा दण्डव्यूह मिलेर दस अनीक सेनाहरूको एउटा वलय नामको व्यूह बन्दछ। चार दण्डव्यूहका मेलबाट बीस अनीकहरू भएको एउटा दुर्जय नामको व्यूह बनेको हुन्छ। यस किसिमले क्रमशः यिनीहरूको लक्षण बताइएको छ। गोमूत्रिका, अहिसञ्चारी, शकट मकर तथा परिपतन्तिक यी भोगका पाँच भेद हुन् भनिएको छ। बाटामा हिँड्दै गर्दा गाईगोरुले मुते भने जस्तो रेखा बन्दछ त्यसकै आकृतिमा सेनालाई उभ्याउनु गोमूत्रिका

दण्डस्य स्युः सप्तदश व्यूहा द्वौ मण्डलस्य च ।

असङ्घातस्य षट् पञ्च भोगस्यैव तु सङ्गरे ।६०।

पक्षादीनामथैकेन हत्वा शेषैः परिक्षिपेत् ।

उरसा वा समाहत्य कोटिभ्यां परिवेष्टयेत् ।६१।

परे कोटी समाक्रम्य पक्षाभ्यामप्रतिग्रहात् ।

कोटिभ्यां जघनं हन्यादुरसा च प्रपीडयेत् ।६२।

यतः फल्गु यतो भिन्नं यतश्चान्यैरधिष्ठितम् ।

ततश्चारिबलं हन्यादात्मनश्चोपवृंहयेत् ।६३।

सारं द्विगुणसारेण फल्गुसारेण पीडयेत् ।

संहतं च गजानीकैः प्रचण्डैर्दारयेद्बलम् ।६४।

स्यात्कक्षपक्षोरस्येश्च वर्त्तमानस्तु दण्डकः ।

तत्र प्रयोगो दण्डस्य स्थानं तुर्य्येण दर्शयेत् ।६५।

स्याद्दण्डसमपक्षाभ्यामतिक्रान्तः प्रदारकः ।

भवेत्स पक्षकक्षाभ्यामतिक्रान्तो दृढः स्मृतः ।६६।

कक्षाभ्यां च प्रतिक्रान्तव्यूहोऽसह्यः स्मृतो यथा ।

कक्षपक्षावधः स्थाप्योरस्यैः क्रान्तश्च खातकः ।६७।

द्वौ दण्डौ बलयः प्रोक्तो व्यूहो रिपुविदारणः ।

दुर्जयश्चतुर्वलयः शत्रोर्बलविमर्दनः ।६८।

कक्षपक्षोरस्यैर्भोगो विषयं परिवर्त्तयन् ।

सर्पचारी गोमूत्रिका शकटः शकटाकृतिः ।६९।

विपर्य्ययोऽमरः प्रोक्तः सर्वशत्रुविमर्दकः ।

व्यूह हो । सर्प हिंडेका ठाउँमा जस्तो रेखा बन्छ त्यस्तै आकृतिको व्यूहलाई अहिसञ्चारी भनिएको छ। जसका कक्ष र पक्ष अगाडिपछाडिका क्रमले दण्डव्यूहकै तरिकाले रहेका हुन्छन् तर उरस्यको सङ्ख्या दोब्बर छ भने त्यो शकटव्यूह हो। यसको विपरीत स्थितिमा रहेको मकर व्यूह हो भनिएको छ । यी व्यूहहरूमध्ये कुनैका पनि मध्यभागमा हात्ती र घोडाका सवारीको आवाप मिलाइयो भने त्यो परिपतन्तिक नामको व्यूह हुने गर्दछ। मण्डल व्यूहका दुई भेद मात्रै छन्– सर्वतोभद्र र दुर्जय । जुन मण्डलाकार व्यूहका सबैतिर मुख हुन्छन् त्यसलाई सर्वतोभद्र भनिएको छ। यसमा पाँच अनीक सेना हुन्छन् । यसैमा आवश्यकताअनुसार उरस्य तथा दुवै कक्षमा एकएक अनीक बढाइदिने हो भने आठ अनीकको दुर्जय नामको व्यूह बन्दछ । अर्धचन्द्र, उद्धान तथा वज्र यी असंहतका तीन भेद हुन् । यसै गरी कर्कछशृङ्गी, काकपादी र गोधिका पनि असंहतकै भेद हुन् । अर्धचन्द्र र कर्कटशृङ्गी यी तीन अनीकका व्यूह हुन् । उद्धान र काकपादी यी चार अनीक सेनाहरूले बन्ने गरेका व्यूह हुन् तथा वज्र र गोधिका यी दुई व्यूह पाँच अनीक सेनाहरूबाट सङ्गठित हुने गर्दछन्। अनीकका दृष्टिले तीनवटै मात्र भेद भए तापनि आकृतिमा भेद भएका कारण यी छ प्रकारका छन् भनिएको छ । दण्डसित सम्बन्धित सत्र, मण्डलका दुई, असंहतका छ र समराङ्गणमा भोगका पाँच भेद हुन्छन् भनिएको छ। पक्ष आदि अङ्गहरूमध्ये कुनै एक अङ्गका सेनाद्वारा शत्रुको व्यूहलाई भेदन गरे भने शेष अनीकहरूद्वारा त्यसलाई घेरा हाल्नुपर्दछ अथवा उरस्यतर्फका अनीकले शत्रुको व्यूहमा आघात गरेर दुवै कोटि वा प्रपक्षले त्यसलाई घेरा हाल्नुपर्दछ । शत्रुसेनाका दुवै प्रपक्षमा आफ्ना व्यूहका पक्षद्वारा आक्रमण गरेर शत्रुको उरस्यका अघिल्लो भाग अर्थात् जघनलाई आफ्ना प्रतिग्रह तथा दुवै प्रपक्षले नष्ट गर्नुपर्दछ । साथै, उरस्यमा रहेका सेनाद्वारा शत्रुपक्षलाई सताउनुपर्दछ । व्यूहका जुन भागमा सारहीन सैनिक हुन्छन्, जहाँ सेनामा फुट या भाँजो पर्न लागेको छ तथा जुन भागमा दूष्य सैनिक रहेका हुन्छन् त्यसत्यस ठाउँमै शत्रुसेनालाई नाश गर्नुपर्दछ र आफ्ना पक्षका त्यस्तै स्थानहरूलाई जोगाउँदै बलियो पार्नुपर्दछ । बलिष्ठ सेनालाई अझ बलिया सेनाद्वारा पीडित गराउनुपर्दछ । निर्बल सैन्यदललाई सबल सैन्यद्वारा दबाउनुपर्दछ। यदि शत्रुसेना सङ्गठित भावमा उभिएको छ भने प्रचण्ड गजसेनाले त्यस शत्रुवाहिनीलाई विदीर्ण गराउनुपर्दछ। पक्ष, कक्ष र उरस्य यी तीनवटै समान स्थितिमा रहेका छन् भने त्यो दण्डव्यूह हुन्छ । दण्डको प्रयोग र स्थान व्यूहको चतुर्थ अङ्गद्वारा प्रदर्शित गर्नुपर्दछ । दण्डकै समान दुवै पक्ष यदि अगाडितिर निस्केका छन् भने प्रदर या प्रदारक व्यूह बनेको हुन्छ। यदि त्यही नै पक्ष र कक्षद्वारा जितिएको छ भनेदेखि दृढ नामको व्यूह हुन्छ। यदि दुवै पक्ष मात्रै अगाडितिर निस्केका

स्यात्कक्षपक्षोरस्यानामेकीभावस्तु मण्डलः ।७०।

चक्रपद्मादयो भेदा मण्डलस्य प्रभेदकाः ।

एवं च सर्वतोभद्रो वज्राक्षवरकाकवत् ।७१।

अर्द्धचन्द्रश्च शृङ्गाटो ह्यचलो नामरूपतः ।

व्यूहा यथासुखं कार्य्याः शत्रूणां बलवारणाः ।७२।

अग्निरुवाच

रामस्तु रावणं हत्या ह्ययोध्यां प्राप्तवान्द्विज ।

रामोक्तनीत्येन्द्रजितं हतवांल्लक्ष्मणः पुरा ।७३।

छन् भने त्यो व्यूह असह्य नामको हुने गर्दछ। कक्ष र पक्षलाई तल राखेर उरस्य अगाडि निस्केको व्यूह चाप हो भनिन्छ। दुई दण्ड मिलेर एउटा वलय व्यूह बनाउँछन्। यो व्यूह शत्रुलाई विदीर्ण गराउने हुन्छ। चार वलय व्यूहका संयोगले एउटा दुर्जय व्यूह बनेको हुन्छ र त्यो नै शत्रुवाहिनीलाई मर्दन गर्न सक्षम हुन्छ। कक्ष, पक्ष तथा उरस्य जब विषम भावले स्थित हुन्छन् भने त्यो भोग नामको व्यूह हुन्छ। यसका पाँच भेद हुन्छन्— सर्पचारी, गोमूत्रिका, शकट, मकर र परिपतन्तिक। सर्प हिँडेको आकृतिले सर्पचारी, गाईले मुतेको आकारले गोमूत्रिका, शकतको आकृतिले शकट तथा त्यसको विपरीत स्थितिले मकर व्यूहको रचना हुने गर्दछ। यी भेदहरूसहितको भोग व्यूह सम्पूर्ण शत्रुलाई मर्दन गराउने हुन्छ। चक्रव्यूह तथा पद्मव्यूह आदि मण्डलका अनेकौं भेदप्रभेदहरू छन्। यसै गरी सर्वतोभद्र, वज्र, अक्षवर, काक, अर्धचन्द्र, शृङ्गार र अचल आदि व्यूहहरू पनि हुन्छन्। यिनीहरूको आकृतिकै अनुसार यी नामहरू राखिएको हो। आआफ्नो सुविधाअनुसार व्यूह बनाउनुपर्दछ। व्यूहले शत्रुसेनालाई अगाडि बढ्नबाट रोक्दछ।४८–७२।

अग्निदेवले भने— हे ब्रह्मा ! श्रीरामले रावणको वध गरेर अयोध्याको राज्य प्राप्त गरे। श्रीरामले बताएको उक्त नीतिबाट नै उहिले नै लक्ष्मणले इन्द्रजित्लाई वध गरेका थिए।७३।

२४३. त्रिचत्वारिंशधिकद्विशततमोऽध्यायः

पुरुषलक्षण

अग्निरुवाच
रामायोक्ता मया नीतिः स्त्रीणां राजन्नृणां वदे ।
लक्षणं यत्समुद्रेण गर्गायोक्तं यथा पुरा ।१।
समुद्र उवाच
पुंसां च लक्षणं वक्ष्ये स्त्रीणां चैव शुभाशुभम् ।
एकाधिको द्विशुक्लश्च त्रिगम्भीरस्तथैव च ।२।
त्रित्रिकस्त्रिप्रलम्बश्च त्रिभिर्व्याप्नोति यस्तथा ।
त्रिवलीमांस्त्रिविनतस्त्रिकालज्ञश्च सुव्रत ।३।
पुरुषः स्यात्सुलक्षण्यो विपुलश्च तथा त्रिषु ।
चतुर्लेखस्तथा यश्च तथैव च चतुःसमः ।४।
चतुष्किष्कुश्चतुर्दंष्ट्रः शुक्लकृष्णस्तथैव च ।
चतुर्गन्धश्चतुर्ह्रस्वः सूक्ष्मदीर्घश्च पञ्चसु ।५।

अग्निदेव भन्दछन्—हे वसिष्ठ ! मैले श्रीरामबाट बताइएको राजनीतिको प्रतिपादन गरें। अब म स्त्रीपुरुषको लक्षण बताउँछु, यो उहिले नै भगवान् समुद्रले गर्ग ऋषिलाई उपदेश दिएको थिए।१।

समुद्र भन्दछन्— हे उत्तम व्रतको आचरण गर्ने गर्ग ! म स्त्रीपुरुषको लक्षण एवं शुभाशुभ फलको वर्णन गर्दछु। एकाधिक, द्विशुक्ल, त्रिगम्भीर, त्रित्रिक, त्रिप्रलम्ब, त्रिकव्यापी, त्रिवलीयुक्त, त्रिविनत, त्रिकालज्ञ एवं त्रिविपुल पुरुष शुभ लक्षणले युक्त हुन्छन् भन्ने मानिएको छ। यसै किसिमले चतुर्लेख, चतुस्सम, चतुष्किष्कु, चतुर्दंष्ट्र, चतुष्कृष्ण, चतुर्गन्ध, चतुर्ह्रस्व, पञ्चसूक्ष्म, पञ्चदीर्घ, षडुन्नत, अष्टवंश, सप्तस्नेह, नवामल, दशपद्म, दशव्यूह, न्यग्रोधपरिमण्डल, चतुर्दशसमद्वन्द्व एवं षेडशाक्ष पुरुष प्रशंसित हुन्छन्। धर्म, अर्थ र कामले संयुक्त धर्म एकाधिक

स्यात्कक्षपक्षोरस्यानामेकीभावस्तु मण्डलः ।७०।

चक्रपद्मादयो भेदा मण्डलस्य प्रभेदकाः ।

एवं च सर्वतोभद्रो वज्राक्षवरकाकवत् ।७१।

अर्द्धचन्द्रश्च शृङ्गाटो ह्यचलो नामरूपतः ।

व्यूहा यथासुखं कार्य्याः शत्रूणां बलवारणाः ।७२।

अग्निरुवाच

रामस्तु रावणं हत्या ह्ययोध्यां प्राप्तवान्द्विज ।

रामोक्तनीत्येन्द्रजितं हतवांल्लक्ष्मणः पुरा ।७३।

छन् भने त्यो व्यूह असह्य नामको हुने गर्दछ। कक्ष र पक्षलाई तल राखेर उरस्य अगाडि निस्केको व्यूह चाप हो भनिन्छ। दुई दण्ड मिलेर एउटा वलय व्यूह बनाउँछन्। यो व्यूह शत्रुलाई विदीर्ण गराउने हुन्छ। चार वलय व्यूहका संयोगले एउटा दुर्जय व्यूह बनेको हुन्छ र त्यो नै शत्रुवाहिनीलाई मर्दन गर्न सक्षम हुन्छ। कक्ष, पक्ष तथा उरस्य जब विषम भावले स्थित हुन्छन् भने त्यो भोग नामको व्यूह हुन्छ। यसका पाँच भेद हुन्छन्— सर्पचारी, गोमूत्रिका, शकट, मकर र परिपतन्तिक। सर्प हिंडेको आकृतिले सर्पचारी, गाईले मुतेको आकारले गोमूत्रिका, शकतको आकृतिले शकट तथा त्यसको विपरीत स्थितिले मकर व्यूहको रचना हुने गर्दछ। यी भेदहरूसहितको भोग व्यूह सम्पूर्ण शत्रुलाई मर्दन गराउने हुन्छ। चक्रव्यूह तथा पद्मव्यूह आदि मण्डलका अनेकौं भेदप्रभेदहरू छन्। यसै गरी सर्वतोभद्र, वज्र, अक्षवर, काक, अर्धचन्द्र, शृङ्गार र अचल आदि व्यूहहरू पनि हुन्छन्। यिनीहरूको आकृतिकै अनुसार यी नामहरू राखिएको हो। आआफ्नो सुविधाअनुसार व्यूह बनाउनुपर्दछ। व्यूहले शत्रुसेनालाई अगाडि बढ्नबाट रोक्दछ।४८-७२।

अग्निदेवले भने— हे ब्रह्मा ! श्रीरामले रावणको वध गरेर अयोध्याको राज्य प्राप्त गरे। श्रीरामले बताएको उक्त नीतिबाट नै उहिले नै लक्ष्मणले इन्द्रजित्‌लाई वध गरेका थिए।७३।

२४३. त्रिचत्वारिंशधिकद्विशततमोऽध्यायः

पुरुषलक्षण

अग्निरुवाच

रामायोक्ता मया नीतिः स्त्रीणां राजन्नृणां वदे ।
लक्षणं यत्समुद्रेण गर्गायोक्तं यथा पुरा ।१।
समुद्र उवाच
पुंसां च लक्षणं वक्ष्ये स्त्रीणां चैव शुभाशुभम् ।
एकाधिको द्विशुक्लश्च त्रिगम्भीरस्तथैव च ।२।
त्रित्रिकस्त्रिप्रलम्बश्च त्रिभिर्व्याप्नोति यस्तथा ।
त्रिवलीमांस्त्रिविनतस्त्रिकालज्ञश्च सुव्रत ।३।
पुरुषः स्यात्सुलक्षण्यो विपुलश्च तथा त्रिषु ।
चतुर्लेखस्तथा यश्च तथैव च चतुःसमः ।४।
चतुष्किष्कुश्चतुर्दंष्ट्रः शुक्लकृष्णस्तथैव च ।
चतुर्गन्धश्चतुर्ह्रस्वः सूक्ष्मदीर्घश्च पञ्चसु ।५।

अग्निदेव भन्दछन्—हे वसिष्ठ ! मैले श्रीरामबाट बताइएको राजनीतिको प्रतिपादन गरें। अब म स्त्रीपुरुषको लक्षण बताउँछु, यो उहिले नै भगवान् समुद्रले गर्ग ऋषिलाई उपदेश दिएको थिए।१।

समुद्र भन्दछन्— हे उत्तम व्रतको आचरण गर्ने गर्ग ! म स्त्रीपुरुषको लक्षण एवं शुभाशुभ फलको वर्णन गर्दछु। एकाधिक, द्विशुक्ल, त्रिगम्भीर, त्रित्रिक, त्रिप्रलम्ब, त्रिकव्यापी, त्रिवलीयुक्त, त्रिविनत, त्रिकालज्ञ एवं त्रिविपुल पुरुष शुभ लक्षणले युक्त हुन्छन् भन्ने मानिएको छ। यसै किसिमले चतुर्लेख, चतुस्सम, चतुष्किष्कु, चतुर्दंष्ट्र, चतुष्कृष्ण, चतुर्गन्ध, चतुर्ह्रस्व, पञ्चसूक्ष्म, पञ्चदीर्घ, षडुन्नत, अष्टवंश, सप्तस्नेह, नवामल, दशपद्म, दशव्यूह, न्यग्रोधपरिमण्डल, चतुर्दशसमद्वन्द्व एवं षेडशाक्ष पुरुष प्रशंसित हुन्छन्। धर्म, अर्थ र कामले संयुक्त धर्म एकाधिक

षडुन्नतोऽष्टवंशश्च सप्तस्नेहनवामलः ।
दशपद्मो दशव्यूहो न्यग्रोधपरिमण्डलः ।६।
चतुर्दशसमद्वन्द्वः षोडशाक्षश्च शस्यते ।
धर्मार्थकामसंयुक्तो धर्मो ह्येकाधिको मतः ।७।
तारकाभ्यां विना नेत्रे शुक्लदन्तो द्विशुक्लकः ।
गम्भीरस्त्रिश्रवो नाभिः सत्त्वं चैकं त्रिकं स्मृतम् ।८।
अनसूया दया क्षान्तिर्मङ्गलाचारयुक्तता ।
शौचं स्पृहा त्वकार्पण्यमनायासश्च शूरता ।९।
त्रित्रिकस्त्रिप्रलम्बः स्याद्वृषणे भुजयोर्नरः ।
दिग्देशजातिवर्गांश्च तेजसा यशसा श्रिया ।१०।
व्याप्नोति यस्त्रिकव्यापी त्रिवलीमान्नरस्त्वसौ ।
उदरे वलयस्तिस्रो नरं त्रिविनतं शृणु ।११।
देवतानां द्विजानां च गुरुणां प्रणतस्तु यः ।
धर्मार्थकामकालज्ञस्त्रिकालज्ञोऽभिधीयते ।१२।
उरो ललाटं वक्त्रं च त्रिविस्तीर्णो विलेखवान् ।
द्वौ पाणी द्वौ तथा पादौ ध्वजच्छत्रादिभिर्युतौ ।१३।
अङ्गुल्यो हृदयं पृष्ठं कटिः शस्तं चतुःसमम् ।
षण्णवत्यङ्गुलोत्सेधश्चतुष्किष्कुप्रमाणतः ।१४।
दंष्ट्राश्चतस्रश्चन्द्राभाश्चतुष्कृष्णं वदामि ते ।
नेत्रतारौ भ्रुवौ श्मश्रुः कृष्णाः केशास्तथैव च ।१५।
नासायां वदने स्वेदे कक्षयोर्विडगन्धकः ।
ह्रस्वं लिङ्गं तथा ग्रीवा जङ्घे स्याद्वेदह्रस्वकम् ।१६।
सूक्ष्माण्यङ्गुलिपर्वाणि नखकेशाद्विजत्वचः ।
हनू नेत्रे ललाटे च नासा दीर्घा स्तनान्तरम् ।१७।
वक्षः कुक्षौ नखा नासोन्नतं वक्त्रं कृकाटिका ।
स्निग्धास्त्वक्केशदन्ताश्च लोम दृष्टिर्नखाश्च वाक् ।१८।
जान्वोरूर्वोश्च पृष्ठस्थवंशौ द्वौ करनासयोः ।
नेत्रे नासापुटौ कर्णौ मेढ्रं पायुमुखेऽमलम् ।१९।
जिह्वोष्ठे तालुनेत्रे तु हस्तपादौ नखास्तथा ।
शिश्नाग्रवक्त्रं शस्यन्ते पद्माभा दश देहिनाम् ।२०।
पाणिपादं मुखं ग्रीवा श्रवणे हृदयं शिरः ।
ललाटमुदरं पृष्ठं बृहन्तः पूजिता दश ।२१।
प्रसारितभुजस्येह मध्यमाग्रद्वयान्तरम् ।
उच्छ्रायेण समं यस्य न्यग्रोधपरिमण्डलः ।२२।

मानिएको छ । तारकाहीन नेत्र एवं उज्ज्वल दन्तपङ्क्तिले सुशोभित पुरुष द्विशुक्ल भनिएको छ। जसको स्वर, नाभी र सत्त्व तीनवटै गम्भीर छन्, त्यो त्रिगम्भीर हुन्छ। निर्मत्सरता, दया, क्षमा, सदाचरण, शौच, स्पृहा, औदार्य, अनायास तथा शूरता यी गुणले विभूषित पुरुष त्रित्रिक हो भन्ने मानिएको छ। जुन मानिसका लिङ्ग र बाहु लामा हुन्छन् त्यो त्रिप्रलम्ब हो भनिएको छ। जो आफ्नो तेज, यश एवं कान्तिले देश, जाति, वर्ग एवं दस दिशाहरूलाई व्याप्त गर्दछ त्यसलाई त्रिकव्यापी भनिन्छ। जसका पेटमा तीन रेखाहरू हुन्छन् त्यो त्रिवलीमान् हुन्छ। अब त्रिविनत पुरुषको लक्षण सुन। त्यो देवता, ब्राह्मण तथा गुरुजनप्रति विनीत हुन्छ। धर्म, अर्थ एवं कामका समयको ज्ञाता नै त्रिकालज्ञ हो भनिएको छ। जसको वक्षस्थल, ललाट एवं मुख फराकिलो हुन्छ त्यो त्रिविपुल हो र जसका दुई हात र दुई खुट्टा ध्वजा, छत्र आदिका चिह्न भएको हुन्छ त्यो पुरुष चतुर्लेख हुन्छ। औंला, हृदय, पिठ्युँ एवं कम्मर यी चारै अङ्ग समान हुनाले मानिस प्रशंसित हुन्छ। यस्ता पुरुषलाई चतुस्सम भनिन्छ। जसको उचाइ छयानब्बे अङ्गुलको छ त्यो चतुष्किष्कु परिमाण भएको एवं जसका चारैतिरका दाँत चन्द्रमाजस्तै उज्याला हुन्छन् त्यो चतुर्दंष्ट्र हुन्छ। अब म तिमीलाई चतुष्कृष्ण पुरुषका विषयमा भन्दछु। उसका आँखाका तारा, आँखीभौँको जोडी, दाह्रीकपाल काला हुन्छन्। नाक, मुख र दुई काखीमा उत्तम गन्ध भएको मानिस चतुर्गन्ध हो भनिन्छ। लिङ्ग, घाँटी र पिडौँला छोटा भएको मानिस चतुर्ह्रस्व हो भनिन्छ। औँलाका जोर्नी, नङ, केश, दाँत तथा त्वचा सूक्ष्म भएको मानिस पञ्चसूक्ष्म हो एवं चिउँडो, निधार, नाक एवं वक्षस्थल विशाल भयो भने पञ्चदीर्घ हो भनिएको छ। छाती, काखी, नङ, मुख र रुद्रघण्टी यी छवटा अङ्ग उन्नत एवं छाला, कपाल, दाँत, रौँ, आँखा, नङ र बोली यी सात कुरा स्निग्ध भए भने शुभ हुन्छ। दुईवटा घुँडा, दुई तिघ्रा, पिठ्युँ, दुई हात एवं नाकलाई मिलाउँदा जम्मा आठ भएका वंश हुन्। दुई आँखा, दुई नाक, कानको जोडी, शिश्न, गुदा र मुख यी नौवटा स्थान निर्मल हुने मानिस नवामल हुन्छ। जिब्रो ओठ, तालु, आँखा, हात, गोडा, नङ, शिश्नको अग्रभाग एवं मुख यी दस अङ्ग पद्मको जस्तै कान्तिले युक्त भएकालाई प्रशंसायोग्य भन्ने मानिएको छ। हात, खुट्टा, घाँटी, कान, हृदय, शिर, ललाट, पेट एवं पृष्ठ यी दसवटा बृहदाकार भए भने सम्मानित हुन्छन्। जुन पुरुषको उचाइ बाहाँ फैलाउँदा दुई माझी औँलाका टुप्पासम्मको परिमाणजत्तै हुन्छ त्यो न्यग्रोधपरिमण्डल हो भनिएको छ। जसका चरण, गुल्फ, नितम्ब, पार्श्व, वङ्क्षण, वृषण, स्तन, कर्ण, ओष्ठ, ओष्ठान्त,

पादौ गुल्फौ स्फिचौ पार्श्वौ वङ्क्षणौ वृषणौ कुचौ ।
कर्णोष्ठौ सक्थिनी जङ्घौ हस्तौ बाहू तथाक्षिणी ।२३।
चतुर्दशसमद्वन्द्व एतत्सामान्यतो नरः ।
विद्याश्चतुर्दश द्व्यक्षैः पश्येद्यः षोडशाक्षकः ।२४।
रूक्षं शिराततं गात्रमशुभं मांसवर्जितम् ।
दुर्गन्धिविपरीतं यच्छस्तं दृष्ट्या प्रसन्नया ।२५।
धन्यस्य मधुरा वाणी गतिर्मत्तेभसन्निभा ।
एककूपभवं रोम भये रक्षा सकृत्सकृत् ।२६।

जङ्घा, हस्त, बाहु एवं नेत्र यी जोडी अङ्गहरू समान हुन्छन्। त्यो पुरुष चतुर्दशसमद्वन्द्व हुन्छ। जसले आफ्ना दुवै आँखाले चौध विद्याहरूको अवलोकन गर्दछ त्यो षोडशाक्ष हो भनिएको छ। दुर्गन्ध भरिएको, मांसहीन रुखो र नसाले भरिएको शरीरलाई अशुभ मानिएको छ। त्यसका विपरीत गुणले सम्पन्न एवं चम्किला आँखाले सजिएको शरीर प्रशंसनीय मानिन्छ। धन्य पुरुषको वाणी मधुर एवं चाल मदमत्त हात्तीको जस्तै हुन्छ। प्रत्येक रौँका प्वालबाट एउटै रौँ आएको हुन्छ। यस्ता पुरुषको बारम्बार भयबाट रक्षा हुन्छ।२-२६।

२४४. चतुश्चत्वारिंशधिकद्विशततमोऽध्यायः

स्त्रीलक्षण

समुद्र उवाच

शस्ता स्त्री चारुसर्वाङ्गी मत्तमातङ्गगामिनी ।
गुरूरूजघना या च मत्तपारावतेक्षणा ।१।
सुनीलकेशी तन्वङ्गी विलोमाङ्गी मनोहरा ।
समभूमिस्पृशौ पादौ संहतौ च तथा स्तनौ ।२।
नाभिः प्रदक्षिणावर्त्ता गुह्यमश्वत्थपत्रवत् ।
गुल्फौ निगूढौ मध्येन नाभिरङ्गुष्ठमानिका ।३।
जठरं न प्रलम्बं च रोमरूक्षा न शोभना ।
नर्क्षवृक्षनदीनाम्नी न सदा कलहप्रिया ।४।
न लोलुपा न दुर्भाषा शुभा देवादिपूजिता ।
गण्डैर्मधुकपुष्पाभैर्न शिराला न लोमशा ।५।
न संहतभ्रूकुटिला पतिप्राणा पतिप्रिया ।
अलक्षणापि लक्षण्या यत्राकारस्ततो गुणाः ।
भुवं कनिष्ठिका यस्या न स्पृशेन्मृत्युरेव सा ।६।

समुद्रदेव भन्दछन्– हे गर्ग ! शरीरद्वारा उत्तम श्रेणीका स्त्री तिनै हुन्छन् जसका सबै अङ्गहरू मनोहर छन्, जो मदमत्त हात्तीझैँ मन्द गतिले हिँड्छन्, जसका तिघ्रा र जघन ठूला हुन्छन् तथा नेत्र उन्मत्त पारावतसमान मदले भरिएको हुन्छ, जसको केश सुन्दर नीलवर्णी हुन्छ, शरीर खिरिलो र अङ्गहरू रौँ नभएका हुन्छन्, जो देख्नेबित्तिकै मनलाई लोभ्याउने हुन्छन, जसका दुवै गोडाले समतल भूमिलाई पूर्ण रूपले छुने हुन्छन् र दुवै स्तन एकापसमा जोडिएका हुन्छन्, नाभी दाहिनेतर्फ घुमेको हुन्छ, योनी पीपलको पातका आकारको हुन्छ, दुवै गोलीगाँठा मासु भरिएर नदेखिने खालका हुन्छन्, नाइटो बुढीऔँलोजत्रै हुन्छ, पेट लामो वा झोल्लिएको हुँदैन। रौँहरूले गर्दा रुखो शरीर देखिएकी आइमाई राम्रा हुँदैनन् भनिएको छ। नक्षत्र, वृक्ष र नदीहरूको जस्तै जसको नाम राखिएको छ तथा जसलाई सधैँ झगडा गर्न नै मन पर्दछ त्यस्ता स्त्री राम्रा हुँदैनन्। जो लोभी छैनन्, तितो बोली गर्न जान्दैनन् त्यस्ता नारीहरू देवता आदिबाट पूजित शुभलक्षणा हुन् भनिएको छ। जसका गाला मधूक पुष्पसमान गोरा छन् ती नारी शुभ हुन्छन्। जसका शरीरका नसाहरू देखिन्छन् र जसका अङ्ग धेरै रौँहरूले भरिएका हुन्छन् त्यस्ता स्त्री राम्रो मानिँदैनन्। जसका बाङ्गिएका आँखीभौँ आपसमा जोडिएका हुन्छन् ती नारी पनि राम्रो मानिँदैनन्। जसको प्राण पतिमा नै अडिएको हुन्छ र जो पतिका लागि प्रिय हुन्छन् ती नारीहरू लक्षणबाट रहित भए पनि शुभलक्षणले सम्पन्न हुन् भनिएको छ। जहाँ सुन्दर आकृति हुन्छ, त्यहीं शुभ गुण हुन्छ। जसका खुट्टाका कान्छीऔँलाले भुइँ छुँदैन त्यस्ता नारी मृत्युकै रूप हुन्।१-६।

२४५. पञ्चचत्वारिंशधिकद्विशततमोऽध्यायः

चामरादिलक्षण

अग्निरुवाच

चामरो रुक्मदण्डोऽग्र्यः छत्रं राज्ञः प्रशस्यते ।
हंसपक्षैर्विरचितं मयूरस्य शुकस्य च ।१।
पक्षैर्वाथ बलाकाया न कार्यं मिश्रमक्षकैः ।
चतुरस्रं ब्राह्मणस्य वृत्तं राज्ञश्च शुक्लकम् ।२।
त्रिचतुःपञ्चषट्सप्त ह्यष्ट पर्वाणि दण्डके ।
भद्रासनं क्षीरिवृक्षैः पञ्चाशदङ्गुलोच्छ्रयैः ।३।
विस्तारेण त्रिहस्तं स्यात्सुवर्णाद्यैश्च चित्रितम् ।
धनुर्द्रव्यत्रयं लोहं शृङ्गं दारु द्विजोत्तम ।४।
ज्याद्रव्यत्रितयं चैव वंशभङ्गत्वचस्तथा ।
दारुचापप्रमाणं तु श्रेष्ठं हस्तचतुष्टयम् ।५।
तदेव समहीनं तु प्रोक्तं मध्यकनीयसि ।
मुष्टिग्राहनिमित्तानि मध्ये द्रव्याणि कारयेत् ।६।
स्वल्पकोटिस्त्वचा शृङ्गं शार्ङ्गलौहमये द्विज ।
कामिनीभ्रूलताकारा कोटिः कार्य्या सुसंयता ।७।
पृथग्वा विप्रमिश्रं वा लौहं शार्ङ्गं तु कारयेत् ।
शार्ङ्गं समुचितं कार्य्यं रुक्मविन्दुविभूषितम् ।८।
कुटिलं स्फुटितं चापं सच्छिद्रं च न शस्यते ।
सुवर्ण रजतं ताम्रं कृष्णायो धनुषि स्मृतम् ।९।
माहिषं शारभं शार्ङ्गं रोहिषं वा धनुःशुभम् ।
चन्दनं वेतसं सालं धावलं ककुभं तरुः ।१०।
सर्वश्रेष्ठं धनुर्वंशैर्गृहीतैः शरदि श्रितैः ।
पूजयेत्तु धनुःखड्गमन्त्रैस्त्रैलोक्यमोहनैः ।११।
अयसश्चाथ वंशस्य शरस्याप्यशरस्य च ।
ऋजवो हेमवर्णाभाः स्नायुश्लिष्टाः सुपत्रकाः ।१२।
रुक्मपुङ्खाः सुपुङ्खास्ते तैलधौताः सुवर्णकाः ।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! सुनको डन्ठी भएको चम्मर उत्तम हुन्छ । राजाका लागि हाँसको प्वाँख, मयूरका प्वाँख वा सुगाका प्वाँखले बनाइएको छत्र राम्रो भन्ने मानिएको छ । बकुल्लाका प्वाँखले बनाइएको छत्र पनि प्रयोग गर्न सकिन्छ तर छासमिसे प्वाँखको छत्र बनाउनु हुँदैन । तीन, चार, पाँच, छ, सात या आठ जोर्नीले सजिएको दण्ड राम्रो हुन्छ भनिएको छ । भद्रासन पचास अङ्गुल उच्च र क्षीरकाष्ठले बनिएको हुनुपर्दछ । त्यो सुवर्णचित्रित एवं तीन हात फराकिलो हुनुपर्छ । हे द्विजश्रेष्ठ ! धनुषको निर्माणका लागि फलाम, सिङ अथवा काठ यी तीन द्रव्यहरूलाई प्रयोग गर्नुपर्दछ । प्रत्यञ्चाका लागि वंश, भङ्ग एवं चर्म यी तीन वस्तु उपयुक्त हुन्छन् । काठले बनाइएका राम्रा धनुषको परिमाण चार हात हुने मानिएको छ । त्यसैमा क्रमशः एकएक हात कम भयो भने मध्यम तथा अधम हुन्छ । मुष्टिग्राहका लागि धनुषका मध्य भागमा द्रव्यनिर्मित गराउनुपर्दछ । धनुषको कोटि कामिनीको आँखीभौँजस्तै आकार भएको एवं अत्यन्त खिपिएको बनाउनुपर्दछ । फलाम या सिङको धनुष फरकफरक द्रव्यबाट या द्रव्यहरू मिसाएर पनि बनाउन सकिन्छ । सिङले बनाइएका धनुषलाई अत्यन्त राम्रा तथा सुनौला थोप्लाहरूले सिँगार्नुपर्दछ । बाङ्गो, चिरिएको, प्वाल परेको धनुष निन्दित मानिन्छ । धातुहरूमा सुन, चाँदी, तामा एवं कालो फलामलाई नै धनुष निर्माणमा प्रयोग गर्नुपर्दछ । शार्ङ्गधनुषमा महिष, शरभ एवं रोहिण मृगका सिङले बनाइएको धनुषलाई राम्रो मानिएको छ । चन्दन, वेतस, साल, धव तथा अर्जुन वृक्षका काठले बनेको काठको शरासन पनि उत्तम हुन्छ । यिनीहरूमा पनि शरद् ऋतुमा काटेर ल्याइएको छिप्पिाएका बाँसले बनाइएको धनुष सबैभन्दा उत्तम मानिएको छ । धनुष एवं खड्गलाई पनि त्रैलोक्यमोहन मन्त्रहरूले पूजा गर्नुपर्दछ । फलाम, बाँस, नर्कट अथवा तीभन्दा बाहेक अरू नै कुनै वस्तुले बनेको बाण पनि सोझो, सुनौलो आभा भएको, चिल्लो, चराका प्वाँखले सजाइएको, तेलमा भिजेको, सुनौला एवं उत्तम प्वाँख जडिएको हुनुपर्दछ । यात्रा एवं अभिषेकमा राजाले धनुषबाण आदि अस्त्रहरूको एवं पताका, अस्त्रसङ्ग्रह तथा दैवज्ञको पनि पूजा गर्नुपर्दछ ।१–१३।

कुनै एक समयमा भगवान् ब्रह्माले सुमेरु पर्वतका शिखरमा आकाशगङ्गाका किनारमा एउटा यज्ञ गरेका थिए ।

यात्रायामभिषेकादौ यजेद्बाणधनुमुखान् ।१३।
सपताकास्त्रसङ्ग्राहसांवत्सरकरान्नृपः ।
ब्रह्मा वै मेरुशिखरे स्वर्गगङ्गातटेऽयजेत् ।१४।
लोहदैत्यं स ददृशे विघ्नं यज्ञे तु चिन्तयन् ।
तस्य चिन्तयतो वह्नेः पुरुषोऽभूद्बलिर्महान् ।१५।
ववन्देऽजं च तं देवा अभ्यनन्दन्त हर्षिताः ।
तस्मात्स नन्दकः खड्गो देवोक्तो हरिरग्रहीत् ।१६।
तं जग्राह शनैर्देवो विकोशः सोऽभ्यपद्यत ।
खड्गो नीलो रत्नमुष्टिस्ततोऽभूच्छतबाहुकः ।१७।
दैत्यः स गदया देवान्द्रावयामास वै रणे ।
विष्णुना खड्गच्छिन्नानि दैत्यगात्राणि भूतले ।१८।
पतितानि तु संस्पर्शान्नन्दकस्य च तानि हि ।
लोहभूतानि सर्वाणि हत्वा तस्मै हरिर्वरम् ।१९।
ददौ पवित्रमङ्गं ते ह्यायुधाय भवेद्भुवि ।
हरिप्रसादाद्ब्रह्मापि विना विघ्नं हरिं प्रभुम् ।२०।
पूजयामास यज्ञेन वक्ष्येऽथो खड्गलक्षणम् ।
खटीखट्टरजाता ये दर्शनीयास्तु ते स्मृताः ।२१।
कायच्छिदस्त्वार्षिकाः स्युर्दृढाः सूर्पारकोद्भवा ।
तीक्ष्णाः श्छेदसहा वङ्गास्तीक्ष्णाः स्युश्चाङ्गदेशजाः ।२२।
शतार्द्धमङ्गलानां च श्रेष्ठं खड्गं प्रकीर्त्तितम् ।
तदर्द्धं मध्यमं ज्ञेयं ततो हीनं न धारयेत् ।२३।
दीर्घं सुमधुरं शब्दं यस्य खड्गस्य सत्तम ।
किङ्किणीसदृशं तस्य धारणं श्रेष्ठमुच्यते ।२४।
खड्ग पद्मपलाशाग्रो मण्डला ग्रश्च शस्यते ।
करवीरदलाग्राभो घृतगन्धो वियत्प्रभः ।२५।
समाङ्गुलस्थाः शस्यन्ते व्रणाः खड्गेषु लिङ्गवत् ।
काकोलूकसवर्णाभा विषमास्ते न शोभनाः ।२६।
खड्गे न पश्येद्वदनमुच्छिष्टो न स्पृशेदसिम् ।
मूल्यं जातिं न कथयेन्निशि कुर्य्यान्न शीर्षके ।२७।

उनले त्यस यज्ञमा उपस्थित भएको लौहदैत्यलाई देखे । त्यसलाई देखेर उनी यसले मेरा यज्ञमा विघ्न पो पार्ला कि भनेर ज्यादै चिन्तित भए। उनले चिन्तन गर्दा गर्दै नै अग्निबाट एउटा महाबलवान् पुरुष प्रकट भयो र त्यसले भगवान् ब्रह्माको वन्दना गर्‍यो । त्यसपछि सबै देवताहरू खुसी भएर त्यसलाई अभिनन्दन गरे। अभिनन्दन गरिएकै कारण त्यसको नाम नन्दक भयो र उसले खड्गको रूप लियो। देवताहरूकै अनुरोधमा भगवान् श्रीहरिले त्यस नन्दक खड्गलाई आफ्ना निजी आयुधका रूपमा स्वीकार गरे । उनै देवाधिदेवले त्यस खड्गलाई उसका गलामा हात हालेर समाते । त्यति गरिसकेपछि त्यो खड्ग म्यानभन्दा बाहिर आयो । त्यस खड्गको कान्ति नीलो थियो र मुठी रत्नमय थियो। त्यसपछि त्यो बढेर सय हातको भयो। त्यस बेला लौह दैत्यले गदाले हानेर देवताहरूलाई यज्ञबाट लखेट्न थालिसकेको थियो । भगवान् विष्णुले त्यस लौह दैत्यका सबै अङ्गहरू उसै खड्गले काटिदिए । नन्दकले स्पर्श मात्रै गर्दा पनि छिन्नभिन्न भएर त्यस दैत्यका फलामे अङ्गहरू भुइँभरि खसे। यस किसिमले लोहासुरलाई वध गरेर भगवान् श्रीहरिले उसलाई– लोहा तिम्रो पवित्र अङ्ग हो, भूतलमा हतियार निर्माणका लागि यो उपयोगी हुनेछ भनी आशीर्वाद दिए। त्यसपछि श्रीविष्णुको कृपाप्रसादले ब्रह्माले पनि उनै सर्वसमर्थ श्रीहरिलाई यज्ञमा निर्विघ्न रूपमा पूजा गरे। खटिखट्टर देशमा बनाइएका खड्ग हेर्नमा अति राम्रा हुन्छन्। ऋषिक देशका खड्ग शरीरलाई चिरा पार्ने र शूर्पारकदेशीय खड्ग अत्यन्त बलिया हुन्छन्। बङ्गदेशका खड्ग पोल्ने र अङ्गदेशका खड्ग धारिला हुन्छन् भनिएको छ। पचास अङ्गुलका खड्ग श्रेष्ठ मानिएको छ। त्यसभन्दा आधा परिमाणको मध्यम र त्यसभन्दा सानो परिमाणको खड्ग धारण गर्न नहुने हीन हुन्छ। हे द्विजोत्तम ! जुन खड्गको शब्द लामो र किङ्किणीको ध्वनिझैँ धेरै बेर रन्कन्छ त्यसलाई धारण गर्नु श्रेष्ठ मानिएको छ। जुन खड्गको टुप्पो पद्मपत्र, मण्डल अथवा करवीर पत्रको जस्तै हुन्छ र जो घिउको गन्धले युक्त हुन्छ एवं आकाशको जस्तै कान्ति भएको हुन्छ त्यो नै ज्यादा प्रशंसनीय हुन्छ। खड्गमा दुई अङ्गुलजतिमा लिङ्गको जस्तै चिह्न भएको राम्रो हुन्छ भनिएको छ। यदि खड्ग काग वा उल्लुको जस्तै रङ्गको प्रभाले युक्त भयो एवं विषम छ भनेदेखि त्यसलाई मङ्गलजनक मानिँदैन । खड्गमा आफ्नो मुख हेर्नु हुँदैन। जुठा हातले त्यसलाई स्पर्श पनि गर्नु हुँदैन। खड्गको जाति र मूल्य पनि कसैलाई भन्नु हुँदैन र रातका समयमा त्यसलाई सिरानीमा राखेर सुत्नु हुँदैन ।१४-२७।

२४६. षट्चत्वारिंशधिकद्विशततमोऽध्यायः

रत्नपरीक्षा

अग्निरुवाच

रत्नानां लक्षणं वक्ष्ये रत्नं धार्य्यमिदं नृपैः ।
वज्रं मरकतं रत्नं पद्मरागं च मौक्तिकम् ।१।
इन्द्रनीलं महानीलं वैदूर्य्यं गन्धशस्यकम् ।
चन्द्रकान्तं सूर्य्यकान्तं स्फटिकं पुलकं तथा ।२।
कर्केतनं पुष्परागं तथा ज्योतीरसं द्विज ।
स्फटिकं राजपट्टं च तथा राजमयं शुभम् ।३।
सौगन्धिकं तथा गञ्जं शङ्खब्रह्ममयं तथा ।
गोमेदं रुधिराक्षं च तथा भल्लातकं द्विज ।४।
धूलीं मरकतं चैव तुथकं सीसमेव च ।
पीलुं प्रवालकं चैव गिरिवज्रं द्विजोत्तम ।५।
भुजङ्गममणिं चैव तथा वज्रमणिं शुभम् ।
टिट्टिभं च तथा पिण्डं भ्रामरं च तथोत्पलम् ।६।
सुवर्णप्रतिबद्धानि रत्नानि श्रीजयादिके ।
अन्तःप्रभावं वैमल्यं सुसंस्थानत्वमेव च ।७।
सुधार्य्या नैव धार्य्यास्तु निष्प्रभा मलिना स्तथा ।
खण्डाः सशर्करा ये च प्रशस्तं वज्रधारणम् ।८।
अम्भस्तरति यद्वज्रमभेद्यं विमलं च यत् ।
षट्कोणं शक्रचापाभं लघु चार्कनिभं शुभम् ।९।
शुकपक्षनिभस्निग्धः कान्तिमान्विमलस्तथा ।
स्वर्णचूर्णनिभैः सूक्ष्मैर्मरकतश्च विन्दुभिः ।१०।
स्फटिकजाः पद्मरागाः स्यूरागवन्तोऽतिनिर्मलाः ।
जातरङ्गा भवन्तीह कुरुविन्दसमुद्भवाः ।११।
सौगन्धिकोत्थाः काषाया मुक्ताफलास्तु शुक्तिजाः ।
विमलास्तेभ्य उत्कृष्टा ये च शङ्खोद्भवा मुने ।१२।
नागदन्तभवाश्चाग्र्याः कुम्भसूकरमत्स्यजाः ।
वेणुनागभवाः श्रेष्ठा मौक्तिकं नागजं वरम् ।१३।
वृत्तत्वं शुक्लतास्वाच्छ्यं महत्त्वं मौक्तिके गुणाः ।
इन्द्रनीलं शुभं क्षीरे रजते भ्राजतेऽधिकम् ।१४।
रञ्जयेत्स्वप्रभावेण तममूल्यं विनिर्दिशेत् ।
नीलरक्तं तु वैदूर्य्यं श्रेष्ठं हारादिकं भजेत् ।१५।

अग्निदेव भन्दछन्— हे द्विजश्रेष्ठ वसिष्ठ ! अब म रत्नका लक्षणको वर्णन गर्दछु। राजाहरूले यी रत्न धारण गर्नुपर्दछ— वज्र, मरकत, पद्मराग, मुक्ता, महानील, इन्द्रनील, वैदूर्य, गन्धसस्य, चन्द्रकान्त, सूर्यकान्त, स्फटिक, पुलक, कर्केतन, पुष्पराग, ज्योतीरस, राजपट्ट, राजमय, शुभसौगन्धिक, गञ्ज, शङ्ख, ब्रह्ममय, गोमेद, रुधिराक्ष, भल्लातक, धूली, मरकत, तुष्यक, सीस, पीलु, प्रवाल, गिरिवज्र, भुजङ्गमणि, वज्रमणि, टिट्टिभ, भ्रामर र उत्पल। श्री एवं विजयको प्राप्तिका लागि पूर्वोक्त रत्नहरूलाई सुनले जडाउ गराएर धारण गर्नुपर्दछ। जो भित्रैदेखि प्रभायुक्त, निर्मल एवं सुसंस्थान हुन्छन् तिनै रत्नलाई धारण गर्नुपर्दछ। खुइलिएका, प्रभा नभएका, घुमैला, फुटेका र चर्किएका–कोत्रिएका रत्न धारण गर्नु हुँदैन। सबै रत्नहरूमा हीरा धारण गर्नु राम्रो हुन्छ। जुन हीरा पानीमा उत्रिन्छ, फुटेको छैन, छवटा कुना भएको छ, इन्द्रधनुषको जस्तै निर्मल प्रभाले सम्पन्न छ, हल्का तथा सूर्यसमान तेजस्वी हुन्छ अथवा सुगाका प्वाँखको जस्तै वर्ण भएको हुन्छ, स्निग्ध, कान्तिमान् तथा विभक्त भएको हुन्छ त्यसलाई शुभ मानिएको छ। मरकतमणि सुवर्ण चूर्णको जस्तै सूक्ष्म बिन्दुहरूले विभूषित भयो भने श्रेष्ठ हुन्छ भनिएको छ। स्फटिक र पद्मराग अरुणिमाले युक्त तथा अत्यन्त निर्मल भयो भने उत्तम हुन्छ भनिएको छ। मोती सिपीबाट उत्पन्न हुन्छ। तर शङ्खबाट उत्पन्न भएको मोती त्यसभन्दा निर्मल एवं उत्कृष्ट हुन्छ। हे ऋषिप्रवर ! हात्तीको दाँत र कुम्भस्थलबाट उत्पन्न, सुँगुर, माछा र वेणुनागबाट उत्पन्न एवं मेघद्वारा उत्पन्न मोती अत्यन्त श्रेष्ठ हुन्छन्। मोतीमा गोलोपन, सेतोपन, स्वच्छता एवं महत्ता यस्तै गुणहरू हुन्छन्। उत्तम इन्द्रनीलमणि दुधमा राख्ने हो भने अत्यधिक प्रकाशित र सुशोभित हुन्छ। जुन रत्नले आफ्नो प्रभावद्वारा अरू सबैलाई उज्यालो पार्दछ त्यसलाई अमूल्य हो भनी बुझ्नुपर्दछ। नीलो र रातो आभा भएको वैदूर्य श्रेष्ठ हुन्छ। हारमा उन्न योग्य यही हो ।१-१५।

२४७. सप्तचत्वारिंशधिकद्विशततमोऽध्यायः

वास्तुलक्षण

अग्निरुवाच

वास्तुलक्ष्म प्रवक्षामि विप्रादीनां च भूरिह ।
श्वेता रक्ता तथा पीता कृष्णा चैव यथाक्रमम् ।१।
घृतरक्तान्नमद्यानां गन्धाढ्या वसतश्च भूः ।
मधुरा च कषाया च अम्लाद्युपरसा क्रमात् ।२।
कुशैः शरैस्तथा काशैर्दूर्वाभिर्या च संश्रिता ।
प्रार्च्य विप्रांश्च निःशल्यां खातपूर्वं तु कल्पयेत् ।३।
चतुष्षष्टिपदं कृत्वा मध्ये ब्रह्मा चतुष्पदः ।
प्राक्तेषां वै गृहस्वामी कथितस्तु तथार्य्यमा ।४।
दक्षिणेन विवस्वांश्च मित्रः पश्चिमतस्तथा ।
उदङ्महीधरश्चैव आपवत्सौ च वह्निगे ।५।
सावित्रश्चैव सविता जयेन्द्रौ नैर्ऋतेऽम्बुधौ ।
रुद्रव्याधी च वायव्ये पूर्वादौ कोणगाद्बहिः ।६।
महेन्द्रश्च रविः सत्यो भृशः पूर्वेऽथ दक्षिणे ।
गृहक्षतोऽर्य्यमधृती गन्धर्वाश्चाथ वारुणे ।७।
पुष्पदन्तोऽसुराश्चैव वरुणो यक्ष एव च ।
सौम्ये भल्लाटसोमौ च अदितिर्धनदस्तथा ।८।
नागः करग्रहश्चैशे ह्यष्टौ दिशिदिशि स्मृताः ।
आद्यन्तौ तु तयोर्द्वेवौ प्रोक्तावत्र गृहेश्वरौ ।९।
पर्ज्यन्यः प्रथमो दावो द्वितीयश्च करग्रहः ।
महेन्द्ररविसत्याश्च भृशोऽथ गगनं तथा ।१०।
पवनः पूर्वतश्चैव अन्तरिक्षधनेश्वरौ ।
आग्नेये चाथ नैर्ऋत्ये मृगसुग्रीवकौ सुरौ ।११।
रोगो मुख्यश्च वायव्ये दक्षिणे पुष्पवित्तदौ ।
गृहक्षतो यमभृशौगन्धर्वो नागपैतृकः ।१२।
आप्ये दौवारिकसुग्रीवौ पुष्पदन्तोऽसुरो जलम् ।
यक्ष्मा रोगश्च शोषश्च ह्युत्तरे नागराजकः ।१३।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब मा वास्तुका लक्षणको वर्णन गर्दछु । वास्तुशास्त्रमा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रका लागि क्रमशः सेतो, रातो, पहेँलो र कालो रङ्गको भूमि निवास गर्न योग्य हुन्छ भनिएको छ । जुन भूमिबाट घिउजस्तो गन्ध आउँछ त्यो ब्राह्मणको, रगतको जस्तो गन्ध आउने क्षत्रियको, अन्नको जस्तै गन्ध आउने वैश्यको र मदिराको जस्तै गन्ध शूद्रको वास गर्नका लागि योग्य भूमि हुन् भनिएको छ । यसै गरी रसहरूमा ब्राह्मण आदिका लागि गुलियो, टर्रो, अमिलो आदि स्वादले युक्त भूमि हुनुपर्दछ । चारै वर्णका लागि क्रमशः कुश, सिरु, कास र दुबो भएका भूमिमा घर बनाउनु पर्दछ । पहिले ब्राह्मणलाई पूजा गरेर शल्यरहित भूमिमा कुण्ड बनाउनुपर्दछ । त्यसपछि चौसठ्ठी पदले समन्वित वास्तुमण्डलको निर्माण गर्नुपर्दछ । त्यसका मध्य भागमा चारवटा पदमा ब्रह्मालाई स्थापना गर्नुपर्दछ । ती चारै पदहरूमा पूर्वमा गृहस्वामी अर्यमा हुन्छन् भनिएको छ । दक्षिणमा विवस्वान्, पश्चिममा मित्र र उत्तर दिशामा महीधरलाई अङ्कित गर्नुपर्दछ । ईशान कोणमा आप तथा आपवत्सलाई, अग्निकोणमा सावित्र एवं सवितालाई, पश्चिमका समीपवर्ती नैर्ऋत्यकोणमा जय र इन्द्रलाई र वायव्यकोणमा रुद्र तथा व्याधि लेख्नुपर्दछ । पूर्व आदि दिशाहरूमा कोणवर्ती देवताहरूदेखि पृथक् निम्नाङ्कित देवताहरू लेख्नुपर्दछ– पूर्वमा महेन्द्र, रवि, सत्य तथा भृश आदिलाई, दक्षिणमा गृहक्षत, यम, भृङ्ग तथा गन्धर्व आदिलाई, पश्चिममा पुष्पदन्त, असुर, वरुण र पापयक्ष्मा आदिलाई, उत्तर दिशामा भल्लाट, सोम, अदिति एवं धनदलाई तथा ईशानकोणमा नाग र करग्रहलाई अङ्कित गर्नुपर्दछ । प्रत्येक दिशाका आठ देवता हुन्छन् भन्ने मानिएको छ । तिनमा पहिलो र अन्तिम देवता वास्तुमण्डलका गृहस्वामी हुन् भनिएको छ । पूर्व दिशाका प्रथम देवता पर्जन्य हुन् भने दोस्रो देवता करग्रह, महेन्द्र, रवि, सत्य, भृश, गगन तथा पवन हुन् । कतिपयले आग्नेयकोणमा गगन एवं पवनका स्थानमा अन्तरिक्ष र अग्निलाई मान्दछन् । नैर्ऋत्यकोणमा मृग र सुग्रीव यी दुई देवताहरूलाई, वायव्यकोणमा रोग एवं मुख्यलाई, दक्षिणमा पूषा, वितथ, गृहक्षत, यम, भृङ्ग, गन्धर्व, मृग एवं पितृहरूलाई स्थापित गर्नुपर्दछ । वास्तुमण्डलका पश्चिम भागमा दौवारिक, सुग्रीव, पुष्पदन्त, असुर, वरुण, पायक्ष्मा

मुख्यो भाल्लाटशाशिनौ ह्यदितिश्च कुबेरकः ।
नागो हुताशः श्रेष्ठो वै शक्रसूर्य्यौ च पूर्वतः ।१४।
दक्षे गृहक्षतः पुष्य आप्ये सुग्रीव उत्तमः ।
पुष्पदन्तो ह्युदग्द्वारि भल्लाटः पुष्पदन्तकः ।१५।
शिलेष्टकादिविन्यासं मन्त्रैः प्राच्यं सुराश्चरेत् ।
नन्दे नन्दय वासिष्ठे वसुभिः प्रजया सह ।१६।
जये भार्गवदायादे प्रजानां जयमावह ।
पूर्णेऽङ्गिरसदायादे पूर्णकाम कुरुष्व माम् ।१७।
भद्रे काश्यपदायादे कुरु भद्रां मतिं मम ।
सर्वबीजसमायुक्ते सर्वरत्नौषधैर्वृते ।१८।
रुचिरे नन्दने नन्दे वासिष्ठे रम्यतामिह ।
प्रजापतिसुते देवि चतुरस्रे महीमये ।१९।
सुभगे सुव्रते भद्रे गृहे काश्यपि रम्यताम् ।
पूजिते परमाचार्य्यैर्गन्धमाल्यैरलङ्कृते ।२०।
भव भूतिकरे देवि गृहे भार्गवि रम्यताम् ।
अव्यङ्ग्ये चाक्षते पूर्णे मुनेरङ्गिरसः सुते ।२१।
इष्टके त्वं प्रयच्छेष्टं प्रतिष्ठां कारयाम्यहम् ।
देशस्वामिपुरस्वामिगृहस्वामिपरिग्रहे ।२२।
मनुष्यधनहस्त्यश्वपशुवृद्धिकरी भव ।
गृहप्रवेशेऽपि तथा शिलान्यासं समाचरेत् ।२३।
उत्तरेण शुभः प्लक्षो वटः प्राक्स्याद्गृहादितः ।
उदुम्बरश्च याम्येन पश्चिमेऽश्वत्थ उत्तमः ।२४।
वामभागे तथोद्यानं कुर्य्याद्वासं गृहे शुभम् ।
सायं प्रातस्तु घर्माप्तौ शीतकाले दिनान्तरे ।२५।
वर्षारात्रे भुवः शोषे सेक्तव्या रोपितद्रुमाः ।
विडङ्गघृतसंयुक्तान्सेचयेच्छीतवारिणा ।२६।
फलनाशे कुलित्थैश्च माषैर्मुद्गैस्तिलैर्यवैः ।
घृतशीतपयः सेकः फलपुष्पाय सर्वदा ।२७।
मत्स्याम्भसा तु सेकेन वृद्धिर्भवति शाखिनः ।
आविकाजशकृच्चूर्णं यवचूर्णं तिलानि च ।२८।

र शेष स्थित हुन्छन् । उत्तर दिशामा नागराज, मुख्य, भल्लाट, सोम, अदिति, कुबेर, नाग र अग्नि सुशोभित हुन्छन् । पूर्व दिशामा सूर्य र इन्द्र श्रेष्ठ हुन्छन् । दक्षिण दिशामा गृहक्षत पुण्यमय हुन्छन् । पश्चिम दिशामा सुग्रीव उत्तम हुन्छन् र उत्तरद्वारमा पुष्पदन्त नै कल्याणप्रद हुन्छन् । भल्लाटलाई नै पुष्पदन्त भनिएको हो ।१-१५।

यी वास्तुदेवताहरूलाई मन्त्रद्वारा पूजा गरेर आधारशिला न्यास गर्नुपर्दछ । त्यसपछि निम्नाङ्कित मन्त्रले नन्दा आदि देवीहरूलाई पूजा गर्नुपर्दछ— हे वसिष्ठनन्दिनी नन्दा ! मलाई धन एवं पुत्रपौत्रले सम्पन्न गरेर आनन्दित गराऊ। हे भार्गवपुत्री जया ! तिम्रा प्रजाका रूपमा रहेका हामीलाई विजय प्रदान गराऊ। हे अङ्गिरापुत्री पूर्णा ! मेरा कामनाहरूलाई पूरा गराऊ। हे काश्यपकी पुत्री भद्रा ! मलाई कल्याण हुने बुद्धिले सम्पन्न गराऊ। हे वसिष्ठपुत्री नन्दा ! सबै किमिसका बीजहरूले युक्त एवं सम्पूर्ण रत्नले सम्पन्न यस मनोरम नन्दन वनमा विहार गर। हे प्रजापतिकी पुत्री भद्रादेवी ! तिमी उत्तम लक्षण र श्रेष्ठ व्रतहरूलाई धारण गर्ने होऊ। हे कश्यपनन्दिनी ! यस भूमिमय चतुष्कोण भवनमा निवास गर। हे भार्गवकी पुत्री देवी ! तिमी सम्पूर्ण विश्वलाई ऐश्वर्य प्रदान गर्दछ्यौ । श्रेष्ठ आचार्यहरूद्वारा पूजित एवं गन्ध तथा मालाले सिँगारिएको मेरो घरमा निवास गर। हे अङ्गिरा ऋषिकी पुत्री पूर्णा ! तिमी पनि सम्पूर्ण अङ्गले युक्त तथा क्षतिरहित मेरा घरमा रमाऊ। हे ईँटा ! म गृहप्रतिष्ठा गराउँदै छु । तिमी मलाई इच्छा लागेको भोग प्रदान गर । देशस्वामी, नगरस्वामी र गृहस्वामीको सञ्चयमा मानिस, धन, हात्तीघोडा र अन्य पशुहरूको वृद्धि गराऊ। गृहप्रवेशका समयमा पनि यसै किसिमले शिलान्यास गर्नुपर्दछ । घरका उत्तरमा प्लक्ष र पूर्वमा वटवृक्ष रहेको शुभ हुन्छ । दक्षिणमा डुम्री र पश्चिममा पिपलको वृक्ष रहेको राम्रो हुन्छ भनिएको छ। घरमा बायाँ भागमा उद्यान बनाउनुपर्दछ । यस्ता घरमा निवास गर्नु शुभ हुन्छ। रोपिएका वृक्षहरूलाई ग्रीष्म कालमा बिहान, बेलुका, शीत ऋतुमा दिउँसोका समयमा तथा वर्षा कालमा जमिन सुकेपछि सिँचाइ गरिदिनुपर्दछ । वृक्षलाई बायविडंग र घृतमिश्रित शीतल जलले सेचन गर्नुपर्दछ। जुन रुखबिरुवा फल्न छोडे तिनलाई कुलथी, मास, मुगी, तिल र जौ मिसिएको जलले सेचन गर्नुपर्दछ। घिउसहितको चिसो दुधले सेचन गर्नाले वृक्ष सधैँ फलफूलले समृद्ध भइरहन्छ। माछासहितका जलको सेचनबाट बोटबिरुवा बढ्दछन्। भेडा र बाख्राका बड्कौँलाको धुलो, जौको धुलो, तिल, अन्य गोबर

गोमांसमुदकं चेति सप्तरात्रं निधापयेत् ।
उत्सेकं सर्ववृक्षाणां फलपुष्पादिवृद्धिदम् ।२९।
मत्स्यौदकेन शीतेन ह्याम्राणां सेक इष्यते ।
प्रशस्तं चाप्यशोकानां कामिनीपादताडनम् ।३०।
खर्जुरनारिकेलादेर्लवणाद्भिर्विवर्द्धनम् ।
विडङ्गमत्स्यमांसाद्भिः सर्वेषां दोहदं शुभम् ।३१।

आदि मल एवं जल यी सबैलाई सात दिनसम्म पुरेर राख्नुपर्छ। यसले सेचन गरियो भने यसले सबै खालका वृक्षका फलफूल आदिको वृद्धि गराउँछ। आँपको रुखलाई चिसो पानीले सेचन गर्नु राम्रो हुन्छ भन्ने मानिन्छ । अशोक वृक्षको विकासका लागि कामिनीहरूका खुट्टाको प्रहार नै पर्याप्त हुन्छ। खजुर र नरिवल आदि वृक्ष नुनिलो जलले बढ्दछन् । बायविडंग र जलद्वारा गरिएको सेचन सबै वृक्षका लागि उत्तम दोहद हो भनिन्छ ।१६–३१।

२४८. अष्टचत्वारिंशधिकद्विशततमोऽध्यायः

पुष्पादिपूजाफल

अग्निरुवाच
पुष्पैस्तु पूजनाद्विष्णुः सर्वकार्य्येषु सिद्धिदः ।
मालती मल्लिका युथी पाटला करवीरकम् ।१।
यावन्तिरतिमुक्तश्च कर्णिकारः कुरण्टकः ।
कुब्जकस्तगरो नीपो बाणो बर्वरमल्लिका ।२।
अशोकस्तिलकः कुन्दः पूजायै स्यात्तमालजम् ।
बिल्वपत्रं शमीपत्रं पत्रं भृङ्गरजस्य तु ।३।
तुलसीकालतुलसीपत्रं वासकमर्च्चने ।
केतकीपत्रपुष्पं च पद्मं रक्तोत्पलादिकम् ।४।
नार्क्कं नोन्मत्तकं काञ्ची पूजने गिरिमल्लिका ।
कौटजं शाल्मलीपुष्पं कण्टकारीभवं न हि ।५।
घृतप्रस्थेन विष्णोश्च स्नानं गोकोटिसत्फलम् ।
आढकेन तु राजा स्याद् घृतक्षीरैर्दिवं व्रजेत् ।६।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! पुष्पले पूजा गर्नाले भगवान् श्रीहरिले सबै कार्यहरूमा सिद्धि प्रदान गर्दछन् । मालती, मल्लिका, यूथिका, गुलाब, कनेर, पावन्ती, अतिमुक्तक, कर्णिकार, कुरण्टक, कुब्जक, तगर, नीप, बाण, वनमल्लिका, अशोक, तिलक, कुन्द र तमाल यी पुष्पहरू पूजाका लागि उपयोगी मानिएका छन् । बिल्वपत्र, शमीपत्र, भृङ्गराजको पत्र, तुलसी, कृष्णतुलसी तथा वासकका पत्र पूजामा ग्राह्य मानिएका छन् । केतकीको पत्र र पुष्प, पद्म एवं रक्तकमल यी पनि पूजामा ग्रहण गरिन्छन् । मदार, धतुर, गुञ्जा, पर्वतीय मल्लिका, कुटज, शाल्मलि र कटेरीका फूलहरूलाई पूजामा चलाउनु हुँदैन । प्रस्थ बराबरको घिउले भगवान् विष्णुको अभिषेक गर्दा करोड गाई दान गरेको समान फल प्राप्त हुन्छ। एक आढक घिउले अभिषेक गर्नेले राज्य र घृतमिश्रित दुग्धले अभिषेक गर्नेले स्वर्ग प्राप्त गर्दछ ।१–६।

२४९. ऊनपञ्चाशदधिकद्विशततमोऽध्यायः

धनुर्वेद

अग्निरुवाच
चतुष्पादं धनुर्वेदं वदे पञ्चविधं द्विज ।
रथनागाश्वपत्तीनां योधांश्चाश्रित्य कीर्त्तितम् ।१।
यन्त्रमुक्तं पाणिमुक्तं मुक्तसन्धारितं तथा ।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म चार पाउले युक्त धनुर्वेदको वर्णन गर्दछु । धनुर्वेद पाँच किसिमको हुन्छ । रथ, हात्ती, घोडा र पैदलसम्बन्धी योद्धाहरूको आश्रय लिएर यसको वर्णन गरिसकिएको छ । यन्त्रमुक्त, पाणिमुक्त, युक्तसन्धारित, अमुक्त र बाहुयुद्ध– यिनै पाँचलाई धनुर्वेदका प्रकार भनिएको हो। तिनीहरूमा पनि शस्त्रसम्पत्ति

अनेन विधियोगेन सम्पुटं परिकीर्तितम् ।१७।
किञ्चिद्विवर्त्तितौ पादौ समदण्डायतौ स्थिरौ ।
दृष्टमेव यथान्याय्यं षोडशाङ्गुलमायतम् ।१८।
स्वस्तिकेनात्र कुर्वीत प्रणामं प्रथमं द्विज ।
कार्मुकं गृह्य वामेन बाणं दक्षिणकेन तु ।१९।
वैशाखे यदि वा जाते स्थितौ वाप्यथ वायतौ ।
गुणान्तं तु ततः कृत्वा कार्मुके प्रियकार्मुकः ।२०।
अधःकटिन्तु धनुषः फलदेशं तु पत्रिणः ।
धरण्यां स्थापयित्वा तु तोलयित्वा तथैव च ।२१।
भुजाभ्यामत्र कुब्जाभ्यां प्रकोष्ठाभ्यां शुभव्रत ।
यस्य बाणं धनुः श्रेष्ठं पुङ्खदेशे च पत्रिणः ।२२।
विन्यासो धनुषश्चैव द्वादशाङ्गुमन्तरम् ।
ज्यया विशिष्टः कर्त्तव्यो नातिहीनो न चाधिकः ।२३।
निवेश्य कार्मुकं नाभ्यां नितम्बे शरसङ्करम् ।
उत्क्षिपेदुत्थितं हस्तमन्तरेणाक्षिकर्णयोः ।२४।
पूर्वेण मुष्टिना ग्राह्यः स्तनाग्रे दक्षिणे शरः ।
हरणं तु ततः कृत्वा शीघ्रं पूर्वं प्रसारयेत् ।२५।
नाभ्यन्तरा नैव बाह्या नोर्ध्वका नाधरा तथा ।
न च कुब्जा न चोत्ताना न चला नातिवेष्टिता ।२६।
समा स्थैर्य्यगुणोपेता पूर्वदण्डमिव स्थिता ।
छादयित्वा ततो लक्ष्यं पूर्वेणानेन मुष्टिना ।२७।
उरसा तुत्थितो यन्ता त्रिकोणविनतस्थितः ।
स्रस्तांसो निश्चलग्रीवो मयूराञ्चितमस्तकः ।२८।
ललाटनासावक्त्रांसाः कुर्युरस्व समं भवेत् ।
अन्तरं त्र्यङ्गुलं ज्ञेयं चिबुकस्यांसकस्य च ।२९।
प्रथमं त्र्यङ्गुलं ज्ञेयं द्वितीये द्व्यङ्गुलं स्मृतम् ।
तृतीयेऽङ्गुलमुद्दिष्टमायतं चिबुकांसयोः ।३०।
गृहीत्वा सायकं पुङ्खात्तर्जन्याङ्गुष्ठकेन तु ।
अनामया पुनर्गृह्य तथा मध्यमयापि च ।३१।
तावदाकर्षयेद्वेगाद्यावद्बाणः सुपूरितः ।

योगले जुन स्थान बनिएको हुन्छ त्यसको नाम सम्पुट हो । जहाँ केही घुमाउरो भएका दुवै खुट्टा समभावले दण्डको जस्तै विशाल एवं स्थिर देखिन्छन् त्यहाँ दुवैका बीचको लम्बाइ सोह्र अङ्गुलको नै देखिन्छ। यो नै स्थानको यथोचित स्वरूप हो ।१-१८।

हे ब्राह्मण ! पहिले योद्धाहरूले बायाँ हातमा धनुष र दाहिने हातमा बाण लिए त्यसलाई चलाउनुपर्दछ र ती छोडिएका बाणले स्वस्तिक आकार बनाएर गुरुजनहरूलाई प्रणाम गर्नुपर्दछ । धनुषको प्रेमी योद्धाले वैशाख नामको स्थानलाई सिद्ध गरेर वर्तमान वा भविष्यमा जहिले आवश्यकता हुन्छ, धनुषमा डोरी तानेर धनुषको तल्लो कोटि र बाणको फलभागलाई भुइँमा टेकाउँदै राख्नुपर्दछ र उसै अवस्थामा मुढेहात र नाडीले नाप्नुपर्दछ। हे उत्तम नियमको पालन गर्ने वसिष्ठ ! त्यस योद्धाको बाणभन्दा धनुष सर्वथा ठूलो हुनुपर्दछ र मुष्टिका अगाडि बाणको फेद र धनुषको डन्डीका बीचमा बाह्र अङ्गुलको अन्तर हुनुपर्दछ। यस्तो स्थिति भयो भने मात्रै धनुर्दण्डलाई प्रत्यञ्चासित जोड्नुपर्दछ । त्यसभन्दा धेरै ठुलो वा सानो हुनु हुँदैन। धनुषलाई नाभीस्थानमा र बाणसञ्चयलाई नितम्बमा राखेर उठेका हातलाई आँखा र कानका बीचमा गर्नुपर्दछ र त्यसै अवस्थामा बाणलाई फ्याँक्नुपर्दछ । पहिले बाणलाई मुठीमा पक्रनुपर्दछ र त्यसलाई दाहिने स्तनको सिधा अगाडि राख्नुपर्दछ । त्यसपछि त्यसलाई प्रत्यञ्चामा लगेर त्यसै प्रत्यञ्चालाई तानेर पूर्ण रूपले फैलाउनुपर्दछ। प्रत्यञ्चो न भित्र, न बाहिर, न उच्च, न नीच, न कुप्रो, न उत्तानो, न चञ्चल, न अत्यन्त आवेष्टि हुनुपर्दछ। त्यो सम, स्थिरताले युक्त र दण्डजस्तै नै सोझो हुनुपर्दछ। यस किसिमले पहिले यस मुष्टिद्वारा नै लक्ष्यलाई छोपेर बाणलाई छोड्नुपर्दछ । धनुर्धर योद्धाले प्रयत्नपूर्वक आफ्नो छाती उच्च गराएर राख्नुपर्दछ र शरीर जसो गर्दा त्रिकोणाकार जस्तो देखिन्छ त्यसरी नै झुकेर उभिनुपर्दछ। काँध खुकुलो, घाँटी निश्चल र टाउको मयूरको जस्तै सुन्दर हुनुपर्दछ। निधार, नाक, मुख, पाखुरा र कुहुना यी सबै सम अवस्थामा रहेका हुनुपर्दछ । चिउँडो र काँधका बीचमा तीन अङ्गुलको अन्तर हुनुपर्दछ। पहिलोपल्ट तीन अङ्गुल, दोस्रोपल्ट दुई अङ्गुल र तेस्रोपल्ट चिउँडो र काँधको अन्तर एकै अङ्गुलको हुने बताइएको छ। बाणको फेदको भागलाई चोरऔँलो र बुढीऔँलाले च्यापेर समाउनुपर्दछ । त्यसपछि माझी औँलो र साइँली औँलाले पनि पक्रनुपर्दछ र त्यसपछि सम्पूर्ण रूपले बाण धनुषभित्र आइनपुगुन्जेलसम्म वेगपूर्वक खिँचिरहनुपर्दछ। यस्तो उपक्रम

एवंविधमुपक्रम्य मोक्तव्यं विधिवत्खगम् ।३२।
दृष्टिमुष्टिहतं लक्ष्यं भिन्द्याद्बाणेन सुव्रत ।
मुक्त्वा तु पश्चिमं हस्तं क्षिपेद्वेगेन पृष्ठतः ।३३।
एतदुच्छेदमिच्छन्ति ज्ञातव्यं हि त्वया द्विज ।
कूर्परं तदधः कार्य्यमाकृष्य तु धनुष्मता ।३४।
ऊर्ध्वं विमुक्तके कार्यं लक्ष्यश्लिष्टं तु मध्यमम् ।
श्रेष्ठं प्रकृष्टं विज्ञेयं धनुःशास्त्रविशारदैः ।३५।
ज्येष्ठस्तु सायको ज्ञेयो भवेद्द्वादश मुष्टयः ।
एकादश तथा मध्यः कनीयान्दश मुष्टयः ।३६।
चतुर्हस्तं धनुः श्रेष्ठं त्रयः सार्द्धन्तु मध्यमम् ।
कनीयस्तु त्रयः प्रोक्तं नित्यमेव पदातिनः ।
अश्वे रथे गजे श्रेष्ठं तदेवं परिकीर्त्तितम् ।३७।

गरेर विधिपूर्वक बाणलाई छोड्नुपर्दछ। हे सुव्रत ! पहिले दृष्टि र मुष्टिले आक्रान्त पारिसकेको लक्ष्यलाई नै बाणले विदीर्ण गर्नुपर्दछ । बाणलाई छोडिसकेपछि पछिको हात जोडदार रूपले पिठ्युँतर्फै लैजानुपर्दछ। किनभने नि ब्राह्मण ! शत्रुले यस हातलाई काटिदिन खोजेको छ भन्ने थाहा पाइराख्नुपर्दछ। त्यसैले धनुर्धर पुरुषले धनुषलाई खिँचेर कुहुनोभन्दा तल गर्नुपर्दछ र बाण छोड्ने बेलामा त्यसलाई माथि ल्याउनुपर्दछ। धनुःशास्त्रका ज्ञाता पुरुषहरूले यस कुरालाई विशेष रूपमा जानेको हुनुपर्दछ। कुहुनोलाई आँखासित टाँस्नु मध्यम श्रेणीको बचाउ हो र शत्रुको लक्ष्यबाट त्यसलाई टाढा राख्नु राम्रो हुन्छ। उत्तम किसिमको बाण बाह्र मुष्टिको मापन भएको हुनुपर्दछ। एघार मुष्टिको मापनलाई मध्यम र दस मुष्टिकोलाई कनिष्ठ मानिएको छ। धनुष चार हात लामो छ भने उत्तम, साढे तीन हातको छ भने मध्यम र तीन हातको छ भने कनिष्ठ हुन्छ भनिएको छ। पैदल योद्धाका लागि सधैँ तीन हातको धनुष लिनुपर्ने विधान छ। घोडा, रथ र हात्तीमा श्रेष्ठ धनुषको नै प्रयोग गर्नुपर्ने विधान गरिएको छ।१९-३७।

२५०. पञ्चाशदधिकद्विशततमोऽध्यायः

धनुर्वेदवर्णन

अग्निरुवाच

पूर्णायतं द्विजः कृत्वा ततो मांसैर्गदायुधान् ।
सुनिर्धौतं धनुः कृत्वा यज्ञभूमौ निधापयेत् ।१।
ततो बाणं समागृह्य दंशितः सुसमाहितः ।
तूणमासाद्य बध्नीयादृढां कक्षां च दक्षिणाम् ।२।
विलक्ष्यमपि तद्बाणं तत्र चैव सुसंस्थितम् ।
ततः समुद्धरेद्बाणं तूणाद्दक्षिणपाणिना ।३।
तेनैव सहितं मध्ये शरं सङ्गृह्य धारयेत् ।
वामहस्तेन वै कक्षां धनुस्तस्मात्समुद्धरेत् ।४।
अविषण्णमतिर्भूत्वा गुणे पुङ्खं निवेशयेत् ।
सम्पीड्यसिंहकर्णेन पुङ्खेनापि समे दृढम् ।५।
वामकर्णोपविष्टं च फलं वामस्य धारयेत् ।

अग्निदेव भन्दछन्— हे ब्राह्मण ! द्विजले पूरै लम्बाइको धनुष निर्माण गराएर त्यसलाई राम्ररी धोइपखाली यज्ञभूमिमा स्थापित गर्नुपर्दछ र गदा आदि अन्य आयुधहरूलाई पनि उचित किसिमले सफा राख्नुपर्दछ । त्यसपछि बाणहरूलाई सङ्ग्रह गरेर, कवच धारण गरिसकेर एकाग्र चित्त हुँदै तूणीर लिनुपर्दछ र त्यसलाई पिठ्युँतर्फ दाहिने काँधका नजिक बलियोसित बाँध्नुपर्दछ। यसो गर्नाले लक्षित नभएको बाण पनि त्यसै तूणीरमा रहिरहेको हुन्छ। त्यसपछि दाहिने हातले तूणीरका भित्रबाट बाण निकाल्नुपर्दछ। त्यसका साथै बायाँ हातले धनुषलाई त्यहाँबाट निकाल्नुपर्दछ र त्यसका माध्यमबाट बाणलाई सन्धान गर्नुपर्दछ । चित्तमा विषाद आउन नदिई उत्साहसम्पन्न हुनुपर्दछ। धनुषको डोरीमा बाणको फेदभाग राख्नुपर्दछ र त्यसपछि सिंहकर्ण नामको मुठीले डोरीलाई बाणको फेदसित बलियोसित थिचेर सावधानीपूर्वक सन्धान गर्नुपर्दछ र बाणलाई लक्ष्यतर्फ छोड्नुपर्दछ। यदि बायाँ हातले बाण चलाउनुपर्ने हो भने बायाँ हातमै बाण लिनुपर्दछ र दाहिने हातले धनुषको मुठी पक्रनुपर्दछ । त्यसपछि प्रत्यञ्चमाथि बाणलाई यसरी राख्नुपर्दछ जसो गरी तान्दा त्यस बाणको फेद बायाँ कानका नजिक आइपुगोस्। त्यस बेलामा बाणलाई बायाँ हातका मध्यमा आदि अङ्गुलीहरूले पनि समातिरहनुपर्दछ।

वर्णान्मध्यमया तत्रा वामाङ्गुल्या च धारयेत् ।६।
मनो लक्ष्यगतं कृत्वा मुष्टिना च विधानवित् ।
दक्षिणे गात्रभागे तु कृत्वा वर्णं विमोक्षयेत् ।७।
ललाटपुटसंस्थानं दण्डं लक्ष्यं विनेशयेत् ।
आकृष्य ताडयेत्तत्र चन्द्रकं षोडशाङ्गुलम् ।८।
मुक्त्वा बाणं ततः पश्चादुल्काशिक्षस्तदा तया ।
निगृह्णीयान्मध्यमया ततोऽङ्गुल्या पुनः पुनः ।९।
अक्षिलक्ष्यं क्षिपेत्तूणाच्चतुरस्रं च दक्षिणम् ।
चतुरस्रगतं वेद्यमभ्यसेच्चादितः स्थितः ।१०।
तस्मादनन्तरं तीक्ष्णं परावृत्तं गतं च यत् ।
निम्नमुन्नतवेधं च ह्यभ्यसेत्क्षिप्रकं ततः ।११।
वेध्यस्थानेष्वथैतेषु सत्त्वस्य पुटकाद्धनुः ।
हस्तावापशतैश्चित्रैस्तर्जयेदुस्तरैरपि ।१२।
तस्मिन्वेध्यगते विप्र द्वे वेध्ये दृढसंज्ञके ।
द्वे वेध्ये दुष्करे वेध्ये द्वे तथा चित्रदुष्करे ।१३।
न तु निम्नं च तीक्ष्णं च दृढवेध्ये प्रकीर्त्तिते ।
निम्नं दुष्करमुद्दिष्टं वेध्यमूर्ध्वगतं च यत् ।१४।
मस्तकायनमध्ये तु चित्रदुष्करसंज्ञके ।
एवं वेध्यगणं कृत्वा दक्षिणेनेतरेण च ।१५।
आरोहेत्प्रथमं वीरो जितलक्षस्ततो नरः ।
एष एव विधिः प्रोक्तस्तत्र दृष्टः प्रयोक्तृभिः ।१६।
अधिकं भ्रमणं तस्य तस्माद्वेध्यात्प्रकीर्त्तितम् ।
लक्ष्यं स योजयेत्तत्र पत्रिपत्रगतं दृढम् ।१७।
भ्रान्तं प्रचलितं चैव स्थिरं यच्च भवेदति ।
समन्तात्ताडयेद्भिन्द्याच्छेदयेद्व्यथयेदपि ।१८।
कर्मयोगविधानज्ञो ज्ञात्वैवं विधिमाचरेत् ।
मनसा चक्षुषा दृष्ट्या योगशिक्षुर्यमं जयेत् ।१९।

बाण चलाउने विधि जानेका पुरुषले उपर्युक्त मुठीद्वारा धनुषलाई बलियोसित पक्रेर मनलाई दृढ पार्दै त्यसकै साथसाथै लक्ष्यतर्फ बाणलाई शरीरका दाहिने भागतिर राख्दै लक्ष्यतर्फ बाण छोड्नुपर्दछ। धनुषको दण्डलाई भुइँमा टेकाएर उभ्याउँदा त्यसको उचाइ निधारसम्म आइपुग्ने खालको हुनुपर्दछ । लक्ष्यभेदका लागि त्यसमा सोह्र अङ्गुल लामो चन्द्रक नामको बाणलाई सन्धान गर्नुपर्दछ र त्यसलाई उचित किसिमले तानेर लक्ष्यमा प्रहार गर्नुपर्दछ। यस किसिमले एउटा बाणको प्रहार गरिसकेपछि तत्कालै बुढीऔंलो र चोरऔंलोका सहायताले अरू बाण तूणीरबाट निकाल्नुपर्दछ । त्यसलाई माझी औंलाले थिचेर पनि नियन्त्रणमा राख्नुपर्दछ र चाँडै नै ताकेको लक्ष्यतर्फ चलाउनुपर्दछ। चारैतिर तथा दाहिनेतर्फ लक्ष्यवेधको क्रम जारी राख्नुपर्दछ। योद्धाले पहिलेदेखि नै चारैतिर बाण प्रहार गरेर लक्ष्यभेदन गर्ने अभ्यास गरिरहनुपर्दछ। त्यसपछि त्यसले तीक्ष्ण, परावृत्त, गत, निम्न, उन्नत तथा क्षिप्र वेधको अभ्यास बढाउनुपर्दछ। वेध गर्नुपर्ने लक्ष्यका यी जुन उपर्युक्त स्थानहरू हुन् तिनमा सत्त्व अर्थात् बल र धैर्य दुवैलाई बलियो बनाउँदै विचित्र एवं अर्काले नभ्याउने गरी सयौं पटक हातबाट बाणलाई झिक्ने र छोड्ने क्रियाले धनुषको तर्जन गर्नुपर्दछ र त्यसमा टङ्कार दिनुपर्दछ। हे विप्र ! ती वेध्यहरूका पनि अनेकौं भेद हुन्छन्। पहिले दृढ, दुष्कर तथा चित्र दुष्कर यी वेध्यका तीन भेद हुन्छन्। यी तीनवटै भेदका दुईदुई प्रकार हुने गर्दछन्। नतनिम्न र तीक्ष्ण यी दृढवेध्यका दुई भेद हुन्। दुष्करवेध्यका पनि निम्न र ऊर्ध्वगत यी दुई भेद हुन्छन् भनिएको छ र चित्रदुष्कर वेध्यका मस्तकपन र मध्य यी दुई भेद हुन्छन् भन्ने बताइएको छ। यस किसिमले यी वेध्य गणहरूलाई सिद्ध गरिसकेपछि वीर पुरुषले पहिले दाहिने अथवा बायाँ पार्श्वबाट शत्रुसेनामाथि आक्रमण गर्नुपर्दछ । यसबाट मानिसलाई आफ्ना लक्ष्यमा विजय प्राप्त हुन्छ। प्रयोक्ता पुरुषले वेध्यका विषयमा यही विधि देखेका र भनेका छन्। योद्धाका लागि त्यस्तो वेध्यका तुलनामा भ्रमणलाई अधिक उत्तम बताइएको छ। उसले लक्ष्यलाई आफ्ना बाणका फेदको भागले राम्ररी छोप्दै त्यसतर्फ दृढतापूर्वक बाणको सन्धान गर्नुपर्दछ। जुन लक्ष्य भ्रमणशील, अत्यन्त चञ्चल र सुस्थिर हुन्छ, त्यसमाथि सबैतर्फबाट प्रहार गर्नुपर्दछ। त्यसको भेदन र छेदन गर्नुपर्छ र सबैतिरबाट त्यसलाई पीडित पार्नुपर्दछ । कर्मयोगको विधानका ज्ञाता पुरुषले यस किसिमले जानीबुझीकन उचित विधिको आचरण गर्नुपर्दछ। जसले मन, आँखा र दृष्टिद्वारा पनि लक्ष्यसित एकता स्थापित गराउने कला सिकिसकेको छ त्यस योद्धाले यमराजको श्रमलाई पनि जित्न सक्दछ ।१-१९।

२५१. एकपञ्चाशदधिकद्विशततमोऽध्यायः

पुनश्च धनुर्वेद

अग्निरुवाच

जितहस्तो जितमतिर्जितदृग्लक्ष्यसाधकः ।
नियतां सिद्धिमासाद्य ततो वाहनमारुहेत् ।१।
दशहस्तो भवेत्पाशो वृत्तः करमुखस्तथा ।
गुणकार्पासमुञ्जानां भङ्गस्नाय्वर्कवर्मिणाम् ।२।
अन्येषां सुदृढानां च सुकृतं परिवेष्टितम् ।
तथा त्रिंशत्समं पाशं बुधः कुर्य्यात्सुवर्त्तितम् ।३।
कर्त्तव्यं शिक्षकैस्तस्य स्थानं कक्षासु वै तदा ।
वामहस्तेन सङ्गृह्य दक्षिणेनोद्धरेत्ततः ।४।
कुण्डलस्याकृतिं कृत्वा भ्राम्यैकं मस्तकोपरि ।
शिपेत्तूणमये तूर्णं पुरुषे चर्मवेष्टिते ।५।
वल्गिते च प्लुते चैव तथा प्रव्रजितेषु च ।
समयोगविधिं कृत्वा प्रयुञ्जीत सुशिक्षितम् ।६।
विजित्य तु यथान्यायं ततो बन्धं समाचरेत् ।
कट्यां बद्ध्वा ततः खड्गं वामपार्श्वावलम्बितम् ।७।
दृढं विगृह्य वामेन निष्कर्षेद्दक्षिणेन तु ।
षडङ्गुलपरीणाहं सप्तहस्तसमुच्छितम् ।८।
अयोमय्यः शलाकाश्च वर्माणि विविधानि च ।
अर्द्धहस्ते समे चैव तिर्य्यगूर्ध्वगतं तथा ।९।
योजयेद्विधिना येन तथात्वं गदतः शृणु ।
तूणचर्मावनद्धाङ्गं स्थापयित्वा नवं दृढम् ।१०।
करेणादाय लगुडं दक्षिणाङ्गुलकं नवम् ।
उद्यम्य घातयेद्यस्य नाशस्तेन शिशोर्दृढम् ।११।
उभाभ्यामथ हस्ताभ्यां कुर्य्यात्तस्य निपातनम् ।
अक्लेशेन ततः कुर्वन्वधे सिद्धिः प्रकीर्त्तिताः ।
वाहानां श्रमकरणं प्रचारार्थं पुरा तव ।१२।

अग्निदेव भन्दछन्— हे ब्राह्मण ! जसले हात, मन र दृष्टिलाई जितेको छ, त्यस्ता लक्ष्यसाधकले नियत सिद्धिलाई प्राप्त गरेर युद्धका लागि वाहन आदिमा आरूढ हुनुपर्दछ। पाश दस हात ठूलो, गोलाकार र हातका लागि सुखद हुनुपर्दछ। त्यसका लागि राम्रो मुँज, हरिणको रौँ अथवा आँकका बोक्राका रेसाको डोरी तयार गर्नुपर्दछ। तिनीहरूभन्दा बाहेक अन्य बलिया सनपाट आदि वस्तुहरूको पनि सुन्दर पाश बनाउन सकिन्छ। उक्त सूत्रहरू या डोरीहरूलाई कैयौँपटक दोबारेर खुब बाट्नुपर्दछ। विज्ञ पुरुषले तीस दोब्बर पारेर बाटिएको सूत्र या डोरीले पाश निर्माण गर्नुपर्दछ। शिक्षकहरूले पाशको शिक्षा दिनका लागि कक्षाहरूमा स्थान बनाउनुपर्दछ। पाशलाई बायाँ हातमा लिएर दाहिने हातले फुकाएर कुण्डल आकार बनाउनुपर्दछ र सबैतिर घुमाउँदै शत्रुका टाउकामाथि फ्याँक्नुपर्दछ। पहिले झारपातले बनाएर छाला मोरिएको पुरुष पुतलामाथि त्यसको प्रयोग गर्नुपर्दछ। त्यसपछि उफ्रिँदै हिँड्दै र जोडले कुद्दै गरेका मानिसमाथि उचित रूपमा प्रयोग गरेर सफलता प्राप्त गरिसकेपछि मात्रै पाशको प्रयोग गर्नुपर्दछ। सुशिक्षित योद्धालाई पाशद्वारा यथोचित रीतिले जितिसकेपछि मात्रै शत्रुप्रति पाशबनधनको क्रिया गर्नुपर्दछ। त्यसपछि कम्मरमा म्यानसहितको तरबार बाँधेर त्यसलाई बायाँतिर झन्डाउनुपर्दछ र त्यस म्यानलाई बायाँ हातले बलियो गरी पक्रेर दायाँ हातले तरबार बाहिर निकाल्नुपर्दछ। त्यस तरबारको चौडाइ छ अङ्गुल र लम्बाइ वा उचाइ सात हातको हुनुपर्दछ। फलामले बनेका धेरैवटा पट्टी वा कवच आफ्नो आधा वा पूरै हातमा लगाउनुपर्दछ। छेउछाउमा वा तलमाथि पनि शरीरको रक्षाका लागि यस्ता सबै खालका वस्तुहरूलाई विधिपूर्वक राख्नुपर्दछ। युद्धमा विजय प्राप्त गर्नका लागि जुन विधिले जस्तो योजना बनाउनुपर्ने हुन्छ त्यो भन्दछु, सुन। तूणीरको छालाले मोरिएको एउटा नयाँ र बलियो लाठो आफूसित राख्नुपर्दछ। त्यस लाठालाई दाहिने हातका औँलाहरूले उठाएर हान्दा त्यसले जसका माथि जोडले चोट पार्दछ त्यो शत्रु अवश्य नाश नै हुन्छ। यस क्रियामा सिद्धि प्राप्त भयो भने त्यसले दुवै हातले शत्रुमाथि लाठाहरू बर्साउनुपर्दछ। यसो गर्दा सजिलै उसले तिनलाई मार्न सक्छ। यस किसिमिले युद्धमा सिद्धिको कुरो बताइयो। रणभूमिमा राम्रोसित सञ्चरण गर्नका लागि आफ्ना वाहनलाई परिश्रमको अभ्यास गराइरहनुपर्दछ भन्ने कुरो तिमीलाई पहिले नै भनिसकिएको छ।१-१२।

२५२. द्विपञ्चाशदधिकद्विशततमोऽध्यायः

धनुर्वेदविवेचना

अग्निरुवाच
भ्रान्तमुद्भ्रान्तमाविद्धमाप्लुतं विप्लुतं सृतम् ।
सम्पातं समुदीर्णं च श्येनपातमथाकुलम् ।१।
उद्धूतमवधूतं च सव्यं दक्षिणमेव च ।
अनालक्षितविस्फोटौ करालेन्द्रमहासखौ ।२।
विकरालनिपातौ च विभीषणभयानकौ ।
समग्रार्द्धतृतीयांशपादपादार्द्धवारिजाः ।३।
प्रत्यालीढमथालीढं वराहं लुलितं तथा ।
इतिद्वात्रिंशतो ज्ञेयो खड्गचर्मविधौ रणे ।४।
परांवृत्तमपावृत्तं गृहीतं लघुसंज्ञितम् ।
ऊध्वात् क्षिप्तमधः क्षिप्तं सन्धारिताविधारितम् ।५।
श्येनपातं गजा पातं ग्राहग्राह्यं तथैव च ।
एवमेकादशविधा ज्ञेयाः पाशविधारणाः ।६।
ऋज्वायतं विशालं च तिर्य्यग्भ्रामितमेव च ।
पञ्चकर्म विनिर्दिष्टं व्यस्ते पाशे महात्मभिः ।७।
छेदनं भेदनं पातो भ्रमणं शयनं तथा ।
विकर्त्तनं कर्त्तनं च चक्रकर्मेदमेव च ।८।
आस्फोटः क्ष्वेडनं भेदस्त्रासान्दोलितकौ तथा ।
शूलकर्माणि जानीहि षष्ठमाघातसंज्ञितम् ।९।
दृष्टिघातं भुजाघातं पार्श्वघातं द्विजोत्तम ।
ऋजुपक्षेषुणा प्राप्तं तोमरस्य प्रकीर्त्तितम् ।१०।
आहतं विप्र गोमूत्रप्रभूतं कमलासनम् ।
ततोर्ध्वगात्रं निमित्तं वामदक्षिणमेव च ।११।
आवृत्तं च परावृत्तं पादोद्धूतमवप्लुतम् ।
हंसमर्दं विमर्दं च गदाकर्म प्रकीर्त्तितम् ।१२।
करालमवघातं च दंशोपप्लुतमेव च ।
क्षिप्तहस्तं स्थितं शून्यं परशोस्तु विनिर्दिशेत् ।१३।
ताडनं छेदनं विप्र तथा चूर्णनमेव च ।
मुद्गरस्य तु कर्माणि तथा प्लवनघातनम् ।१४।
संश्रान्तमथ विश्रान्तं गोविसर्गं सुदुर्द्धरम् ।
भिन्दिपालस्य कर्माणि लगुडस्य च तान्यपि ।१५।
अन्त्यं मध्यं परावृत्तं निदेशान्तं द्विजोत्तम ।

अग्निदेव भन्दछन्– हे ब्राह्मण ! भ्रान्त, उद्भ्रान्त, आविद्भ, आप्लुत, विप्लुत, प्लुत, सम्पात, समुदीर्ण, श्येनपात, आकुल, उद्धूत, अवधूत, सव्य, दक्षिण, अनालक्षित, विस्फोट, करालेन्द्र, महासख, विकराल, निपात, विभीषण, भयानक, समग्र, अर्ध, तृतीयांश, पाद, पादार्ध, वारिज, प्रत्यालीढ, आलीढ, वराह र लुलित यी रणभूमिमा देखाइने बत्तीसवटा ढालतरबारका हात चलाउने ढङ्गहरू हुन् भनेर यिनलाई जान्नुपर्दछ। परावृत्त, अपावृत्त, गृहीत, लघु, ऊर्ध्वक्षिप्त, अधःक्षिप्त, सन्धारित, विधारित, श्येनपात, गजपात र ग्राहग्राह्य यी युद्धमा पाश फ्याँक्ने एघारवटा तरिका हुन् । ऋजु, आयत, विशाल, तिर्यक् र भ्रामित यी पाँच कर्म व्यस्तपाशका लागि हुन् भनेर महात्माहरूले बताएका छन् । छेदन, भेदन, पात, भ्रमण, शमन, विकर्तन तथा कर्तन यी सात कर्म चक्रका हुन् । आस्फोट, क्ष्वेडन, भेद, त्रास, आन्दोलितक र आघात यी छ शूलका कर्म हुन् भनेर जान्नुपर्दछ । हे द्विजोत्तम ! दृष्टिघात, भुजाघात, पार्श्वघात, ऋजुपात, पक्षपात र इषुपात यी तोमरका कार्य हुन् भनिएको छ। हे विप्रवर ! आहत, विहृत, प्रभूत, कमलासन, ततोर्ध्वगात्र, नमित, वामदक्षिण, आवृत्त, परावृत्त, पादोद्धूत, अवप्लुत, हंसमर्द तथा विमर्द यी गदासम्बन्धी कर्म हुन् भनिएको छ । कराल, अवघात, दंशोपप्लुत, क्षिप्तहस्त, स्थित र शून्य यी फर्साका कर्म हुन् भन्ने बुझ्नुपर्दछ। हे विप्रवर ! ताडन, छेदन, चूर्णन, प्लवन तथा घातन यी मुद्गरका कार्य हुन् । संश्रान्त, विश्रान्त, गोविसर्ग तथा सुदुर्धर यी भिन्दिपालका कर्म हुन् र लगुडका पनि यिनै कर्म हुन् भनी बताइएको छ। हे द्विजोत्तम ! अन्त्य, मध्य, परावृत्त तथा निदेशान्त यी वज्र र पट्टिशका कर्म हुन्। हरण, छेदन, घात, भेदन, रक्षण, पातन तथा स्फोटन यी कृपाणका कर्म हुन् भनिएको छ ।१-१७।

त्रासन, रक्षण, घात, बलोद्धरण र आयत यी क्षेपणीका कार्य हुन् भनिएको छ र यिनै कार्य यन्त्रका पनि हुन् । सन्त्याग, अवदंश, वराहोद्धूतक, हस्तावहस्त,

वज्रस्येतानि कर्माणि पट्टिशस्य च तान्यपि ।१६।
हरणं छेदनं घातो भेदनम्रक्षणं तथा ।
कृपाणकर्म निर्दिष्टं पातनं स्फोटनं तथा ।१७।
त्रासनं रक्षणं घातो बलोद्धरणमायतम् ।
क्षेपणीकर्म निर्दिष्टं यन्त्रकर्मैतदेव तु ।१८।
सन्त्यागमवदंशश्च वराहोद्धूतकं तथा ।
हस्तावहस्तमालीनमेकहस्तावहस्तके ।१९।
द्विहस्तबाहुपाशे च कटिरेचितकोद्गते ।
उरोललाटघाते च भुजाविधमनं तथा ।२०।
करोद्धूतं विमानं च पादाहतिविपादिकम् ।
गात्रसंश्लेषण शान्तं तथा गात्रविपर्य्ययः ।२१।
ऊर्ध्वप्रहारं घातं च गोमूत्रं सव्यदक्षिणे ।
पारकं तारकं दण्डं करवीरबन्धमाकुलम् ।२२।
तिर्य्यग्बन्धमपामार्गं भीमवेगं सुदर्शनम् ।
सिंहाक्रान्तं गजाक्रान्तं गर्दभाक्रान्तमेव च ।२३।
गदाकर्माणि जानीयान्नियुद्धस्याथ कर्म च ।
आकर्षणं विकर्षं च बाहूनां मूलमेव च ।२४।
ग्रीवाविपरिवर्त्तं च पृष्ठभङ्गं सुदारुणम् ।
पर्य्यासनविपर्य्यासौ पशुमारमजाविकम् ।२५।
पादप्रहारमास्फोटं कटिरोचितकं तथा ।
गात्राश्लेषं स्कन्धगतं महीव्याजनमेव च ।२६।
उरोललाटघातं च विस्पष्टकरणं तथा ।
उद्धूतमवधूतं च तिर्य्यङ्मार्गगतं तथा ।२७।
गजस्कन्धमवक्षेपमपराङ्मुखमेव च ।
देवमार्गमधोमार्गममार्गगमनाकुलम् ।२८।
यष्टिघातमवक्षेपो वसुधादारणं तथा ।
जानुबन्धं भुजाबन्धं गात्रबन्धं सुदारुणम् ।२९।
विपृष्ठं सोदकं शुभ्रं भुजावेष्टितमेव च ।
सन्नद्धैः संयुगे भाव्यं सशस्त्रैस्तैर्गजादीभिः ।३०।
वराङ्कुशधरौ चोभौ ह्येको ग्रीवागतोऽपरः ।
स्कन्धगौ द्वौ च धानुष्कौ द्वौ च खड्गधरौ गजे ।३१।
रथे रणे गजे चैव तुरङ्गाणां त्रयं भवेत् ।
धानुष्काणां त्रयं प्रोक्तं रक्षार्थे तुरगस्य च ।३२।
धन्विनो रक्षणार्थाय चर्मिणं तु नियोजयेत् ।
स्वमन्त्रैः शस्त्रमभ्यर्च्य शास्त्रं त्रैलोक्यमोहनम् ।
यो युद्धे याति स जयेदरीन्सम्पालयेद्ध्रुवम् ।३३।

आलीन, एकहस्त, अवहस्तक, द्विहस्त, बाहुपाश, कटिरेचितक, उद्गत, उरोघात, ललाटघात, भुजाविधमन, करोद्धूत, विमान, पादाहति, विपादिक, गात्रसंश्लेषण, शान्त, गात्रविपर्यय, ऊर्ध्वप्रहार, घात, गोमूत्र, सव्य, दक्षिण, पारक, तारक, दण्ड, करबीरबन्ध, आकुल, तिर्यग्बन्ध, अपामार्ग, भीमवेग, सुदर्शन, सिंहाक्रान्त, गजाक्रान्त र गर्दभाक्रान्त यी गदायुद्धका हात हुन् भनेर जान्नुपर्दछ । अब मल्लयुद्धका दाउपेचहरू बताइन्छ । आकर्षण, विकर्षण, बाहुमूल, ग्रीवाविपरिवर्त, सुदारुण, पृष्ठभङ्ग, पर्यासन, विपर्यास, पशुमार, अजाविक, पादप्रहर, आस्फोट, कटिरेचितक, गात्राश्लेष, स्कन्धगत, महीव्याजन, उरोललाटघात, विस्पष्टकरण, उद्धूत, अवधूत, तिर्यङ्मार्गगत, जगस्कन्ध, अवक्षेप, अपराङ्मुख, देवमार्ग, अधोमार्ग, अमार्गगमनाकुल, यष्टिघात, अवक्षेप, वसुधादारण, जानुबन्ध, भुजाबन्ध, सुदारुण, गात्रबन्ध, विपृष्ठ, सोदक, श्वभ्र तथा भुजावेष्टित युद्धमा कवच धारण गरेर अस्त्रशस्त्रले सम्पन्न भई हात्ती आदि वाहनहरूमा चढेर उपस्थित हुनुपर्दछ । हात्तीमा अङ्कुश लिएका दुईवटा माहुतेहरू रहनुपर्दछ । तिनीहरूमध्ये एउटा हात्तीका घाँटीमा बसेको हुनुपर्दछ भने अर्को उसका काँधमा बसेको हुनुपर्दछ । तिनीहरूका अतिरिक्त सवारीहरूमा दुईजना धनुर्धर हुनुपर्दछ र दुई खड्गधारी हुनुपर्दछ । तीन घोडसवार सैनिक हुनुपर्दछ र घोडाको रक्षाका लागि तीनतीन धनुर्धर पैदल सैनिक रहनुपर्दछ । धनुर्धारीको रक्षाका लागि छाला या ढाल लिइरहेका योद्धाहरूलाई नियुक्त गर्नुपर्दछ । जसले प्रत्येक शस्त्रलाई उसैका मन्त्रले पूजा गरेर त्रैलोक्यमोहन कवचको पाठ गरिसकेर मात्रै युद्धमा जान्छ त्यसले शत्रुमाथि विजय पाउँछ र भूतलको रक्षा गर्दछ ।१८-३३।

२५३. त्रिपञ्चाशदधिकद्विशततमोऽध्यायः

व्यवहारनिरूपण

अग्निरुवाच

व्यवहारं प्रवक्ष्यामि नयानयविवेकदम्।
चतुष्पाच्च चतुस्थानश्चतुःसाधन उच्यते ।१।
चतुर्हितश्चतुर्व्यापी चतुष्करी च कीर्त्यते।
अष्टाङ्गोऽष्टदशपदः शतशाखस्तथैव च ।२।
त्रियोनिर्द्व्यभियोगश्च द्विद्वारो द्विगतिस्तथा।
धर्मश्च व्यवहारश्च चरित्रं राजशासनम् ।३।
चतुष्पाद्व्यवहाराणामुत्तरः पूर्वसाधकः।
तत्र सत्ये स्थितो धर्मो व्यवहारस्तु साक्षिषु ।४।
चरित्रं सङ्ग्रहे पुंसां राजाज्ञायां तु शासनम्।
सामाभ्युपायसाध्यत्वाच्चतुःसाधन उच्यते ।५।
चतुर्णामाश्रमाणां च रक्षणात्स चतुर्हितः।
कर्त्तारं साक्षिणश्चैव सत्यान्राजानमेव च ।६।
व्याप्नोति पादशो यस्माच्चतुर्व्यापी ततः स्मृतः।
धर्मस्यार्थस्य यशसो लोकपङ्क्तेस्थैव च ।७।
चतुर्णां करणादेष चतुष्कारी प्रकीर्त्तितः।
राजा सपुरुषः सभ्याः शास्त्रं गणकलेखकौ ।८।
हिरण्यमग्निरुदकमष्टाङ्गः समुदाहृतः।
कामात्क्रोधाच्च लोभाच्च त्रिभ्यो यस्मात्प्रवर्त्तते ।९।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! अब म व्यवहारको वर्णन गर्दछु र यसले नीति र अनीतिको विभेद प्रदान गर्दछ त्यसका चार चरण, चार स्थान र चार साधन हुन्छन् भनिएको छ। त्यो चारको हितकारी, चारमा व्याप्त र चारको कर्ता पनि हो भनिन्छ। त्यो आठ अङ्ग, अठार पद, सय शाखा, तीन योनि, दुई अभियोग, दुई द्वार र दुई गतिले युक्त छ। धर्म, व्यवहार, चरित्र र राजशासन यी व्यवहारदर्शनका चार चरण हुन्। यिनीहरूमा पछिल्लाहरूले अघिल्लाहरूलाई साध्य बनाउँछन्। धर्मको आधार सत्य हो, व्यवहारको आधार साक्षी हो, चरित्र पुरुषको सङ्ग्रहमा आधारित हुन्छ र शासन राजाको आज्ञमा अडिएको हुन्छ। साम, दान, दण्ड र भेद यी चार उपायहरूले साध्य हुँदा चार साधन भएको भनिएको हो। चारै आश्रमलाई रक्षा गर्ने हुनाले त्यो चतुर्हित हो। अभियोक्ता, साक्षी, सभासद र राजा यी चारमा उसका एकएक चरण अडिएका हुनाले त्यसलाई चतुर्व्यापी मानिएको हो। धर्म, अर्थ, यश र लोकप्रियता यी चारको वृद्धि गराउने हुनाले चतुष्कारी भनिएको हो। राजपुरुष, सभासद, शास्त्र, गणक, लेखक, सुवर्ण, अग्नि र जल यी आठ अङ्गहरूले युक्त हुनाका कारण त्यो अष्टाङ्ग हो। काम, क्रोध र लोभ यी तीन कारणहरूले मानिस त्यसमा प्रवृत्त हुन्छ। त्यसै कारण व्यवहारलाई त्रियोनि भनिएको हो किनभने यी तीनले नै विवाद गराउँछन्। अभियोगका दुई भेद हुन्छन्— शङ्काभियोग र तत्त्वाभियोग। यसै दृष्टिले त्यो दुई अभियोग भएको हुन्छ। शङ्का असत् पुरुषहरूको संसर्गबाट हुने गर्दछ र तत्त्वाभियोग दसीप्रमाण देखिनाले हुन्छ। यिनै दुई पक्षसित सम्बन्धित भएका कारण दुई द्वार भएको भनिएको छ। यिनीहरूमा पहिलो चरणलाई पक्ष र पछिल्लो चरणलाई प्रतिपक्ष भनिन्छ। भूत र छलले यिनीहरूको अनुसरण गर्ने हुनाले यसलाई दुई गतिले युक्त मानिएको छ। कस्तो ऋण दिन योग्य हुन्छ, कस्तो ऋण दिन योग्य होइन— कसले दिने, कुन बेलामा दिने, कुन रीतिले दिने, ऋण दिने विधि वा पद्धति के हो तथा त्यसलाई लिने वा असुल गर्ने विधान कस्तो हुन्छ ? सबै खालका कुराहरूलाई ऋणादान विचार भनिएको छ। जब कुनै मानिसले कसैमाथि विश्वास गरेर शङ्कारहित हुँदै त्यससित आफ्नो कुनै धन धरौटीका रूपमा राख्न दिन्छ भने त्यसलाई विद्वान्हरूले निक्षेप नामको व्यवहारपद भनेका छन्। जब व्यापारी आदि अनेकौं मानिसहरू मिलेर सहकारीका रूपमा साझा ढङ्गले कुनै कार्य गर्दछन् भने त्यसलाई सम्भूयसमुत्थान संज्ञाको विवादपद हो भन्दछन्। यदि कुनै मानिस पहि

त्रियोनिः कीर्त्यते तेन त्रयमेतद्विवादकृत् ।

द्व्यभियोगस्तु विज्ञेयः शङ्कातत्त्वाभियोगतः ।१०।

शङ्का षड्भिस्तु संसर्गात्तत्वं षोढादिर्शनात् ।

पक्षद्वयाभिसम्बन्धाद्द्विद्वारः समुदाहृतः ।११।

पूर्ववादस्तयोः पक्षः प्रतिपक्षस्त्वनन्तरः ।

भूतच्छलानुसारित्वाद्द्विगतिः समुदाहृता ।१२।

ऋणं देयमदेयं च येन यत्र यथा च यत् ।

दानग्रहणधर्मश्च ऋणदानमिति स्मृतम् ।१३।

स्वद्रव्यं यत्र विश्रम्भान्निक्षिपत्यविशङ्कितः ।

निक्षेपं नाम तत्प्रोक्तं व्यवहारपदं बुधैः ।१४।

वणिक्प्रभृतयो यत्र कर्म सम्भूय कुर्वते ।

तत्सम्भूयसमुत्थानं व्यवहारपदं विदुः ।१५।

दत्त्वा द्रव्यं च सम्यग् यः पुनरादातुमिच्छति ।

दत्ताप्रदानिकं नाम तद्विवादपदं स्मृतम् ।१६।

अभ्युपेत्य च शुश्रूषां यस्तं न पतिपद्यते ।

अशुश्रूषाभ्युपेत्यैतद्विवादपदमुच्यते ।१७।

भृत्यानां वेतनोस्योक्ता दानादानविधिक्रिया ।

वेतनस्यानपाकर्म तद्विवादपदं स्मृतम् ।१८।

निक्षिप्तं वा परद्रव्यं नष्टं लब्ध्वापहृत्य वा ।

विक्रीयते परोक्षं यत्स ज्ञेयोऽस्वामिविक्रयः ।१९।

विक्रीय पण्यं मूल्येन क्रेत्रे यच्च न दीयते ।

विधिपूर्वक कुनै द्रव्य दान दिएर फेरि त्यसलाई फिर्ता ल्याउने इच्छा गर्दछ भने त्यसलाई दत्ताप्रदानिक नामको विवादपद हो भनिन्छ । जसले सेवा लिइसकेर पनि त्यसको समाधान गर्दैन वा उपस्थित नै हुँदैन भने उसको त्यो व्यवहार अभ्युपेत्य अशुश्रूषा नामको विवादपद हुन्छ । कामदारलाई पारिश्रमिक दिएनदिएसँग सम्बन्ध भएको विवाद वेतनानपाक्रम मानिएको छ । नासोका रूपमा अर्काको धन पाएर राखिएको वा खाइएको वा धनी अनुपस्थित रहेका अवस्थामा बेचेको मासेको छ भने त्यो अस्वामिविक्रय नामको विवादपद हो । यदि कुनै व्यापारीले कुनै बेचिने वस्तुको मूल्य लिएर विक्री गरिसकिएको माल पनि क्रेतालाई जिम्मा लगाउँदैन भने त्यसलाई विक्रीयासम्प्रदान नामको विवादपद भनिएको छ । यदि ग्राहकले कुनै वस्तुको मोल तिरेर किनिसकेपछि त्यस वस्तुलाई मन पराएन भने उसको त्यस बानीलाई क्रीतानुशय नामको विवादपद भनिएको छ । यदि ग्राहकले या क्रेताले मोल तिरेर वस्तु किनिसकेपछि यो वस्तु मन परेन भनेर फिर्ता गर्नु पर्‍यो भने विक्रेताले त्यसको मोल जतिको तति नै फिर्ता गर्नुपर्दछ, त्यसमा काट्नछाँट्न पाइँदैन । पाखण्डी र नैगम आदिको उपस्थितिलाई समय भनिन्छ। यससित सम्बद्ध विवादपदलाई समयानपाकर्म भनिएको छ।१-२२।

जग्गा, कुलोपैनी, कान्लो-खलो र खेतको सीमाको अधिकार वा घटबढका विषयमा भएको खिचोला र विवादजति सबैलाई नै क्षेत्रज भनिएको छ । स्त्री र पुरुषको विवाह आदिको सम्बन्धका कारणले हुने जुन विवादपद हुन्छ त्यसलाई स्त्रीपुंस योग भन्दछन् । छोराहरूले बाबुको पुर्ख्यौली धन अंशबन्डा गर्नेलाई विद्वान्हरूले दायभाग नामको व्यवहारपद हो भनेका छन् । बलको अभिमानले जुन कर्म अचानक झोँकमा गरिएको हुन्छ त्यसलाई साहस नामको विवादपद हो भनिएको छ । कसैको देश, जाति एवं कुल आदिमा दोषारोपण गरेर उल्टो अर्थ लाग्ने गरी व्यङ्ग्यपूर्वक वचन गर्नुलाई वाक्पारुष्य मानिएको छ । अर्काको शरीरमा हात-गोडा या साधनले प्रहार गर्नु अथवा अग्नि आदिले आघात गर्नुलाई दण्डपारुष्य भनिएको छ । पासा, छालाको पेटी र गोटी आदिले जो खेलिन्छ त्यसलाई द्यूत वा जुवा भनिन्छ । पशुपक्षीलाई जुधाउने आदि किसिमले खेलिने खेललाई प्राणीद्यूत भन्ने मान्नुपर्दछ। राजाको आज्ञा उल्लङ्घन गरेर उसको कार्य नगर्नुलाई प्रकीर्णक नामको व्यवहारपद भन्ने मान्नुपर्दछ। यो विवादपद राजामाथि आश्रित हुन्छ। यस किसिमले अठार प्रकारका पदले व्यवहार सम्पन्न हुन्छ । यिनीहरूकै पनि सय भेद छन् भन्ने मानिएको छ । मानिसको कार्यका भेदले यो सय शाखा भएको हो भनिएको छ । राजाले नरिसाईकन ज्ञानले सम्पन्न भएका ब्राह्मणहरूसँग बसेर व्यवहारको विचार

विक्रीयासम्प्रदानं तद्विवादपदमुच्यते ।२०।

क्रीत्वा मूल्येन यत्पण्यं क्रेता न बहु मन्यते ।

क्रीत्वा मूल्येन तत्पण्यं दुष्क्रीतं मन्यते क्रयी ।२१।

पाषण्डनैगमादीनां स्थितिः समय उच्यते ।

समयस्यानपाकर्म तद्विवादपदं स्मृतम् ।२२।

सेतुकेदारमर्य्यादाविकृष्टाकृष्टनिश्चयः ।

क्षेत्राधिकारे यत्र स्युर्विवादः क्षेत्रजस्तु सः ।२३।

वैवाहिको विधिः स्त्रीणां यत्र पुंसां च कीर्त्यते ।

स्त्रीपुंसयोगसंज्ञं तु तद्विवादपदं स्मृतम् ।२४।

विभागोऽर्थस्य पैत्रस्य पुत्रैर्यस्तु प्रकल्पते ।

दायभाग इति प्रोक्तं तद्विवादपदं बुधैः ।२५।

सहसा क्रियते कर्म यत्किञ्चिद्बलदर्पितैः ।

तत्साहसमिति प्रोक्तं विवादपदमुच्यते ।२६।

देशजातिकुलादीनामाक्रोशत्यङ्गसंयुतम् ।

यद्वचः प्रतिकूलार्थं वाक्पारुष्यं तदुच्यते ।२७।

परगात्रेष्वभिद्रोहो हस्तपादायुधादिभिः ।

अग्न्यादिभिश्चोपघातेर्दण्डपारुष्यमुच्यते ।२८।

अक्षवज्रशलाकाद्यैर्देवनं द्यूतमुच्यते ।

पशुक्रीडा वयोभिश्च प्राणिद्यूतं समाह्वयः ।२९।

प्रकीर्णकः पुनर्ज्ञेयो व्यवहारो निराश्रयः ।

राज्ञामाज्ञाप्रतिघातस्तत्कर्माकरणं तथा ।३०।

गर्नुपर्दछ र वेदवेत्ता, लोभरहित र शत्रु एवं मित्रलाई समान दृष्टिले हेर्न सक्ने मानिस जो छन् तिनीहरूलाई नै सभासद् बनाउनुपर्दछ । कारणवश यदि राजा आफैंले व्यवहारमाथि विचार गर्न सकेनन् भने सभासदहरूसँग विद्वान् ब्राह्मणलाई नियुक्त गर्नुपर्दछ । यदि सभासद्हरू राग, लोभ या भयले धर्मशासत्र एवं आचारको विरुद्ध कार्य गर्दछन् भने राजाले प्रत्येक सभासद्माथि अलगअलग विवादबाट दोब्बर अर्थको दण्ड गर्नुपर्दछ । यदि कुनै मानिस लोभ वा त्रास आदिद्वारा

धर्मशास्त्र र समयाचारभन्दा विरुद्ध मार्गमा लगिएको छ भने र उसले राजासित त्यसको उजुरी गरेको छ भने त्यसलाई व्यवहारपद भन्दछन् । वादीले जुन कुराको उजुरी हालेको छ त्यसलाई राजाले वर्ष, महिना, पक्ष, वार, नाम र जाति आदि सबै तथ्यलाई चिह्न लगाएर प्रतिवादीका अगाडि लेख्नुपर्दछ । प्रतिवादीले वादीको उजुरी सुनेर उसकै अगाडि त्यसको उत्तर लेख्नुपर्दछ । त्यसपछि वादीले उसै बेलामा आफ्ना निवेदनको प्रमाण लेखाउनुपर्द । उजुरी प्रमाणित भयो भने वादीले जित्दछ, नभए पराजित हुन्छ । यसै किसिमले व्यवहारमा चार पादले युक्त व्यवहार देखाउने गरिएको छ । जबसम्म अभियुक्तको वर्तमान अभियोगको निर्णय भएको हुँदैन त्यस बेलासम्म उसमाथि अर्को अभियोगको मुद्दा चलाउनु हुँदैन । जसमाथि कुनै अर्काले अभियोग लगाएको छ त्यसमाथि पनि कुनै वादीले अर्को अभियोग लगाउनु हुँदैन । उजुरी हाल्दाको समयमा जुन कुरो बोलिएको थियो त्यस कुराका विरुद्धमा अरू केही भन्नु हुँदैन । हिंसा आदिको अपराध हो भनेदेखि पहिलेको मुद्दा फैसला हुनुभन्दा पहिले नै पनि अर्को मुद्दा चलाउन सकिन्छ । सभासदहरूका साथै सभापति या प्राड्विवाकले वादी र प्रतिवादी दुवैका सबै विवादहरूमा जुन निर्णयको कार्य गरिएको छ, त्यसलाई सम्पादन गर्नका लागि सक्षम पुरुषलाई प्रतिभू बनाउनुपर्दछ । अर्थीले लगाएको अभियोगलाई प्रत्यर्थीले अस्वीकार गरेको छ र अर्थीले साक्षी आदि ल्याएर आफ्नो दाबालाई फेरि स्वीकार गरायो भने त्यस्ता बेलामा प्रत्यर्थीले अर्थीलाई हर्जाना धन दिनुपर्छ र दण्डस्वरूप त्यति नै धन राजालाई पनि दिनुपर्छ । यदि अर्थीले आफ्नो दाबा सिद्ध गर्न सकेन भने ऊ मिथ्याभियोगी भयो, त्यस्ता अवस्थामा त्यही धनराशिको दोब्बर उसले राजालाई अर्पण गर्नुपर्दछ । हत्या, चोरीडकैती, गालीबेइज्जती, कुटपिट, दुध दिने गाई खोसेको, अभिशाप दिएको, ज्यान मारेको, धन लुटेको तथा स्त्रीको चरित्रसम्बन्धी विवाद आइलाग्यो भने तत्काल अपराधीसित उत्तर माग्नुपर्दछ, ढिलो गर्नु हुँदैन । अन्य किसिमका विवादमा उत्तर दिने समय वादी, प्रतिवादी, सभासद् तथा प्राड्विवाकको इच्छाअनुसार राख्न सकिन्छ । अभियोगका विषयमा बयान दिंदा वा साक्षी बक्दाका समयमा जो छट्पटिंदै एक ठाउँबाट अर्को ठाउँमा

व्यवहारोऽष्टदशपदस्तेषां भेदोऽथ वै शतम् ।
क्रियाभेदान्मनुष्याणां शतशाखो निगद्यते ।३१।
व्यवहारान्नृपः पश्येज्ज्ञानिविप्रैरकोपनः ।
शत्रुमित्रसमाः सभ्याः अलोभा श्रुतिवेदिनः ।३२।
अपश्यंस्तान्कार्यवशात्सभ्यैर्विप्रं नियोजयेत् ।
रागाल्लोभाद्भयाद्वापि स्मृत्यपेतादिकारिणः ।३३।
सभ्याः पृथक्पृथग्दण्ड्या विवादाद्द्विगुणो दमः ।
स्मृत्याचारव्यपेतेन मार्गेण धर्षितः परैः ।३४।
आवेदयति यद्राज्ञे व्यवहारपदं हि तत् ।
प्रत्यर्थिनोऽग्रतो लेख्यं यथावेदितमर्थिना ।३५।
समामासतदर्धाहर्नामजात्यादिचिह्नितम् ।
श्रुतार्थस्योत्तरं लेख्यं पूर्वावेदकसन्निधौ ।३६।
ततोऽर्थी लेखयेत्सद्यः प्रतिज्ञातार्थसाधनम् ।
तत्सिद्धौ सिद्धिमाप्नोति विपरीतमतोऽन्यथा ।३७।
चतुष्पाद्व्यवहारोऽयं विवादेषूपदर्शितः ।
अभियोगमनिस्तीर्य्य नैनं प्रत्यभियोजयेत् ।३८।
अभियुक्तं च नान्येन त्यक्तं विप्रकृतिं नयेत् ।
कुर्य्यात्प्रत्यभियोगं तु कलहे साहसेषु च ।३९।
उभयोः प्रतिभूर्ग्राह्यः समर्थः कार्यनिर्णये ।
निह्नवे भावितो दद्याद्धनं राज्ञे तु तत्समम् ।४०।
मिथ्याभियोगादद्विगुणमभियोगाद्धनं हरेत् ।

हिँडिरहन्छ, स्थिर हुन सक्दैन, दुवै ओठ चाटिरहन्छ, जसका निधारमा पसिना आइरहेको हुन्छ, अनुहारको रङ नै फुस्रो परेको हुन्छ, गलो सुकेर बोली अड्किन थाल्छ, जसले आफ्नो पहिले भनेको कुरो आफैँ काटिरहेको हुन्छ, जसले अर्काका कुराको राम्रोसित ठीक उत्तर दिन सकिरहेको हुँदैन र कसैसित आँखा जुधाउन सकिरहेको हुँदैन, जसले ओठ बङ्ग्याइरहेको हुन्छ यस किसिमका स्वभाव भएर मन, बोली र शरीर तथा क्रियासम्बन्धी विकृति भएको हुन्छ त्यो नै दुष्ट हो भनिएको छ ।२३–४३।

जो सन्दिग्ध अर्थका कुरा गर्छ, जुन निरर्थक कुरा गर्दछ, बिना कुनै प्रमाण मनगढन्ते कुरो सिद्ध गर्न खोज्छ र जो राजाले बोलाउँदा अगाडि गएर केही पनि कुरो गर्नै सक्दैन त्यो पनि हीन र दण्डनीय हो भन्ने मानिएको छ । वादी प्रतिवादी दुवै पक्षका साधक साक्षीहरू भेटिने सम्भावना छ भने पूर्ववादी साक्षीहरूलाई नै सोध्नुपर्दछ, अर्थात् उसैबाट गवाही लिनुपर्दछ। जसले वादीका उत्तरमा— मैले धेरै पहिले नै यस क्षेत्रलाई दानमा पाएको थिएँ र त्यसै बेलादेखि यो हाम्रो भोगचलनमा छ भन्यो भने त्यो नै पूर्ववादी हो । जसले पहिले अभियोग दर्ता गराएको छ त्यो होइन । यदि कसैले— ठीक छ, यो सम्पत्ति यसलाई दानमा प्राप्त भएको थियो र यसले यसको भोगचलन पनि गरेको थियो तर पनि यसबाट फलनाले त्यो क्षेत्र वा सम्पत्ति किनेको हो र उसले फेरि मलाई दिएको हो भन्यो भने त्यस बेलामा पूर्वपक्षको असफल भएका कारण दुर्बल हुन्छ। यस्तो भएपछि उत्तरवादीको साक्षीलाई सोध्नुपर्ने हुन्छ र उसैको गवाही लिनुपर्ने हुन्छ । यदि कुनै सर्तका साथ विवाद गरिएको छ भने अर्थात् कसैले— यदि म आफ्नो पक्ष सिद्ध गर्न नसक्ने भएँ भने पाँच सय पण अधिक दण्ड दिन्छु भन्यो भने त्यस बेलामा यदि ऊ पराजित भयो भनेदेखि उसले पहिले सर्तका.रूपमा राखेको धन राजालाई दिलाउनुपर्दछ। तर जो धन पाउनुपर्ने छ त्यसलाई राजाले विवादको हर्जानाको धन मात्रै दिलाउनुपर्दछ । राजाले छलछामलाई छोडेर वास्तविकताको आश्रय लिँदै व्यवहारहरूमा अन्तिम निर्णय दिनुपर्दछ । यथार्थ वस्तु पनि यदि लिखितम् भएको छैन भने व्यवहारमा त्यो पराजयको कारण बन्न सक्छ। सुन, चाँदी र वस्त्र आदि अनेक वस्तुहरू वादीपक्षले अभियोगपत्रमा लेखाएको छ तर प्रतिवादीले ती सबैलाई अस्वीकार गरेको छ भने त्यस्ता अवस्थामा यदि साक्षी आदिका प्रमाणका कारण प्रतिवादीले एउटा मात्रै वस्तु स्वीकार गऱ्यो भनेदेखि राजाले त्यसबाट अभियोगपत्रमा लिखित सबै वस्तुहरू तिराउनुपर्दछ। यदि कुनै वस्तु पहिले देखाइएको थिएन र पछि त्यसलाई पनि वस्तुका सूचीमा हालेर चर्चा गरियो भने राजाले त्यो वस्तु तिराउनु हुँदैन। यदि दुईवटा धर्मशास्त्र वा स्मृतिका वचनहरूमा परस्पर विरोध देखियो भने त्यस्तो विरोधलाई हटाउनका लागि विषय आदिमा उत्सर्गापवाद लक्षणको न्यायलाई बलवान् मान्नुपर्दछ । एउटा

साहसस्तेयपारुष्येष्वभिशापात्यये स्त्रियाः ।४१।

विचारयेत्सद्य एव कालोऽन्यत्रेच्छया स्मृतः ।

देशदेशान्तरं याति सृक्कणी परिलेढि च ।४२।

ललाटं स्विद्यते चास्य मुखवैवर्ण्यमेव च ।

स्वभावाद्विकृतिं गच्छेन्मनोवाक्कायकर्मभिः ।४३।

अभियोगेऽथ वा साक्ष्ये वाग्दुष्टः परिकीर्तितः ।

सन्दिग्धार्थं स्वतन्त्रो यः साधयेद्यश्च निष्पतेत् ।४४।

न चाहूतो वदेत्किञ्चिद्धनी दण्ड्यश्च स स्मृतः ।

साक्षिषूभयतः सत्सु साक्षिणः पूर्ववादिनः ।४५।

पूर्वपक्षेऽधरीभूते भवन्त्युत्तरवादिनः ।

सगणश्चेद्विवादः स्यात्तत्र हीनन्तु दापयेत् ।४६।

दत्तं पणं वसुं चैव धनिनो धनमेव च ।

छलं निरस्य दूतेन व्यवहारान्नयेन्नृपः ।४७।

भूतमप्यनुपन्यस्तं हीयते व्यवहारतः ।

निह्नुते निखिलानेकमेकदेशविभावितम् ।४८।

दाप्यः सर्वान्नृपेणार्थान्न ग्राह्यस्त्वनिवेदितः ।

स्मृत्योर्विरोधे न्यायस्तु बलवान्व्यवहारतः ।४९।

अर्थशास्त्राद्धि बलवद्धर्मशास्त्रमिति स्थितिः ।

प्रमाणं लिखितं भुक्तिः साक्षिणश्चेति कीर्त्तितम् ।५०।

एषामन्यतमाभावे दिव्यान्यतममुच्यते ।

सर्वेष्वेव विवादेषु बलवत्युत्तरा क्रिया ।५१।

वाक्य उत्सर्ग वा सामान्य र अर्को वाक्य अपवाद वा विशेष हुन्छ। त्यसैले अपवाद नै उत्सर्गको बाधक हुन्छ भने न्यायको विश्वसनीयता कसरी हुन्छ ? त्यो त व्यवहारमै हुन्छ। अन्वय-व्यतिरेक लक्षण नै जुन वृद्धव्यवहार हो, त्यसैबाट उक्त न्यायको अवगमन हुन्छ। यस कथनको पनि अपवाद छ। अर्थशास्त्र र धर्मशास्त्रका वचनहरूमा विरोध भयो भने अर्थशास्त्रभन्दा धर्मशास्त्र नै बलियो हुन्छ, यो नै ऋषिमुनिहरूले बनाएको मर्यादा हो। लिखित, भुक्ति र साक्षी यी तीन मानुष प्रमाण हुन् भनिएको छ। भुक्तिको अर्थ उपभोग वा कब्जा हो। यदि यी तीन मानुष प्रमाणमध्ये कुनै एउटा पनि प्राप्त हुन सकेन भने अब भनिने दिव्य प्रमाणमध्येको कुनै एकलाई लिनु आवश्यक छ भनिन्छ। ऋण आदि सबै विवादहरूमा उत्तर क्रियालाई बलवान् हुन्छ भन्ने मानिएको छ। यदि उत्तर क्रियालाई सिद्ध गरियो भनेदेखि उत्तरवादी विजयी हुन्छ र पूर्ववादीले आफ्नो पक्षलाई सिद्ध गरिसकेको छ भने पनि उसले हार्दछ। जस्तै कसैले– फलानाले मेरो सय रूपियाँ लगेको छ, त्यसैले उसले त्यो तिर्नुपर्दछ भन्यो। यद्यपि लिनेले– मैले पक्कै लिएको थिएँ तर फलाना मितिमा सबै पैसा फिर्ता गरेको छु भन्यो भनेदेखि र उत्तरदाताले प्रमाण जुटाएर यस भनाइलाई सिद्ध गरायो भनेदेखि पूर्ववादी पराजित हुन्छ। तर कुनै वस्तु बन्धक राख्ने, प्रतिग्रह लिने अथवा किन्ने काममा पूर्वक्रिया नै बलियो हुन्छ। जस्तै– कुनै खेतधनीले आफ्नो खेत कुनै धनीकहाँ बन्धकी राखेर उसबाट केही पैसा लियो। पछि त्यही खेत अर्कासँग पैसा लिएर उसले त्यहाँ पनि बन्धकी हालिदियो भने यस्ता अवस्थामा पहिले जसले खेत बन्धकी लिएको छ, उसकै स्वामित्व बलियो हुन्छ, अर्काको मानिँदैन। यदि जग्गाधनीले देख्दा देख्दै अरू कसैले भूमिको भोगचलन गर्दछ र उसले केही बोल्दैन भने बीस वर्षसम्म यस्तै भइरह्यो भने त्यो भूमि उसका हातबाट खोसिन्छ। यसै गरी हात्ती, घोडा आदि धनको कसैले दस वर्षसम्म भोगचलन गर्‍यो र मालधनीले केही बोलेन भने उपभोक्ता नै त्यस धनको अधिपति हुन्छ, पहिले धनीका हातबाट त्यो वस्तु खोसिन्छ। बन्धकी, सीमा र धरौटीसम्बन्धी धनलाई, जड र बालकको धनलाई, उपनिधि, राजा, स्त्री एवं श्रोत्रिय ब्राह्मणको धनलाई छोडेर नै माथि बताइएअनुसारका नियम लागु हुन्छन्। अर्थात् यिनीहरूको धन उपभोग गरेकै भए पनि कोही त्यस धनको हकदार हुन सक्दैन। बन्धकीदेखि श्रोत्रियसम्मका यी धनलाई लामो समयको भोगचलनका नाममा खोस्न खोज्ने पुरुषबाट त्यो विवादमा परेको धन राजाले लिएर त्यसको मुख्य धनीलाई जिम्मा लगाउनुपर्दछ र खोस्न खोज्नेसित त्यही धनजति नै दण्डस्वरूप धन राजाले लिनुपर्दछ। अथवा खोस्न खोज्नेकै इच्छाअनुसार केही कम या बढी धन पनि दण्डका रूपमा लिन सकिन्छ। स्वामित्वका निम्ति जुन प्रतिग्रह र किन्ने आदि काम हुन्छन् तिनलाई आगम भनिन्छ। त्यही आगमले नै भोगको अपेक्षा पनि धेरै नै गरिरहेको हुन्छ। स्वामित्व बोध

आधौ प्रतिग्रहे क्रीते पूर्वा तु बलवत्तरा ।

पश्यतो ब्रुवतो भूमेर्हानिर्विंशतिवार्षिकी ।५२।

परेण भुज्यमाना या धनस्य दशवार्षिकी ।

आधिसीमोपनिःक्षेपजडबालधनैर्विना ।५३।

तथोपनिधिराजस्त्रीश्रोत्रियाणां धनैरपि ।

आध्यादीनां विहर्त्तारं धनिने दापयेद्धनम् ।५४।

दण्ड्यं च तत्समं राज्ञे शक्त्यपेक्षमथापि वा ।

आगमोऽप्यधिको भुक्तिं विना पूर्वक्रमागताम् ।५५।

आगमोऽपि बलं नैव भुक्तिः स्तोकापि यत्र नो ।

आगमेन विशुद्धेन भोगो याति प्रमाणताम् ।५६।

अविशुद्धागमो भोगः प्रामाण्यं नाधिगच्छति ।

आगमस्तु कृतो येन सोऽभियुक्तस्तमुद्धरेत् ।५७।

न तत्सुतस्तत्सुतो वा भुक्तिस्तत्र गरीयसी ।

योऽभियुक्तः परेतः स्यात्तस्य रिक्थात्तमुद्धरेत् ।५८।

न तत्र कारणं भुक्तिरागमेन विना कृता ।

बलोपाधिविनिर्वृत्तान्व्यवहारान्निवर्त्तयेत् ।५९।

स्त्रीनक्तमन्तरागारवहिः शत्रुकृतस्तथा ।

मत्तोन्मत्तार्त्तव्यसनिबालभीतप्रयोजितः ।६०।

असम्बद्धकृतश्चैव व्यवहारो न सिध्यति ।

प्रनष्टाधिशतं देयं नृपेण धनिने धनम् ।६१।

विभावयेन्न चेल्लिङ्गैस्तत्समं दातुमर्हति ।

गराउनका लागि आगमसापेक्ष भोग नै प्रमाण हो । तर पनि बाबु, बाजे आदिका क्रमले जुन धनको भोगचलन हुँदै आएको छ त्यसलाई छोडेर अन्य प्रकारका उपभोगमा मात्रै आगमको प्रबलता हुन्छ, तर जहाँ अलिकति पनि भोगचलन गरिएको छैन त्यस्ता आगममा पनि कुनै बल रहेको हुँदैन । विशुद्ध आगमबाट नै भोगलाई प्रमाणित गर्न सकिन्छ । जहाँ विशुद्ध आगम भएको छैन, त्यो भोग प्रमाणका रूपमा काम लाग्ने हुँदैन । जुन पुरुषले भूमि आदि कमाएको छ र उसलाई– यो खेत कहाँबाट तिमीले कमाउन पायौ भनी सोद्धा लिखित आदि प्रमाणले आगम वा आफ्नो हक प्रमाणित गर्दछ भने उसका छोरानातिले हक सिद्ध गरिराख्नुपर्दैन, उनीहरूले केवल आफ्नो भोग प्रमाणित गर्नुपर्दछ । त्यसको स्वामित्व ठहर गर्नका लागि परम्परागत भोगचलन नै प्रमाण हुन्छ । व्यवहारको निर्णय हुनुभन्दा पहिले नै कुनै झगडियाको मृत्यु भइसकेको रहेछ भने त्यसका धनको उत्तराधिकारी पुत्र आदिले नै लिखित आदि प्रमाणहरूद्वारा त्यसको धनको आगमलाई सिद्ध गर्नुपर्दछ, किनभने त्यस्ता धनको हकमा आगम वा स्रोतविना केवल भोग मात्रैले प्रमाणको काम गर्न सक्दैन । जुन मुद्दाहरू बलात्कार अथवा डर-धम्की आदिका कारणबाट चलाइएका छन् तिनलाई (सकेर) फिर्ता गर्नुपर्दछ । यसै गरी जुन मुद्दा केवल स्त्रीबाट चलाइएको, जुन रातमा प्रस्तुत गरिएको, घरभित्रका घटनासित सम्बद्ध अथवा गाउँबस्तीभन्दा टाढा एकान्त स्थानमा भएको तथा कुनै शत्रुले आफ्नो रिसइबी साध्न द्वेषपात्रमाथि अभियोग लगाएको होस् यस किसिमका व्यवहारहरूलाई विचारका लागि न्यायालयमा लिनु हुँदैन, सकेर फिर्ता गरिदिनुपर्छ । जसले नसालु पदार्थ खाएर मातेको बौलाएको छ, वात, पित्त, कफ, सन्निपात अथवा ग्रहावेशका कारण बौलाएको, रोग आदिले पीडित भएको, आफन्तबाट छुट्टिएका पिरले अथवा अनिष्ट आइलागेकाले दुःखग्रस्त भएको, नाबालक र शत्रु आदिबाट डराएको यस्ता प्रकारका मानिसले चलाएको मुद्दा असिद्ध हुन्छ भन्ने मानिएको छ । अभियुक्त वस्तुसित जसको कुनै सम्बन्ध नै छैन त्यस्ता मानिसले चलाएको मुद्दा पनि सिद्ध हुँदैन । यदि कसैको चोरद्वारा चोरिएको सुन आदि धन शुल्कअधिकारी तथा अन्य जुनसुकै राजकर्मचारीलाई प्राप्त भयो भने र उसले राजालाई जिम्मा लगायो भने राजाले त्यसको धनीलाई खोजेर उसका अधिकारको धन फिर्ता दिनुपर्दछ । यस्तो त्यस अवस्थामा गर्नुपर्दछ जब धनीले हराएका वस्तुको रूप, रङ्ग, सङ्ख्या आदिबाट त्यसको चिनारी गराउन सफल हुन्छ । यदि उसले त्यस्ता चिह्नहरूबाट आफ्नो धन हो भन्ने सिद्ध गर्न सकेन भनेदेखि मिथ्यावादी भएका कारण त्यसबाट उति नै धन दण्डका रूपमा असुल्नुपर्दछ । चोरले चोरेका धनको धनी आफ्ना राज्यको नागरिकलाई राजाले उसको धन फिर्ता गरिदिनुपर्दछ । यदि त्यसरी फिर्ता नगर्दा जसको धन हो त्यस व्यक्तिका सम्पूर्ण पापको भाग राजाले आफ्ना शिरमा लिनुपर्ने हुन्छ । यदि कुनै

देयं चौरहृतं द्रव्यं राज्ञा जनपदाय तु ।६२।

अशीतिभागो वृद्धिः स्यान्मासि मासि सबन्धके ।

वर्णक्रमाच्छतं द्वित्रिचतुष्पञ्चकमन्यथा ।६३।

सप्ततिस्तु पशुस्त्रीणां रसस्याष्टगुणा परा ।

वस्त्रधान्यहिरण्यानां चतुस्त्रिद्विगुणा तथा ।६४।

ग्रामान्तरात्तु दशकं सामुद्रादपि विंशतिम् ।

दद्युर्वा स्वकृतां वृद्धिं सर्वे सर्वासु जातिषु ।६५।

प्रपन्नं साधयन्नर्थं न वाच्यो नृपतिर्भवेत् ।

साध्यमानो नृपं गच्छेद्दण्ड्यो दाप्यश्च तद्धनम् ।६६।

वस्तु बन्धक राखेर ऋण लिएको छ भने ऋणमा लिएका धनको अस्सी भागको एक भाग प्रत्येक महिना ब्याजका रूपमा लिनु धर्मसङ्गत हुन्छ अन्यथा बन्धकविनाको ऋण दिँदा ब्राह्मण आदि वर्णको क्रमलाई विचार गर्दै केही प्रतिशत बढी ब्याज लिनु पनि धर्मसम्मत नै हुन्छ । अर्थात् ब्राह्मणसित जति लिइन्छ क्रमशः क्षत्रिय, वैश्य र शूद्रसित त्यसभन्दा केहीकेही बढी नै ब्याजको रकम लिन सकिनेछ । ऋणका रूपमा प्रयोग गरिएको पोथी पशुको ब्याजका रूपमा त्यसका बच्चा लिनु नै उपयुक्त हुन्छ । तेल, घिउ आदि तरल द्रव्य कसैका जिम्मामा लामो समयसम्म रहेको छ र बीचमा कुनै खालको ब्याज लिइएको छैन भने त्यो बढेर आठ गुनासम्म हुन सक्छ । त्यसभन्दा बढाएर त्यसमाथि ब्याज लगाउनु हुँदैन । यसै गरी वस्त्र, धान्य, सुवर्ण यिनीहरूको क्रमशः चार गुना, तीन गुना र दुई गुनासम्म वृद्धि हुन सक्छ, त्यसभन्दा अगाडि हुँदैन । व्यापारका लागि दुर्गम वनको बाटो कटेर यात्रा गर्ने व्यापारीले ऋणदातालाई दस प्रतिशत ब्याज दिनुपर्दछ र जो समुद्रको यात्रा गर्दछन् तिनले बीस प्रतिशत ब्याज दिनुपर्दछ । अथवा जुनसुकै वर्णकाले जुनसुकै वर्णका ऋणदातालाई बन्धक राखेर वा बन्धकै नराखीकन भने पनि आपसमा तोकिएको ब्याज दिनु नै पर्दछ । ऋण लिएका पुरुषले पहिले जुन धन लिएको छ र जो साक्षी आदिद्वारा प्रमाणित पनि छ त्यसलाई असुल गर्दा धनीले राजालाई जवाफदेही हुनुपर्दैन । अर्थात् त्यस किसिमको न्यायसङ्गत धनको असुली गर्दा राजाले त्यस ऋणदातालाई रोक्दैनन् । जसले पूर्वोक्त किसिमले न्यायपूर्वक आफ्नो धन असुलउपर गर्न खोज्दा पनि ऋणदाताका विरुद्धमा उजुरी हाल्न राजाकहाँ पुग्दछ त्यो नै राजाबाट दण्ड पाउन योग्य हुन्छ । राजाले त्यसबाट त्यो धन अवश्य दिलाउनुपर्दछ ।४४–६६।

२५४. चतुष्पञ्चाशदधिकद्विशततमोऽध्यायः

व्यवहारकथन

अग्निरुवाच

गृहीतार्थः क्रमाद्दाप्यो धनिनामधमर्णिकः ।

दत्त्वा तु ब्राह्मणायादौ नृपतेस्तदनन्तरम् ।१।

राज्ञाधमर्णिको दाप्यः साधिताद्दशकं स्मृतम् ।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! यदि ऋण लिने मानिसका ऋणदाता साहु धेरै छन् र सबै एकै जातिका हुन् भने राजाले उनीहरूलाई ऋण लिएकै क्रममा ऋणीसँग धन दियाउनुपर्दछ । अर्थात् जसले पहिले ऋण दिएको हो उसको पहिले र जसले पछि दिएको हो उसको पछिका हिसाबले चुक्ता गराउनुपर्दछ । यदि ऋणदाता धनीहरू भिन्नभिन्नै जातिका रहेछन् भनेदेखि ऋणीले सबैभन्दा पहिले ब्राह्मण धनीको, त्यसपछि क्षत्रिय आदिको धन फिर्ता गर्नुपर्दछ । ऋणीले ऋण लिएको प्रमाणित भएपछि राजाले त्यसबाट दस प्रतिशत धन दण्डका रूपमा असुल्नुपर्दछ र जसले आफ्नो धने असुलिसकेको छ त्यस ऋणदाता साहुसित पाँच प्रतिशत धन ग्रहण गर्नुपर्दछ र त्यस धनलाई न्यायालयका कर्मचारीहरूको

पञ्चकं तु शतं दाप्यः प्राप्तार्थो ह्युत्तमर्णिकः ।२।

हीनजातिं परिक्षीणमृणार्थं कर्म कारयेत् ।

ब्राह्मणस्तु परिक्षीणः शनैर्दाप्यो यथोदयम् ।३।

दीयमानं न गृह्णाति प्रयुक्तं यः स्वकं धनम् ।

मध्यस्थस्थापितं तत्स्याद्वर्द्धते न ततः परम् ।४।

ऋक्थग्राह ऋणं दाप्यो योषिद्ग्राहस्तथैव च ।

पुत्रोऽनन्याश्रितद्रव्यः पुत्रहीनस्य ऋक्थिनः ।५।

अविभक्तैः कुटुम्बार्थं यदृणं तु कृतं भवेत् ।

दद्युस्तदृक्थिनः प्रेते प्रोषिते वा कुटुम्बिनि ।६।

न योषित्पतिपुत्राभ्यां न पुत्रेण कृतं पिता ।

दद्यादृते कुटुम्बार्थान्न पतिः स्त्रीकृतं तथा ।७।

गोपशौण्डिकशैलूषरजकव्याधयोषिताम् ।

ऋणं दद्यात्पतिस्त्वासां यस्माद्वृत्तिस्तदाश्रया ।८।

प्रतिपन्नं स्त्रिया देयं पत्या वा सह यत्कृतम् ।

स्वयं कृतं वा यदृणं नान्यस्त्री दातुमर्हति ।९।

पितरि प्रोषिते प्रेते व्यसनाभिप्लुतेऽथवा ।

पालनपोषणका काममा लगाउनुपर्दछ । यदि ऋण लिने पुरुष ऋणदाताभन्दा हीन जातिको छ र निर्धन भएका कारण ऋणको भुक्तानी गर्न सकेन भने त्यस्ता अवस्थामा ऋणदाताले उसलाई सुहाउँदो खालको कुनै काम गराउनुपर्दछ र यसै गरी उसको ऋण चुक्ता गराउनुपर्दछ। यदि ऋण लिने चाहिँ ब्राह्मण हो र त्यो पनि निर्धन भइसकेको छ भने उसबाट कुनै काम नगराईकन उसलाई अवसर दिनुपर्दछ र जुनजुन मौकामा उससित धन आउँछ, उसैउसै मौकामा अलिअलि गरेर चुक्ता गर्नुपर्दछ। जो ऋणमा दिएको धन ऋणीले फिर्ता गर्दा पनि ब्याज कमाउनका लोभले लिँदैन, त्यसलाई दिनुपर्ने धन कुनै मध्यस्थका जिम्मामा राखिदिने हो भने त्यस दिनदेखि त्यसमाथि ब्याज लाग्दैन । तर त्यो राखिएको धन पनि ऋणदाताले मागेका बेलामा दिइएन भने फेरि पहिलेकै सरह ब्याज बढिरहन्छ । अर्काको धन नकिनीकनै कसैका जिम्मामा आइलाग्छ भने त्यसलाई रिक्थ भनिएको छ। विभागद्वारा जसले त्यस रिक्थलाई ग्रहण गरेको हुन्छ त्यसलाई रिक्थग्राह भनिन्छ । जसले जसको द्रव्यलाई रिक्थका रूपमा ग्रहण गर्दछ, उसैबाट त्यसका ऋण पनि दिलाउनुपर्दछ। उसै गरी जसले जसकी स्त्रीलाई लगेको हुन्छ उसैले त्यसको ऋण पनि तिरिदिनुपर्दछ । रिक्थ धनको स्वामी यदि पुत्रहीन छ भनेदेखि त्यसको ऋण उसैका धनमा पालिएको वा धन भोग गर्ने कृत्रिम पुत्रले भुक्तानी गर्नुपर्दछ। संयुक्त परिवारमा सम्पूर्ण परिवारजनको भरणपोषणका लागि सगोलमा रहँदा धेरै मानिसहरूले अथवा त्यस परिवारका कुनै एक व्यक्तिले लिएको जेजति ऋण हो त्यो सबै त्यसै परिवारका मुलीले चुकाउनुपर्दछ । यदि ऊ मरेछ वा परदेश लागेछ भने त्यसका धनका हकदारहरू सबै मिलेर त्यो ऋण चुकाउनुपर्दछ । पतिले गरेको ऋण पत्नीले दिनुपर्दैन, पुत्रले गरेको ऋण माताले तिर्नुपर्दैन, पिताले पनि दिनुपर्दैन, स्त्रीले गरेको ऋण पतिले तिर्नुपर्दैन । तर यो नियम सबै परिवारको पालनपोषणका लागि गरिएका ऋणमाथि लागु हुँदैन। ग्वाला, मदिरा बनाउने, नचुवा, धोबी तथा व्याधाका स्त्रीहरूले जुन ऋण लिएका हुन्छन् त्यसलाई उसका पतिले अवश्य तिर्नुपर्दछ, किनभने उनीहरूको जीविका उनै स्त्रीहरूका खटनमा रहेको हुन्छ। यदि पति मर्न लागेको छ अथवा परदेश जान लागेको छ भने र उसैका भनाइमा उसकै स्त्रीले ऋण लिएकी छे भने यद्यपि त्यो पतिकै व्यवहारभित्रको ऋण हो तर पनि त्यसलाई पत्नीले भुक्तानी गर्नुपर्ने हुन्छ। अथवा लोग्नेसँगै रहँदा स्वास्नीले जुन ऋण लिएकी हुन्छे त्यो पनि लोग्ने वा छोरो नभएका खण्डमा उसै आइमाईले चुकाउनुपर्ने हुन्छ। जुन ऋण स्त्रीले खुद आफैँ गरेकी छे त्यो तिर्ने ऊ आफैँ हो । यसभन्दा बाहेक अर्को कुनै खालको पनि पतिले काढेको ऋण तिर्नका लागि आइमाईलाई कर लागेको हुँदैन । यदि बाबु वा बाजेले ऋण गरेर दूरदेशमा गयो, मर्‍यो वा कुनै ठूलो सङ्कटमा परेको छ भनेदेखि त्यसको ऋण छोरानातिले चुकाउनुपर्दछ। यदि उनीहरूले तिर्न मानेनन्

पुत्रपौत्रैर्ऋणं देयं निह्नवे साक्षिभावितम् ।१०।

सुराकामद्यूतकृतं दण्डशुल्कावशिष्टकम् ।

वृथा दानं तथैवेह पुत्रो दद्यान्न पैतृकम् ।११।

भ्रातॄणामथ दम्पत्योः पितुः पुत्रस्य चैव हि ।

प्रातिभाव्यमृणं ग्राह्यमविभक्तेन च स्मृतम् ।१२।

दर्शने प्रत्यये दाने प्रतिभाव्यं विधीयते ।

आधौ तु वितथे दाप्या वितथस्य सुता अपि ।१३।

दर्शनप्रतिभूर्यत्र मृतः प्रात्ययिकोऽपि वा ।

न तत्पुत्रा धनं दद्युर्दद्युर्दानाय ये स्थिताः ।१४।

बहवः स्युर्यदि स्वांशैर्दद्युः प्रतिभुवो धनम् ।

एकच्छायाश्रितेष्वेषु धनिकस्य यथारुचि ।१५।

प्रतिभूर्दापितो यत्र प्रकाशं धनिने धनम् ।

द्विगुणं प्रतिदातव्यमृणिकैस्तस्य तद्भवेत् ।१६।

स्वसन्ततिस्त्रीपशव्यं धान्यं द्विगुणमेव च ।

वस्त्रं चतुर्गुणं प्रोक्तं रथश्चाष्टगुणस्तथा ।१७।

आधिः प्रणश्यद्द्विगुणे धने यदि न मोक्षते ।

भने साहुले न्यायालयमा अभियोग दर्ता गराएर साक्षी आदिद्वारा त्यस ऋणको यथार्थ प्रमाणित गर्नुपर्दछ । त्यस अवस्थामा छोरानातिले त्यो ऋण तिर्नै पर्ने हुन्छ। जुन ऋण मदिरा पान गर्दा, परस्त्रीगमन गर्दा, तासजुवा खेल्दा दण्ड तिर्दा वा शुल्क तिर्दा अथवा व्यर्थको दान अर्थात् धूर्त, नट आदिलाई दिएका कारण लागेको छ त्यस किसिमका पैतृक ऋणलाई पुत्रले कहिल्यै तिर्नु हुँदैन। दाजुभाइको, पतिपत्नीको तथा पितापुत्रको बीचमा धनको अंशबन्डा नभएको धनबाट प्रातिभाव्य ऋण र साक्ष्य हुँदैन। विश्वासका लागि कुनै अर्को पुरुषसित जुन समय, सर्त र मर्यादा निश्चित गरिएको हुन्छ त्यसको नाम प्रातिभाव्य हो। विषयका भेदले त्यो तीन प्रकारको हुन्छ। पहिलो दर्शनविषयक प्रातिभाव्य— यसमा कुनै दोस्रो व्यक्तिले आवश्यकता जबजब पर्दछ, त्यसत्यस बेलामा म यस व्यक्तिलाई न्यायालयमा उपस्थित गराउँछु भन्ने जमानी आदि यसमा पर्दछन्। दोस्रो प्रत्ययविषयक प्रातिभाव्य— प्रत्यय भनेको नै विश्वास हो। विश्वासमा रहेको जमानीलाई प्रत्यय प्रातिभाव्य भनिएको हो। कसैले मेरो विश्वासमा तिमी यसलाई धन देऊ; यो फलानाको छोरो हो; यससित राम्रो उब्जाउ खेत छ; अधिकारभित्र ठूलो गाउँ छ; यसले तिमीलाई ठग्दैन भन्नु आदि। तेस्रो दानविषयक प्रातिभाव्य— दानप्रतिभूलाई मालजमानी पनि भनिन्छ। दानप्रतिभूले जिम्मेदारी लिँदै यदि यसले लिएको धन तिरेन भनेदेखि म आफ्नै धनबाट स्वयं तिर्छु भन्दछ। यस किसिमले दर्शन, प्रत्यय र दानका लागि प्रातिभाव्य वा जमानी बनाउनुपर्ने हुन्छ। यीमध्ये पहिला दुई अर्थात् दर्शन प्रतिभू र विश्वास प्रतिभूको कुरो झुटो भयो भने धनी स्वयंले नै धन फिर्ता लिनुपर्ने हुन्छ। अर्थात् राजाले ऋणीबाट त्यस धनीको धन चुक्ता गराइदिन्छन् तर तेस्रो त दान प्रतिभू हो। उसको कुरो झुटो भयो भनेदेखि उसले स्वयं नै त्यो धन तिर्नु त पर्छ नै यदि उसले त्यो धन नतिरीकन भाग्यो भनेदेखि उसका छोरासित पनि त्यो धन चुक्ता लिन सकिन्छ। जहाँ दर्शन प्रतिभू अथवा विश्वास प्रतिभू मरे भनेदेखि उनीहरूका छोराले बाबुले गरेको जमानी तिर्नुपर्ने हुँदैन तर जसले स्वयंले तिर्ने जिम्मेदारी लिएको छ त्यस्तो दान प्रतिभू यदि मरेछ भने उसका पुत्रले अवश्य बाबुले दिलाएको ऋण तिर्नुपर्दछ।१–१४।

यदि एउटै धन उपलब्ध गराउनका लागि धेरै जना प्रतिभू भए भने र त्यो धन फिर्ता नउठ्ने अवस्था आयो भने ती सबैले ऋणलाई बाँडेर आआफ्ना अंशको ऋण चुक्ता गर्नुपर्दछ। यदि सबै प्रतिभूहरू एकै खालका छन्, ऋणग्राही पनि ऋण तिर्न खोजिरहेको छ र सबै प्रतिभूहरू सम्पूर्ण धन फिर्ता गराउन प्रतिबद्ध भएका छन् भने धनीले आफ्नो रुचिअनुसार उनीहरूमध्ये कुनै एकबाट नै आफ्नो सम्पूर्ण धन असुल्न सक्छ। ऋण लगानी गर्ने धनीले कर गर्दा प्रतिभूले राजाको आदेशबाट सबैका अगाडि त्यस धनीलाई जुन धन दिन्छ त्यसको दोब्बर धन ऋण लिनेहरूले प्रतिभूलाई फिर्ता गर्नुपर्ने हुन्छ। पोथी पशु यदि

काले कालकृतं नश्येत्फलभोग्यो न नश्यति ।१८।

गोप्याधिभोग्यो नावृद्धिः सोपकारेऽथ भाविते ।

नष्टो देयो विनष्टश्च दैवराजकृतादृते ।१९।

आधेः स्वीकरणात्सिद्धी रक्ष्यमाणोऽप्यसारताम् ।

यातश्चेदन्य आधेयो धनभाग्वा धनी भवेत् ।२०।

चरित्रबन्धककृतं सवृद्ध्या दापयेद्धनम् ।

सत्यङ्कारकृतं द्रव्यं द्विगुणं प्रतिदापयेत् ।२१।

उपस्थितस्य मोक्तव्यं आधिर्दण्डोऽन्यथा भवेत् ।

प्रयोजके सति धनं कुलेऽन्यस्याधि माप्नुयात् ।२२।

तत्कालकृतमूल्यो वा तत्र तिष्ठेदवृद्धिकः ।

विना धारणकाद्वापि विक्रीणीते ससाक्षिकम् ।२३।

यदा तु द्विगुणीभूतमृणमाधौ तदा खलु ।

मोच्यश्चाधिस्तदुत्पाद्य प्रविष्टे द्विगुणे धने ।२४।

व्यसनस्थमनाख्याय हस्तेऽन्यस्य यदर्पयेत् ।

द्रव्यं तदौपनिधिकं प्रतिदेयं तथैव तत् ।२५।

न दाप्योऽपहृतं तत्तु राजदैवततस्करैः ।

ऋणका रूपमा दिइएको छ भने त्यस धनको ब्याजका रूपमा केवल त्यसको बच्चा नै लिन सकिन्छ । खाद्यान्नको सबैभन्दा धेरै ब्याज त्यसको तीन गुनासम्म मानिएको छ । वस्त्रको ब्याजका रूपमा बढेर चार गुना तथा तरल पदार्थको अधिकतम रूपमा आठ गुनासम्म ब्याज हुन सक्दछ। यदि कुनै वस्तु बन्धक राखेर ऋण लिइएको छ भने र त्यस ऋणको रकमको ब्याज बढ्दै गएर दोब्बर भएको छ र त्यस्ता अवस्थामा पनि ऋणीले सम्पूर्ण धन फिर्ता गरेर त्यसलाई निखनेर लाँदैन भने त्यो वस्तु नष्ट नै हुन्छ अर्थात् त्यो उसका हातबाट खोसिएर ऋणदाताकै वस्तु हुन्छ। जुन धन समय तोकेर फिर्ता गर्ने सर्तमा लिइएको छ र त्यसका लागि कुनै गहना आदि बन्धक राखिएको छ भने त्यो पनि भाका नाघेपछि नष्ट हुन्छ, फिर्ता पाइनेछैन। तर जसको फलमात्रै भोग गर्न सकिन्छ त्यस्तो बगैँचा, खेत आदि बन्धकका रूपमा राखिएको छ भने त्यो कहिल्यै नष्ट हुँदैन, त्यसमाथि धनीको हक जोगिइरहेको हुन्छ। यदि कुनै धरौटी राखिएको वस्तु ऋणदातालाई काम लागेको छ भने उसले दिएको धनमा ब्याज लगाउन पाइँदैन। यदि बन्धकमा कुनै उपकारी प्राणी राखिएको छ भने र त्यसबाट काम लिएर त्यसलाई कमजोर बनाइएको छ भने त्यसका लागि दिइएको ऋणमाथि ब्याज थप्न पाइनेछैन। यदि बन्धकमा राखिएको वस्तु नाश भयो, फुटोभत्कियो भने त्यसलाई बनाएर नै फिर्ता गर्नुपर्ने हुन्छ र यदि त्यो वस्तु कामै नलाग्ने गरी बिग्रियो भने पनि त्यसका लागि उचित मूल्य तिर्नुपर्ने हुन्छ। यदि दैव अथवा राजाका प्रकोपले त्यो वस्तु नष्ट भएको छ भने त्यसमाथि माथि भनिएको नियम लागु हुँदैन। त्यस अवस्थामा ऋणग्राहीले ब्याजसहित धनीलाई धन फिर्ता गर्नुपर्ने हुन्छ अथवा ब्याज रोक्का गर्नका लागि अर्को कुनै वस्तु बन्धक राख्नुपर्ने हुन्छ। धरौटी गोप्य भए पनि वा भोग्य भए पनि त्यसलाई स्वीकार गरिसकेपछि त्यो लिइएको हो भन्ने प्रमाणित हुन्छ। त्यस आधिलाई जतनसाथ रक्षा गर्दा गर्दै पनि यदि त्यो कालवश काम नलाग्ने हुन्छ भने वा ब्याजसहित मूलधन थेग्न नसक्ने भयो भने ऋणग्राहीले अर्को कुनै वस्तु आधिका रूपमा राख्नुपर्ने हुन्छ अथवा धनीलाई उसको धन फिर्ता गर्नुपर्ने हुन्छ। इमानजमानलाई नै बन्धक मानेर कसैले जुन द्रव्य आफ्नो वा अर्काको अधीनमा पारेको छ त्यसलाई चरित्रबन्धककृत धन भनिन्छ। त्यस धनलाई ऋणग्राही वृद्धिसहित धनीलाई फिर्ता गर्नुपर्छ या राजाले ऋणग्राहीसित धनीलाई ब्याजसहित त्यो धन उपलब्ध गराइदिनुपर्छ। यदि सत्यङ्कारकृत द्रव्य बन्धक राखिएको छ भने धनीलाई दोब्बर धन फिर्ता गर्नुपर्दछ। बन्धकमा राख्दाकै अवस्थामा ऋणको रकम बढ्दै गएर दोब्बर भएपछि म दोब्बर धन दिन्छु। मेरो बन्धक राखिएको वस्तुमा धनीको अधिकार हुनेछैन भन्ने कबोल पहिले नै गरिएको हुन्छ। यस्तो सर्तका साथमा जुन धन ऋण लिइएको हुन्छ त्यसलाई नै सत्यङ्कारकृत द्रव्य भनिएको हो। यसको दोस्रो अर्को स्वरूप पनि छ। किनबेचको व्यवस्था निर्वाह गर्नका लागि जसले

प्रेषश्चेन्मार्गिते दत्ते दाप्यो दण्डश्च तत्समम् ।२६।

आजीवन्स्वेच्छया दण्ड्यो दाप्यस्तच्चापि सोदयम् ।

याचितान्वाहितन्यासेनिक्षेपेष्वप्ययं विधिः ।२७।

अर्काका हातमा कुनै आभूषण व्यवस्था भङ्ग गर्दा दोब्बर तिर्नुपर्छ भन्ने सर्तमा दियो त्यस अवस्थामा जसले त्यो गहना अर्पित गरेको छ यदि उसैले व्यवस्था भङ्ग गऱ्यो भनेदेखि उसले त्यो गहना सधैँका लागि माया मार्नुपर्छ । यदि अर्को पक्षबाट व्यवस्था भङ्ग गरिएको छ भने उसलाई त्यस गहना दोब्बर बनाएर फिर्ता गर्नुपर्दछ । त्यो पनि सत्यङ्कारकृत द्रव्य नै हो । यदि धन दिएर बन्धक छुटाउनका लागि ऋणी उपस्थित भएको छ भने धनदाताले उसको त्यो बन्धक फिर्ता गरिदिनै पर्दछ । यदि ब्याजका लोभले बन्धक फिर्ता गर्न आनाकानी गर्छ वा ढिलो गर्न थाल्यो भने त्यो चोरको रूपमा दण्डनीय हुन्छ । यदि धन दिने मानिस कतै दूरदेश गएको छ भने उसका घरपरिवारको कुनै भरोसिलो मानिसका हातमा साँवाब्याज जिम्मा लगाएर ऋणीले आफ्नो बन्धक फिर्ता लैजान सक्छ अथवा त्यस दिनसम्मको तिर्नुपर्ने साँवाब्याज तिरेर ऋणदाता फिर्ता नआउन्जेल उसैकहाँ बन्धक राखिएको माल छोडिराख्न पनि पाउँछ । त्यसपछिका अवस्थामा त्यस धनमा कुनै खालको ब्याज लगाउन सकिनेछैन। यदि ऋणी टाढा गएको छ र तोकिएको समयभित्रमा आइपुगेन भने धनीले ऋणीका कुनै विश्वसनीय पुरुष साक्षीहरूका उपस्थितिमा त्यो बन्धक बेचेर आफ्नो उठ्नुपर्ने रकम लिन सक्छ । जब लिइएको ऋण ब्याज बढ्दै जाने क्रममा आधि (धरौटी)को रूपमा परिणत भयो र धनीलाई आधिबाट दोब्बर धन प्राप्त हुने भयो भने उसले त्यो आधि फिर्ता गर्नुपर्दछ । यदि राखिनुपर्ने द्रव्यको आधारभूत स्वरूपलाई नै पेटी आदिभित्र धरौटी बनाएर त्यसमाथि सिलबन्दी, मोहर लगाएर वस्तुको स्वरूप या सङ्ख्या पनि नभनीकन विश्वास गरेर कुनै अर्काका हातमा रक्षाका लागि त्यो दिइएको छ भने त्यस द्रव्यलाई उपनिधि द्रव्य भन्दछन् । राख्नेले माग्यो भने त्यो जस्ताको तस्तै फिर्ता दिनुपर्दछ । यदि उपनिधिको वस्तु राजाले बलपूर्वक लगेको वा दैवी बाधा परेर नष्ट भएको छ भने अथवा त्यसलाई चोरले चोरेको छ भने जसका जिम्मामा त्यो वस्तु राखिएको थियो उसलाई त्यो वस्तु फिर्ता गर्न वा दिनका लागि बाध्य गराउन सकिँदैन । यदि वस्तुका धनीले त्यो वस्तु माग्यो र राखिदिनेले दिएन भने त्यस्ता अवस्थामा यदि राजा आदिको बाधाका कारण त्यो वस्तु नाश भएको हो भने राखिदिने त्यो वस्तुअनुसारकै मूल्य मालधनीलाई तिर्नका लागि बाध्य पारिन सक्छ र राजाले उसबाट उति नै दण्ड तिराउन सक्छन् । जसले मालधनीको अनुमति नै नलिईकन आफूखुसी उपनिधिको वस्तुलाई भोगचलन गर्दछ या व्यापारमा लगाउँछ ऊ दण्डनीय हुन्छ । यदि उसले त्यस वस्तुको आफैँ उपभोग गरेको छ भने ब्याजसहित त्यो वस्तु फिर्ता गर्नुपर्दछ र यदि व्यापारमा लगाएर लाभ उठाएको रहेछ भने लाभसहित त्यो वस्तु मालधनीलाई फिर्ता गर्नुपर्दछ र उति नै दण्ड राजालाई दिनुपर्दछ । याचित, अन्वाहित, न्यास र निक्षेप आदिमा उपनिधिसम्बन्धी यही नियम लागु हुने गर्दछ ।१५-२७।

२५५. पञ्चपञ्चाशदधिकद्विशततमोऽध्यायः

दिव्यप्रमाणम्

अग्निरुवाच

तपस्विनो दानशीलाः कुलीनाः सत्यवादिनः ।
धर्मप्रधाना ऋजवः पुत्रवन्तो धनान्विताः ।१।
पञ्चयज्ञक्रियायुक्ताः साक्षिणः पञ्च वा त्रयः ।
यथाजाति यथावर्णं सर्वे सर्वेषु वा स्मृताः ।२।
स्त्रीवृद्धबालकितवमत्तोन्मत्ताभिशस्तकाः ।
रङ्गावतारिपाषण्डिकूटकृद्विकलेन्द्रियाः ।३।
पतिताप्तान्नसम्बन्धिसहायरिपुतस्कराः ।
असाक्षिणः सर्वसाक्षी चौर्य्यपारुष्यसाहसे ।४।
उभयानुमतः साक्षी भवत्येकोऽपि धर्मवित् ।
अब्रुवन्हि नरः साक्ष्यमृणं स दशबन्धकम् ।५।
राज्ञा सर्वं प्रदाप्यः स्यात्षट्चत्वारिंशकेऽहनि ।
न ददाति हि यः साक्ष्यं जानन्नपि नराधमः ।६।
स कूटसाक्षिणां पापैस्तुल्यो दण्डेन चैव हि ।
साक्षिणः श्रावयेद्वादिप्रतिवादिसमीपगान् ।७।
ये पातककृतां लोका महापातकिनां तथा ।
अग्निदानां च ये लोका ये च स्त्रीबालघातिनाम् ।८।
तान्सर्वान्समवाप्नोति यः साक्ष्यमनृतं वदेत ।
सुकृतं यत्त्वया किञ्चिज्जन्मान्तरशतैः कृतम् ।९।
तत्सर्वं तस्य जानीहि यं पराजयसे मृषा ।
द्वैधे बहूनां वचनं समेषु गुणिनां तथा ।१०।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! तपस्वी, कुलीन दानशील, सत्यवादी, कोमलहृदय, धर्मात्मा, पुत्रयुक्त, धनी, पञ्चयज्ञ आदि वैदिक क्रिया गर्ने, आफ्नै जाति र वर्गका पाँच या तीनजना साक्षी हुनुपर्दछ। अथवा सबै खालका मानिसहरू साक्षी हुन सक्छन्; तर स्त्री, बालक, वृद्ध, जुवाडे, मातेको, बौलाहा, बापती, मञ्चमा उत्रने ढँटुवारे, अपाङ्ग, पतित, आफन्त, आर्थिक विवादमा परेको, मतियार, शत्रु, चोर, सनकी, बोलीको ठेगान नभएको र परिवारबाट फालिएको यस्ता मानिसहरू साक्षी बनाउन योग्य हुँदैनन् । वादी र प्रतिवादी दुवैले मानेका खण्डमा धर्मवेत्ता एउटै पुरुष पनि साक्षी हुन सक्दछ । कुनै स्त्रीलाई बलपूर्वक पक्रनु, चोर्नु, कसैलाई कटुवचन सुनाउनु या कठोर दण्ड दिनु तथा हत्या आदि दुःसाहसका कार्य गर्नु यस्ता खालका अपराधमा सबैलाई साक्षी बनाउन सकिन्छ। जुन मानिस साक्षी हुन स्वीकार गरेर तीन पक्षसम्म पनि साक्षी बक्दैन राजाले छयालीसौँ दिनका दिन ब्याजसहित सम्पूर्ण धन त्यसबाट वादीलाई दिलाउनुपर्दछ र आफ्नो दशांश पनि त्यसबाट लिनुपर्दछ। जुन अधम मानिस जान्दाजान्दै पनि साक्षी हुँदैन त्यो नक्कली साक्षीको जस्तै दण्ड र पापको भागी हुन्छ। न्यायाधिकारीले वादी र प्रतिवादीका नजिक रहेका साक्षीहरूलाई– 'पातकी, महापातकी, आगो लगाउने र स्त्री एवं बालकको हत्या गर्नेलाई जुनजुन नरकलोक प्राप्त हुन्छन् झुटो साक्षी बक्नेलाई पनि तिनै सबै लोकमा पुग्दछ; उसले सयौँ जन्मा जेजति पुण्य आर्जन गरेको थियो त्यो सबै पुण्य आज जसलाई असत्य बोलेर पराजित गर्दै छौ त्यसैले प्राप्त गर्दछ भनेर बुझ' भन्ने सुनाउनुपर्दछ। साक्षीहरूकै कुराहरू एकापसमा बाझेका छन् भने तीमध्ये बहुसङ्ख्यक साक्षीहरूको भनाइलाई मान्नुपर्ने हुन्छ । यदि बराबर सङ्ख्यामा साक्षीहरूको मत बाझियो भने त्यस्ता अवस्थामा गुण बढी भएका मानिसका वचनलाई प्रमाण मान्नुपर्ने हुन्छ। यदि गुणी मानिसकै कुरामा पनि विरोध देखिएजस्तो भयो भने तिनीहरूमध्ये बढी गुणवान् मानिस जो छ उसैको भनाइलाई विश्वसनीय र सदर मान्नुपर्ने हुन्छ। साक्षीले जसको जिकिरलाई सत्य भन्ने मान्दछ त्यसैले जित्दछ। उसले जसको दावालाई झुटो भन्दछ त्यसले निश्चित हार्दछ। साक्षीहरूले साक्ष्य दिइसकेपछि पनि यदि ती साक्षीहरूभन्दा विशेष गुणी मानिस अथवा पहिलेका साक्षीभन्दा दोब्बर सङ्ख्यामा साक्षीहरूले तिनीहरूको साक्ष्यलाई असत्य भन्दछन् भने पहिलेका साक्षीहरू ढाँट हुन्छन् । जसले घुसमा लोभ्याएर

गुणिद्वैधे तु वचनं ग्राह्यं ये गुणवत्तराः ।
यस्योचुः साक्षिणः सत्यां प्रतिज्ञां स जयी भवेत् ।११।
अन्यथावादिनो यस्य ध्रुवस्तस्य पराजयः ।
उक्तेऽपि साक्षिभिः साक्ष्ये यद्यन्ये गुणवत्तराः ।१२।
द्विगुणा वान्यथा ब्रूयुः कूटाः स्यूः पूर्वसाक्षिणः ।
पृथक् पृथग्दण्डनीयाः कूटकृत्साक्षिणस्तथा ।१३।
विवादाद्द्विगुणं दण्डं विवास्यो ब्राह्मणः स्मृतः ।
यः साक्ष्यं श्रावितोऽन्येभ्यो निह्नुते तत्तमोवृतः ।१४।
स दाप्योऽष्टगुणं दण्डं ब्राह्मणं तु विवासयेत् ।
वर्णिनां हि वधो यत्र तत्र साक्ष्यऽनृतं वदेत् ।१५।
यः कश्चिदर्थोऽभिमतः स्वरुच्या तु परस्परम् ।
लेख्यं तु साक्षिमत्कार्यं तस्मिन्धनिकपूर्वकम् ।१६।
समामासतदर्द्धाहर्नामजातिस्वगोत्रजैः ।
सब्रह्मचारिकात्मीयपितृनामादिचिह्नितम् ।१७।
समाप्तेऽर्थे ऋणी नाम स्वहस्तेन निवेशयेत् ।
मतं मेऽमुकपुत्रस्य यदत्रोपरि लेखितम् ।१८।
साक्षिणश्च स्वहस्तेन पितृनामकपूर्वकम् ।
अत्राहममुकः साक्षी लिखेयुरिति ते समाः ।१९।
अलिपिज्ञ ऋणी यः स्याल्लेखयेत्स्वमतं तु सः ।
साक्षी वा साक्षिणान्येन सर्वसाक्षिसमीपतः ।२०।
उभयाभ्यार्थितेनैतन्मया ह्यमुकसूनुना ।
लिखितं ह्यमुकेनेति लेखकोऽथान्ततो लिखेत् ।२१।
विनापि साक्षिभिर्लेख्यं स्वहसतलिखितं च यत् ।

साक्षीलाई झुटो बोल्नका लागि तयार गराउँछन् ती मानिसलाई र तिनीहरूले भने भन्दैमा झुटो साक्षी बन्न तयार हुने ती मानिसलाई पनि दण्ड छुट्टाछुट्टै दिनुपर्दछ। विवादमा पराजित हुँदा जुन दण्ड बताइएको छ, त्यसको दोब्बर दण्ड झुटो साक्षी बक्ने र बकाउनेबाट असुल गर्नुपर्दछ । यदि दण्डको भागी ब्राह्मण रहेछ भने त्यसलाई देशनिकाला गर्नुपर्दछ । जसले अरू साक्षीहरूसँगै साक्षी बक्न स्वीकार गरेर ठिक्क मौका आएका बेलामा रिसइबीका कारण अरू साक्षीहरूका सामु आफू साक्षी बक्न अस्वीकार गर्दछ वा म यस कुराको साक्षी होइनँ भन्दछ भने विवादमा हार्दा जुन दण्ड भोग्नुपर्ने हुन्छ त्यसको आठ गुना दण्ड पाउने अधिकार त्यस मानिसलाई हुन्छ र उसबाट त्यति नै दण्ड असुल गर्नुपर्दछ। तर जुन ब्राह्मण त्यति दण्ड तिर्नमा असमर्थ छ उसलाई देशनिकाला गर्नुपर्दछ। जहाँ ब्राह्मण, क्षत्रिय, वैश्य अथवा शूद्रको वधको सम्भावना हुन्छ त्यहाँ साक्षीले झुटो बोल्नुपर्दछ, साँचो कहिल्यै बोल्नु हुँदैन ।१-१५।

साहु र आसामीका बीचमा जुन सुन आदि द्रव्य— यति महिनामा यति दिनुपर्दछ र प्रतिमहिना यतिको दरले ब्याज लाग्दछ भन्ने एकापसी सल्लाहले व्यवस्था बनाईकन राखिन्छ र त्यस धनलाई लिएर कालान्तरमा खिचोला उठ्छ भने त्यसमा वास्तविक तत्त्वको निर्णयका लागि कुनै लिखत नै तयार गर्नुपर्दछ। त्यसमा माथि भनिएको जस्तो खुबी भएका साक्षी राख्नुपर्दछ र साहुको नाम पनि पहिले लेखिसकेपछि संवत्, मास, पक्ष, दिन, तिथि, साहु र आसामीको नाम, जातथर तथा गोत्रप्रवर उल्लेख गर्नुका साथसाथ ऋणी र धनीका आआफ्ना बाबुबाजेको नाम पनि लेखाइराख्नुपर्दछ। लेखाको गुदी कुरो लेखिसकेपछि ऋणीले आफ्नै हातले म फलानाको छोरो फलानो यस लेखामा लेखिएको जे छ त्यसमा सहमत छु भन्ने लेख्नुपर्दछ साक्षी सधैँ जोडी सङ्ख्यामा हुनुपर्दछ। लेख्न नजान्ने ऋणीले आफ्नो विचार कुनै अर्को व्यक्तिबाट लेखाउनुपर्दछ र नपढेका साक्षीले आफ्नो मत सबै साक्षीहरूसँगै भएर अर्को साक्षीसित लेखाउनुपर्दछ। अन्तिममा लेखापालले— आज फलानो धनी र फलानो ऋणीले भनेअनुसार फलानाको छोरो म फलानाले यो लेखेँ' भन्ने जनाउनुपर्दछ। साक्षीहरू छैनन् भने पनि ऋणीका हातले लेखेको लिखतलाई पूर्ण प्रमाण मानिएको छ तर त्यो लिखत छल अथवा बलले लेखाइएको हुनु हुँदैन । लिखत गरेर लिएको ऋण तीन पुस्तासम्मलाई मात्रै तिर्न कर लागेको हुन्छ तर बन्धकका वस्तुलाई ऋण चुक्ता नहोउन्जेलसम्म धनीले उपभोग गर्दछ । यदि लिखत अर्को देशमा गरिएको, लेखाइ गल्ती, शङ्कास्पद, च्यातिएको, खिइएको, चोरिएको, धुजाधुजा भएको अथवा डढेको भएमा ऋणीको अनुमति लिएर धनीले अर्को लिखत तयार गराउनुपर्दछ । शङ्कास्पद

तत्प्रमाणं स्मृतं सर्वं बलोपधिकृतादृते ।२२।
ऋणं लेख्यकृतं देयं पुरुषैस्त्रिभिरेव तु ।
आधिस्तु भुज्यते तावद्यावत्तन्न प्रदीयते ।२३।
देशान्तरस्थे दुर्लेख्ये नष्टोन्मृष्टेन्हृते तथा ।
भिन्ने छिन्ने तथा दग्धे लेख्यमन्यत्तु कारयेत् ।२४।
सन्दिग्धार्थविशुद्ध्यर्थं स्वहस्तलिखितं तु यत् ।
युक्तिप्राप्तिक्रियाचिह्नसम्बन्धागमहेतुभिः ।२५।
लेख्यस्यपृष्ठेऽभिलिखेत्प्रविष्टमधमर्णिनः ।
धनी चोपगतं दद्यात्स्वहस्तपरिचिह्नितम् ।२६।
दत्त्वर्णं पाटयेल्लेख्यं शुद्ध्यै चान्यत्तु कारयेत् ।
साक्षिमच्च भवेद्यत्तु तद्दातव्यं ससाक्षिकम् ।२७।
तुलाग्न्यापो विषं कोषो दिव्यानीह विशुद्धये ।
महाभियोगेष्वेतानि शीर्षकस्थेऽभियोक्तरि ।२८।
रुच्या वान्यतरः कुर्य्यादितरो वर्त्तयेच्छिरः ।
विनापि शीर्षकात्कुर्य्यान्नृपद्रोहेऽथ पातके ।२९।
नाऽऽसहास्राद्धरेत्फालं न तुलां न विषं तथा ।
नृपार्थेष्वभियोगुषु वहेयुः शुचयःसदा ।३०।
सहस्रार्थे तुलादीनि कोशमल्पेऽपि दापयेत् ।
शतार्द्धं दापयेच्छुद्धमशुद्धो दण्डभाग्भवेत् ।३१।
सचैलस्नातमाहूय सूर्य्योदय उपोषितम् ।
कारयेत्सर्वदिव्यानि नृपब्राह्मणसन्निधौ ।३२।
तुला स्त्रीबालवृद्धान्धपङ्गुब्राह्मणरोगिणाम् ।
अग्निर्जलं वा शूद्रस्य यवाः सप्त विषस्य वा ।३३।

लेख आफ्नै हस्ताक्षर आदिले सच्याइएको हुनुपर्दछ अर्थात् उसै लेखकले अर्को लेख तयार गरेर देखाउनुपर्दछ। जब दुवैका अक्षर उस्तै हुन्छन् अनि मात्रै शङ्का समाधान हुन्छ। आदि भन्ने पदले लेखक र साक्षीले अरू केही लेखाएर अक्षर मिल्छन् कि मिल्दैनन् भनी दाँज्नुपर्दछ भन्न खोजेको हो। यदि अक्षर मिल्दछन् भने पहिलो लेखामा कुनै शङ्का रहेन। युक्तिप्राप्ति, क्रिया, चिह्न, सम्बन्ध र आगम यी उपायहरूबाट पनि लेखाको शुद्धि हुन्छ। ऋणीले जुनजुन बेलामा ऋणको धन धनीलाई दिन्छ त्यसत्यस बेलामा लिखतपत्रको पिठमा लेख्ने गर्नुपर्दछ। अथवा धनीले जतिजति धन फिर्ता ल्याउँछ त्यसत्यस बेला आफ्ना हातले लिखतको पिठमा त्यसलाई लेखेर सही गर्नुपर्छ। ऋणीले जब ऋण चुक्ता गर्दछ त्यसपछि लिखत च्यात्नुपर्दछ अथवा ऋण सकियो भनेर धनीसित भर्पाइ लिनुपर्दछ। यदि लिखतमा साक्षीहरू पनि उल्लेख छन् भने धन उनीहरूकै सामु तिर्नुपर्दछ। तुला, अग्नि, जल, विष र कोष यी पाँचलाई धर्मशास्त्रमा दिव्य प्रमाण भनिएको छ। सन्दिग्ध अर्थको निर्णय वा सन्देहको निराकरण दिनका लागि काम लाग्दछन्। जब अभियोग धेरै ठूलो हुन्छ र अभियोक्ताको अभियोग छिनेर विजयपराजयको लक्षण अन्तिम रूपमा पुगेको हुन्छ त्यस्ता बेलामा यी दिव्य प्रयोगहरूको आश्रय लिनुपर्दछ। यसमा वादी र प्रतिवादी दुईमध्ये कुनै एक आपसमा कुरा गरेर, स्वीकृति दिएर आफ्नो रुचिअनुसारको दिव्य प्रमाणका लागि प्रस्तुत हुन्छ र अर्कोचाहिँ सम्भावित शारीरिक वा आर्थिक दण्डका लागि तयार हुन्छ। राजद्रोह या महापातकको शङ्का भएका अवस्थामा चरम सीमामा पुग्नुभन्दा पहिले नै पनि तुला आदि दिव्य प्रमाणका लागि स्वीकृति दिनुपर्दछ। एक हजार पणभन्दा कमको अभियोगमा अग्नि, विष र तुला यी दिव्य प्रमाण ग्रहण गराउनु हुँदैन। तर राजद्रोह र महापातकको अभियोगमा सज्जन पुरुषले सधैँ नै यिनै प्रमाणलाई लिनुपर्दछ। हजार पणको अभियोगमा तुला आदि तीन दिव्य प्रमाणलाई प्रस्तुत गर्नुपर्दछ तर साना अभियोगमा पनि कोश गराउन सकिन्छ। शपथ ग्रहण गर्ने मानिस निर्दोष प्रमाणित भएमा उसलाई वादीबाट पचास पण दिलाउनुपर्दछ र दोषी प्रमाणित भएमा उसलाई दण्ड दिनुपर्दछ। न्यायाधिकारीले दिव्य प्रमाणका लागि तयार भएका मानिसलाई पहिलो दिन उपवास गराउनुपर्दछ र भोलिपल्ट सूर्योदयका समयमा वस्त्रसहित स्नान गरिसकेपछि बोलाउनुपर्दछ। त्यसपछि राजा र ब्राह्मणहरूका उपस्थितिमा सबै दिव्य प्रमाण गर्न लगाउनुपर्दछ। कुनै पनि जाति वा उमेरकी स्त्री, कुनै पनि जातिको सोह्र वर्षभन्दा कमको बालक, असी वर्षका बुढा, अन्ध, पङ्गु, जातिमात्रको ब्राह्मण तथा रोगी यी सबैको शुद्धिका लागि अर्थात् यिनीहरूमाथि लागेको अपराधको सन्देह निवारण गर्नका लागि तुला नामको दिव्य प्रमाण नै ग्राह्य हुन्छ। क्षत्रियका लागि अग्नि, वैश्यका

तुलाधारणविद्वद्भिरभियुक्तस्तुलाश्रितः ।

प्रतिमानसमीभूतो रेखां कृत्वावतारितः ।३४।

आदित्यचन्द्रावनिलोऽनलश्च द्यौर्भूमिरापो हृदयं यमश्च ।

अहश्च रात्रिश्च उभे च सन्ध्ये धर्मश्च जानाति नरस्य वृत्तम् ।३५।

त्वं तुले सत्यधामासि पुरा देवैर्विनिर्मिता ।

सत्यं वदस्व कल्याणि संशयान्मां विमोचय ।३६।

यद्यस्मि पापकृत्मातस्ततो मां त्वमधो नय ।

शुद्धश्चेद्गमयोर्ध्वं मां तुलामित्यभिमन्त्रयेत् ।३७।

करौ विमृदितव्रीहेर्लक्षयित्वा ततो न्यसेत् ।

सप्ताश्वत्थस्य पत्राणि तावत्सूत्रेण वेष्टयेत् ।३८।

त्वमेव सर्वभूतानामन्तश्चरसि पावक ।

साक्षिवत्पुण्यपापेभ्यो ब्रूहि सत्यङ्करे मम ।३९।

तस्येत्युक्तवतो लौहं पञ्चाशत्पलिकं समम् ।

अग्निवर्णं न्यसेत्पिण्डं हस्तयोरुभयोरपि ।४०।

स तमादाय सप्तैव मण्डलानि शनैर्व्रजेत् ।

षोडशाङ्गुलकं ज्ञेयं मण्डलं तावदन्तरम् ।४१।

मुक्त्वाग्निं मृदितव्रीहिरदग्धः शुद्धिमाप्नुयात् ।

अन्तरा पतिते पिण्डे सन्देहे वा पुनर्हरेत् ।४२।

पवित्राणां पवित्रं त्वं शोध्यं शोधय पावन ।

सत्येन माभिरक्षस्व वरुणेत्यभिशस्तकम् ।४३।

नाभिदघ्नोदकस्थस्य गृहीत्वोरू जलं विशेत् ।

समकालमिषुं मुक्तमानीयाद्यो जवी नरः ।४४।

लागि जल मात्रै र शूद्रका लागि सातवटा जौ अथवा विष यिनीहरूको शुद्धिका लागि आवश्यक हुन्छन् भनिएको छ ।१६–३३।

जसले तराजु उठाउन र चलाउन जानेको छ त्यस्ता मानिसबाट अभियोगीलाई तुलाको एक पल्लामा बसाएर अर्को पल्लामा माटो या ढुङ्गो केहीको उति नै वजनको टुक्रो राखेर त्यसबाट ठिक रूपमा तौल्नुपर्दछ । त्यसपछि जुन सन्निवेशमा त्यो बराबर तौलिएको छ त्यसमा सेतो रङ्गले रेखा बनाएर त्यस व्यक्तिलाई ओराल्नुपर्दछ। ओर्लिइसकेपछि उसले– 'सूर्य, चन्द्र, वायु, अग्नि, आकाश, भूमि, जल, हृदय, यम, दिन, रात्रि, दुवै सन्ध्याकाल र धर्म यी सबैले मानिसको वृतान्त जानेका छन् । हे तुला ! तिमी नै सत्यका आधार हौ, उहिले नै देवताहरूले तिम्रो निर्माण गराएका थिए। त्यसैले हे कल्याणकारी ! तिमी सत्यलाई प्रकट गर र मलाई शङ्काबाट मुक्त गराइदेऊ। हे माता ! यदि म पापी या अपराधी हुँ भने मेरो पल्ला होचो गराऊ र यदि म दोषरहित छु भनेदेखि मलाई माथि उठाइदेऊ' भन्दै तुलाको प्रार्थना गर्नुपर्दछ । अग्निको दिव्य परीक्षा गर्नेका हातमा धान पिसेर, हातका काला कोठी आदि चिह्नहरू हेरेर तिनमा रँगाउनुपर्दछ। त्यसपछि त्यसका हातका अँजुलीमा पिपलका सात पत्ता राख्नुपर्दछ। हातसितै ती पत्ताहरूलाई धागाले बाँधिदिनुपर्दछ । त्यसपछि दिव्य ग्रहण गर्नेले अग्निलाई प्रार्थना गर्दै– 'हे अग्निदेव ! तिमी सम्पूर्ण पशुप्राणीहरूका अन्तःकरणमा विचरण गर्दछौ। तिमी सबैलाई पवित्र गराउने र सबै कुरो जान्ने हौ। तिमी साक्षीभैँ भएर मेरो पुण्य र पापको निरीक्षण गर्दै सत्यको उद्घाटन गर' भन्नुपर्दछ । शपथ ग्रहण गर्नेले त्यसो भनिसकेपछि उसका दुवै हातमा पचास पलको रन्कैर बलेको फलामको गोला राखिदिनुपर्दछ। दिव्य ग्रहण गर्ने मानिसले त्यसलाई लिएर बिस्तारैसित सात मण्डलसम्म हिँड्नुपर्दछ। मण्डलको लम्बाइ र चौडाइ सोह्रसोह्र अङ्गुलको हुनुपर्दछ र एक मण्डलदेखि अर्को मण्डलको दूरी पनि उति नै हुनुपर्दछ। त्यसपछि शपथ गर्ने व्यक्तिले अग्निपिण्डलाई खसाउँछ र हातमा फेरि धान माड्दछ। यदि हात पोलेको छैन भने त्यो शपथ लिने मानिस शुद्ध छ भन्ने मानिन्छ। यदि फलामको कोइलो बीचैमा खस्यो वा कुनै सन्देह भयो भने शपथकर्ताले पहिलेको जसरी नै फलामको पिण्ड लिएर हिँड्नुपर्दछ । जलको दिव्य ग्रहण गर्नेले निम्नाङ्कित रूपले वरुणदेवताको प्रार्थना गर्नुपर्दछ– 'हे वरुण ! तिमी पवित्रहरूमा पनि पवित्र छौ र सबैलाई पवित्र गराउँछौ । म शुद्धिका लागि योग्य छु । मेरो शुद्धि गराऊ। सत्यका बलले मेरो रक्षा गर।' यस्तो प्रार्थना मन्त्रले

यदि तस्मिन्निमग्नाङ्गं पश्येच्चच्छुद्धिमाप्नुयात् ।
त्वं विष ब्रह्मणः पुत्र सत्यधर्मे व्यवस्थितः ।४५।
त्रायस्वास्मादभीशापात्सत्येन भव मेऽमृतम् ।
एवमुक्त्वा विषं शार्ङ्गं भक्षयेद्धिमशैलजम् ।४६।
यस्य वेगैर्विना जीर्णं शुद्धिं तस्य विनिर्दिशेत् ।
देवानुग्रान्समभ्यर्च्य तत्स्नानोदकमाहरेत् ।४७।
संश्राव्यं पाययेत्तस्माज्जलात्तु प्रसृतित्रयम् ।
आचतुर्दशमादह्नो यस्य नो राजदैविकम् ।४८।
व्यसनं जायते घोरं स शुद्धः स्यादसंशयम् ।
सत्यवाहनशस्त्राणि गोबीजकनकानि च ।४९।
देवतागुरुपादाश्च इष्टा पूर्त्तकृतानि च ।
इत्येते सुकराः प्रोक्ताः शपथाः स्वल्पसंशये ।५०।

जललाई अभिमन्त्रित गरेर त्यस मानिसले नाभीसम्म जलमा उभिएर पुरुषको पिँडौला समातेर जलमा डुब्नुपर्दछ । त्यसै बेलामा कुनै मानिसले बाण चलाउनुपर्दछ । जबसम्म एउटा कुनै फुर्तिलो मानिसले त्यस बाणलाई लिएर आउँछ, त्यस बेलासम्म त्यो शपथ गर्ने मानिस जलमा डुबिरह्यो भने त्यो शुद्ध हुन्छ । विषको दिव्य प्रमाण ग्रहण गर्नेले यस किसिमले विषको प्रार्थना गर्नुपर्दछ– 'हे विष ! तिमी ब्रह्माका पुत्र र सत्यधर्ममा अधिष्ठित छौ, यस कलङ्कबाट मेरो रक्षा एवं सत्यका प्रभावले मेरा लागि अमृतस्वरूप होऊ ।' यसो भन्दै शपथकर्ताले हिमालयमा उब्जेको शार्ङ्ग नामको विष खानुपर्दछ । यदि कुनै वेगविना नै विष पच्यो भनेदेखि न्यायाधिकारीले ऊ शुद्ध छ भन्ने कुराको निर्देश दिनुपर्दछ । कोशदिव्य लिने मानिसका लागि न्यायाधिकारीले उग्र देवताहरूको पूजा गरेर उनीहरूलाई अभिषेक गरेको जल ल्याउनुपर्दछ तीन पसर पानी खुवाउनुपर्छ । त्यस बेला शपथकर्तालाई यदि चौध दिनसम्म राजा अथवा देवताबाट घोर आपद् आइलागेन भने ऊ निःसन्देह शुद्ध हुन्छ भनिदिनुपर्दछ । थोरैतिनो मूल्यको वस्तुका अभियोगमा सन्देह उपस्थित भयो भने सत्य, वाहन, शस्त्र, गौ, बीज, सुवर्ण, देवता, गुरुचरण एवं इष्टापूर्त आदि पुण्य कर्महरू नै यस्तोमा सहजसाध्य शपथ गर्नुपर्दछ ।३४–५०।

२५६. षट्पञ्चाशदधिकद्विशततमोऽध्यायः

दायविभाग

अग्निरुवाच

विभागं चेत्पिता कुर्य्यादिच्छया विभजेत्सुतान् ।
ज्येष्ठां वा श्रेष्ठभागेन सर्वे वा स्युः समांशिनः ।१।
यदि दद्यात्समानंशान्कार्य्याः पत्न्यः समांशिकाः ।
न दत्तं स्त्रीधनं यासां भर्त्रा वा श्वशुरेण वा ।२।
शक्तस्थानीहमानस्य किञ्चिद्दत्त्वा पृथक्क्रिया ।
न्यूनाधिकविभक्तानां धर्म्यश्च पितृणा कृतः ।३।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! यदि पिताले आफू जिउँदो छँदै सबै पुत्रहरूमा धनको विभाजन गरे भने उनले इच्छाअनुसार जेष्ठ पुत्रलाई श्रेष्ठ भाग दिऊन् या सबैलाई बराबर दिऊन् । यदि पिताले सबै पुत्रलाई समान भाग दिए भने जसका पति अथवा ससुराका तर्फबाट धन प्राप्त भएको छैन ती स्त्रीहरूलाई पनि समान धन दिनुपर्दछ । जुन छोराले आफू कमाउने भएका कारण पैतृक धनको इच्छा गरेको छैन उसलाई पनि अलिकति केही धन दिएर विभाजनको काम पूरा गर्नुपर्दछ । पिताले दिएको भाग धेरैथोरै जे भए पनि त्यो धर्मसम्मत छ भने पिताको कमाइ हुनाले मासिएर जाँदैन भन्ने स्मृतिकारहरूको मत छ । मातापिताको मृत्युपछि पुत्रहरूले पिताको धन र ऋण बराबर बाँड्नुपर्दछ । आमाले लिएको ऋण तिरिसकेपछि आमाको बचेको धन छोरीहरूले आपसमा बराबर बाँड्नुपर्दछ । छोरीहरू नभएमा छोराहरूले त्यो धन बाँड्दछन् । पैतृक सम्पत्ति हानि नगरीकन जुन धन स्वयं कमाइएको हुन्छ, साथीभाइबाट पाइएको हुन्छ र बिहामा

विभजेयुः सुताः पित्रोरूर्ध्वमृक्सथमृणं समम् ।

मातुर्दुहितरः शेषमृणात्ताभ्य ऋते ऽन्वयः ।४।

पितृद्रव्याविनाशेन यदन्यत्स्वयमर्जयेत् ।

मैत्रमौद्वाहिकं चैव दायादानां न तद्भवेत् ।५।

सामान्यार्थसमुत्थाने विभागस्तु समः स्मृतः ।

अनेकपितृकाणां तु पितृतो भागकल्पना ।६।

भूर्या पितामहोपात्ता निबन्धो द्रव्यमेव वा ।

तत्र स्यात् सदृशं स्वाम्यं पितुः पुत्रस्य चोभयोः ।७।

विभक्तेषु सुतो जातः सवर्णायां विभागभाक् ।

दृश्याद्वा तद्विभागः स्यादायव्ययविशोधितात् ।८।

क्रमादभ्यागतं द्रव्यं हृतमभ्युद्धरेच्च यः ।

दायादेभ्यो न तद्द्याद्विद्यया लब्धमेव च ।९।

पितृभ्यां यस्य यद्दत्तं तत्तस्यैव धनं भवेत् ।

पितुरूर्ध्वं विभजतां माताप्यंशं समं हरेत् ।१०।

असंस्कृतास्तु संस्कार्य्या भ्रातृभिः पूर्वसंस्कृतैः ।

भगिन्यश्च निजादंशाद्दत्त्वांशं तु तुरीयकम् ।११।

चतुस्त्रिद्व्येकभागाः स्युर्वर्णशो ब्राह्मणात्मजाः ।

क्षत्रजा स्त्रिद्व्येकभागा विड्जास्तु द्व्येकभागिनः ।१२।

अन्यो ऽन्यापहृतं द्रव्यं विभक्ते यत्तु दृश्यते ।

तत्पुनस्ते समैरंशैर्विभजेरन्निति स्थितिः ।१३।

पाइएको हुन्छ दाजुभाइ आदि अंशियार त्यस धनका अधिकारी हुँदैनन् । यदि सबै दाजुभाइ सगोलमा बसेर धनलाई बढाएका छन् भने त्यस धनमा सबैको समान भाग हुन्छ भन्ने मानिन्छ । यद्यपि बुढाबाबुका धनमा नातिहरूको जन्मजात रूपमा समान अधिकार हुन्छ तापनि यदि तिनीहरू धेरै बाबुका छोराहरू हुन् भने बाबुहरूलाई आधार बनाएर नै उनीहरूमा बुढाबाबुको सम्पत्ति विभाजन गर्नुपर्ने हुन्छ । सारांशमा भन्नुपर्दा यदि सगोल परिवारमा छँदै अनेक दाजुभाइले धेरै छोरा जन्माइसकेर बुढाबाबु परलोक गएका हुन् भने तिनीहरूमा कसैका दुई, कसैका तीन कसैका चार छोरा हुन सक्छन् । त्यसो भयो भने ती नातिहरूको सङ्ख्याका आधारमा बाजेका सम्पत्तिको बाँडफाँड नभईकन ती नातिहरूका बाबुको सङ्ख्याका आधारमा हुन्छ । जसका दुई छोरा छन् त्यसलाई आफ्ना पिताको एक अंश प्राप्त हुन्छ भने जसका तीन छोरा छन् उसलाई पनि बाबुका सम्पत्तिको एक अंश नै प्राप्त हुन्छ र जसका चार छोरा छन् उसलाई पनि बाबुका धनको एक अंश नै प्राप्त हुन्छ । बाजेले कमाएको भूमि, धन र द्रव्य आदिमा बाबु र छोराको समान अधिकार हुन्छ । धनको विभाग भइसकेपछि पनि सवर्णा स्त्रीबाट उत्पन्न भएको पुत्र अंशको अधिकारी नै हुन्छ । अथवा आय र व्ययको सन्तुलन गरिसकेपछि देखिन आएका धनमा उसको अंश रहेको हुन्छ । पितापुर्खाबाट आएको कुनै धन अर्काले खोस्यो र बलबुद्धि नपुगेर बाबुहरूले त्यसलाई हात पार्न सकेनन् भने छोरानाति मध्ये कुनै एकले अरू सबैको मत बुझेर यदि आफ्नै प्रयासले उकास्छ भने त्यो धन उसैले पाउनुपर्दछ; अरू अंशियारलाई दिनु पर्दैन । तर खेतबारी उकासेको छ भने उकास्नेले एक चौथाइ आफैँ लिएर बाँकी रहेको सबै दाजुभाइमा बराबर बाँड्नुपर्दछ । यसै गरी पढाइलेखाइबाट जुन धन प्राप्त हुन्छ त्यो पनि अंशियारलाई बाँड्नु पर्दैन । आमाबाबुले जुन वस्तु जसलाई दिन्छन् त्यो धन उसकै हुन्छ । यदि पिताको मृत्युपछि छोराहरूले पैतृक धन बाँड्दछन् भने आमा पनि छोराहरूजत्तिकै धनको हकदार हुन्छिन् । जुन भाइहरूको बिहावारी भएको छैन तिनीहरूको संस्कार जुनजुन दाजुहरूको भइसकेको छ तिनीहरूले सगोलको सम्पत्तिबाट गर्नुपर्दछ । अविवाहित दिदीबहिनीको बिहा पनि दाजुभाइले आआफ्ना अंशको चौथाइ खर्च गरेर गर्नुपर्दछ । ब्राह्मणी आदि विभिन्न वर्णका स्त्रीहरूबाट जन्मिएका ब्राह्मणका पुत्रहरूले वर्णक्रमले चार, तीन, दुई र एक भाग पाउनुपर्दछ । यसै गरी क्षत्रियबाट क्षत्रिया आदिमा जन्मिएकाहरूले क्रमशः तीन, दुई र एक भाग र वैश्यबाट वैश्य एवं शूद्र जातिका स्त्रीमा जन्मिएका पुत्र क्रमशः दुई भाग र एक भाग अंश पाउने अधिकार भएका हुन्छन् । धनको विभाजन भइसकेपछि जुन धन दाजुभाइहरूले लुकाएर राखेको थाहा पाइन्छ त्यसलाई फेरि दाजुभाइले बराबर अंशमा बाँडेर लिनुपर्दछ, शास्त्रीय नियम यस्तै छ । छोरा नभएका मानिसले अर्काका खेतमा

अपुत्रेण परक्षेत्रे नियोगोत्पादितः सुतः ।

उभयोरप्यासावृक्थी पिण्डदाता च धर्मतः ।१४।

औरसो धर्मपत्नीजस्तत्समः पुत्रिका सुतः ।

क्षेत्रजः क्षेत्रजातस्तु सगोत्रेणेतरेण वा ।१५।

गृहे प्रच्छन्न उत्पन्नो गूढजस्तु सुतः स्मृतः ।

कानीनः कन्यका जातो मातामहसुतो मतः ।१६।

क्षतायामक्षतायां वा जात पौनर्भवः सुतः ।

दद्यान्माता पिता वा यं स पुत्रो दत्तको भवेत् ।१७।

क्रीतस्य ताभ्यां विक्रीतः कृत्रिमः स्यात् स्वयं क्रीतः ।

दत्तात्मा तु स्वयं दत्तो गर्भे वित्तं सहोढजः ।१८।

उत्सृष्टो गृह्यते यस्तु सोपविद्धो भवेत्सुतः ।

पिण्डदोऽशहरश्चैषां पूर्वाभावे परः परः ।१९।

सजातीयेष्वयं प्रोक्तस्तनयेषु मया विधिः ।

जातोऽपि दास्यां शूद्रस्य कामतोऽशहरो भवेत् ।२०।

मृते पितरि कुर्य्युस्तं भ्रातरस्त्वर्द्धभागिकम् ।

अभ्रातृको हरेत्सर्वं दुहितृणां सुताहृते ।२१।

पत्नी दुहितरश्चैव पितरौ भ्रातरस्तथा ।

तत्सुतो गोत्रजो बन्धुः शिष्यः सब्रह्मचारिणः ।२२।

एषामभावे पूर्वस्य धनभागुत्तरोत्तरः ।

स्वर्यातस्य ह्यपुत्रस्य सर्ववर्णेष्वयं विधिः ।२३।

नियोगका विधिले उत्पन्न गराएको छोरो धर्मको नियमअनुसार दुवै पिताहरूको धन र पिण्डदानको अधिकारी हुन्छ । आफ्नो समान वर्णकी स्त्रीलाई विधिवत् बिहा गरेर ल्याइएको छ भने उसलाई धर्मपत्नी भन्दछन् । आफ्नी धर्मपत्नीबाट आफ्नै वीर्यदानले उत्पन्न गरिएको पुत्र औरस हो भनिएको छ । यो सबै पुत्रहरूभन्दा श्रेष्ठ हुन्छ । दोस्रो पुत्रिकापुत्र हुन्छ । त्यो पनि औरसजत्तिकै हो । आफ्नी स्त्रीका गर्भबाट कुनै सगोत्र अथवा सपिण्ड पुरुषले अथवा देवरले उत्पन्न गराएको पुत्र क्षेत्रज हो भनिएको छ । लुकिछिपी लोग्नेका घरमा सजातीय पुरुषबाट जन्माइएको पुत्र गूढज हो भनिएको छ । अविवाहिता कन्याबाट उत्पन्न भएको पुत्र कानीन हो भनिन्छ । त्यसलाई बुढाबाबुको छोरो मानिन्छ । अक्षत वा क्षत योनिकी विधवाबाट सजातीयले जन्माएको पुत्रलाई पौनर्भव भन्दछन् । जसलाई माता अथवा पिता कसैका काखमा दिइन्छ भने त्यसलाई दत्तक पुत्र भनिएको छ । जसलाई कुनै मातापिताले किनेका र अर्का मातापिताले बेचेका हुन्छन् त्यो क्रीतपुत्र मानिएको छ । कसैलाई धन आदिको लोभलालच देखाएर पुत्र बनाइएको छ भने त्यो कृत्रिम पुत्र हो भनिएको छ । आमाबाबु नभएका कुनै बालकले मलाई आफ्नो छोरो बनाऊ भन्दै आत्मसमर्पण गर्दछ भने त्यसलाई दत्तात्मा पुत्र भनिएको छ । जो बिहा गर्नुभन्दा पहिले नै पेटमा आइसकेको थियो र गर्भवतीको बिहा गर्दा ऊ पनि स्वीकृत भएको छ त्यसलाई सहोढज पुत्र मानिएको छ । जसलाई मातापिताले त्यागिदिएका छन् र आफूसमानकै वर्णका कसैले त्यसलाई छोरो बनाएका छन् भने लिने मानिसको त्यो अपविद्ध पुत्र हो भन्ने मानिएको छ । माथि वर्णन भएका यी बाह्र खालका पुत्र जुन हुन् यिनीहरूमा पहिलेपहिलेकाहरूको अभावमा पछिल्लाहरू पिण्डदाता र अंशका भागीदार हुन्छन् ।१-१९।

मैले सजातीय पुत्रमा धनको विभाजनको विधि बताएँ । शूद्रद्वारा दासीबाट उत्पन्न पुत्रले पनि पिताको इच्छाअनुसार धनमा भाग प्राप्त गर्दछ । पिताको मृत्युपछि शूद्रकी विवाहिता पत्नीबाट उत्पन्न भएका पुत्रले आफ्ना पिताको दासीपुत्रलाई पनि दाजुभाइकै हकमा आधा भाग दिनुपर्दछ । यदि शूद्रकी विवाहिता पत्नीबाट कुनै पुत्र भएका छैनन् भने अरू दाजुभाइ नभएको उही दासीपुत्रले सम्पूर्ण धनमा अधिकार प्राप्त गर्दछ । जसका पूर्वेक्त बाह्र किसिमका पुत्रहरूमध्य कुनै पनि छैनन् त्यस्तो पुत्रहीन पुरुष स्वर्गवासी भयो भने उसका धनको भागी क्रमशः उसका पत्नी, पुत्रीहरू, मातापिता, सहोदर दाजुभाइ, असहोदर दाजुभाइ, भतिजा, सगोत्री पुरुष, बन्धुबान्धव, आचार्य-शिष्य र सहपाठी हुन्छन् । यिनीहरूमा पहिलापहिलाहरूका अभावमा पछिल्लाहरू धनका भागी हुन्छन् । सबै वर्णका लागि धनको विभाजनको विधि शास्त्रले यसरी नै बताएको छ । वानप्रस्थ, संन्यासी र नैष्ठिक ब्रह्मचारीका धनको अधिकारी क्रमशः एकै आश्रममा रहने धर्मभाइ,

वानप्रस्थयतिब्रह्मचारिणामृक्थभागिनः ।
क्रमेणाचार्य्यसच्छिष्यधर्मभ्रात्रेकतीर्थिनः ।२४।
संसृष्टिनस्तु संसृष्टी सोदरस्य तु सोदरः ।
दद्याच्चापहरेच्चांशं जातस्य च मृतस्य च ।२५।
अन्योदर्य्यस्तु संसृष्टी नान्योदर्य्यधनं हरेत् ।
असंसृष्ट्यपि चादद्यात्सोदर्य्यो नान्यमातृजः ।२६।
पतितस्तत्सुतः क्लीबः पङ्गुरुन्मत्तको जडः ।
अन्धोऽचिकित्स्यरोगाद्या भर्त्तव्यास्तु निरंशकाः ।२७।
औरसाः क्षेत्रजास्त्वेषां निर्दोषा भागहारिणः ।
सुताश्चैषां प्रभर्त्तव्या यावद्वै भर्तृसात्कृता ।२८।
अपुत्रा योषितश्चैषां भर्त्तव्याः साधुवृत्तयः ।
निर्वास्या व्यभिचारिण्यः प्रतिकूलास्तथैव च ।२९।
पितृमातृपतिभ्रातृदत्तमध्यग्न्युपागतम् ।
आधिवेदनिकं चैव स्त्रीधनं परिकीर्तितम् ।३०।
बन्धुदत्तं तथा शुल्कमन्वाधेयकमेव च ।
अप्रजायामतीतायां बान्धवास्तदवाप्नुयुः ।३१।
अप्रजास्त्रीधनं भर्त्तुर्ब्राह्मादिषु चतुर्ष्वपि ।
दुहितृणां प्रसूता चेच्छेषे तु पितृगामि तत् ।३२।
दत्त्वा कन्यां हरन्दण्ड्यो व्ययं दद्याच्च सोदयम् ।
मृतायां दत्तमादद्यात्परिशोध्योभयव्ययम् ।३३।

श्रेष्ठ शिष्य र आचार्य हुन्छन् । बाँडिसकिएको धनलाई फेरि मिसाउने हो भने त्यसलाई संसृष्ट भनिन्छ। यस्तो धन जुनजुन मानिससँग हुन्छ ती सबैलाई संसृष्टी भनिएको छ। संसृष्टीको सम्बन्ध जोसुकैसित हुन सक्दैन । तर पिता, दाजुभाइ अथवा काकाहरूसँग भने हुन्छ। यदि कुनै संसृष्टी मऱ्यो भने उसका भागको धन अर्को संसृष्टीले मरेका संसृष्टीकी पत्नीले उत्पन्न गरेका पुत्रलाई दिनुपर्दछ। पुत्र भएनन् भने संसृष्टी आफैँले त्यो धन राखोस्। पत्नी आदिलाई त्यो धन प्राप्त हुन सक्दैन। यदि सहोदर संसृष्टी मऱ्यो भने अर्को सहोदर संसृष्टीले उसको मृत्युपछि उत्पन्न भएको पुत्रलाई त्यसको अंश दिनुपर्दछ। यदि पुत्र भएन भने उसले आफैँ त्यस संसृष्टीको अंश सह्यार्नुपर्दछ । असहोदर दाजुभाइ संसृष्टी नै भए पनि त्यो पाउन सक्दैन । अर्की आमाका कोखबाट जन्मिएको सौतेलो दाजुभाइ पनि यदि संसृष्टी छ भने उसले संसृष्टी दाजुभाइको धन लिन पाउँछ । यदि ऊ असंसृष्टी रहेको छ भने त्यो धन लिन सक्दैन। अथवा असंसृष्टी पनि संसृष्टीको सहोदर दाजुभाइ हो भने त्यो धन लिन पाउँछ । नपुंसक, पतित, त्यसको पुत्र, अपाङ्ग, बौलाहा, जड, अन्ध, असाध्य रोगले ग्रस्त र आश्रमान्तरमा गएको पुरुष केवल भरणपोषण पाउनका लागि मात्रै योग्य हुन्छन्। यिनीहरूलाई धनको अंश लगाउने अधिकार छैन । यी मानिसका औरस एवं क्षेत्र पुत्र नपुंसक आदि दोषरहित छन् भने तिनीहरू धनका अधिकारी हुन्छन् । यिनीहरूका पुत्रीहरूलाई पनि पतिका जिम्मा नलगाउन्जेलसम्म भरणपोषण गर्नुपर्दछ। यी नपुंसक, पतित आदिका पुत्रहीन सदाचारिणी स्त्रीहरूलाई पनि भरणपोषण गर्नुपर्दछ। यदि तिनीहरू व्यभिचारिणी वा प्रतिकूल आचरण गर्ने हुन्छन् भने उनीहरूलाई घरबाट निकालिदिनुपर्दछ । मातापिता, पति र दाजुभाइले दिएको जुन, बिहाका बेलामा अग्निका नजिक रहँदा मामा आदिका तर्फबाट प्राप्त भएको तथा बिहापछि लोग्नेले अर्को बिहा गर्दा पाइने आधिवेदनिक नामको धन हुन्छन् यी सबैलाई स्त्रीधन भनिएको छ। जुन धन कन्याका माताका बन्धुबान्धवले दिएको, जुन धन पिताका बन्धुबान्धवले दिएको हो र जुन वरका पक्षबाट कन्याका लागि शुल्कका रूपमा प्राप्त भएको हो एवं बिहापछि पनि वधूका लागि वरका कुलकुटुम्बबाट उपहारका रूपमा प्राप्त भएको हो, त्यो सबै स्त्रीधन हो भनिन्छ। यदि स्त्री निःसन्तान छन्, जसका छोराछोरी नातिनातिना कोही पनि छैनन् त्यस्ता स्त्रीको यदि मृत्यु भयो भने तिनका पति आदि बान्धवले तिनको धन लिन पाउँछन्। ब्राह्म, दैव, आर्ष र प्राजापत्य यी चार किसिमका विवाहका विधिले विवाह गरिएका स्त्रीहरू निःसन्तान नै मरे भने तिनको धन पतिलाई प्राप्त हुन्छ। यदि तिनीहरू सन्तान भएका थिए भने तिनीहरूको धन छोरीलाई प्राप्त हुन्छ र शेष चार अर्थात् गान्धर्व, आसुर, राक्षस र पैशाच विधिका विवाह भएका निःसन्तान मरे भने ती स्त्रीको धन उनीहरूकै पितालाई